# भिमसेनथापा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खान्चोक, गोरखा, गण्डकी प्रदेश, नेपाल

# आवधिक योजना (२०७८-२०८३)




## अन्तिम प्रतिवेदन

# विषयसूची


**परिच्छेद १ : भूमिका** **१**

१.१ पृष्ठभूमि १

१.२ योजनाको उद्देश्य २

१.३ योजना निर्माणका आधारहरू २

१.४ योजना तर्जुमाका सीमाहरू १३

१.५ योजना तर्जुमा विधि र प्रक्रिया १४

**परिच्छेद २ : गाउँपालिकाको समष्टिगत परिचय** **१५**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय १५

२.२ स्थानिक विश्लेषण (Spatial Analysis) १६

२.३ जनसांख्यिक विश्लेषण २६

२.४ सेवा प्रवाह र सेवा क्षेत्रको वितरण २६

**परिच्छेद ३ : समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति** **३०**

३.१ गाँउपालिका समृद्धिका मुख्य संवाहकहरू (Lead Sectors) ३१

३.२ विकासका मुख्य सहयोगी क्षेत्रहरू ३२

दीर्घकालीन सोच ३३

लक्ष्य ३३

उद्देश्यहरू ३३

प्रमुख रणनीतिहरू ३३

**परिच्छेद ४ : आर्थिक क्षेत्र** **३६**

४.१ भूमि व्यवस्थापन (भू-उपयोग) ३६

४.२ कृषि तथा जडिबुटी ४०

४.३ पशुपंक्षी विकास तथा मत्स्यपालन ५५

४.४ सहकारी ६२

४.५ पर्यटन ६७

४.६ खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति ७८

४.७ बैङ्क तथा वित्तीय क्षेत्र ८६

४.८ गरिबी निवारण ८९

**परिच्छेद ५ : सामाजिक क्षेत्र** **१०१**

५.१ शिक्षा विज्ञान तथा प्रविधि १०१

५.२ स्वास्थ्य ११७

५.३ संस्कृति, भाषा, कला तथा साहित्य १२९

५.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण १३५

५.५ बालबालिका तथा किशोरकिशोरी १४९

५.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार १५४

५.७ खेलकुद तथा मनोरञ्जन १५९

५.८ सामाजिक सुरक्षा १६४
५.९ शान्ति सुरक्षा १६७
५.१० शवदाहस्थल तथा चिहान व्यवस्थापन १७०

**परिच्छेद ६ : पूर्वाधार विकास १८६**
६.१ खानेपानी तथा सरसफाई १८६
६.२ सिँचाइ १९३
६.३ ऊर्जा १९९
६.४ सडक तथा यातायात २०३
६.५ आवास, भवन तथा वस्ती विकास २१२
६.६ सूचना तथा सञ्चार २१७

**परिच्छेद ७ : वातावरण तथा विपद व्यवस्थापन २२३**
७.१ वन तथा भू-संरक्षण २२३
७.२ जलाधार व्यवस्थापन २२९
७.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन २३२
७.४ वातावरण संरक्षण २३८

**परिच्छेद ८ : संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन २४५**
८.१ सुशासन तथा सेवा प्रवाह २४५
८.२ मानव अधिकार तथा सामाजिक न्याय २५१
८.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन २५४

**परिच्छेद ९ : कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन २५९**
९.१ योजना प्राथमिकिकरण तथा कार्यान्वयन २५९
९.२ अनुगमन तथा मूल्याङ्कन २६१

**अनुसूचिहरु २६५**
अनुसूचि १ : विश्वका केही विकास मोडलहरुको तुलनात्मक अध्ययन २६५
अनुसूचि २ : नमूना गाउँपालिका प्रस्तावित मानकहरु २८०
अनुसूची ३ : वडास्तरमा माग भएका विषयक्षेत्रगत कार्यक्रमहरुको विवरण २८३
अनुसूची ४ : माइन्यूटिङ्ग तथा वडा भेलाका केही तस्वीरहरु २९३

# परिच्छेद १ : भूमिका

## १.१ पृष्ठभूमि

नेपालको इतिहासमा नेपाली जनताले आधारभूत अधिकार तथा जनता केन्द्रित शासन प्रणालीका लागि पटक पटक बलिदानीपूर्ण संघर्षमा होमिनु परेको छ । जहाँनिया राणा शासनदेखि वि.सं २००७ सालको प्रजातन्त्र, २०१७ सालको निर्दलीय पञ्चायती शासन व्यवस्था, २०३६ सालको जनमत संग्रह, २०४६ सालको प्रजातन्त्रको पुर्नस्थापना, २०५२ सालबाट शुरु भएको सशस्त्र विद्रोह तथा २०६२/०६३ को जनआन्दोलनबाट प्राप्त गणतन्त्र हुँदै २०७२ सालमा जनताद्वारा निर्माण गरिएको पहिलो संविधानले देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य प्रणालीमा रुपान्तरण गरिसक्दा पनि राजनैतिक संक्रमणको अन्त्य भइसकेको छैन । देशको आर्थिक तथा सामाजिक विकासभन्दा पनि आधारभूत अधिकार तथा जनता केन्द्रित शासन प्रणालीका लागि पटकपटक आन्दोलित भइरहनु पर्ने अवस्था छ । हामी लामो समयको राजनीतिक संक्रमणबाट गुज्रिरहँदा विकासका दृष्टिले केही दशक अगाडिसम्म हामी सरह रहेका दुई छिमेकी भारत र चीन तथा हामीभन्दा निक्कै पछाडि रहेका मध्य तथा पूर्वा एसियाका राष्ट्रहरू हाल विकासमा अभूतपूर्व फड्को मारिसकेका छन् । संघर्षले ऐतिहासिक संघर्षबाट प्राप्त उपलब्धीहरूलाई संस्थागत गरी जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन जननिर्वाचित संविधान सभाबाट घोषणा भएको नेपालको संविधानले जनप्रतिनिधिमूलक तीन तहको सरकारको व्यवस्था गरी आफ्ना ऐन, योजना, बजेट, नीति तथा कार्यक्रमहरू आफैं निर्माण गरी कार्यान्वयन गर्ने अधिकार प्रत्याभूत गरेको छ ।

जनताको संविधान जारी भैसके पश्चात्को निर्वाचनबाट नयाँ सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरू गठन भएका कारण नयाँ सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुरूपको राज्यको पुनर्संरचना समेत भैसकेको छ । तीन तहका सरकारले जनतालाई सेवा तथा सुविधा प्रदान गरिरहेको यस ऐतिहासिक कालखण्डमा सम्पूर्ण राष्ट्र नै समग्र विकास र आर्थिक समृद्धिको मूलमन्त्र लिएर अगाडि बढी रहँदा वर्षौंदेखि व्याप्त अविकास, गरीबी, रोगव्याध, पछौटेपन, अशिक्षा, असुविधा र अन्यायको दुश्चक्रमा पिल्सिएका आम स्थानीयवासीमा नयाँ परिवर्तन र राज्य व्यवस्थाले आशाको सञ्चार गराएको छ ।

मूलतः **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ले **नेपालको संविधान**को **अनुसूची ८** मा उल्लेख भएका स्थानीय तहको अधिकारको थप व्याख्या गरी स्थानीय सरकारलाई स्थानीय स्तरका समग्र विकासका योजनाहरू निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने अधिकार प्रदान गरेको छ । ऐनको **परिच्छेद -३ दफा ११** को **उपदफा २ (छ) (१) मा** स्थानीय स्तरका विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन साथै **बुँदा नं. २** मा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार समेत स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस गाउँपालिकाको समग्र गाउँपालिका विकासको आवधिक योजना तयार पारिएको छ ।

कुनै पनि स्थानको समग्र विकासको ढोका खोल्ने महत्वपूर्ण भूमिका भौतिक तथा आर्थिक विकासले खेल्ने भएकोले विकास योजना निर्माण गर्दा भौतिक विकास र आर्थिक विकासको आधार खाका तयार पार्नु एकदमै महत्वपूर्ण हुन्छ । यो योजनाले गाउँपालिकाको वस्तुगत भौतिक अवस्थाको यकिन तथ्याङ्कसहितको आधार नक्सा तथा अन्य विषयगत तथ्यहरूको विवरण तयार पारी सोको आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना र रणनीतिहरू तयार पारेको छ । एकातर्फ अव्यवस्थित र योजना विहीन विकास क्रियाकलापले हामीलाई सही दिशा निर्देश गर्दैन भने अर्कोतर्फ समय र स्रोतको समेत उच्चतम सदुपयोग हुन सक्दैन । तसर्थ निर्दीष्ट समय सीमाभित्र रही निश्चित प्रकारका विकास योजनाहरूलाई निर्दीष्ट उपलब्धीहरू हासिल गर्ने हेतुले निर्माण गर्दा विकासका क्रियाकलापहरू व्यवहारिक, समय सान्दर्भिक र उच्च प्रतिफलमुखी हुन जान्छन् । तसर्थ यस गाउँपालिकामा उपलब्ध साधन र स्रोतको उच्चतम सदुपयोग गरी निर्दीष्ट समय सीमाभित्र, निर्दीष्ट उद्देश्य हासिल गर्न यस प्रकारको आवधिक  योजनाको आवश्यकता परेको हो ।

## १.२ योजनाको उद्देश्य

यस योजनाको मूल उद्देश्य गाउँपालिकाका आवधिक योजना निर्माण गर्नु हुने छ, जसअन्तर्गतः

- दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्य योजना तयार पार्ने
- सो कार्यका लागि गाउँपालिकाको स्पष्ट आधार नक्सा तयार पार्ने
- भौतिक पूर्वाधार विकास योजना तयार पार्ने
- सामाजिक-सांस्कृतिक विकास योजना तयार पार्ने
- आर्थिक विकास योजना तयार पार्ने
- वातावरण तथा विपद् व्यवस्थापन योजना तयार पार्ने
- सेवा प्रवाह तथा संस्थागत विकास योजना तयार पार्ने
- व्यापक जनसहभागितामा क्षेत्रगत लक्ष्य, उद्देश्य, अपेक्षित परिणाम र कार्यक्रमहरूको निर्धारण गर्ने

## १.३ योजना निर्माणका आधारहरू

कुनै पनि आवधिक योजना निर्माण गर्नका लागि आधारहरू आवश्यक पर्दछन् । मुख्यतया कुनै पनि स्थान विशेषको योजना निर्माण गर्दा वैधानिक र नीतिगत आधारहरू स्पष्ट हुनु आवश्यक भएकोले यो गाउँपालिका नेपालको संघीय गणतन्त्रात्मक शासन प्रणालीअन्तर्गत संघ, प्रदेश र स्थानीय तहहरू रहेकोमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत तहको स्थानीय निकाय हो । नेपालको संविधानले स्थानीय तहहरूलाई एक प्रकारको पूर्ण स्थानीय सरकारको रूपमा स्थापित गरेकोले स्थानीय स्तरका विकास योजनाहरू तर्जुमा गर्ने र ती योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने सम्पूर्ण अधिकार स्थानीय तहलाई नै प्राप्त भएको छ । मुलतः यसै वैधानिक आधारको पृष्ठभूमिमा रहेका थप निम्न आधारहरूमा रहेर यो बृहत गुरुयोजना तयार पारिएको छ ।

## १. विद्यमान ऐन तथा वैधानिक रूपमा प्राप्त आधारहरू

### (क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

**नेपालको संविधान**को **अनुसूची ८** तथा **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को **दफा ११** को **उपदफा २(छ)** बमोजिम नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागु भए पश्चात् स्वायत्त स्थानीय सरकारको रूपमा स्थानीय स्तरका विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार सङ्घीय तथा प्रादेशिक कानून तथा नीति नियमहरूसँग सङ्गत हुने गरी स्थानीय सरकारलाई नै प्राप्त भएकोले सो वैधानिक व्यवस्थाबमोजिम यो गुरुयोजना निर्माण गरिएको छ । साथै संविधानको मर्मअनुरूप सङ्घीय, प्रादेशिक तथा स्थानीय स्तरमा निर्माण भएका सम्पूर्ण विद्यमान ऐन नियमहरूको सान्दर्भिक प्रावधानअनुरूप गुरुयोजनालाई अन्तिम रूप दिइएको छ ।

### (ख) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

**नेपालको संविधान**को **धारा ५९** बमोजिम विभिन्न तहका सरकारहरूलाई प्राप्त वित्तीय अधिकार तथा धारा ६० बमोजिम राजश्व श्रोतको बाँडफाँट गर्न बनेको यस ऐनले आकर्षित गर्ने प्रावधानहरूलाई समेत राजश्वको अधिकार, त्यसको बाँडफाँट, ऋण, अनुदान, बजेट व्यवस्थापन, सार्वजनिक खर्च र वित्तीय अनुशासन कायम गर्न आवश्यक व्यवस्थाहरू गरेकोले यी पक्षहरूलाई यो योजना निर्माण गर्दा आधार बनाइएको छ ।

### (ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

**नेपालको संविधान**को **धारा ६०** को उपधारा ३ मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय श्रोत र धारा २५१ अन्तर्गत देशभर छरिएर रहेका प्राकृतिक श्रोतहरूको परिचालनबाट प्राप्त राजश्व वा श्रोतको प्रयोग गर्दा अपनाउनु पर्ने प्रावधानहरू रहेको यस ऐनलाई यस गुरुयोजना निर्माणमा एक आधारको रूपमा लिएको छ ।

## २. विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू

सबैभन्दा महत्वपूर्ण राष्ट्रिय नीतिहरूमध्ये संविधानको धारा ५१ मा रहेका नीतिहरूलाई मूल आधार मानेर योजना निर्माण गर्नु उपयुक्त हुन्छ । यी मध्ये पनि स्थानीय तहहरूले निम्न नीतिहरूलाई प्रमुख आधार मान्नु उपयुक्त रहेकोले सोही आधारमा यो योजना निर्माण गरिएको छ ।

| | |
|---|---|
| सामाजिक र साँस्कृतिक रूपान्तरणसम्बन्धी नीति | सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति |
| अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति | नागरिकका आधारभुत आवश्यकतासम्बन्धी नीति |
| कृषि र भूमि सुधारसम्बन्धी नीति | श्रम र रोजगारसम्बन्धी नीति |
| प्राकृतिक साधन श्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति | |
| राष्ट्रिय भू-उपयोग नीति, २०७६ | पर्यटन नीति, २०६५ |
| वन नीति, २०७१/तथा वातारण संरक्षण, | राष्ट्रिय युवा नीति,२०७२/ राष्ट्रिय खेलकुद नीति,२०६७ |
| राष्ट्रिय कृषि नीति,२०६१ | लैङ्गिक समानता तथा सामाजिक समोवेशीकरण नीति, २०६३ |
| औद्योगिक नीति, २०६७ | सिँचाइ नीति, २०७० |
| जलाधार नीति | राष्ट्रिय शिक्षा नीति |
| राष्ट्रिय जलवायु नीति, २०७६ | जैविक विविधता संरक्षण नीति,२०६३ |
| राष्ट्रिय सहकारी नीति, २०६९ | स्वास्थ्य नीति, २०४८ |
| वाणिज्य नीति, २०६५ | स्थानीय पूर्वाधार विकास नीति, २०६१ |

| | |
|---|---|
| श्रम तथा राष्ट्रिय रोजगार नीति,२०७१ | सूचना प्रविधि नीति, २०६७ |
| आपूर्ति नीति, २०६९ | कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ |
| जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ | विकास सहायता परिचालन नीति |
| सार्वजनिक-निजी साझेदारी नीति, २०७२ | बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ |
| अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति,२०७३ | राष्ट्रिय रोजगार नीति, २०७१ |
| नवीकरणीय उर्जा अनुदान नीति, २०६९/राष्ट्रिय यातायात नीति, २०५८ | राष्ट्रिय जनसंख्या नीति, २०७१ |
| प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम नीति | राष्ट्रिय बीउ विजन नीति,२०५६ |
| कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१ | संस्कृति नीति, २०६८ |
| राष्ट्रिय शहरी नीति, २०६४ | जलविद्युत विकास नीति, २०५८ |

लगायत प्रादेशिक तथा स्थानीय सरकारका सान्दर्भिक नीतिहरूलाई योजना निर्माणको आधार बनाइएको छ ।

## ३. संघीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

कुनै पनि स्थानीय तहले योजनाको दीर्घकालीन, सोच, लक्ष्य र उद्देश्य तय गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरूसँग सामञ्जस्यता कायम गरी गर्नुपर्ने भएकोले यस योजनाले निम्न सोचहरूलाई आधार बनाएको छ ।

### (क) दीर्घकालीन सोच वि.सं. २१००

लामो राजनैतिक संक्रमण पश्चात राजनैतिक स्थायित्वको जगमा उभिएर तीव्र आर्थिक विकास र समृद्धिको लागि आयमा वृद्धि, गुणस्तरीय मानव पूँजी निर्माण तथा आर्थिक जोखिमहरूलाई न्यूनीकरण गर्दै वि.सं. २०७९सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्दै वि सं. २०८७ सम्मा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै उच्च मध्यम आयस्थर भएको मुलुकमा रूपान्तरण हुने गरी यस दीर्घकालीन सोच तयार पारिएको उल्लेख छ ।

यस सोचको मूल लक्ष्य सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने हो । यसको मूल रणनीति भनेको आन्तरिक तथा बाह्य स्रोत साधनलगायत अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालनमार्फत रूपान्तरणका कार्यक्रममा लगानी केन्द्रित गर्नु हो । यसर्थ नारामा दीर्घकालीन सोचलाई “समृद्ध नेपाल सुखी नेपाली” तय गरिएको छ । यस सोचको अपेक्षित उपलब्धीमा “समुन्नत, स्वाधीन र समाजवाद उन्मख अर्थतन्त्रसहितका समान अवसार प्राप्त, स्वस्थ, शिक्षित मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक” मा नेपाललाई रूपान्तरण गर्ने रहेको छ ।

**दीर्घकालीन सोच वि. सं. २१०० ले लिएका राष्ट्रिय रणनीति**

- तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
- सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
- आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने,
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने र
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

**रूपान्तरणका प्रमुख संवाहक**

दीर्घकालीन सोचका रणनीति कार्यान्वयन गरी राष्ट्रिय लक्ष्य हासिल गर्न देहायबमोजिम सामाजिक-आर्थिक रूपान्तरणका संवाहक अवलम्बन गरिएको छ । यी संवाहकलाई दीर्घकालीन सोचको प्राथमिकताका क्षेत्रका रूपमा समेत लिई तदनुरूप साधन-स्रोतको व्यवस्था गरिनेछ। आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा राष्ट्रिय आवश्यकताअनुसार प्राथमिकताहरूमा समयानुकूल परिमार्जन गरिनेछन् ।

१. गुणस्तरीय एकीकृत यातायात, प्रणाली सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र बृहत् सञ्जालीकरण,
२. गुणस्तरीय मानव पूँजी निर्माण, उद्यमशील कार्य संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग,
३. जल विद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धन,
४. उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि,
५. गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार,
६. आधुनिक, दिगो र व्यवस्थित शहरीकरण, आवास र वस्ती विकास,
७. प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार,
८. सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति र
९. शासकीय सुधार र सुशासन अभिवृद्धि ।

**सहयोगी क्षेत्र**

दीर्घकालीन सोचका लक्ष्य हासिल गर्ने सन्दर्भमा रूपान्तरणका सम्भाव्य क्षेत्रको प्रभावकारी परिचालन गर्न देहायका क्षेत्रहरूलाई प्रमुख सहयोगी क्षेत्रका रूपमा लिइएको छ ।

१. संविधान लोकतन्त्र र विकासप्रतिको राजनीतिक प्रतिबद्धता,
२. जनसांख्यिक लाभ र नागरिक सचेतना,
३. भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता,
४. सामाजिक-सांस्कृतिक विविधता तथा मौलिक पहिचान,
५. सामाजिक पूँजी र विश्वभर फैलिएका नेपाली समुदाय,
६. स्वच्छ र नवीकरणीय ऊर्जा,
७. मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायको सद्भाव र
८. संघीय शासन प्रणाली र वित्तीय संघीयता ।

**दीर्घकालीन सोचको परिदृश्य र परिमाणात्मक लक्ष्यहरू**

दीर्घकालीन सोचका राष्ट्रिय लक्ष्यहरू प्राप्तिको लागि उच्च आर्थिक वृद्धिदर आवश्यक हुन्छ । यस अवधिमा वार्षिक औसत १०.५ प्रतिशत आर्थिक वृद्धिदरको प्रारम्भिक लक्ष्य अनुमान गरिएको छ । यसमध्ये कृषि क्षेत्रमा औसत ५.५ प्रतिशत, उद्योग क्षेत्रमा औसत १३ प्रतिशत र सेवा क्षेत्रमा वार्षिक औसत १०.९ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान गरिएको छ ।

दीर्घकालीन सोचको अवधिको आर्थिक वृद्धिदरको लक्ष्यअनुरूप यस सोच अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको अंश हालको २७ प्रतिशतबाट घटेर ९ प्रतिशत, उद्योग क्षेत्रका अंश हालको १५.२ प्रतिशतबाट वृद्धि भई ३० प्रतिशत र सेवा क्षेत्रको अंश हालको ५७.८ प्रतिशतबाट ६१ प्रतिशत पुग्ने अनुमान छ । यसबाट कृषि क्षेत्रमा रहेको ठूलोजनशक्ति उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुने छ । आगामी २५ वर्षमा उद्योग र सेवाको व्यापक विस्तार भई अर्थतन्त्रमा ठूलोसंरचनागत एवम् गुणात्मक परिवर्तन हुने अनुमान छ ।

दीर्घकालीन सोचको आधार वर्ष २०७५/७६ मा नेपालको प्रतिव्यक्ति आय १ हजार ४७ अमेरिकी डलर रहेको छ। वि.सं. २०७९ सम्ममा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने र वि.सं. २०८७ मा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने छ। वि.सं. २१०० मा १२ हजार १ सय अमेरिकी डलर प्रतिव्यक्ति आयसहित नेपाल उच्च आयस्तर भएको मुलुकमा स्थापित हुने छ।

माथि उल्लेखित लक्ष्यहरू हासिल गर्न माथि उल्लेखित रूपान्तरणका संवाहक तथा सहयोगी क्षेत्रका अतिरिक्त देहायका तत्वलाई प्रमुख आधार लिइएको छ।

१. संविधानका राज्यका नीति र मौलिक हक प्राप्त गर्न उच्च र दिगो आर्थिक वृद्धि आवश्यक रहेको।
२. राजनीतिक तथा नीतिगत स्थिरता कायम भई आर्थिक समृद्धितर्फ उन्मुख अवस्था सिर्जना भएको।
३. समष्टिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी वृद्धि गर्ने उपयुक्त वातावरण निर्माण भएको।
४. जनसांख्यिक लाभ र प्राकृतिक स्रोत-साधनको महत्तम उपयोग गरिने।
५. ज्ञान, सीप, पूँजी र प्रविधि तथा पूर्वाधार र ऊर्जा विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
६. वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्यहरू हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता रहेको।
७. विकास कार्यक्रमको कार्यान्वयनमा तीव्रता प्रदान गर्न आयोजना बैंक, आयोजना पूर्व तयारी र अनुगमन तथा मूल्याङ्कन कार्यलाई सुदृढ बनाइने।
८. अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक र उत्पादनशील बनाइने।
९. राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न आवश्यक सुधार र एकद्वार प्रणाली अपनाइने।
१०. ज्ञानमा आधारित अर्थतन्त्र विकास गरी समृद्धि हासिल गर्ने।

दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ६.८ | १०.५ |
| २. | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान | प्रतिशत | २७.० | ९ |
| ३. | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | ३० |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६१ |
| ५. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १०४७ | १२१०० |
| ६. | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ० |
| ७. | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | ३ |
| ८. | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Plamaratio) | अनुपात | १.३ | १.१ |
| ९. | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.३१ | ०.२५ |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १०. | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ७२ |
| ११. | बेरोजगारी दर | प्रतिशत | ११.४ | ३ |
| १२. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ७० |
| १३. | जलविद्युत तथा नवीकरणीय ऊर्जा उत्पादन (जडित क्षमता) | मेगावाट | १,०७४ | ४०,००० |
| १४. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | १०० |
| १५. | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | १९७ | ३,५०० |
| १६. | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ७८.९ | ९९ |
| १७. | राष्ट्रिय र प्रादेशिक लोकमार्ग | कि.मि. | ६,९७९ | ३३,००० |
| १८. | द्रुत मार्ग (भूमिगत मार्गसमेत) | कि.मि. | ० | २,००० |
| १९. | रेलमार्ग | कि.मि. | ४२ | २,२०० |
| २०. | इन्टरनेट प्रयोगकर्ता कुल जनसंख्या | प्रतिशत | ५५.४ | १०० |
| २१. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ८० |
| २२. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २३९ | २० |
| २३. | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ३९ | ८ |
| २४. | ४ वर्ष मुनिका कमतौल भएका बालबालिका | प्रतिशत | २७ | २ |
| २५. | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९८ |
| २६. | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४३.९ | ९५ |
| २७. | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ९.५ | ४० |
| २८. | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २० | ९५ |
| २९. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | १०० |
| ३० | लैंगिक विकास सूचकांक | सूचकांक | ०.९२५ | १ |
| ३१. | मानव विकास सूचकांक | सूचकांक | ०.५७४ | ०.७६० |

स्रोत: १. राष्ट्रिय लेखा, आ.व. २०७५/७६; २. बहुआयामिक गरिबीको प्रतिवेदन २०१८; ३. नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०१६; ४. राष्ट्रिय जनगणना, २०६८; ५. मानव विकास प्रतिवेदन २०१८

नोट: क. दीर्घकालीन सोचको मार्गचित्र र रणनीति, २५ वर्षमा नेपाल उच्च आय भएको मुलुकको स्तरमा पुग्ने लक्ष्य र अन्य देशहरूको विकासको अनुभवका आधारमा प्रारम्भिक अनुमान गरिएको छ ।

ख. शून्य प्रतिशत गरिबीले १ प्रतिशत भन्दा कम गरिबी रहेको अवस्थामा बुझाउँछ ।

ग. आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा माथि उल्लेखित लक्ष्यहरू समयानुकूल पुनरावलोकन गरिनेछन् ।

## (ख) पन्ध्रौं आवधिक योजना (२०७६/७७- २०८०/८१)

"समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा पन्ध्रौं योजनालाई लिइएको छ । तसर्थ यो योजनाको राष्ट्रिय लक्ष्य समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवनसहितको समाजवाद उन्मुख लोक कल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्थर भएको मुलुकमा स्तरोन्नति गर्ने आधार निर्माण गर्ने हो ।

## (ग) गण्डकी प्रदेशको आवधिक योजना (२०७६/७७-२०८०/८१)

### प्रादेशिक योजनाले पहिचान गरेका गण्डकी प्रदेशका प्रमुख समस्याहरू

यो प्रदेश आर्थिक क्षेत्रमा शहर केन्द्रित आयातमा आधारित नाफामूखी अर्थतन्त्रको बाहुल्यता छ भने ग्रामीण इलाकामा कृषिमा आधारित निर्वाहमूखी अर्थतन्त्र रहेको छ । बढ्दो व्यापार घाटा, विप्रेषणको उत्पादनमुखी क्षेत्रमा लगानी नभई उपभोग्य वस्तु खरिद र साधारण खर्चमा सिमीत, पर्यटन पूर्वाधारमा लगानी हुन नसकेको, लघु उद्योगको बाहुल्यता परम्परागत निर्वाहमुखी खेती, भौतिक पूर्वाधार निर्माणको गति धिमा रहेको, वातावरण असन्तुलन बढेको, अव्यवहारिक शिक्षा प्रणाली, पर्याप्त सिँचाइ सुविधाको अभाव, आधारभूत पिउनेपानीको अपर्याप्तता, कमजोर स्वास्थ्य सेवा प्रणाली, शिपयुक्त मानव संसाधनको अभाव, बेरोजगारी, सेवा प्रवाह तथा शुसान प्रभावशाली हुन नसकेको जस्ता समस्याहरूविद्यमान छन् ।

### प्रमुख अवसरहरू

प्राकृतिक सौन्दर्यता र जैविक विविधता, साँस्कृतिक विविधता र सम्पन्नता, विश्वप्रसिद्ध अन्नपूर्ण, धौलागिरी र मनास्लु पदमार्गहरू, जलश्रोतमा धनी, संविधानले प्रादेशिक तथा स्थानीय सरकारहरूलाई नीति तथा योजना निर्माणको अधिकार प्रदान गरेको, काठमाडौं पछाडि विकासको केन्द्रको रुपमा पाखेराको विकास भैरहेको, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा पोखरा केन्द्रको रुपमा विकास भैरहेको ।

### प्रदेश समृद्धिका प्रमुख क्षेत्रहरू

विकास र समृद्धिका दृष्टिले निम्न लिखित सातवटा क्षेत्रहरूपहिचान गरिएको छ ।

१) पर्यटन : साहसिक, धार्मिक, सांस्कृतिक पर्यटन मार्फत रोजगारी श्रृजना ।

२) कृषि : व्यवसायिक, वैज्ञानिक र जैविक कृषि प्रणालीको विकास ।

३) उर्जा : जलविद्युत तथा नविकरणीय उर्जाको प्रयोग मार्फत हरित अर्थतन्त्र निर्माण

४) उद्योग : स्थानीय कच्चा पदार्थमा आधारित ठूला उद्योगहरूको विकास

५) पूर्वाधार : अर्थतन्त्रलाई टेवा पुऱ्याउने गुणस्तरीय भौतिक पूर्वाधारको विकास र विस्तार

६) मानव संसाधन विकास : उच्च उत्पादन क्षमता भएको शिपमुक्त मानव श्रोतको विकास

७) सुशासन : सूचना प्रविधिमा आधारित जनमुखि शासनको प्रबर्द्धन

## प्रदेश समृद्धिका प्रमुख पाँच सहयोगी क्षेत्रहरू

१) प्राकृतिक सौन्दर्य : अनुपम प्राकृतिक छटा र विविधता, विश्वकै गहिरा गल्छी (कालीगण्डकी) देखि उच्च हिम श्रृंखलासम्म

२) जैविक विविधताः चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्र, पञ्चासे संरक्षित क्षेत्र, ताल, नदी तथा ढोरपाटन शिकार आरक्षका कारण धनी

३) सामाजिक विविधता बीच एकता : २२ भन्दा बढी जातजातिका मानिसहरू मिलेर बसेका विकास प्रतिको समान धारणा रहेको र सामाजिक सौहार्दता रहेको ।

४) सांस्कृतिक सम्पन्नता, सह अस्तित्व र पहिचान : कला र संस्कृतिमा सम्पन्न लोक भाका र दोहोरी गीतको उद्‌गम थलो साहित्यिक र सांगितिक क्षेत्रमा राष्ट्रिय कलाकार जन्माउने थलो । सामाजिक सहअस्तित्व रहेको ।

५) जनसांख्यिक लाभ : १५ देखि ५९ वर्ष सम्मको सक्रिय जनसंख्या, कूल जनसंख्याको ५७ प्रतिशत रहेको । यो मानव श्रोतलाई उच्च सदुपयोग गर्न सकिन्छ ।

## क्षेत्रीय हिसाबले सन्तुलित विकासको अवधारणा

### क) विकास केन्द्र Growth Center

१. वडा केन्द्रलाई स्थानीय तहको विकास बिन्दुहरू

२. पालिका केन्द्रलाई पालिका तहको विकासको विन्दुहरू

३. जिल्ला सदरमुकामहरूलाई जिल्लाको प्रमुख केन्द्र र

४. प्रदेश राजधानीलाई प्रादेशिक केन्द्रको रुपमा विकास गर्ने

### ख) प्रादेशिक प्रमुख विकास अक्षहरू

१. मुग्लिङ्ग-दमौली-पोखरा-कुश्मा-बाग्लुङ्ग-बुर्तिबाङ्ग विकास अक्ष

२. पोखरा-पुतलीबजार-वालिङ्ग-गल्याङ-चापाकोट विकास अक्ष

३. कोरला-जोमसोम-बेनी-कुश्मा-पोखरा-भीमाद-दुम्कीबास-त्रिवेणी विकास अक्ष

४. अर्मादी-सेतीबेनी-मिर्मी-रुद्रवेणी-रानीघाट-गल्याङ-चापाकोट-देवघाट-गैंडाकोट-कावासोती

५. डुम्रे-बेसीशहर-धारापानी-थोंचे-रुइलाभन्जाङ्ग विकास अक्ष

६. बेनीघाट-आरुघाट-सिर्दिवास-सामागाउँ-रुइलाभन्ज्याङ विकास अक्ष

७. पोखरा रिङ्गरोड विकास अक्ष

८. पोखरा महानगर वरिपरि स्याटलाइट शहरको विकास अक्ष

९. बृहत्तर आर्थिक क्षेत्र निर्माण

## गण्डकी प्रदेशका परिमाणात्मक लक्ष्यहरू

योजनाको अवधि आ.व. २०७७/७८ देखि २०८१/८२ लाई अल्पकालीन, आ.व. २०७७/७८ देखि २०८७/२०८८ (दिगो विकास लक्ष्यको अवधि) लाई मध्यकालीन र २०७७/७८ देखि २१०० लाई दीर्घकालीन परिभाषित गरी समृद्धि र सुखका परिमाणात्मक लक्ष्यहरू निम्न अनुसार निर्धारण गरिएका छन् ।

**गण्डकी प्रदेशका परिमाणात्मक लक्ष्यहरू**

| क्र.सं. | सूचक | इकाई | गण्डकी प्रदेशको लक्ष्य | |
|---|---|---|---|---|
| | | | आधार वर्ष २०७५/७६ | आर्थिक वर्ष २०८७ |
| १ | आर्थिक बृद्धिदर | प्रतिशत | ७.१ | १०.५ |
| २ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १०४३ | ३७२१ |
| ३ | कृषि | प्रतिशत | २८.२ | १७.० |
| ४ | उद्योग | प्रतिशत | १४.२ | ३०.० |
| ५ | सेवा | प्रतिशत | ५७.६ | ५३.० |
| ६ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १४.९१ | २ |
| ७ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | १४.२ | २ |
| ८ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma Ratio) | अनुपात | १.४ | १ |
| ९ | सम्पत्तिमा आधारित गिनी गुणक (Gini Cofficient) | गुणक | ०.३७ | ०.२३ |
| १० | अपेक्षित आयु (जन्म हुँदाको | वर्ष | ७१.७ | ८० |
| ११ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | संख्या | २३९ | ७० |
| १२ | ५ वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | संख्या | २७ | १५ |
| १३ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५५.६ | ९८ |
| १४ | श्रमशक्ति सहभागिता दर | प्रतिशत | ३५.७ | ६० |
| १५ | बेरोजगारी दर | प्रतिशत | ९ | २ |
| १६ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३९.९ | ६५ |

| क्र.सं. | सूचक | इकाई | गण्डकी प्रदेशको लक्ष्य | |
|---|---|---|---|---|
| | | | आधार वर्ष २०७५/७६ | आर्थिक वर्ष २०८७ |
| १७ | राष्ट्रिय/प्रादेशिक लोकमार्ग ( कालोपत्रे | कि.मि | ९३७ | ६,९५० |
| १८ | द्रुत लोकमार्ग (पोखरा दुम्कीबास) | कि.मि | ० | ७० |
| १९ | रेलमार्ग | कि.मि | ० | १८० |
| २० | ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | ८० | ९८ |
| २१ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ८२.५ | १०० |
| २२ | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ९१.१ | १०० |
| २३ | इन्टरनेट प्रयोगकर्ता (कुल जनसंख्यामा) | प्रतिशत | ४८ | ९० |
| २४ | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | ४४८.५ | ६,००० |
| २५ | प्रतिव्यक्ति विद्युत् उपभोग | किलोवाट | १९० | १,७०० |
| | | घण्टा | | |
| २६ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | २९ | १ |
| २७ | मानव विकास सूचकाङ्क | सुचकाङ्क | ०.५९ | ०.७० |
| २८ | दर्ता भएका अपराध घटना र अनुसन्धानको अनुपात | अनुपात | ८२.७ | १०० |
| २९ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | ८० |
| ३० | हेलो सरकारमा/हेलो मुख्यमन्त्रीमा प्राप्त उजुरीको फछ्र्यौट<br><br>राष्ट्रिय परिचयपत्र प्राप्त गरेको नेपाली नागरिक | प्रतिशत | ५३ | ९९ |
| ३१ | | प्रतिशत | ० | १०० |
| ३२ | पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ६०.१ | १०० |

## ४. दिगो विकासका लक्ष्यहरू

सन् २०१५ मा संयुक्त राष्ट्र संघमा आवद्ध सम्पूर्ण राष्ट्रहरूद्वारा अनुमोदन गरी समग्र विश्व र मानवजातिको दीर्घकालीन सुरक्षा, सुख र समृद्धिका लागि तय गरिएका साझा वैश्विक लक्ष्यरूलाई दिगो विकास लक्ष्य भनिन्छ। संसारभरका सबै मुलुकले सन् २०३० सम्म यी लक्ष्यहरू हासिल गर्नु पर्नेछ। नेपालले समेत अनुमोदन गरेका यी लक्ष्यहरू नेपालका योजना तथा विकासका उद्देश्यहरू हासिल गर्न अति सान्दर्भिक छन्। तसर्थ तल उल्लेखित यी लक्ष्यहरूलाई यो योजना तर्जुमाको आधार बनाइएको छ। कुल सत्रवटा लक्ष्यहरूमध्ये भू-परिवेष्ठित मुलुक भएकोले लक्ष्य १४ नेपालसँग प्रत्यक्ष सम्बन्धित छैन। यी लक्ष्यहरूका १६९ परिमाणात्मक लक्ष्यहरू र २३४ वटा विश्वव्यापी सूचकहरू थपेर कुल ४७९ सूचकहरू निर्धारण गरेकोले यस गाउँपालिकासँग सम्बन्धित लक्ष्य र सूचकहरूलाई समेत यो योजनाले समेट्ने र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने प्रयास गरेको छ।

### दिगो विकासका लक्ष्यहरू

१. सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने।
२. भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने।
३. सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने।
४. सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने।
५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने।
६. सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने।
७. सबैका लागि किफायती, विश्वासनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने।
८. भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने।
९. उत्पादनशील पूर्वाधरको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने।
१०. मुलुकभित्र तथा मुलुकहरूबीच असमानता घटाउने।
११. शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने।
१२. दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने।
१३. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने तत्काल पहल थाल्ने।
१४. दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने।
१५. स्थानीय पर्यावरणीयको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने।
१६. दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने।
१७. दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने।

### ५. राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरू

यस गाउँपालिकाको योजना निर्माणका दौरान नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा बजेट तर्जुमा तथा अनुगमन तथा मूल्याङ्कन व्यवस्था साथै आयोजनाको कार्यान्वयनका सन्दर्भमा पटक-पटक गर्ने मार्ग निर्देशनलाई समेत आधार मानी यो योजना निर्माण गरिएको छ ।

### ६. अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू

नेपाल सरकार पक्ष राष्ट्र भई अन्तर्राष्ट्रिय स्तरमा हस्ताक्षर तथा अनुमोदन गरिएका अन्य सान्दर्भिक घोषणा पत्र तथा सन्धी सम्झौताहरूको मर्महरूलाई समेत ध्यानमा राखिएको उदाहरणका लागि मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८, बाल अधिकारसम्बन्धी घोषणापत्र, विश्व संरक्षण नीति (World Conservation Strategies) आदि ।

### ७. स्थानीय तहमा सहभागी राजनैतिक दलहरूको घोषणापत्रहरू

यो आवधिक योजना निर्माणको दौरान यस गाउँपालिकामा रहेका राजनैतिक दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा गाउँपालिकावासीका माझ गरेका विकासका राजनैतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी ती घोषणापत्रहरूका मर्मलाई एक वा अर्को तरिकाले सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

### ८. गाउँपालिकाको विद्यमान वस्तुगत अवस्था

गाउँपालिकाको वस्तुगत अवस्था स्थानीय आवश्यकता, समस्या र संभावनाहरू यस अन्तर्गत वडा भेला, स्थलगत अध्ययन तथा गाउँपालिका केन्द्रमा विभिन्न समयमा सम्पन्न अन्तरक्रिया तथा सरोकारवालारूबाट प्राप्त सुझावका आधारमा गाउँपालिकाको प्रमुख समस्या चुनैती, सम्भावना र आवश्यकता पहिचान गरी सो को SWOT विश्लेषण गरे पश्चात आवश्यक योजनाहरू निर्माण गरिएको हो ।

## १.४ योजना तर्जुमाका सीमाहरू

संघीय शासन प्रणालीअन्तर्गत स्थापना भएको स्थानीय सरकारको रूपमा रहेको यो गाउँपालिका देशका अन्य स्थानीय तहहरू जस्तै नयाँ अभ्यास र संघीय शासन प्रणाली कार्यान्वयनको प्रारम्भिक चरणमा नै रहेकोले योजना निर्माणका लागि आवश्यक पूर्ण आधारभूत सूचनाको कमी रहेको छ । कतिपय सूचनाहरू संकलन र प्रशोधन गर्न पर्याप्त बजेट, प्राविधिक तयारी र दक्ष जनशक्तिको आवश्यकता पर्ने र सोको तत्काल व्यवस्था गर्न सहज नभएको परिस्थितमा उपलब्ध सूचना, समय र बजेटका केही सीमाहरू भित्र रहेर यो योजना तयार पारिएको हो । तसर्थः

- दिगो विकासलगायत गाउँपालिकाले तय गरेका अन्य विकासका क्षेत्रहरूसँग सम्बन्धित परिमाणात्मक लक्ष्यहरूको आधार वर्षका तथ्याङ्कहरूको उपलब्धता तत्काल हुन नसकेको र सोको व्यवस्था भविष्यमा गर्न सके ती लक्ष्य पुनः निर्धारण गर्न सक्ने ।
- गाउँपालिकाद्वारा गर्नु पर्ने अत्यन्त आधारभूत सेवा प्रवाह जस्तै, पिउने पानी खाद्यान्न, शिक्षा, स्वास्थ्य, रोजगार, सडक, सामाजिक सुरक्षा आदिका लागि तय गरिएका कार्यक्रमहरूमा तत्काल बजेटको अभाव हुनेहुँदा वित्तीय सन्तुलनका हिसाबले कतिपय कार्यक्रमका लागि तत्काल बजेट अभाव भए तापनि भविष्यमा बजेटको श्रोत पहिचान र व्यवस्था गर्ने हेतुले आयोजना बैंकमा अभिलेख रहने गरी भएपनि त्यस्ता कार्यक्रमहरूलाई अनिवार्यताका आधारमा प्रस्ताव गरिएको ।

## १.५ योजना तर्जुमा विधि र प्रक्रिया

यो योजना तयार गर्दा मुख्यतया राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५" र शहरी विकास विभागद्वारा प्रकाशित Planning Norms and Standards 2015 लाई आधार मानिएको छ । दुवैका मार्गदर्शनका अलावा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा योजना निर्माण गर्दा अबलम्बन गरिएका असल अभ्यासहरूसमेत अनुशरण गरिएको छ । तसर्थ क्रमशः निम्न चरण पुरा गरी यो योजना तयार गरिएको छ ।

### १. योजना तर्जुमा तयारी प्रारम्भिक छलफल

गाउँ कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, विषयगत शाखाका प्रमुखहरू, स्थानीय राजनीतिक दलका अगुवाहरू, बुद्धिजीवी तथा सरोकारवालाहरूको सहभागितामा विज्ञहरूको समेत उपस्थितिमा समग्र आवधिक योजना तयारीका प्राविधिक पक्षहरूको बारेमा बृहत् छलफल र जिम्मेवारी बाँडफाँट गर्ने कार्य सम्पन्न गरियो ।

### २. स्थानीयस्तरमा गाउँपालिकाको समग्र वस्तुस्थिति अध्ययन तथा द्वितीय स्रोतका सूचना संकलन

यसअन्तर्गत विज्ञ समूह तथा अध्ययनकर्ताको सहभागितामा प्रत्येक वडाको वस्तुस्थिति, मुख्य संभावना, अवसर र चुनौती पहिचान गर्ने हेतुले वडाध्यक्षको संयोजकत्वमा वडाका सम्पूर्ण सरोकारवाला सम्मिलित वडाभेला, छलफल र अन्तरक्रियामार्फत प्राथमिक तथा द्वितीय स्रोतबाट सूचना संकलन गरियो ।

### ३. गाउँपालिकाको आधार नक्सासम्बन्धी सूचना संकलन

विषय विज्ञद्वारा प्रत्येक वडाबाट भू-सूचना प्रणालीको प्रयोग गरी आधार नक्सा तयार गर्न आवश्यक भौतिक, आर्थिक, सामाजिक, वातावरणलगायत सम्पूर्ण भू-संकेत र सचना संकलन गरियो ।

### ४. वडाभेलामार्फत् प्राप्त सूचनाहरूको विश्लेषण

वडा भेला र अन्तरक्रियाबाट प्राप्त सूचनाहरूको तालिकीकरण, प्रशोधन पश्चात् समग्र वस्तुस्थितिको SWOT विलेषण गरी गाउँपालिकाका सबल पक्ष, दुर्बल पक्ष, सम्भावना र अवसरहरू पहिचान गर्ने कार्य सम्पन्न गरियो ।

### ५. सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरूको मस्यौदा तयारी

समग्र वस्तुस्थिति विश्लेषण पश्चात् राष्ट्रिय र प्रादेशिक लक्ष्य, योजना र उद्देश्यसँग तादातम्यता हुनेगरी स्थानीय आवश्यकता सम्बोधन हुने गरी गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरू सहितको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरियो ।

### ६. मस्यौदा योजना उपर सरोकारवालासँग अन्तरक्रिया छलफल

सम्पूर्ण सरोकारवाला तथा नगर कार्यपालिकाको सम्पूर्ण पदाधिकारीहरूको उपस्थितिमा योजना मस्यौदा उपर छलफल तथा अन्तरक्रिया गरेपश्चात् थप सल्लाह र सुझावसहित परिमार्जनका लागि मस्यौदा पेश गरि वितरण गरियो ।

### ७. एकीकृत दस्तावेज तयारी संशोधन, परिमार्जन पश्चात अन्तिम योजना तयारी तथा स्वीकृति र प्रकाशन

मस्यौदा उपर छलफल तथा सुझाव संकलनपश्चात् योजनालाई विषयक्षेत्रगत हिसाबले एकीत गरी अन्तिम रूप दिएर गाउँसभा मार्फत् प्रक्रिया पुऱ्याई अनुमोदन गरी सर्वसाधारणका लागि प्रकाशन गर्ने निर्णय गाउँकार्यपालिकाले गऱ्यो ।

# परिच्छेद २ : गाउँपालिकाको समष्टिगत परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

भिमसेनथापा गाउँपालिका गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाका ११ वटा स्थानीय तहहरू मध्ये एक हो । यस गाउँपालिका, आधुनिक नेपालका निर्माता पृथ्वी नारायण शाहको गोरखा राज्य तथा विश्वमा रणकौशलतामा बहादुरीको परिचय बनाएको गोरखा संस्कृतिको उद्‌गमस्थल रहनुकासाथै गण्डकी प्रदेशको ऐतिहासिक तथा प्राचीन महत्व बोकेको नेपालको मध्यपहाडी क्षेत्रमा अवस्थित छ । यस गाउँपालिकाको नामाकरण मुलुकको राष्ट्रियता, स्वतन्त्रता र स्वाभिमान कायम राख्ने सन्दर्भमा इतिहासका पानामा वीरतापूर्ण इतिहास रच्न सफल राष्ट्रप्रेमी तथा कुशल तीनवटा राजाहरूको शासन कालमा प्रधानमन्त्रीको रुपमा जिम्मोरी निर्वाह गरेको,नेपालको इतिहासमा सबैभन्दा लामो समयसम्म प्रधानमन्त्रीको जिम्मेवारी निर्वाह गरेका शासक भीमसेन थापाको थातथलो गाउँपालिकाको हालको वडा नं. ८ बोर्लाङमा रहेकोले उनै वीर पुरुष तथा राष्ट्रिय विभूति भीमसेन थापाको नामबाट गरिएको हो । गाँउपालिकाको पूर्वमा धादिङ जिल्ला, पश्चिममा गोरखा नगरपालिका र सिरानचोक गाउँपालिका, उत्तरमा बारपाक सुलिकोट गाउँपालिका र आरुघाट गाउँपालिका र दक्षिणमा शहिद लखन गाउँपालिका र धादिङ जिल्ला पर्दछन् । साविकका मसेल, तान्द्राङ धावा, बगुवा, अश्राङ र बोर्लाङ गा.वि.स.लाई समायोजन गरी हाल ८ वटा वडाहरू कायम गरिएको छ । यो गाँउपालिकाको प्रमुख विषेशताहरूमा गाउँपालिकाको भएर मध्यपहाडी राजमार्ग गएको, बुढीगण्डकी नदीको तटीय क्षेत्र, प्रस्तावित बुढीगण्डकी जलविद्युत आयोजनको जलाशयका कारण डुवान ग्रस्त क्षेत्र, पहाडी धरातल भएकोले गरा बनाई खेतीपाती गरिएको रातो तथा फुस्रो माटो भएको जमिन आदि हुन । भौगोलिक हिसावले हेर्दा समुद्र सतहबाट ३८५ मि. देखि १२४२ मि. सम्मको उचाइमा विविधता भएको यो गाउँपालिकाको कुल क्षेत्रफल १०१.३१ वर्ग कि.मि रहेको छ । गाउँपालिकाको पूर्व तर्फको बुढीगण्डकी नदीको उर्वर तटीय क्षेत्र पर्दछ । यद्यपि बुढीगण्डकी जलायश निर्माण भए पश्चात भने अधिकांश जमिन डुवानमा पर्नेछ । पश्चिमतर्फ दरौदी नदीको वडा नं १ निबेलमा पर्ने तटिय क्षेत्र पनि गाउँपालिकाको उर्वर भूमिको रुपमा रहेको छ ।

गाउँपालिकाको आर्थिक क्षेत्रको अवस्था र सम्भावनालाई हेर्दा खेतीयोग्य जमिनको उपलब्धता भएकोले सिंचाइको उचित प्रवन्ध हुनसके कृषिको वैज्ञानिकीकरण र व्यावसायीकरणमार्फत आर्थिक समृद्धि हासिल गर्न सकिन्छ । गाँउपालिकामा उत्पादन हुने प्रमुख बालीहरूमा कोदो, धान, गहुँ र मकै हुन भने नगदे वालीहरूमा आलु, दलहन बालीमा भटमास, मास, चना, मुसुरो, केराउ, तेलहन बालीमा बदाम, तील, सिलाम, तोरी, तरकारीमा प्राय मध्यपहाडी क्षेत्रमा पाइने सबै प्रकारका तरकारीहरू, फलफुलमा मध्यपहाडी क्षेत्रमा नासपाती, आरु, आरुवखडा, भोगटे, निबुवा, निमारो तथा बेशीक्षेत्रमा केरा, आँप, कटहर, लिची, मेवा, अम्बा, र अनार रहेका छन् । यी बाहेक यस गाउँपालिकामा रैथाने

प्रजातिका कोदो र फाट्टफुट्ट घैया जातको धानको समेत खेती हुने गर्दछ । गाउँपालिकामा ससाना कुटानी पिसानी मिल, स:मिल, ग्रिल उद्योग तथा सामान्य फर्निचर उद्योगहरू बाहेक ठूला उद्योगहरू स्थापना हुन सकेका छैनन् । हालका वडा केन्द्रहरू रहेका र अन्य केही विकसित भैरहेका स-साना बजार केन्द्रहरू जस्तै घ्याम्पेसाल, ताराखसे पौवा, कयपानी, सिमलाफेद, नाङ्गेटोल, मैदान, इट्लापोखरी, बालुपाटार, बालिमटार, आमभञ्ज्याङ, खान्चोक , लामाचौर, अश्राङ ठाँटी, हेल्थपोष्ट बजार, भिँगटे बजार, बोर्लाङ ठाँटी, सिमलटार, क्यामुनटार, नारायणपुर, पिपलटार, बोर्लाङ र महादेवटार जस्ता बजार वाहेक ठूला स्तरका उपभोक्ता बजारहरूको विकास भने भएको छैन । तापनि यहाँ साँग्रिला विकास बैङ्क, मेघा बैङ्कका शाखाहरू र केही लघुवीत्तहरू वडा नं. १ घ्याम्पेसालमा रहेका छन् भने अन्य वैङ्किङ सुविधा विस्तार भएको छैन ।

अर्कोतर्फ यस गाउँपालिकामा ऐतिहासिक, धार्मिक र कृषि पर्यटनको समेत राम्रो संम्भावना रहेको छ । वडा नं ८ चण्डीस्थानमा अवस्थित राष्ट्रिय विभूति भीमसेन थापाको थातथलो तथा कर्म स्थल लगायत उनीसँग सम्बन्धित ऐतिहासिक धरोहर जिर्णोद्धार गरी नेपालको इतिहास सम्बन्धमा चासो राख्ने पर्यटकहरू आकर्षित गर्न सकिन्छ भने वडा न. २ को तान्द्राङकोट कालिका पवित्र ऐतिहासिक एवं धार्मिक स्थलको रुपमा रहेको छ । तान्द्राङकोट कालिका मन्दिर परिसरमा गोरखाका राजा राम शाहका पालाका भारदारी सभाका विद्वान तान्त्रिक ज्योतिष दुल्लभ लामिछाने अर्थात् दुल्लभ जोशी(जैसी) ले सिद्धि प्राप्त गरेको स्थलको रुपमा प्रख्यात रहेको छ । किंवदन्ति अनुसार गोरखनाथका अवतार उनी राम शाहका विश्वास पात्र रहेको र सल्यानकोट आक्रमण गर्न जाँदा गोरखाली सेनाले बुढीगण्डकी नदी पार गर्न नसक्दा तान्त्रिक चमत्कारितामार्फत नदी स्थिर गराई गोर्खाली सेनालाई पार गराएका थिए । उनको जन्मस्थान हालको वडा नं. ३ को पोखरीडाँडामा र बसोबास हाल वडा नं. ४ धावामा अवस्थित इट्ला पोखरी रहेको स्थानमा भएको विश्वास गरिन्छ । यी क्षेत्रको विकास र प्रचार प्रसार गरी धार्मिक तथा ऐतिहासिक पर्यटन प्रर्वद्धन गर्न सकिन्छ । यसका अलावा बुढीगण्डकी जलाशय निर्माण भएपश्चात जलाशय दृश्यावलोकन तथा जल पर्यटनको पनि राम्रो सम्भावना रहेको छ । त्यसैगरी नमूना मकै, कागती तथा कफि क्षेत्रको रूपमा विकास गर्न सके कृषि अवलोकन भ्रमणमार्फत कृषि पर्यटनको समेत राम्रो सम्भावना रहेको छ ।

## २.२ स्थानिक विश्लेषण (Spatial Analysis)

यो गाउँपालिका नेपालको मध्यपहाडी क्षेत्र अन्तर्गत पर्दछ । पूर्वमा बुढीगण्डकी नदीले बनाएको उर्वर फाँट तथा टारहरू रहेका छन् । गाउँपालिकाको वडा नं. ३, ४, ७ र ८ बुढीगण्डकी नदीको वहाव क्षेत्रमा पर्दछन् भने गाउँपालिकाको पश्चिमतर्फ वडा नं. १ को निबेल दरौँदी नदीको बहाव क्षेत्रमा पर्दछ । यी बाहेक ससाना मसेल खोला, मोती खोला, काशी खोला, स्तुल खोला, मौदी खोला, बुर्लुङ खोला, तान्द्राङ खोला, ठूलो खोला, सिखे खोला, ताप्ले खोला, रम्बु खोला, भगरे खोला, टोड्के खोला, ज्यादुल खोला, जाँते खोला, अँधेरी खोला लगायतका खोला तथा खोल्साहरू रहेका छन् । यी खोलाहरूबाट खानेपानी तथा सिँचाइ सुविधा उपलब्ध

भइरहेको छ । यद्यपि लिफ्टिङ बा पम्पिङ गरी गाउँपालिकाबासीलाई खानेपानी तथा सिँचाइको सहज आपूर्ति गर्ने चुनौती रहेको छ ।

### २.२.१ पहुँच (Accesibility)

भिमसनेथापा गाउँपालिका चारवटा महत्वपूर्ण सडक सञ्जालद्वारा जोडिएको छ । त्यसमध्ये बेनीघाट-आरुघाट हुँदै मित्रराष्ट्र चीनको लार्के नाका जोड्ने सबैभन्दा छोटो दुरीमा पर्ने सडकको क्यामुनटार-अमिलिचौर सडकखण्डले वडा नं. ३, ४, ७ र ८ वडा हुँदै गएकाले यसै सडकले गाउँपालिकालाई धादिङको बेनीघाटमा पृथ्वी राजमार्ग अन्तर्गत राष्ट्रिय राजमार्ग प्रणालीमा आवद्ध गर्दछ । यो सडक भिमसेनथापा गाउँपालिकाको मात्र नभई गोरखा जिल्लाकै विकासको मेरुदण्डको रुपमा रहेको छ । अर्कोतर्फ गोरखा बजारदेखि आरुघाट जोड्ने सडकको झिँगटे–टारीफाँट सडकखण्डले वडा नं. १, २, ३, ५ र ६ लाई छोएको छ जसमध्ये झिँगटीदेखि ध्याम्पेसालसम्मको सडकखण्ड कालोपत्रे पनि भइसकेको छ । यस सडकले समेत गाउँपालिकालाई गोरखा बजार हुँदै आँबुखैरेनीमा पृथ्वी राजमार्ग अन्तर्गत राष्ट्रिय राजमार्ग प्रणालीमा आवद्ध गर्दछ । यसकासाथै द्रुत गतिमा निर्माणधीन मध्यपहाडी लोकमार्गको अमिलीचौर–निबेल सडकखण्ड पनि वडा नं. १,२ र ३ भएर गएको छ । घ्याम्पेसालबाट बारपाक सुलिकोट गाउँपालिका हुँदै आरुघाट गाउँपालिकाको आरुपोखरी जोड्ने सडकले गाउँपालिकालाई केन्द्रविन्दु बनाई गोरखा बजारसँग जोडेको छ । करिब २४ कि. मि. लामो गाउँपालिकास्तरीय भिमसेनथापा चक्रपथको निर्माण गरी सम्पूर्ण वडाकेन्द्रहरू जोड्ने कामलाई गाउँपालिका गौरवको आयोजनाको रुपमा उच्च प्राथमिकतामा राखी निरन्तरता दिइएकोले ट्र्याक जोड्ने कार्य अन्तिम चरणमा पुगिसकेको छ । केही सिमित स्थानहरूदेखि बाहेक गाउँपालिकामा सडक ट्र्याक खोल्ने कार्य समेत अन्तिम चरणमा पुगिसकेको छ । यसरी आधारभूत सडक सञ्जालमार्फत गाउँपालिकाको पहुँच बिस्तार भएको छ । गाउँपालिकाभित्रको आन्तरिक सडक सञ्जाल पर्याप्त रहेका तथा थोरै भए पनि कालोपत्रे गरिएको भए तापनि सडकहरू साँघुरा र स्तरोन्नति नगरिएको अवस्थामा छन् । विशेष गरी वर्षात्को समयमा भिरालो कच्ची धुले सडक भलबाढीले ठूलाठूला खाल्टाखुल्टी पर्ने तथा सडक कटानका क्रममा सावधानी नअपनाइएकाले पहिरो गएर सवारी आवागमनमा अवरोध हुने हुँदा बस्तीहरूबीच सम्पर्क स्थापित हुन कठिन हुन्छ । हिउँदमा धुलाम्य भए पनि सडक सञ्चालन हुने भएकाले गाउँपालिकाका सडकहरू (Fair Weather) सडकको रूपमा रहेका छन् ।

हालको सडक यातायातको पहुँचलाई सुदृढ गर्न भिमसेनथापा चक्रपथ निर्माण तथा मध्यपहाडी लोकमार्गको स्तरोन्नति भइरहेका कारण गाउँपालिकाको पहुँच सहज बनाइसकिएको छ । त्यसैगरी गाउँपालिकाका अन्य सडकहरू क्रमिक रूपमा स्तरउन्नति भइरहेका छन् । सडकहरूको नामाकरण पनि गरिँदै छ । यसरी गाउँपालिकाका आन्तरिक तथा बाह्य सडकहरूको स्तरोन्नति गरेर आर्थिक क्रियाकलाप तथा पर्यटकीय गतिविधिमा वृद्धि गरी समृद्धि हासिल गर्न सहयोग पुग्ने देखिन्छ । स्तरीय सडक सञ्जालमार्फत कृषि उत्पादन र सांस्कृतिक विविधतालाई व्यवसायीकरण गर्न सक्ने हो भने गाउँपालिकाले छिट्टै नै विकासका समग्र पक्षमा फड्को मार्ने देखिन्छ । भिमसेनथापा गाउँपालिकामा कृषि, जडीबुटी, प्राकृतिक र सांस्कृतिक पर्यटन विकासको प्रचुर सम्भावना रहेकोले सडकहरूको प्राथमिकताकासाथ स्तरोन्नति गर्नु श्रेयष्कर देखिन्छ ।

## २.२.२ भू-उपयोगका क्षेत्रहरू

### (क) भू-उपयोगको वितरण

भूमि महत्वपूर्ण प्राकृतिक साधन हो । आर्थिक विकासको लागि यसको समुचित उपयोग गर्नु पर्दछ । भूमिलाई कृषि, आवास, सडक, पिउने पानी, सिँचाई, विद्युत तथा उर्जा, सूचना तथा संचार आदिको प्रवन्धको लागि प्रयोग गर्न सकिन्छ । गाउँपालिकामा रहेको भूमिलाई भू-उपयोगको सन्दर्भमा निम्नानुसार वर्गिकरण गरिएको छ ।

### (१) कृषि क्षेत्र

कृषि क्षेत्र भन्नाले प्रत्येक वडामा रहेका उर्वर खेतीयोग्य भू-भागलाई जनाउँछ । आधार नक्शाको विश्लेषणको आधारमा यस गाउँपालिकामा बुढीगण्डकी नदीले सदियौँदेखि थुपारेको पाँगो बलौटे माटो भएका उर्वर क्षेत्रहरू जसमा नदी गहिरिँदै गएपछि बनेका टार क्षेत्रहरूमा टारीफाँट, सिम्लेफाँट,मुलपानी फाँट, कटुञ्जे फाँट, भाटेफाँट, बिलेटार, बालुवाटार, सिम्लेफाँट, बालिमटार, घाटबेशी, महादेवटार, पिपलटार, सातबिसे टार, क्यामुनटार जस्ता क्षेत्रहरू रहेका छन् । साथै दरौंदी नदी किनारमा अवस्थित निबेल पनि उर्वर रहेको छ । साथै मसेल, तान्द्राङ, धावा, बगुवा, अश्राङ, बोर्लाङ क्षेत्रमा यथेष्ठ खेतबारी रहेका छन्  । यी क्षेत्रहरूमा समान प्रकृतिको भू-बनोट भएकाले एकीकृतरूपमा जलवायु अनुकुल माटोको प्रकृतिअनुसार बालीनाली तथा फलफूल र तरकारीको सघन रूपमा खेती गर्नु उपयुक्त देखिन्छ । यस्ता क्षेत्रहरूलाई उपयुक्तताको आधारमा कृषि पकेट क्षेत्र घोषणा गर्न सकिन्छ । यो गाउँपालिकामा हाल खेतीपाती भइरहेका तथा कृषिका लागि योग्य क्षेत्रहरू निम्नानुसार छन् :

| वडा नं. | हाल खेतीपाती भइरहेका तथा कृषिका लागि योग्य क्षेत्रहरूको वडागत विवरण |
|---|---|
| १ | निबेल, असिमुरे फाँट, दशमुरे खेत, मसेल |
| २ | काउले, बगुवाखेत, पौवा, सुनारबस्ती, आँपचौर, दार्मे, अर्चले, अँधेरे, कुपिण्डे, चिप्ले, बेलडाँडा |
| ३ | टारीफाँट, बेलबोटे, मुलपानी फाँट, कटुञ्जे फाँट, भाटेफाँट |
| ४ | बिलेटार, बालिमटार, बालुवाटार, सिम्लेफाँट |
| ५ | खान्चोक, फुलबारी, आलडाँडा, लामचौर, माछापोखरी, डान्डाँडा, कसिन्थोक, सिखे, डिहीस्वाँरा, खत्रीगाउँ, सुनारगाउँ |
| ६ | ज्यादुल, आकासेफाँट, ज्यामिरे फाँट, ढापे, पिप्ले, असीमुरे फाँट, कामी बिरौटा, सिप्लिकान |
| ७ | क्यामुनटार, पिपलटार, सिमलटार, सातबिसे टार |
| ८ | घाटबेशी, पिपलटार महादेवटार |

### (२) मिश्रित जनघनत्व भएका बसोबास क्षेत्र

यस प्रकारको क्षेत्रहरू सबै वडाहरूमा रहेका छन् । परम्परागत हिसाबले बस्ती बसाल्ने सन्दर्भमा पानीको सुविधा, खेती योग्य क्षेत्र, पशुपालनलाई पायक र अन्न उत्पादनयुक्त उपयुक्त जमिन भएको स्थानमा यत्रतत्र छरिएर बस्ने प्रचलन भएकोले आ-आफ्नो पायकअनुसार सबै वडाहरूमा कतै बाक्लो तथा कतै पातलो हिसाबले यस प्रकारका वस्ती क्षेत्रहरू रहेका छन् । सेवा प्रवाहका दृष्टिकोणले यसरी छरिएको बस्तीहरूमा पूर्वाधार र सेवा पुर्‍याउन राज्यलाई हम्मे हम्मे पर्दछ भने लागत समेत अत्यन्त बढी पर्दछ । तसर्थ यस्ता

क्षेत्रका बस्तीहरूलाई उपयुक्त स्थानमा एकीकृत रूपमा स्थानान्तरण गर्दा कालान्तरमा राज्यलाई फाइदा पुग्नुका साथै जनतालाई सहज, सुरक्षित आवास क्षेत्रहरू निर्माण हुन्छन् र सेवा प्रवाह सहज हुन जान्छ । गाउँपालिकामा मिश्रित जनघनत्व भएका बस्ती क्षेत्रहरू निम्नानुसार छन् :

| वडा नं. | वस्ती क्षेत्रहरू |
|---|---|
| १ | निबेल, रावलगाउँ, सपंगे, भट्टगाउँ, पाण्डेगाउँ, बैदाङ्गी, भोटस्वाँरा, बान्चेगाउँ, गैराथोक, माभथोक, बगैंचाटोल, श्रीकृष्णटोल, बगालेगाउँ, तल्लो खागीथोक, खान्चोकबाहुन गाउँ, देवीस्थान टोल, घोप्टे, बानियाँगाउँ(डाँडागाउँ), पिपलडाँडा, हटिया, घ्याम्पेसाल, छापपाटा र कयपानी |
| २ | काउले, बगुवाखेत, पौवा, सुनारबस्ती, आँपचौर, दार्मे, अर्चले, अँधेरे, कुपिण्डे, चिप्ले, बेलडाँडा |
| ३ | धोबीखोला टोल, सोतेटार, ठूलोटार, ढुङ्गे, बाँसबोटे, ठाडोचौर, डाँडाबेशी, मैथुम, नाङ्गे, खमारे |
| ४ | काप्रीगाउँ, केराबारी, माथिल्लो टारीखेत, घडेरीगाउँ, स्यालपुछ्रे, डाँडागाउँ, खमारे, माकुरी चौतारा, नयाँचौतारा, भष्मे, घोप्टे, बर्रे, कौसेरी, अम्बटे, थलले, तल्लो भञ्ज्याङ, गुरुङ गाउँ, दलितबस्ती, गैरागाउँ, सिउँडीबार, चौतारा, सुलीचौतारा, आमडाँडा, सिंखडागाउँ, कोइरालेटार, इट्लापोखरी, बिलेटार, थाप्ले, बाणागाउँ, बडडाँडा, छापथोक, गुफाडाँडा, मुखियागाउँ, कमेरेपानी, कुवापानी, आमभञ्ज्याङ, डाँडापारी, भाँक्रीगाउँ, गैराथोक, गैरागाउँ, पिपलथोक, कोलडाँडा, धारापानी, महादेवस्थान, डाँडागाउँ, आँपचौर, पोखरेलगाउँ, तल्लोगाउँ, फलाँटे, सल्लाबोटे, राम्चे, डिही, सिम्लेफाँट, नारनथला, बालुवाटार, बालिमटार |
| ५ | खान्चोक, फुलबारी, आलडाँडा, लामचौर, माछापोखरी, डान्डाँडा, कसिन्थोक, सिखे, डिहीस्वाँरा, खत्रीगाउँ, सुनारगाउँ |
| ६ | भिँगटे, गैरीगाउँ, डाँडागाउँ, हर्रा बिसौना(हेल्थपोष्ट गाउँ), अमलडाँडा, अश्राङ ठाँटी, मोहोरिया, भट्टगाउँ, भन्तनागाउँ, रिप, नयाँगाउँ, अल्के, गैरीचौतारा, पारीडाँडा, बेलबोटे, बर्लाबोटे, आहालभञ्ज्याङ, बाटामुनी भञ्ज्याङ |
| ७ | नारायणपुर, बोर्लाङ ठाँटी, चापानी, गैरागाउँ, खोरियापानी, विर्दी, सिमलटार, सातबिसे, ज्यादुलखोला सिमलटार, डाँडाबारी, सुन्दरपुर, नागडाँडा, ठूलोचौर, क्यामुनटार, नागडाँडा |
| ८ | अमला भञ्ज्याङ, डाँडागाउँ, भजारथोक, चण्डीथोक, पौवाले छाप, ऐरिभञ्जाङ, महादेव टार, भगरे घाटबेशी, पिपलटार, बिरुवा |

### (३) वन जंगल क्षेत्र

आधार नक्सालाई विश्लेषण गर्दा गाउँपालिकाको कूल भू-भागको भण्डै ३६.०१ प्रतिशत भू-भाग वनजंगलले ढाकिएको छ । गाउँपालिकाका सबै वडाहरूमा सामुदायिक वन रहेका छन् भने वडा नं. ३ र ४ को सिमानामा सिद्धकाली धार्मिक वन, वडा नं. ५ मा लप्सीपाखा र प्रगतिशील फुस्रे पहरो कबुलियती वन तथा वडा नं. ७

मा नारायणपुर कबुलियती वन गरी तीनवटा कबुलीयती वनहरू पनि रहेका छन्  । यी क्षेत्रहरूलाई जंगल क्षेत्र नै कायम राखी हाल रहेको प्राकृतिक अवस्थाको जंगललाई दिगो वन व्यवस्थापनमार्फत स्याहार संभार गरी पूर्णरूपमा उत्पादन र प्रतिफलमुखी बनाई गाउँपालिकाको दिगो विकास र समृद्धिमा सदुपयोग गर्न सकिन्छ ।

## (४) व्यावसायिक क्षेत्र

भिमसेनथापा गाउँपालिकामा उद्योग धन्दा र व्यापारिक तथा व्यावसायिक क्रियाकलापहरू भइरहेका र वृद्धि हुन सक्ने क्षेत्रमा घ्याम्पेसाल, लामाचौर, भिँगटे, अश्राङ ठाँटी र बोर्लाङ ठाँटी पर्दछन् । त्यसबाहेक वडा केन्द्रलगायत आसपासका ठाउँहरू पनि व्यापारिक केन्द्रको रूपमा क्रमशः बिस्तार हुँदै गइरहेका छन् । गाउँपालिकामा रहेका व्यापारिक केन्द्रहरूको विवरण निम्नानुसार रहेको छ :

| वडा नं. | व्यापारिक केन्द्रहरू |
|---|---|
| १ | घ्याम्पेसाल, पिपलडाँडा |
| २ | कयपानी, ताराखसे, पौवा, काउले, बगुवाखेत, ओख्ले, रातमाटे |
| ३ | सिमलाफेद, नाङ्गेटोल, मैदान पसल र अमिली चौर |
| ४ | आमभञ्ज्याङ, इट्लापोखरी, बालुवाटार, बालिमटार, माकुरे चौतारा, गैराथोक, घडेरीगाउँ,सिउँडीबार |
| ५ | खान्चोक, लामाचौर, माछापोखरी, डान्डाँडा, कसिनथोक, पुतलीबजार, चण्डी र बगैंचा |
| ६ | भिँगटे बजार, हेल्थपोष्ट बजार र अश्राङ ठाँटी |
| ७ | बोर्लाङ ठाँटी, सिमलटार, क्यामुनटार, पिपलटार र नारायणपुर |
| ८ | बोर्लाङ र महादेवटार |

## (५) जल तथा नदी क्षेत्र

गाउँपालिकाको प्रमुख जलाधार क्षेत्रको रुपमा गाउँपालिकाको पूर्व तर्फ भएर बग्ने बुढीगण्डकी नदी नै हो जुन भविष्यमा बुढीगण्डकी जलविद्युत आयोजना सम्पन्न हुँदा एक विशाल कृतिम तालमा परिणत हुनेछ भने पश्चिमतर्फको वडा नं १ निबेलको सानो भू-भाग हुँदै दरौंदी नदीसमेत बगेको छ । यी देखि बाहेक मसेल खोला, मोती खोला काशी खोला, स्तुलखोला, बुर्लुङ खोला, तान्द्राङ खोला, ठूलो खोला, ताप्ले खोला, ज्यादुल खोला, रम्बु खोला, भगरे खोला आदि रहेका छन् । बुढीगण्डकी र दरौंदी नदीबाहेक अन्य खोलाहरूको मुहान मुल नै रहेको छ । यसकारण यस गाउँपालिकामा प्रशस्त पानीका मुलहरू रहेका छन् । यद्यपि २०७२ सालको महाभूकम्पले पुराना पानीका मुलहरू सुक्ने र नयाँ ठाउँमा फुट्ने पनि अवस्था रह्यो । प्राय बस्तीहरू उचाइमा रहेका तथा पानीको श्रोत गहिराइमा रहेका कारण खानेपानी तथा सिँचाइको समुचित प्रबन्ध हुन सकिरहेको छैन ।

| क्र.सं. | नदी, खोला, ताल, पोखरी, सिमसार क्षेत्र, झरनाको नाम | ठेगाना |
|---|---|---|
| १ | बुढीगण्डकी नदी | वडा नं. ३, ४, ७ र ८ |
| २ | दरौंदी नदी | वडा नं. १ |
| ३ | ताल खोला | वडा नं. १ |
| ४ | मसेल खोला | वडा नं. १ |
| ५ | दश मुरे झरना | वडा नं. १ |
| ६ | टिमुरे छहरा | वडा नं. १ |
| ७ | मोती खोला | वडा नं. २ |
| ८ | काशी खोला | वडा नं. २ र ४ को सिमाना |
| ९ | बह खोला | वडा नं. २ |
| १० | डान्डरे खोला | वडा नं. २ |

| क्र.सं. | नदी, खोला, ताल, पोखरी, सिमसार क्षेत्र, झरनाको नाम | ठेगाना |
|---|---|---|
| ११ | स्तुल खोला | वडा नं. ३ भिमसेनथापा र आरुघाट गापाको सिमाना |
| १२ | मौदी खोला | वडा नं. ३ |
| १३ | बुर्लुङ खोला | वडा नं. ३ र ४ को सिमाना |
| १४ | तान्द्राङ खोला | वडा नं. ४ र ६ को सिमाना, वडा नं. ८ |
| १५ | भ्याकुरे खोला | वडा नं. ४ |
| १६ | ठूलो खोला | वडा नं. ५ |
| १७ | सिखे मुल | वडा नं. ५ |
| १८ | हर्क मुनी मुल | वडा नं. ५ |
| १९ | बौरेनी मुल | वडा नं. ५ |
| २० | चाइसबोटे मुल | वडा नं. ५ |
| २१ | ताप्ले खोला | वडा नं. ६ |
| २२ | ज्यादुल खोला | वडा नं. ६ र ७ |
| २३ | स्वाँर खोला | वडा नं. ६ |
| २४ | डुँडे खोला | वडा नं. ६ |
| २५ | जाँते खोला | वडा नं. ७ |
| २६ | अँधेरी खोला | वडा नं. ७ |
| २७ | बहुला खोला | वडा नं. ७ |
| २८ | रम्बु खोला | वडा नं. ८ |
| २९ | झगरे खोला | वडा नं. ८ |
| ३० | टोड्के खोला | वडा नं. ८ |
| ३१ | कालीमाटी खोला | वडा नं. ८ |
| ३२ | कुखुरे खोला | वडा नं. ८ |

### (६) पर्यटकीय क्षेत्र

पर्यटकीय दृष्टिकोणले गाउँपालिकामा ऐतिहासिक, साँस्कृतिक तथा कृषि पर्यटनको राम्रो सम्भावना रहेको छ । राष्ट्रिय विभूति तथा नेपालका प्रथम मुख्तियार भीमसेन थापाको थातथलोको रुपमा रहेको यस गाउँपालिकामा उनीसँग सम्बन्धित धरोहरको पुननिर्माण तथा जिर्णोद्धार गरी व्यापक प्रचारप्रसारमार्फत इतिहासमा चासो राख्नेका लागि राम्रो अध्ययन अनुसन्धानको गन्तव्य हुन सक्छ भने राम शाहकालीन गोरखनाथका अवतार मानिने प्रख्यात तान्त्रिक ज्योतिष दुल्लभ लामिछानेसँग सम्बन्धित जन्मस्थान, बसोबास तथा सिद्धि प्राप्तिका स्थलहरू जस्तै इट्ला पोखरी, मुडुले थुम्को, सातपत्रे गुफा आदि स्थलहरूको खोज तथा अन्वेषण गरी ती क्षेत्रहरूमा आधारभूत पर्यटकीय पूर्वाधारको विकास गरी पर्यटकीय क्षेत्र बिस्तार गर्न सकिन्छ । अर्कोतर्फ वडा नं. २ मा अवस्थित तान्द्राङकोट कालिका मन्दिरमा हुने दशैं पूजा काठमाडौंको हनुमान ढोकामा दशैंमा भित्र्याइने फूलपातीसँग समेत सम्बन्धित रहेको मानिन्छ । गोरखा जिल्लाकै प्रसिद्ध धार्मिक स्थलको रुपमा रहेको यो धार्मिक तथा ऐतिहासिक स्थलमार्फत धार्मिक तथा ऐतिहासिक पर्यटन प्रवर्द्धन गर्न सकिन्छ । साथै बुढीगण्डकी जलाशय निर्माणपछि जल पर्यटनको पनि व्यापक सम्भावना रहेको छ । त्यसैगरी गाउँपालिकामा मठ मन्दिर तथा सुन्दर प्राकृतिक जंगलहरू रहेकोले यी क्षेत्रहरूलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिन्छ । गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रहरूको विवरण निम्नानुसार छन्:

| क्र.सं. | धार्मिक तथा पर्यटकीय स्थलको नाम | वडा नं. | ठेगाना | स्वामित्व | विशेषता |
|---|---|---|---|---|---|
| १ | ठूलो पोखरी परिशर (अर्धनागेश्वर र दुर्गा मन्दिर | १ | ठूलो पोखरी, मसेल | सार्वजनिक | तीज र दशैंमा मेला लाग्ने |
| २ | विन्द्रावती मन्दिर | १ | देवीस्थान | सार्वजनिक | वि.सं.२०१५ सालमा स्थापित पुरानो मन्दिर |
| ३ | कन कामना मन्दिर | १ | गैराथोके | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ४ | ज्ञानज्योति बौद्ध विहार | १ | गैराथोके | सार्वजनिक | बौद्ध धर्मालम्बीले बैशाख पूर्णिमामा मेला लाग्ने |
| ५ | अन्नपूर्ण मन्दिर | १ | गैराथोके | सार्वजनिक | न्वागीको समयमा पूजापाठ हुने |
| ६ | जलकन्या मन्दिर | १ | भट्टगाउँ | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ७ | काफल गैरी देवीस्थान | १ | खागीथोक | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ८ | मण्डली स्थान | १ | पिपलडाँडा | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ९ | श्रीकृष्ण मन्दिर | १ | खागीथोक | सार्वजनिक | कृष्णजन्माष्टमीमा विशेष मेला |
| १० | शिव मन्दिर | १ | डाँडागाउँ | सार्वजनिक | साउने सोमबार र शिवरात्रीमा पूजाआजा हुने |
| ११ | नवमण्डली चर्च | १ | सपुङ्गी | सार्वजनिक | क्रिश्चियन धर्मालम्बीको प्रार्थना स्थल |
| १२ | घ्याम्पेसाल चर्च | १ | घ्याम्पेसाल | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| १३ | सिद्धकालिका कोट मन्दिर | २ | तान्द्राङकोट | सार्वजनिक | भिमसेनथापा गापाकै शान, प्रसिद्ध धार्मिक तथा ऐतिहासिक स्थल |
| १४ | शिवालय मन्दिर | २ | ओखले | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| १५ | राधाकृष्ण मन्दिर | २ | ठूलो पँधेरा | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| १६ | विश्वनाथ शिव मन्दिर | २ | काशी खोला | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| १७ | शिव मन्दिर | २ | अर्चले | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| १८ | गणेश मन्दिर | २ | दार्मे | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| १९ | गणेश मन्दिर | २ | पौवा | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| २० | भट्टकूल मन्दिर | २ | ओख्ले | सार्वजनिक | मंसिरमा कूलपूजा हुने |
| २१ | वृद्धाश्रम शिव मन्दिर | ३ | अमिलीचौर | सार्वजनिक | माघे संक्रान्ति मेला |
| २२ | मुडुलो थुम्को | ३ | डाँडागाउँ | सार्वजनिक | दुल्लभको घडेरी, पुरातत्व विभाग मार्फत डिपिआर भइसकेको |
| २३ | दुग्धेश्वर शिवालय | ३ | मुलपानीफाँट | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| २४ | थानीमाई मन्दिर | ३ | मुलपानीफाँट | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| २५ | कृष्ण मन्दिर | ३ | डाँडाबेशी | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| २६ | श्री गणेश मन्दिर | ३ | दाहालगाउँ | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| २७ | महादेवस्थान मन्दिर | ४ | महादेवस्थान | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| २८ | कटारे ढुङ्गा | ४ | बुर्लुङ खोला | सार्वजनिक | दुल्लभ ऋषिले हतियारले खोपेको विस्वास गरिएको |
| २९ | काशी घाट | ४ | काशी खोला | सार्वजनिक | दाहसंस्कार तथा दुल्लभसँग जोडिएको |
| ३० | सेरा पालिङ गुम्बा | ४ | ग्रीन चौर | सार्वजनिक | बौद्धमार्गीको प्रार्थनास्थल |
| ३१ | फूलपाती डाँडा ढुङ्गा | ४ | चिनीखोप | सार्वजनिक | सामान्य पूजापाठ हुने |

| क्र.सं. | धार्मिक तथा पर्यटकीय स्थलको नाम | वडा नं. | ठेगाना | स्वामित्व | विशेषता |
|---|---|---|---|---|---|
| ३२ | शिवालय मन्दिर | ४ | वालिमटार | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ३३ | चर्च | ४ | बालुवाटार | सार्वजनिक | क्रिश्चियन समुदायको प्रार्थनास्थल |
| ३४ | राधाकृष्ण मन्दिर | ४ | जामुने चौर | सार्वजनिक | कृष्णजन्माष्टमीमा मेला |
| ३५ | शिवमन्दिर | ५ | लामाचौर वगुवा | सार्वजनिक | तीजमा मेला लाग्ने |
| ३६ | देवीस्थान | ५ | देवीस्थान | सार्वजनिक | मंसिरमा मेला लाग्ने |
| ३७ | थाम डाँडा | ५ | थामडाँडा | सार्वजनिक | दृश्यावलोकन |
| ३८ | मिलन वस्ती | ५ | मिलनवस्ती | सार्वजनिक | एकिकृत नमूनावस्ती |
| ३९ | चुल डाँडा | ५ | | सार्वजनिक | दृश्यावलोकन |
| ४० | बराम संग्रहालय | ५ | बराम गाउँ | सार्वजनिक | साँस्कृतिक पर्यटन |
| ४१ | कृष्ण मन्दिर | ५ | चुलडाँडा | सार्वजनिक | साँस्कृतिक पर्यटन |
| ४२ | वगुवा मेथेल्प चर्च | ५ | धानकाटे | सार्वजनिक | साँस्कृतिक पर्यटन |
| ४३ | शिवालय मन्दिर | ६ | थरिचौतारो | सार्वजनिक | पिपलको बोटमा शंख बज्ने गरेको धार्मिकस्थल |
| ४४ | सल्लाघारी पर्यटकीय क्षेत्र | ६ | हर्राविसौना | सार्वजनिक | अध्ययन/दृश्यावलोकन |
| ४५ | चण्डी मन्दिर | ६ | ठाँटी | सार्वजनिक | चण्डि पूर्णिमामा मेला लाग्ने |
| ४६ | जामे मस्जिद | ६ | झिगटे माझ गाउँ | सार्वजनिक | मुस्लिम धर्मालम्बीको प्रार्थनास्थल |
| ४७ | ओखेपाटा मस्जिद | ६ | ओखेपाटा | सार्वजनिक | मुस्लिम धर्मालम्बीको प्रार्थनास्थल |
| ४८ | डुम्रेस्वारा मस्जिद | ६ | डुम्रेश्वरा | सार्वजनिक | मुस्लिम धर्मालम्बीको प्रार्थनास्थल |
| ४९ | कोखेली गाउँ मस्जिद | ६ | कोखेली | सार्वजनिक | मुस्लिम धर्मालम्बीको प्रार्थनास्थल |
| ५० | गुफा भञ्ज्याङ शिवमन्दिर | ६ | | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ५१ | आँपसाल कृष्ण मन्दिर | ६ | | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ५२ | भन्तजा राम मन्दिर | ६ | | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ५३ | शिवमन्दिर गुफा भञ्ज्याङ | ६ | | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ५४ | भिमसेनथापाको बगैचा क्षेत्र | ७ | वयामुनटार | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ५५ | कमल पोखरी | ७ | कमलपोखरी | सार्वजनिक | परापूर्वकालदेखिको पोखरी |
| ५६ | नारायणस्थान | ७ | नारायणपुर | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ५७ | शिवमन्दिर | ७ | क्यामुनटार | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ५८ | कृष्णमन्दिर | ७ | सिमलटार | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ५९ | शिवमन्दिर | ७ | सातविसे | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ६० | पाटनदेवी मन्दिर | ७ | क्यामुनटार | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ६१ | वनदेवी मन्दिर | ७ | सिमलटार | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ६२ | शिवमन्दिर | ७ | नारायणपुर | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ६३ | कोटकाली मन्दिर | ८ | डाँडागाउँ | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ६४ | जागेश्वर महादेव | ८ | महादेवटार | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ६५ | कृष्णमन्दिर | ८ | अमलाभञ्ज्याङ | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ६६ | भवानी मन्दिर | ८ | ऐरिभञ्ज्याङ | सार्वजनिक | सामान्य पूजापाठ हुने |

| क्र.सं. | धार्मिक तथा पर्यटकीय स्थलको नाम | वडा नं. | ठेगाना | स्वामित्व | विशेषता |
|---|---|---|---|---|---|
| ६७ | वनदेवी मन्दिर | ८ | मुसुरे भञ्ज्याङ | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ६८ | भूमेस्थान | ८ | घाटबेसी | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| ६९ | कमलादेवी मन्दिर | ८ | महादेवटार | सार्वजनिक | सामान्य पूजापाठ हुने |
| | | | | | |

### (७) ल्याण्डफिल्ड क्षेत्र

हाल भिमसेनथापा गाउँपालिकामा शहरीकरण नभइसकेका कारण फोहोर व्यवस्थापन त्यत्ति चुनौतीपूर्ण अवस्थामा पुगेको छैन । तथापि फोहरमैलाको दीर्घकालीन समाधानतर्फ लाग्नु श्रेयस्कर देखिन्छ । गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०७७/०७८ मा फोहोरलाई कुहिने र नकुहिने वर्गीकरण गरी ठाउँठाउँमा डस्टविन राखेर फोहर संकलन सङ्कलनको प्रयास गरिएको छ भने ल्याण्डफिल साइटको पहिचान चाहि गर्न बाँकी नै छ ।

### (८) वर्षातको पानी निकास प्रणाली

भौगोलिक रुपमा भिमसेनथापा गाउँपालिका मध्यपहाडी क्षेत्र अन्तर्गत पर्ने भएकोले भिरालो जमिनको बाहुल्यता रहेका कारण जल निकास विद्यमान खोल्साखोल्सी तथा खोलाहरू मार्फत प्राकृतिक रुपमा नै हुने गरेको छ । मसेल क्षेत्रका केही निकास दरौंदी नदीमा मिसिन्छ भने अधिकांश निकास पूर्व तर्फको बुढीगण्डकी नदीमा हुन्छ । अव्यवस्थित तवरले जल निकास हुँदा पहिरो, भूक्षय र कटानको जोखिम रहन्छ । तसर्थ सडकको दायाँबाँया नाला निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखेर दिगो विकासको अवधारणाअनुरूप अगाडि बढ्नु पर्ने देखिन्छ । यसका लागि सडकको स्तरोन्नति सँगसँगै नाला निर्माण गर्ने र नजिकको खोलाहरूमा निकास गर्ने प्रणाली विकास गर्नु पर्दछ। यसरी नालाको कामको थालनी गर्दा पहिरो र कटानका क्षेत्रहरूलाई प्राथमिकतामा राख्नु पर्दछ। वर्षायामको उर्लदो भेल, खहरे खोला तथा खोल्साले पटकपटक गाउँपालिकाबासीलाई बर्षा याम र ठूलो पानी परेका बेला दुख दिएकै छ । साथै उच्च पहाडी भेगबाट बग्ने नदीहरू पनि वर्षा याममा खतरापूर्ण रहेका छन् । नदीमा तटबन्ध तथा तारजाली निर्माण गरी विपत्ति न्यूनीकरणको प्रयास भएतापनि गाउँबासी ढुक्क हुने अवस्था आइसकेको छैन ।

## २.२.३ माटोको बनावट (Soil Type)

नेपालको भौगर्भिक बनावट हिमालय पर्वत श्रृंखला निर्माण हुँदाताका भएको हो । हिमालय पर्वत श्रृंखलालाई सबैभन्दा कान्छो भौगर्भिक बनावट (New Fold Mountain) मानिन्छ। प्रकृतिमा लगातार घटिरहने प्रक्रियाहरू जस्तै– हुरीवतास, वर्षा, खडेरी, हावापानी परिवर्तन, पहिरो, वायुमण्डलीय चाप (Atmospheric Pressure), हिमपात, भुईंचालो आदिका कारण भूधरातलीय परिवर्तन भइरहेको हुन्छ । यसर्थ गाउँपालिकाको पहाडी खण्डको माटो र चट्टान सामान्यत नेपालको मध्यपहाडी क्षेत्र अन्तर्गत पाइने आग्नेय चट्टान (Igneous Rock) तथा पत्रे चट्टानको मिश्रण र तिनीहरूमा भौतिक र रसायनिक परिवर्तन हुँदै जाँदा बन्ने परिवर्तित चट्टान (Metamorphic Rock) को समिश्रणको रुपमा रहेको छ । बुढीगण्डकी नदी तथा खोलाहरूको प्रत्यक्ष

प्रभाव क्षेत्रमा बलौटे माटोको मात्रा बढी छ भने भित्री भागमा रातो, चिम्टाइलो, चट्टान मिश्रित र दोमट माटो पाइन्छ । गाउँपालिकाको टार, बेसीमा पाइने माटोमा भने प्राङ्गारिक पदार्थको मात्रा पाइने हुनाले उर्वर र खेतीयोग्य माटोमा पर्दछ । यसरी प्राङ्गारिक पदार्थको मात्रा भने निरन्तर खेती भइरहेको क्षेत्रमा केही बढी छ भने बाँझो क्षेत्रमा क्रमशः घटिरहेको पाइन्छ ।

### २.२.४ जमिनको भिरालोपन (Slope)

यो गाउँपालिका मध्यपहाडी क्षेत्र अन्तर्गत पर्ने भएकोले भिरालो जमिनको बाहुल्यता रहेको छ । यहाँको करिब १३.४४ प्रतिशत भूभाग ० डिग्रीदेखि १० डिग्रीसम्मको, करिब १६.०५ प्रतिशत भूभाग १० डिग्रीदेखि १५ डिग्रीसम्मको, २३.४२ प्रतिशत भूभाग १५ डिग्रीदेखि २० डिग्रीसम्मको, ३६.८२ प्रतिशत भूभाग २० डिग्रीदेखि ३० डिग्रीसम्मको, ५.९९ प्रतिशत भूभाग ३० देखि ३५ डिग्रीसम्मको र ४.२७ प्रतिशत भूभाग ३५ डिग्रीदेखि ६३ डिग्रीसम्मको भिरालोपनको स्थितिमा छ । यसको अर्थ यहाँको जमिनमा खेतीपाती गर्न केही सहज रहेको छ । गाउँपालिकाको भिरालोपनको थप विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | भिरालोपन (डिग्रीमा) | जमिनको क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|
| १ | ० देखि १० | १३.६२ | १३.४४ |
| २ | १० देखि १५ | १६.२६ | १६.०५ |
| ३ | १५ देखि २० | २३.७२ | २३.४२ |
| ४ | २० देखि ३० | ३७.३० | ३६.८२ |
| ५ | ३० देखि ३५ | ६.०७ | ५.९९ |
| ६ | ३५ देखि ६३ | ४.३३ | ४.२७ |
| जम्मा | | १०१.३० | १०० |

### २.२.५ जमिनको उचाइ (Height)

गाउँपालिकाको उचाईको अवस्थालाई विश्लेषण गर्दा होचो पहाडीदेखि मध्यपहाडी क्षेत्रसम्म फैलिएकोले यहाँको उचाइमा विविधता पाइन्छ । उचाइका हिसाबले गाउँपालिका समुद्र सतहबाट करिब ३८५ मिटरदेखि १२४२ मिटरसम्म पाइन्छ ।

### २.२.६ जमिनको मोहडा (Aspect)

जमिनको भिरालोपन र मोहडा सामान्यतया एक अर्काका परिपूरक हुन्छन् । अर्थात् भिरालोपन विषम हुँदा मोहडामा पनि विषमता हुन्छ । भिमसेनथापा गाउँपालिकाको मोहडालाई विश्लेषण गर्दा करिव ५३.२९ प्रतिशत भूभाग पूर्वी मोहडा, दक्षिणपूर्वी मोहडा, दक्षिण मोहडा तथा पश्चिम मोहडा भएको क्षेत्र भएकोले जलवायुगत विविधताका साथै पारिलो घाम लाग्ने क्षेत्रको रूपमा रहेको छ । यस्ता प्रकारका मोहडा भएका क्षेत्रहरू आवास, कृषि, उद्योग तथा अन्य पूर्वाधार विकासका कार्यक्रमहरू सञ्चालन गर्न उपयुक्त हुन्छन् । उत्तरी मोहडा भने बढी चिसो सिरेटी चल्ने भएकोले खेतीपाती तथा बसोबासका लागि अनुपयुक्त हुन्छ । मोहडासम्बन्धी थप विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स. | जमिनको मोहडा | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | समथर मोहडा | ०.०१ | ०.०१ |
| २ | उत्तर मोहडा | १४.४९ | १४.३१ |

| क्र.स. | जमिनको मोहडा | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| ४ | उत्तर पूर्वी मोहडा | ९.९२ | ९.७९ |
| ३ | पूर्वी मोहडा | ११.२३ | ११.०८ |
| ९ | दक्षिण पूर्वी मोहडा | १५.६८ | १५.४८ |
| ६ | दक्षिण मोहडा | १९.५४ | १९.२८ |
| ५ | दक्षिण पश्चिम मोहडा | १५.५९ | १५.३९ |
| ७ | पश्चिम मोहडा | ७.५३ | ७.४४ |
| ८ | उत्तर पश्चिम मोहडा | ७.३१ | ७.२१ |
| | जम्मा | १०१.३१ | १००.०० |

## २.३ जनसांख्यिक विश्लेषण

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA) का अनुसार सन् १९९५ देखि नेपालको जनसाङ्ख्यिक प्रवृत्तिमा सारभूत भिन्नताहरू देखापरेका छन् । यस प्रकारको भिन्नता देखापर्नुका पछाडि घट्दो जन्मदर र मृत्युदर, बढ्दो औसत आयु, पहिलो विवाह गर्दाको बढ्दो उमेर र शहर केन्द्रित तथा सुविधाहरू केन्द्रित बसाइसराइहरू मुख्य कारणहरू रहेको विश्लेषण छ । कम विकसित राष्ट्रको तहबाट मध्यम आय भएका मुलुकहरूको स्तरमा पुग्न राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यअनुरूप राखेको परिमाणात्मक लक्ष्य हासिल गर्न जनसाङ्ख्यिक चरहरूमा सकारात्मक सङ्केतहरू देखा पर्नु आवश्यक रहेको परिप्रेक्ष्यमा माथिको जनसाङ्ख्यिक विश्लेषण सकारात्मक दिशातर्फ नै उन्मुख देखिन्छ । केन्द्रिय तथ्याङ्क विभागले सन् २०१४ मा प्रकाशन गरेको Population Monograph of Nepal (Vol. 1)मा समेत सन् १९९१-२००१ को औसत जनसङ्ख्या वृद्धिदर २.२५% प्रतिशतबाट घटेर सन् २००१-२०११ मा १.३५ प्रतिशतमा कायम हुनुका पछाडि जनसाङ्ख्यिक चरहरू जस्तै : ठूलोसङ्ख्यामा युवाहरू विदेशिनु, जनचेतनामा भएको सकारात्मक परिवर्तन, एकात्मक परिवारको सङ्ख्यामा वृद्धि आदिलाई ठानेको छ । अर्कोतर्फ आन्तरिक बसाइ सराइको प्रवृत्तिलाई हेर्दा हिमाल र पहाडबाट तराईतर्फ र ग्रामीण भेगहरूबाट शहरी केन्द्रहरूतर्फ बसाइसराइ गर्ने र एकात्मक परिवारको सङ्ख्या बढ्दै गएको देखिन्छ । यस प्रकारको बसाइसराइको प्रवृत्तिले गर्दा काठमाडौँ उपत्यका, तराई तथा देशका अन्य शहरी केन्द्रहरूमा जनसङ्ख्या वृद्धिको अत्यधिक चाप हुने र हिमाली तथा पहाडी जिल्लाहरू र विकट ग्रामीण क्षेत्रहरूमा जनसङ्ख्या वृद्धिदर ऋणात्मक समेत देखिन थालेको छ । यो प्रवृत्तिले निम्त्याएको अर्को पक्ष हो अनुपस्थित जनसङ्ख्या अर्थात् काम वा रोजगारीको सिलसिलामा ६ महिना वा सो भन्दा बढी समय आफ्नो मूल थलो छोडेर बाहिरिने जनसङ्ख्या सन् २००१ मा कुल ७,६२,१८१ हुँदा सन् २०११ को तथ्याङ्कमा १९,२१, ४९४ देखिन्छ । यो क्रम पछिल्ला वर्षहरूमा थप वृद्धि भएको अनुमान गर्न सकिन्छ ।

## २.४ सेवा प्रवाह र सेवा क्षेत्रको वितरण

गाउँपालिकाबासीलाई चुस्त, पारदर्शी तथा सुविधाजनक सेवा प्रवाह गर्नु भिमसेनथापा गाउँपालिकाको पहिलो दायित्व हो । सही सूचना तथा जानकारी प्राप्त नहुँदा सेवाग्राहीले पटक पटक दुख पाउने अवस्था आउँछ

भने गाउँपालिकाप्रति जनविश्वास पनि घट्न जान्छ । यसकारण यस विषयमा गाउँपालिका चनाखो हुनु पर्ने हुन्छ । हाल राज्यद्वारा प्रवाह हुने सबै प्रकारको सेवाहरू गाउँपालिकाको केन्द्र रहेको वडा नं. ५ खान्चोकबाट भइरहेको छ भने थप सेवाहरू प्रत्येक ८ वटा वडाका वडा कार्यालयहरूबाट भइरहेका छन् । यसका साथै विषयगत शाखाहरूबाट कृषि, स्वास्थ्य, शिक्षा सहकारी, महिला तथा बालबालिका, रोजगारी लगायतका सेवाहरू प्राप्त गर्न सकिन्छ ।

गाउँपालिकामा स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ । सामान्यस्तरको स्वास्थ्य सेवाहरू भने गाउँपालिकामा रहेका विभिन्न स्वास्थ्य चौकीहरूमार्फत प्रदान भइरहेको पाइन्छ । घ्याम्पेसाल बजारमा अवस्थित एक मात्र निजि मनास्लु अस्पतालले सामान्य ल्याव सहितको स्वास्थ्य सेवा प्रदान गरिहेको छ । जटिल रोगको परीक्षण तथा उपचार र आकस्मिक सेवा प्राप्त गर्न गोरखा बजार, पोखरा, नारायणघाट तथा काठमाडौँ जाने गर्दछन् । आधारभूत स्वास्थ्य सेवाको प्रबन्ध गर्न प्रत्येक वडामा सुविधासम्पन्न स्वास्थ्य चौकीहरू स्थापना गर्नुका साथै भइरहेका स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले स्वास्थ्य सेवामा सबै जनताको पहुँच पुऱ्याउने उद्देश्यकासाथ सबै स्वास्थ्य संस्थामा व्यवस्थापन समिति गठन गरी स्वास्थ्य बीमा कार्यक्रम शुरु गर्नुपर्ने हुन्छ । भौगोलिक हिसाबले विकट भिमसेनथापा गाउँपालिकामा एकातिर पर्याप्त मात्रामा सुविधासम्पन्न स्वास्थ्य संस्थाहरूको विकास गर्नु आवश्यक छ भने अर्कोतर्फ सञ्चालनमा रहेका विभिन्न स्वास्थ्य संस्थाहरूको स्तरोन्नति गर्नु आवश्यक छ । कोराना लगायतका महामारी न्यूनीकरणका लागि प्रत्येक स्थानीय तहमा १५ शैयाको अस्पताल निर्माण गर्ने संघीय सरकारको नीति अनुसार यस गाउँपालिकाको वडा नं. ६, अश्राङ सल्लाघारीमा विस्तृत परियोजना प्रतिवेदन (DPR) भई निर्माण प्रक्रिया अगाडि बढिसकेको छ ।

यो गाउँपालिकामा शिक्षा सेवाको स्तर सामान्य रहेको छ । हाल वडा नं. १ घ्याम्पेसालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त व्यवस्थापन र शिक्षा संकायमा स्नातकसम्मको पठनपाठन गर्न सकिने दुल्लभ बहुमुखी क्याम्पस सञ्चालनमा रहेको छ । गाउँपालिकामा १२ वटा सामुदायिक माध्यामिक विद्यालय, १८ वटा आधाभूत विद्यालय, १२ वटा छुट्टै सामुदायिक बालविकास केन्द्र र १ वटा मदसाले शिक्षा प्रदान गरिरहेका छन् । यो गाउँपालिकामा संस्थागत विद्यालय खोलिएका छैनन् । तथापि सामुदायिक विद्यालयको स्तर वृद्धि गर्नुपर्ने ठूलो आवश्यकता रहेको छ भने उच्च अध्ययन र प्राविधिक शिक्षाका लागि थप लगानी गर्नु पर्ने देखिन्छ । कृषि, पर्यटन र पूर्वाधार क्षेत्रको व्यापक विकासको सम्भावना बोकेको यो गाउँपालिकामा बहुप्राविधिक शिक्षालयको पनि आवश्यकता रहेको छ ।

गाउँपालिकामा पर्याप्त पानीका मुल तथा मुहानहरू रहेका छन् । तर प्राय बस्ती उच्चभागमा तथा पानीको श्रोत गहिरो भागमा रहेकाकारण पर्याप्त मात्रामा खानेपानीको सुविधा उपलब्ध हुन सकेको छैन । लिफ्टिङ मार्फत खानेपानीको समस्या समाधान गर्न खोजिए पनि भरपर्दो विद्युत सेवा उपलब्ध नहुँदा गाउँपालिकाबासी परम्परागत कुवा, पँधेरा तथा मुलबाट पानी पिउन बाध्य छन् । यसकारण उपलब्ध पानीको शुद्धतामा पनि प्रश्न उठ्ने गरेको छ । खानेपानी वितरणलाई पूर्णता दिन ठूलो लगानी गर्नुपर्ने अवस्था रहेको छ ।

गाउँपालिकाको शान्ति सुरक्षाको अवस्था हेर्दा कमजोर रहेको छ । गाउँपालिकामा २ प्रहरी चौकी, १ वटा अस्थायी प्रहरी चौकी तथा एउटा ट्राफिक गस्ति रहेको छ । प्रत्येक वडामा शान्ति सुरक्षा र अमनचैन कायम गर्न प्रहरी चौकी सहित सुरक्षा निकायहरूलाई विस्तार गर्नुपर्ने देखिन्छ ।

आधुनिक अर्थव्यवस्थामा आर्थिक कारोबार बैंकबाट हुँदा त्यो व्यवस्थित र सहज हुन जान्छ । यसर्थ आधुनिक आर्थिक प्रणालीमा ग्रामीण जनताहरूको समेत बैङ्किङ सेवामा पहुँच पुऱ्याउन अपरिहार्य जस्तै भइसकेको छ । यस गाउँपालिकामा पनि विभिन्न सहकारी, बैङ्क तथा वित्तीय संस्थाहरूले सेवा दिइरहेका छन् । गाउँपालिकामा मेघा बैङ्क, सांग्रिला विकास बैङ्क, एन.आई.सी एसिया लघुवित्त, स्पर्श लघुवित्त, साधना लघुवित्त, जालपा लघुवित्त, सारथी लघुवित्त, सबैको लघुवित्त, कालिका लघुवित्त र करिब ३००० भन्दा बढी सदस्य रहेको तथा ३० वर्ष पुरानो भीमकुल सहकारी संस्था लगायत थुप्रै बचत तथा ऋण सहकारी संस्थाहरू र वचत समुहहरू रहेका छन् ।

गाउँपालिकामा ठूला उद्योगहरू सञ्चालनमा आउन नसके पनि उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु तथा कृषिजन्य उद्योगहरू रहेका छन् जसले गाउँपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याएको छ । गाउँपालिकामा कुटानी पिसानी मिलहरू, तोरी पेल्ने कोलहरू, फर्निचर सामाग्री बनाउने साना कारखानाहरू, सामान्य खाजा खाना घरहरू रहेका छन् ।

गाउँपालिकाको खानीसम्बन्धी सम्भाव्यता हेर्दा छाउने तथा गारो लगाउने ढुङ्गा, बालुवा तथा रातो, कालो, कमेरो तथा गेरु माटो खानी, ग्राभेल खानी आदि रहेका छन् । तर यस्ता खानीहरूको पर्याप्त अध्ययन तथा सही तरिकाले उत्खनन् प्रयास नभई परम्परागत हिसाबले नै उपयोग गर्ने गरिएको छ । त्यसैले वातावरणीय र पर्यावरणीय अध्ययन गरेर उक्त क्षेत्रमा उत्खननसम्बन्धी काम हुन सक्ने सम्भावना देखिन्छ। गाउँपालिकामा उपलब्ध हुने अन्य कच्चा पदार्थमा रोडा, ढुंगा, बालुवा आदि बुढीगण्की नदी तथा दरौंदी नदी किनारमा प्रशस्त मात्रामा पाइन्छ ।

गाउँपालिकामा मनोरञ्जनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद मैदानहरू नभएपनि भलिबल तथा फुटबल मैदानहरू, खुल्ला जमिन, चौर, पार्कहरूमा यहाँका मानिसहरूले मनोरञ्जन लिने गरेको पाइन्छ । वडा नं. ३ को कुलीगैरा खेलमैदान गाउँपालिका स्तरीय खेलमैदानको रुपमा रहेको छ भने गाउँपालिकाका ठूलो चौर, सपुंगी, माझथोक, जामुनेचौर, वडडाँडा,आमभञ्ज्याङ, कोलडाँडा, देवीथान , भदौबारी, आहालभञ्ज्याङ, माडलीडाँडा, समिफेद, बिसौना चौचारा, कमलपोखरी, नारायणपुर, तल्लोगाउँ, अमलाभञ्ज्याङ, पहेलडाँडा जस्ता ठाउँहरूमा खेलमैदान रहेका छन् । तर ती खुला जमिन, चौर तथा खेलमैदान व्यवस्थित मैदानको रूपमा विकसित भइसकेका छैनन् । कुलडाँडा, मुडुलेथुम्को तथा भतेरेचौरमा पिकनिक स्थल निर्माणधीन रहेका छन् भने ऐतिहासिक सत्यरुपा स्मृति पार्क निर्माणका लागि डिपिआर भइसकेको छ ।

गाउँपालिकाको सबै वडाहरूमा विभिन्न समुदायको आफ्नै शवदालस्थल, चिहानस्थल तथा कब्रस्थानहरू रहेका छन् । गाउँपालिकामा निबेल धर्मावतीघाट, बुंकोटघाट, काशीघाट, बोर्लाङघाट, तल्लोखण्ड मसानघाट, लामबगरघाट, गन्नीघाट, पेरुङ्गेघाट, अँधेरीखोलाघाट, शिखरघाट, डुम्रीघाट, राङ्दीघाट, मऱ्याङघाट, कसिनीघाट लगायतका हिन्दू शवदाहस्थलहरू रहेका छन् भने झिँगटेमा मुश्लिम कब्रस्थान रहेको छ । क्रिश्चियनहरूले भने सपुंगे पाखामा शव व्यवस्थापन गर्ने गरेका छन् । परम्परागतरूपमा सञ्चालनमा रहेका शवदाहस्थल, चिहानहरूलाई भविष्यमा सहज र व्यवस्थित बनाउनका लागि आश्रयस्थल, खानेपानी तथा काठ दाउराको व्यवस्थापन आदिमा भने ध्यान दिनुपर्ने देखिन्छ ।

गाउँपालिकामा रहेको सिंचित जमिनको सही र पूर्ण सदुपयोग हुन सकिरहेको छैन भने अधिकांश खेतीयोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन निक्कै चुनौतीपूर्ण रहेको छ । खाद्यान्न, तरकारी र अन्य कृषिजन्य उपजहरू आयात गर्नुपर्ने हुन्छ जसले गर्दा परनिर्भरता बढ्न जान्छ । तसर्थ गाउँपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सबल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रर्वद्धन गर्न सकिन्छ ।

गाउँपालिकामा खाना पकाउनको लागि अधिकांस परिवारले काठदाउराको प्रयोग गर्छन् । यसरी धेरै काठ दाउराको प्रयोगले एकातर्फ वनजंगल र पर्यावरणमा क्षति पुग्ने र अर्कोतर्फ धुवाँ र दाउरा संकलन गर्दा लाग्ने समयले क्रमशः स्वास्थ्यमा असर पुऱ्याउनुका साथै समय समेत बढी खर्च हुने देखिन्छ । तसर्थ ग्रामीण भेगहरूमा वैकल्पिक उर्जाको उत्तम उपायको रूपमा गोबर ग्याँसको प्रयोगलाई प्रोत्साहन गर्न सकिन्छ । यस्तै गाउँपालिकामा दैनिक बत्ती बाल्न प्रयोग गर्ने इन्धनको स्रोतको रुपमा ग्रामिण विद्युतीकरणको विकास भएको देखिए तापनि सामान्य हावाहुरी तथा पानी पर्ने सम्भावना हुनासाथ विद्युत सेवा अवरुद्ध हुने गरेको छ ।

सामान्यतया बस्तीहरू बाक्लो भएका क्षेत्रहरूमा नेपाल टेलिकम तथा एनसेलजस्ता दुरसञ्चार सेवा प्रदायक कम्पनीहरूले सेवा प्रदान गरेका छन् । मोबाइल फोनको प्रयोगमार्फत सूचना र खबर आदानप्रदानमा एक प्रकारको क्रान्ति नै भए तापनि यो गाउँपालिका विशेष गरी हुरी बतास र बर्षात्को समयमा Network Coverage को हिसाबले कमजोर रहेको छ । इन्टरनेट प्रविधिको विस्तार र गुणस्तर सुधारमा थप लगानी गर्नुपर्ने देखिन्छ । गाउँपालिकामा रेडियो नेपालको प्रसारण र विभिन्न स्थानीय एफएमहरू रेडियो विहानी, रेडियो गोरखा, रेडियो मनासलु , रेडियो धादिङ आदिको प्रसारण भएको सुनिन्छ । यहाँ राष्ट्रिय दैनिक जस्तै– अन्नपूर्ण पोष्ट, कान्तिपुर, गोरखापत्र, राजधानी, नयाँपत्रिका दैनिक आदिको सहज आपूर्ति गाउँपालिका कार्यालयमा भए पनि वडावडामा पत्रिकाको पहुँच भने पुगेको छैन । गोरखा बजारबाट प्रकाशन हुने **दरौंदी** दैनिक यहाँको एक मात्र स्थानीय पत्रिकाको रूपमा रहेको छ ।

गाउँपालिकामा सडक विस्तार सन्तोषजनक रुपमा भएको भए पनि अधिकांस सडक कच्ची अवस्थामा रहेका छन् । हिउँदमा धुलो तथा बर्षातमा हिलो तथा खाल्टाखुल्टी बढ्नाले यातायात सेवा अवरुद्ध हुन्छ । यद्यपि गोरखा बजार- आरुघाट सडकको झिँगटे-घ्याम्पेसाल खण्डमा करिब ५ कि.मि. कालोपत्रे गरिएको छ । साथै मध्यपहाडी लोकमार्गको अमिली चौर-घ्याम्पेसाल- निबेल खण्डको स्तरोन्नति पनि धमाधम भइरहेको छ । बुढीगण्डकी जलविद्युत आयोजनाका कारण ओझेलमा परेको बेनीघाट-आरुघाट सडकको क्यामुनटार-अमिलिचौर सडकखण्ड गाउँपालिकाको महत्वपूर्ण सडक हुँदाहुँदै पनि कच्ची धुले अवस्थामा नै रहेको छ । गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको भिमसेनथापा चक्रपथको निर्माण कार्य भइरहेको छ भने सडकहरूको विस्तार तथा स्तरोन्नति तीव्र रूपमा भइरहेको छ । विशेषगरी गाउँपालिकाले एक वडा एक पक्की सडक निर्माण गर्ने नीति लिएकोले निकट भविष्यमा गाउँपालिका सडक पूर्वाधारयुक्त हुनेछ ।

# परिच्छेद ३ : समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुरुवात भए पश्चात देशको शासन तीन तहका सरकारहरूले आपसी समन्वयबाट गर्ने सवैंधानिक व्यवस्था छ । सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरूका आ-आफ्ना अधिकार क्षेत्रहरू तोकिएका छन् । कतिपय अधिकार साझा छन् भने कतिपय एकल प्रकृतिका छन् । सविंधानको अनुसूचि-८ अन्तर्गत स्थानीय सरकारका विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने एकल अधिकार स्थानीय सरकारलाई प्राप्त भएकोले सोही बमोजिम स्थानीय तहमा यो गाँउपालिकाले पहिलो आवधिक विकास योजना तयार पारेको हो ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ बुढीगण्डकी नदीले निर्माण गरेका टार तथा मध्यपहाडी धरातलका कारण बनेका बेशी तथा फाँटहरूमा रहेका उर्वर जमिन सहित गाउँपालिकाको ५१.०४ प्रतिशत जमिन खेतीपातीका लागि योग्य रहेको । |
| ▪ ऐतिहासिक, धार्मिक र कृषि पर्यटनको प्रचुर संभावना रहेको । विशेष गरी राष्ट्रिय विभूति भीमसेन थापा तथा राम शाह कालीन दुल्लभ लामिछाने सम्बन्धी खोज अनुसन्धान तथा ऐतिहासिक धरोहरको अवलोकन गर्न सकिन्छ भने नमूना कृषि खेती मार्फत पर्यटक आकर्षण गर्न सकिन्छ । साथै बुढीगण्डकी जलविद्युत आयोजना सम्पन्न भए पश्चात बन्ने विशाल कृतिम ताल अवलोकन तथा जल पर्यटन प्रवर्द्धन गर्न सकिन्छ । सामुदायिक वनहरूमा मचान बनाई प्राकृतिक दृश्य, वन्यजन्तु तथा चराचुरुङ्गीको अवलोकन समेत गर्न सकिने सम्भावना रहेको । |
| ▪ जैविक विविधतामा धनी साथै मध्यपहाडी भू-भाग अर्न्तगत समशीतोष्ण हावापानीमा हुने बालीनाली, पशुपंक्षी र जडीबुटी उत्पादनको नमूना क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको । |
| ▪ मध्यपहाडी लोकमार्गको आरुघाट-मसेल-निबेल खण्ड, बेनीघाट-आरुघाट सडकको क्यामुनटार-अमिलिचौर खण्ड तथा गोरखा बजार- आरुघाट सडकको झिँगटे-घ्याम्पेसाल-टारीखेत खण्ड जस्ता रणनीतिक सडक सञ्जालबाट गाउँपालिका जोडिएको । |
| ▪ युवा जनशक्तिको जनसांख्यिक लाभाशंको उच्चतम सदुपयोग गरी सम्वृद्धिको यात्रा तय गर्न सकिने । |
| ▪ स्थानीय आवश्यकता र विशिष्टताको आधारमा आफ्ना योजना आफै निर्माण र कार्यान्वयन गर्ने गराउने अधिकार स्थानीय सरकारलाई प्राप्त भएको । |
| ▪ वगुवा खेत, चारधारे र विर्खेपानी पम्पिङ जस्ता खानेपानी योजनाहरूको निर्माण कार्य द्रुत गतिमा अगाडि बढिरहेको। |
| ▪ बुढीगण्डकी नदी, दरौँदी नदी, स्तुल खोला लगायतका खोल्सा तथा खोलाहरूबाट खानेपानी तथा सिँचाइको उपलब्धता हुन सक्ने अवस्था रहेको । |
| ▪ स्थानीय सरकारको नेतृत्व अनुभवी तथा परिपक्व हुँदै गएको तथा विकास निर्माणप्रति जनचासो बढ्दै गएको । |
| ▪ गाउँपालिकामा धेरै महत्वपूर्ण योजनाहरूको पूर्वाधार निर्माण भइसकेको र यिनै पूर्वाधारमा टेकेर आगामी वर्षमा द्रुतगतिमा विकासको बाटोमा अघि बढ्ने अवसर रहेको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ मध्यपहाडी विषम भूधरातल भएपनि कुल क्षेत्रफलको ५१.०४ प्रतिशत जमिन खेतीयोग्य रहेको तर वैज्ञानिक भू-उपयोग नीति कार्यान्वयन नहुँदा भूमिको पूर्ण सदुपयोग गर्न नसकिएको । |
| ▪ जलाधार क्षेत्र खेतीयोग्य जमिनभन्दा धेरै गहिराइमा रहेका कारण सम्पूर्ण खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउन नसकिएको । |
| ▪ युवा पलायन तथा राज्यको कृषि सम्बन्धी स्पष्ट नीति तथा कार्यक्रम नआउँदा खेतीयोग्य जमिन बाँझो बस्ने र उत्पादनशिल क्षेत्र खेर गैरहेको । |
| ▪ पर्यटनको राम्रो सम्भावना भए तापनि पर्यटनका आधारभूत पूर्वाधारको विकास हुन नसकेको । विशेषगरी भीमसेन थापा र दुल्लभका ऐतिहासिक तथा साँस्कृतिक धरोहरहरूको खोज, अनुसन्धान तथा जिर्णोद्धार हुन नसकेको । |
| ▪ कृषि तथा स्थानीय उत्पादनमा आधारित उद्योगहरूको विकास हुन नसकेको । |
| ▪ राष्ट्रिय राजमार्ग प्रणालीसम्मको पहुँच सुद्रढ र सहज नभइसकेको । |
| ▪ डँढेलो, भू-क्षय, बाढीपहिरो, कटान तथा भूकम्प को समस्या रहेको । |
| ▪ परम्परागत चिन्तन शैलीमा व्यापक परिवर्तन नभइसकेकोले लैङ्गिकता, सामाजिक विभेद लगायतका सामाजिक सन्तुलनका विषयहरूमा प्रसस्त जागरण गर्नु पर्ने अवस्था रहेको । |
| ▪ विकास र सम्वृद्धि तर्फको यात्रा सफल तुल्याउन व्यापक जनचेतना फैलाउनु पर्ने अवस्था रहेको । |
| ▪ युवा जनशक्तिलाई गाउँपालिकामै अवसर सिर्जना गरी पूर्ण सदुपयोग गर्ने चुनौती रहेको । |
| ▪ स्थानीय सरकारले नीति तथा कार्यक्रमको प्रभावकारी छनौट, चुस्त कार्यान्वयन,अनुगमन तथा मुल्याङ्कनमा अनुभव अभाव, संघीय सरकारको अस्पष्ट दृष्टिकोण तथा विविध कानूनी झमेला रहनु । |

## ३.१ गाँउपालिका समृद्धिका मुख्य संवाहकहरू (Lead Sectors)

### क) कृषि, जडीबुटी र जैविक विविधता

समुन्द्र सतहवाट ३८५ मी. देखि १२४२ मीटर सम्मको उचाइ रहेको यो गाउँपालिका भौगोलिक विविधताले श्रृजना गरेको जैविक विविधतामा सम्पन्न छ। बेसी क्षेत्रमा पाइने उष्ण हावापानी देखि मध्य पहाडी भू-भागमा समशीतोष्ण हावापानी पाइन्छ। यस कारण यहाँ जलवायु अनुकुल विविध बालीनाली, पशुपंक्षी तथा जडीबुटी उत्पादनको प्रचुर संम्भावना रहेको छ। गाउँपालिकाले यस क्षेत्रमा पाइने बालीनाली, पशुपंक्षी र जडीबुटीहरूको दिगो र व्यावसायिक उत्पादन गरी ब्रान्डिङ र निर्यात गर्न सके आर्थिक सम्वृद्धिको ढोका खुल्न सक्छ।

### (ख) वनजंगल र जलश्रोत

कुल जमिनको ३६.०१ प्रतिशत जमिन वनजंगलले ढाकेको छ भने ८.९८ प्रतिशत जमिन झाडी तथा बुट्यानले ओगटेको छ । झाडी बुट्यान क्षेत्रलाई पुर्नउत्थान गरी प्रतिफलमुखी जडीबुटी र फलफुल लगाउन सके वनजंगल र हरितक्षेत्रको भु भाग ५० प्रतिशतको हाराहारीमा पुग्दछ । अर्को तर्फ नेपालमा वनको उचित व्यवस्थापन र स्याहार गरी प्रत्यक्ष आर्थिक र पर्यावरणीय लाभ लिने परिपाटी रहेको छैन । प्राकृतिक अवस्थामा नै रहेको वनको स्याहार सम्हार गर्नुको साटो वर्षेनी अतिक्रमण, डढेलो, चरिचरण र लुकिछिपी फडाँनीको चपेटामा परेको यर्थाथ छ । कृषिकर्ममा जस्तै वनजंगलको स्याहार, संरक्षण र वैज्ञानिक सदुपयोग गर्नसके यसवाट प्रत्यक्ष आर्थिक तथा पर्यावरणिय लाभ लिन सकिन्छ । विशेष गरी यो गाउँपालिकाको वनजंगललाई Agro Forest को अवधारणा अनुरुप विकास गर्न सके यो सम्वृद्धिको दोश्रो बलियो स्तम्भ हुन सक्छ । अर्को तर्फ बुढि गण्डकी नदीमा रहेको अविरल जलश्रोतको समेत उचित र पुर्ण सदुपयोग गर्न सकिएको छैन । लिफ्ट सिंचाइ लगायत उर्जा र जलपर्यटन साथै, जलश्रोत व्यवस्थापन मार्फत दीर्घकालीन सम्वृद्धिमा यो जलसम्पदा समेत कोशेढुङ्गा सावित हुनसक्ने देखिन्छ ।

### (ग) पर्यटन

राष्ट्रिय विभूति तथा नेपालका प्रथम मुख्तियार भीमसेन थापाको जन्म तथा आश्रय स्थलको रुपमा रहेको यस गाउँपालिकामा उनीसँग सम्बन्धित धरोहरको पुननिर्माण तथा जिर्णोद्धार गरी प्रचारप्रसारमार्फत इतिहासमा चासो राख्नेका लागि राम्रो अध्ययन अनुसन्धानको गन्तव्य हुन सक्छ भने राम शाहकालीन गोरखनाथका अवतार मानिने प्रख्यात तान्त्रिक ज्योतिष दुल्लभ लामिछाने सम्बन्धी जन्म, बसोबास तथा सिद्धि प्राप्तिका स्थलहरू जस्तै इट्ला पोखरी, मुडुले थुम्को, सातपत्रे गुफा आदि स्थलहरूको खोज तथा अन्वेषण गरी पर्यटकीय पूर्वाधारको विकास गर्न सकिन्छ । साथै बुढीगण्डकी जलाशय निर्माणपछि जल पर्यटनको पनि व्यापक सम्भावना रहेको छ । त्यसैगरी गाउँपालिकामा मठ मन्दिर तथा सुन्दर प्राकृतिक जंगलहरू रहेकोले यी क्षेत्रहरूलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिन्छ ।

### (घ) स्थानिय उपजमा आधारित उद्योगहरू

विशेषगरी कृषि, पशुपालन र जडीबुटीमा आधारित उद्योगहरू स्थापना गर्न सकिने संम्भावना रहेकोले उत्पादित वस्तुहरूको गुणस्तर कायम गरी प्याकेजिङ, लेवलिङ र ब्रान्डिङ गर्न सके आर्थिक सम्वृद्धिको अर्को स्तम्भ उद्योग पनि हो ।

## ३.२ विकासका मुख्य सहयोगी क्षेत्रहरू

### १) प्राकृतिक सम्पदाहरू

गाउँपालिकाको भु वनोट, जैविक विविधता, हावापानी, बुढिगण्डकी नदीको जलसम्पदा, वन्यजन्तु, जडीबुटी लगायतका समग्र प्राकृतिक सम्पदाको प्रचुरताले विकासमा प्रसस्त सहयोगी भुमिका खेल्न सक्ने देखिन्छ ।

### २) सांस्कृतिक सम्पदा

मध्यपहाडी क्षेत्रको सांस्कृतिक सम्पदा जातजाति, भेषभुषा, खानपान, रहनसहन र विषेशगरी बराम, मगर गुरुङ, र दलित तथा बाहुनक्षेत्रीहरूको मध्यपहाडी सभ्यता वास्तवमा नेपालको पश्चिमी क्षेत्रको सभ्यता र संस्कृतिको एउटा खुल्ला संग्रहालयको रुपमा लिन सकिन्छ । त्यसमा पनि विशेषगरी नेपालीहरूको अर्को पहिचान गोर्खाली समेत भएकोले गोर्खाली सभ्यता र संस्कृतिको संरक्षण र सर्बद्धन गर्नसके भिमसेनथापा गाउँपालिकाको समग्र विकासमा यो एक सहयोगी क्षेत्र हुन सक्छ ।

## ३) जनसांख्यिक लाभांश

गाउँपालिकामा सक्रिय जनसंख्या अधिक रहेको छ । जनसांख्यिक चक्रमा यसप्रकारको जनसांख्यिक लाभ प्राप्त हुने अवसर इतिहासमा दुर्लभ हुन्छ तर्सथ युवा र सक्रिय जनसंख्याको बाहुल्यता भएको हालको अवस्था गाँउपालिकाको विकासको लागि अति महत्वपूर्ण कालखण्ड हो । यो नै विकासको महत्वपूर्ण सहयोगी तत्व हो ।

**दीर्घकालीन सोच**

**"कृषि, पर्यटन र पूर्वाधार : भिमसेनथापा गाउँपालिका समृद्धिको मूल आधार"**

प्राकृतिक र साँस्कृतिक सम्पदाको उच्चतम सदुपयोगमार्फत तीब्र उत्पादनमुखी व्यवसायिक कृषि, पर्यटन र पूर्वाधारको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने ।

**लक्ष्य**

भूमिको वैज्ञानिक उपयोग तथा साँस्कृतिक धरोहरहरूको उच्चतम् सदुपयोग गरी आधुनिक र व्यवसायिक कृषिको विकासमार्फत कृषिमा आधारित उद्योगको स्थापना साथै पर्यटन प्रवर्द्धन गरी आर्थिक क्रान्ति गर्ने ।

**उद्देश्यहरू**

- ✓ कृषि, उद्योग, पर्यटनलगायत आर्थिक सम्भावनाका क्षेत्रहरूको विकासमार्फत आर्थिक सम्वृद्धि हासिल गर्नु
- ✓ न्याय पूर्ण, सौहार्द, खुसी र सुखी समाज निर्माण गर्नु ।
- ✓ विकासका लागि अपरिहार्य सम्पूर्ण भौतिक पूर्वाधारको दिगो र सन्तुलित विकास गर्नु ।
- ✓ पर्यावरणीय सन्तुलन कायम गरी वातावरण संरक्षण गर्नु ।
- ✓ सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त पारी असल शासन स्थापित गर्नु ।

| प्रमुख रणनीतिहरू |
|---|
| ▪ आर्थिक क्षेत्रका मूल स्तम्भहरू जस्तै कृषि, वन, पर्यटन र उद्योग क्षेत्रको समुचित विकास गर्न ती क्षेत्रहरूलाई वैज्ञानिक र व्यवसायिक बनाई यसमा संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धि तुल्याउने । |
| ▪ हरेक क्षेत्रको विकासमा अपरिहार्य आधारको रूपमा रहेका आधारभूत भौतिक पूर्वाधार जस्तै सडक, उर्जा, सिँचाइ, खानेपानी आदिको विकासलाई उच्च प्राथमिकता दिने । |
| ▪ सम्पूर्ण क्षेत्रको दीर्घकालीन विकासलाई प्रत्यक्ष प्रभाव पार्ने शिक्षा र स्वास्थ्य क्षेत्रको संस्थागत विकास गरी मानव स्रोत निर्माण, अध्ययन र अनुसन्धानतर्फ केन्द्रित नीति तथा कार्यक्रमलाई महत्वका साथ कार्यान्वयन गर्ने । |
| ▪ सामाजिक न्याय स्थापित गरी समावेशिकरण र पछाडि परेका वर्गलाई मूल प्रवाहीकरण गर्न सहभागिता मूलक विकास पद्धति अबलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने । |
| ▪ विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षण र प्रवर्द्धन हुने क्रियाकलाप समेत गर्न सोको सुनिश्चितता गर्ने । |
| ▪ जनमुखी असल शासन स्थापित गर्न सङ्घीय र लोकतान्त्रिक सफल राज्यहरूमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरूप अनुशरण गर्ने । |

**गाउँपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरू**

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०८२/८३ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | | |
| २. | कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | | |
| ३. | कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान | प्रतिशत | | |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | | |
| ५ | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | | |
| ६ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | | |
| ७ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | | |
| ८ | गरिबीको रेखामुनि रहेको जनसंख्या ( निरपेक्ष गरिबी) | प्रतिशत | | |
| ९ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | | |
| १० | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | | |
| ११ | बेरोजगारी दर | प्रतिशत | | |
| १२ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | | |
| १३ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | | |
| १४ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | | |
| १५ | इन्टरनेट प्रयोगकर्ता कुल जनसंख्या | प्रतिशत | | |
| १६ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | | |
| १७ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | | |
| १८ | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | | |
| १९ | ४ वर्ष मुनिका कमतौल भएका बालबालिका | प्रतिशत | | |
| २० | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | | |
| २१ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | | |
| २२ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | | |

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०८२/८३ को लक्ष्य |
|---|---|---|---|---|
| २३ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | | |
| २४ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | | |
| २५ | लैंगिक विकास सूचकांक | सूचकांक | | |
| २६ | मानव विकास सूचकांक | सूचकांक | | |
| २७ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका घरपरिवार | प्रतिशत | | |
| २८ | जीवनकालमा शारिरीक वा मानसिक वा यौन हिंसा पिडित महिला | प्रतिशत | | |
| २९ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | | |
| ३० | सिंचित क्षेत्रफल | प्रतिशत | | |
| ३१ | पक्की सडकमा पहुँच भएको घरपरिवारको | प्रतिशत | | |

# परिच्छेद ४ : आर्थिक क्षेत्र

## ४.१ भूमि व्यवस्थापन (भू-उपयोग)

### पृष्ठभूमि

यो गाउँपालिका समुद्री सतहबाट ३८५ मिटर देखि १२४२ मिटरको उचाइमा रहेको छ। १०१.३१ वर्ग.कि.मी. क्षेत्रफल रहेको यो गाउँपालिका नेपालको मध्य पहाडीखण्ड अन्तरगत पर्दछ। यद्यपि बुढीगण्डकी नदीद्वारा बनेका टार क्षेत्र तथा अन्य खोला किनारहरू होचा बेसी क्षेत्रहरूमा पर्दछन। गाउँपालिकाको बेसी क्षेत्रमा बालुवा र पाँगो मिश्रित उर्वर माटो पाइन्छ भने विभिन्न वडामा छरिएर रहेका ससाना टार तथा फाँटहरू र गरा खेती गर्न सकिने केही भिरालो खेतीयोग्य जमिनमा केही मात्रामा प्राङगारिक पदार्थ मिश्रित चिम्टाइलो, दोमट तथा चट्टानका टुक्रा मिश्रित माटो पाइन्छ। कूल क्षेत्रफल मध्ये खेतीयोग्य जमिनले उल्लेख्य भाग अर्थात् ५१.०४ प्रतिशत ओगटेको छ र वनजंगलले ३६.०१ प्रतिशत भू-भाग ओगटेको हुँदा वनस्पति र जडीबुटीको पर्याप्तता रहेको छ। ८.९८ प्रतिशत भू-भाग झाडी तथा बुट्यानले ओगटेको छ। त्यसैगरी १.४१ प्रतिशत जमिन बलौटे रहेको छ। वातावरणीय संवेदनशीलताको हिसाबले यस गाउँपालिकाका केही क्षेत्रहरूमा जस्तै : रिट्ठेपानी/धरमपानी क्षेत्रमा हिउँदमा समेत पहिरो जाने गरेकोले करिव १३८ घरहरू जोखिम पर्नुका साथै विस्थापित भएका छन्। व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना निर्माण र कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग मार्फत यस गाउँपालिकाको दीर्घकालीन सम्बृद्धि हासिल गर्न सकिन्छ।



अश्राङ ठाँटी

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
| --- |
| ▪ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई भूमि व्यवस्थापन सम्बन्धी अधिकार प्रत्यायोजन गरेको । |
| ▪ गाउँपालिकाको कूल क्षेत्रफलको झाडीबुट्यान सहित करिव ४५% भू-भाग वन जङल क्षेत्रले ओगटेको । |
| ▪ दरौँदी नदीले सिमित निबेल क्षेत्र छोएको भएता पनि बुढीगण्डकी नदी र यसमा मिसिन जाने अन्य ससाना प्रशाखाहरूका कारण विशाल जलभण्डार भएको । |
| ▪ गाउँपालिकामा उल्लेख्य मात्रामा रहेका वनजंगल तथा झाडी बुट्यान क्षेत्रमा जडीबुट उत्पादनको राम्रो श्रोत रहेको । |
| ▪ भूकम्प प्रतिरोधी घर निर्माण गरी बुढीगण्डकी जलाशयका कारण विस्थापित हुने गाउँपालिकाबासीलाई उपयुक्त स्थानमा एकीकृत बस्ती बसाउन सकिने । |
| ▪ भूमिको वैज्ञानिक र दिगो सदुपयोग मार्फत दीर्घकालीन सम्बृद्धि हासिल गर्न सकिने । |
| ▪ मध्य पहाडी क्षेत्र भए तापनि बुढीगण्की नदीले बनाएका टार तथा अन्य बेशीमा उर्वर जमिनको उपलव्धता रहेको । |
| ▪ राष्ट्रिय नापी मार्फत अतिक्रमित सरकारी जग्गा छुट्याउन सकिने । |
| ▪ वडा नं. ५ मिलन बस्तीमा भू-क्षय तथा भूकम्पको उच्च जोखिममा रहेका बस्तीहरूलाई पुर्ननिर्माण प्राधिकरणको सहयोगमा एकीकृत बस्ती बसालिएको । |
| ▪ वडा नं. ८ को जागेश्वर मावि आसपासमा बुढीगण्डकी जलाशयकाकारण डुबानमा पर्ने बासिन्दालाई स्थानान्तरण गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
| --- |
| ▪ वडा नं ५ का रिट्ठेपानी, पाण्डेगाउँ, धरमपानी र नयाँगाउँ भू-क्षयको जोखिममा रहेका । |
| ▪ सार्वजनिक जग्गा अतिक्रमण गरी बसोबास तथा खेतीपाती गर्ने क्रम बढेको । |
| ▪ बुढीगण्डकी जलाशयकाकारण हुने डुबान क्षेत्रका बासिन्दालाई बस्ती स्थानान्तरण चोटिलो रहेको । |
| ▪ बुढीगण्डकी नदी, दरौदी नदी, स्तुल खोला, बुर्लुङ खोला आदिको कारण कटानको समस्या रहेको । |
| ▪ केही क्षेत्रहरूमा हिउँदमा समेत सुख्खा पहिरो जाने गरेको । |
| ▪ जमिनको पूर्ण र वैज्ञानिक रुपमा सदुपयोग नभएको । |
| ▪ जमिन बाँझो राख्ने स्थितिलाई निरुत्साहित गर्ने चुनौती रहेको । |
| ▪ बस्ती व्यवस्थापन गर्न ठूलो आकारको बजेटको आवश्यकता पर्ने । |

| दीर्घकालीन सोच |
| --- |
| भू श्रोतको पूर्णत वैज्ञानिक सदुपयोगमार्फत आर्थिक सम्वृद्धि |
| **लक्ष्य** |
| वैज्ञानिक भू-उपयोग योजना लागू गरी भूमिलाई आर्थिक विकासको आधार बनाउने । |
| **उद्देश्य** |
| ✓ सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रूपमा पूर्ण सदुपयोग गर्नु । |

| उद्देश्य १: सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रूपमा पूर्ण सदुपयोग गर्नु । | |
|---|---|
| **रणनिती** | **कार्य नीति** |
| १.१ राष्ट्रिय र प्रादेशिक भू-उपयोग नीति अनुरूप स्थानीय भू-उपयोग योजना र कृषि नीति निर्माण गर्ने । | १.१.१ गाउँपालिकाको जमिनलाई भू-उपयोग योजना अनुरूप वर्गीकरण गरिनेछ । |
| | १.१.२ गाउँपालिका भित्र रहेको सबै प्रकारको जग्गाको पूर्णरूपमा लगत संकलन गरी व्यक्ति सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार पारी भूमि प्रशासन प्रणालीमा आबद्ध गरिनेछ । |
| | १.१.३ गाउँपालिकामा उपलब्ध सिंचित र असिंचित जमिनको लगत तयार गरी कृषि योग्य जग्गाको सदुपयोग भए नभएको तथ्याङ्क अद्यावधिक हुने संयन्त्र निर्माण गरिनेछ । |
| १.२ खेती गर्न इच्छुक तर आफ्नो भूमि नभएका कृषकहरूको लगत संकलन गरी भूमिको व्यवस्था गर्ने । | १.२.१ भूमि बैङ्कको स्थापना गरिनेछ । |
| | १.२.२ करारमा खेती गर्न इच्छुक कृषकलाई आवश्यक जमिन उपलब्ध गराइने छ । |
| १.३ जग्गा बाँझो राख्ने कृषकको लगत संकलन गर्ने | १.३.१ जग्गा बाँझो राख्न नपाउने नीति अबलम्बन गरी बाँझो जमिन राख्ने जग्गा धनीले भूमिकरमा निश्चित प्रतिशतले बढी लिने नियम लागू गरिनेछ । |
| १.४ जग्गा चक्लाबन्दी गर्ने | १.४.१ गाउँपालिकाभर जग्गा चक्लाबन्दी गर्न चाहने कृषकहरूको विवरण संकलन गरिनेछ |
| | १.४.२ जग्गा चक्लाबन्दी गरी सामुहिक खेती गर्न चाहने कृषकहरू पहिचान गरी कृषक समूह गठन गरिनेछ |
| | १.४.३ यस्ता सामूहिक खेती गर्न चाहने कृषकलाई कृषि सहकारीसँग आबद्ध गरिनेछ । |
| | १.४.४ चक्लाबन्दी गरी सामूहिक खेती गर्न चाहने कृषकलाई मापदण्डका आधारमा मल, वीउ, ज्ञान, सीप, प्रविधि र अन्य कृषि सामग्रीमा निश्चित प्रतिशत अनुदान दिई प्रोत्साहन गरिनेछ । |

## भूमि व्यवस्थापन (भू-उपयोग) को विस्तृत कार्यक्रम

*बजेट रकम रु. लाखमा*

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| **भूमि व्यवस्थापन (भू-उपयोग)** | | | | | | | | | | | | | | | |
| १. | १.१ | १.१.१ | गाउँपालिका भू-उपयोग योजना निर्माण | | | | ✓ | १० | | | | | | | |
| | | १.१.२ | भूमि अभिलेख प्रणाली निर्माण | | | | | | ✓ | ३ | | | | | |
| | | १.१.३ | सिंचित, असिंचित, बाँझो तथा खेती भएको जमिनको अध्यावधिक तथ्याङ्क प्रणाली निर्माण | | | | | | ✓ | २ | | | | | |
| | १.२ | १.२.१ | भूमि बैङ्क स्थापना | | | | | | | | ✓ | ५ | | | |
| | | १.२.२ | करार खेतीका लागि इच्छुक कृषक लगत संकलन | | | | ✓ | २ | | | | | | | |
| | १.३ | १.३.१ | खेतीयोग्य क्षेत्र बाँझो रहन नदिन कार्ययोजना निर्माण | | | | | | ✓ | ५ | | | | | |
| | १.४ | १.४.१ | जग्गा चक्लाबन्दी गर्ने कृषकको लगत संकलन | | | | ✓ | ३ | | | | | | | |
| | | १.४.२ | जग्गा चक्लाबन्दी अभिमुखीकरण कार्यक्रम | | | | ✓ | ५ | | | | | | | |
| | | १. ४.३ | जग्गा चक्लाबन्दी गर्ने कृषक समूह गठन | | | | ✓ | ३ | | | | | | | |
| | | १.४.३ | कृषक समूह तथा कृषि सहकारी बिच अन्तरक्रिया | | | | ✓ | २ | | | | | | | |
| | | १.४.४ | चक्लाबन्दी तथा सामूहिक खेती गर्ने कृषकलाई अनुदान | | | | ✓ | ५० | | | | | | | |

## अपेक्षित उपलब्धी

गाउँपालिकामा उपलव्ध खेतीयोग्य जमिनको वैज्ञानिक र पूर्ण सदुपयोग भएको हुने छ

## ४.२ कृषि तथा जडिबुटी

### कृषि

यो गाउँपालिका नेपालको मध्यपहाडी क्षेत्रमा पर्दछ। विशेषगरी वडा नं. ३, ४, ७ र ८ मा बुढीगण्डकी नदीले बनाएका समथर टार क्षेत्रहरू पर्ने हुँदा प्रशस्त पाँगो मिश्रित बलौटे माटो युक्त मलिलो जमिनको प्रधानता रहेकोले गाउँपालिकाको सम्बृद्धिको मुख्य संवाहक मध्ये कृषि क्षेत्र पनि एक हो। कूल १०१.३१ वर्ग कि.मी क्षेत्रफल मध्ये ५१.७१ वर्ग कि.मी अर्थात ५१.०४ प्रतिशत जमिन खेतीयोग्य रहेको छ। त्यसैगरी ३६.४८ क्षेत्रफल अर्थात ३६.०१ प्रतिशत भू-भाग वनजंगलले ओगटेको छ। हाल खेतीपाती भैरहेको क्षेत्र, विशेषत मलिलो र सघन खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकोले यो भूमिको पूर्ण सदुपयोग गर्न सके यो गाउँपालिकालाई कृषिको नमूना क्षेत्रको रुपमा विकास गर्न सकिन्छ। गाउँपालिकामा अधिकांश मानिसहरू कृषि पेशामा संलग्न रहेकोले गाउँपालिकाको दीर्घकालीन विकास र सम्बृद्धिका लागि यो क्षेत्रलाई बैज्ञानिकिकरण र व्यवसायीकरण गर्न सकिने प्रबल संभावना रहेको छ। यहाँका प्रमुख खाद्यान्न बालीहरू धान, मकै, गहुँ, कोदो, हुन भने नगदेबालीमा आलु, कफि, केरा र केही मात्रामा कुरिलो तथा अलैंची पर्दछन। मेवा, अनार, अम्बा, सुन्तला, आरुबखडा, आरु, कागती, केरा जस्ता फलफूल पाइने यस गाउँपालिकामा प्रशस्त खेतीपाती हुनसक्ने र भइरहेका प्रमुख कृषि क्षेत्रहरूमा वडा नं १ को निबेल, असिमुरे फाँट, दशमुरे खेत, मसेल, वडा नं २ को काउले, बगुवाखेत, पौवा, सुनारबस्ती आदि, वडा नं. ३ को टारीफाँट, बेलबोटे, मुलपानी फाँट आदि, वडा नं. ४ को विलेटार, बालिमटार, बालुवाटार, सिम्लेफाँट, वडा नं ५ को खान्चोक, फुलबारी, आलडाँडा, लामाचौर आदि, वडा नं. ६ को ज्यादुल, आकासेफाँट आदि, वडा नं ७ को क्यामुनटार, पिपलटार, सिमलटार, सातविसे टार र वडा नं. ८ को घाटवेशी, पिपलटार र महादेवटार पर्दछन्। यस क्षेत्रमा जडीबुटीहरूको उत्पादनको सम्भावना धेरै नै रहेको छ। यो गाउँपालिकामा पाइने मुख्य जडीबुटीहरूमा सिस्नु, तितेपाती, असुरो, सिमाली, रतिजर्रा, रिठ्ठा, भ्याकुर, गिठ्ठा, कुरिलो, निम, हर्रो, वर्रो, पानी अमला, अमला, हाडे उनिउ, उणालु, मुसेखरी, सिरु काँस, दूवो, खर, निगुरो, थाकल, भलायो, जामुनो, क्यामुनो, नारेखर, छतिवन, टुनी, खमारी, तुलसी, ऐसेलु, चुत्रो, फुर्के, घुँगे, अर्थुङ्गे, वनमासा, पाण्डे उनिउ, काली निगुरो आदि पाइन्छन्। यद्यपि यस्ता जडीबुटीहरूको व्यवसायिक उत्पादन भने हुन सकेको छैन। त्यसैगरी मौरीपालन अर्को संभावना रहेको छ। वडा नं ८ को घाटवेशीमा व्यवसायिक रुपमा मौरीपालन शुरु भएको छ। यस्तै वडा नं. १, वडा नं ३ को सुवेदी गाउँ, वडा नं ४, वडा नं ५ र वडा नं. ७ को नारायणपुरमा परम्परागत रुपमा मौरीपालन गरिएको छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिका मध्यपहाडी भू-भागमा अवस्थित भए तापनि कूल क्षेत्रफलको आधाभन्दा बढी अर्थात ५१.०४ प्रतिशत खेतीयोग्य जमिनको उपलब्धता हुनु। |
| ▪ प्रधानमन्त्री कृषि **आधुनिकीकरणमार्फत** वडा नं. ३ को मौदी खोला किनारमा सुन्तला र कागती जोन, वडा नं. ४ लाई मकै पकेट क्षेत्र, वडा नं. ७ का ५ वटा कृषक समुहमार्फत कागती पकेट क्षेत्र कार्यक्रम सञ्चालनमा रहेका। |
| ▪ गोरखा जिल्ला कृषि ज्ञान केन्द्र तथा गाउँपालिकामार्फत कृषि तथा पशुपंछी फर्महरूलाई अनुदान, हाते ट्रयाक्टर तथा बाँदर धपाउने बन्दुकहरू वितरण गरिएको। |
| ▪ वडा नं. १ मसेलमा माटो परिक्षण गरी कफि खेतीका लागि उत्तम रहेको ठहर भइसकेको। |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ अधिकांश जनसंख्याको मुख्य पेशा कृषि रहेको । |
| ▪ कृषिसम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू अनुकूल रहेको । |
| ▪ वडा नं. ५ पुतली बजारमा ठूलो क्षेत्रफमा सुन्तला खेती रहेको, रिठ्ठेपानीमा मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ परियोजना, चिहानडाँडामा प्रदेश सरकारको सहयोगमा हाटवजार सञ्चालन स्थल निर्माण भएको, बगुवामा हेड्स नेपालद्वारा २०० रोपनीमा कागती र एभोकाडो खेतीको नर्सरी रहेको । |
| ▪ मौदी **खोलाबाट पम्पिङ गरेको पानी कुलेडाँडाबाट वितरण गर्दा** वडा नं. २ भर, तान्द्राङ खोला, बुर्लुङ खोला र बुढीगण्डकीबाट वडा नं. ४ भर तथा अन्य सुख्खा क्षेत्रमा अनुकूल खोलाहरूबाट लिफ्टिङ गरी सिँचाइ गर्न सकिने । |
| ▪ गाउँपालिकाको सुख्खा क्षेत्रमा बर्षात्को पानी प्लाष्टिक पोखरीमार्फत पानी संकलन गरी हिउँदे सिँचाइ गर्न सकिने । |
| ▪ स्थानीय सरकारले स्थानीय विशिष्टता र आवश्यकताअनुसार कृषि क्षेत्रलाई प्राथमिकता प्रदान गर्न सक्ने अधिकार भएको । |
| ▪ कृषि उपज संकलन तथा भण्डारणका लागि वडा नं. ५ को लामाचौर क्षेत्रमा शीत भण्डार निर्माण गर्न सकिने । |
| ▪ कृषि उपजको बजारीकरणका लागि गोरखा बजार र आरुघाट बजार तथा स्थानीय बजार जस्तै घ्याम्पेसाल, बगुवा, झिँगटे, अश्राङ र बोर्लाङ आदिमा बिक्रिवितरण गर्न सकिने । |
| ▪ वडा नं. १ को मसेलमा चिया बगान बनाउन सकिने । |
| ▪ गाउँपालिकाका ओसिला स्थानहरूमा अलैंची खेती शुरु गरिएको तथा थप विस्तार गर्न सकिने सम्भावना रहेको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ गाउँपालिकाको कृषि प्रणाली परम्परागत तथा निर्वाहमुखी रहेकाका कारण व्यवसायको रुपमा विकास हुन नसकेको । |
| ▪ सिँचाइको सुविधा नहुँदा गाउँपालिकाको अधिकांश क्षेत्र आकासे खेतीको भरमा रहेको । |
| ▪ कृषि सामाग्री, मल, वीउ, किटनाशक औषधि, औजार, प्राविधिक ज्ञान र सीपमा कृषकको पर्याप्त पहुँच नभएको । |
| ▪ उच्च प्रतिफल प्राप्त हुने उत्पादन तर्फ किसानहरूलाई आर्कषण गर्ने ठोस योजना नभएको । |
| ▪ गाउँपालिकामा पर्याप्त कृषि प्राविधिकहरू नभएका कारण कृषकहरूले उचित सल्लाह तथा सुझाव नपाएका । |
| ▪ युवा पलायन भएकाकारण कृषि कर्मका लागि आवश्यक परेका बेला कृषि कामदारको अभाव हुने |
| ▪ कृषिमा संलग्न हुन चाहने चाहने युवाहरूलाई उत्साहित हुने वातावरण नभएको । |
| ▪ कृषिको बजारीकरण नहुँदा किसानहरू दूध तथा तरकारी विरोध स्वरुप सडकमा नष्ट गर्न बाध्य । |
| ▪ बालीनालीमा लाग्ने विभिन्न रोग तथा फौजी किरा लगायतको समयमै उपचार हुन नसकेको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ कृषकमा माटो परीक्षण तथा सिफारिस जातका बालीनाली लगाउने चेतनाको अभाव रहेको |
| ▪ कृषि उपजको उचित भण्डारण तथा सडक पहुँच सहज नभएको । |
| ▪ जथाभावी रासायनिक मलखाद तथा किटनासक विषादी प्रयोगले माटोमा अम्लीयपन बढ्ने तथा दूषित हुने गरेको । |
| ▪ बालीनालीमा बाँदर, दुम्सी, खरायो, बँदेल तथा चराचुरुङ्गीले क्षति पुऱ्याउने गरेको । |
| ▪ गाउँपालिकाबाट वितरण हुने विउ विजन तथा सिफारिस जातका विउहरू सूचनाको अभावमा वास्तविक किसान समक्ष शायदै पुग्ने गरेको । |
| ▪ दर्ता गरी सञ्चालनमा रहेका फर्महरू नतिजामुखीभन्दा पनि अनुदानमुखी रहेका । |
| ▪ किसानलाई समयमै मलखाद तथा विउविजन उपलब्ध हुन नसकेको । |
| ▪ कृषक समुहलाई प्रोत्साहन गर्न देशका विभिन्न ठाउँमा रहेका नमूना कृषि फर्महरू भ्रमण गराउन नसकिएको । |

| दीर्घकालीन सोच |
|---|
| कृषिको व्यवसायीकरण, आधुनिकिकरण र यान्त्रिकरण: भिमसेनथापा गाउँपालिकाको सबलीकरण |
| **लक्ष्य** |
| गाउँपालिकाको आर्थिक सम्वृद्धिको मूल संवाहकको रूपमा कृषिको विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ व्यवसायिक र उच्च प्रतिफलमुखी उत्पादनमा केन्द्रित हुनु । |
| ✓ नमूना कृषि क्षेत्रको रूपमा विकास गर्नु । |
| ✓ वातावरण मैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु । |
| ✓ व्यवसायिक जडीबुटी उत्पादनको सुरुवात गर्नु । |

**उद्देश्य १ : व्यवसायिक र उच्च प्रतिफल मुखी उत्पादनमा केन्द्रित हुनु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ व्यवसायिक सोचको अभिवृद्धि गर्न कृषक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने । | १.१.१ गाउँपालिकाभर कृषक परिचय पत्र वितरण गर्न कृषकहरूको वर्गीकरण गर्ने नीति निर्माण गरिनेछ । |
| | १.१.२ अगुवा कृषकहरूको पहिचान गरी विवरण संकलन गरिनेछ । |
| | १.१.३ वर्षमा कम्तीमा एकपटक कृषिको व्यवसायीकरण सन्दर्भमा अगुवा कृषकहरूलाई अभिमुखीकरण गरिनेछ । |
| | १.१.४ वडास्तरीय कृषक पाठशाला सञ्चालन गरिनेछ । |
| | १.१.५ गाउँपालिका स्तरीय कृषक सञ्जाल निर्माण गरिनेछ । |
| | १.२.१ असिंचित क्षेत्रलाई क्रमश सिंचित तुल्याउन सिँचाइ योजनाहरूको प्राथमिकिकरण गरिनेछ । |

| | |
|---|---|
| १.२ उच्च, प्रतिफलमुखी सघन खेती प्रणालीको अवलम्बन गर्ने । | १.२.२ प्रत्येक वडामा अत्यन्त उर्वर र कृषियोग्य क्षेत्रको पहिचान गरी सघन खेतीका लागि मिश्रित बाली पहिचान गरिनेछ । |
| | १.२.३ प्रत्येक वडामा उच्च मूल्यका कृषि उपज पहिचान गर्न संभाव्यता अध्ययन गरिनेछ । |
| | १.२.४ प्रत्येक वडामा रहेका उर्वर टार र फाँट तथा बाँझो क्षेत्रको पुर्नउत्थानका लागि सर्वेक्षण गरिनेछ । |
| १.३ कृषि पकेट क्षेत्रको विकास गर्ने । | १.३.१ हावापानी अनुकुल बालीनाली, फलफूल तथा तरकारी खेती व्यवसायिक ढंगले गर्न कृषकलाई प्रोत्साहन गर्ने हेतुले पकेट क्षेत्र घोषणा गर्न संभाव्यता अध्ययन गरिनेछ । |
| | १.३.२ बाली विशेष पकेट क्षेत्रलाई केन्द्रित गरी गुणस्तरीय र उन्नत बीउ विजनका लागि श्रोत केन्द्र स्थापना गरिनेछ । |
| | १.३.३ एभोकाडो र कागती तथा कफी खेतीका लागि पकेट क्षेत्र स्तरीय श्रोतकेन्द्र निर्माण गरिनेछ । |
| | १.३.४ गाउँपालिका स्तरीय फलफूल नर्सरी स्थापना गरी गाउँपालिकाको जलवायुमा उपयुक्त हुने फलफूलका बेर्नामा अनुदान दिइनेछ । |
| १.४ अत्यावश्यकीय कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने । | १.४.१ आवश्यक रासायनिक मलको आयतन आंकलन गरी समयमै आपूर्ति गर्न गाउँपालिकास्तरीय संयन्त्र निर्माण गरिनेछ । |
| | १.४.२ प्रत्येक वडामा प्राङ्गारीक तथा हरित मल उत्पादन सम्बन्धी तालिमको आयोजना गरिनेछ । |
| | १.४.३ वडास्तरमा उत्पादन हुने बाली विषेशका आधारमा उन्नत बीउ वितरण गर्न बीज बैङ्क तथा सामाग्री केन्द्रको विकास गरिनेछ । |
| | १.४.४ कृषि यान्त्रिकिकरणअन्तर्गत किसानले खरिद गर्ने औजारमा मापदण्डका आधारमा ५० प्रतिशत अनुदान दिइनेछ । |
| | १.४.५ साना किसान तथा समग्र कृषि क्षेत्रलाई क्रमश यान्त्रिकिकरण गर्न एक गाउँपालिकास्तरीय Custom Hiring Center को निर्माण गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ । |
| १.५ मल तथा विषादिको प्रयोगसम्बन्धी कृषक ज्ञान अभिवृद्धि गर्ने । | १.५.१ मलको प्रयोग र अनुपात समय आदिका विषयमा प्रत्येक कृषकलाई सूसुचित गर्न स्थानीय सञ्चार माध्यमको प्रयोग गरिनेछ । |
| | १.५.२ मल, विउ विजन तथा विषादिको प्रयोगसम्बन्धी जानकारी प्रदान गर्न गाउँपालिका स्तरीय Call center को स्थापना गरिनेछ । |
| | १.५.३ वडास्तरीय कृषक पाठशालामा मल, विउविजन र विषादी प्रयोगसम्बन्धी सामाग्रीको विकास र सम्प्रेषण गरिनेछ । |
| | १.५.४ वडास्तरमा घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | १.५.५ जैविक विषादीको उत्पादन र प्रयोगसम्बन्धी वडास्तरीय तालिमको व्यवस्था गरिनेछ । |
| | १.५.६ बेमौसमी तरकारी खेती विशेष तालिम सञ्चालन गरिनेछ । |
| १.६ सहुलियत पूर्ण कृषि कर्जाको व्यवस्था गर्ने । | १.६.१ संघीय र प्रदेश सरकार तथा गाउँपालिकाको सहजीकरण तथा समन्वयमा व्यवसायिक योजना अनुरूप खेती गर्न चाहने कृषकलाई सहुलियतपूर्ण कृषि कर्जाको व्यवस्था गरिनेछ । |
| | १.६.२ सहकारी क्षेत्रलाई कृषि क्षेत्रमा लगानी गर्न कृषि सहकारी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.६.३ वैदेशिक रोजगारीमा कृषि पेशामा संलग्न भई स्वदेश फर्केका युवाहरूलाई कृषिमा लगानी गर्न इच्छुक भए मापदण्डका आधारमा कृषि कर्जाको व्याजमा अनुदान दिने व्यवस्था मिलाइनेछ । |
| १.७ कृषि बीमालाई प्रभावकारी बनाउने । | १.७.१ गाउँपालिकाको समन्वय र सहजिकरणमा कृषि बीमालाई अनिवार्य बनाई बीमा प्रदायक कम्पनीहरूसँगको सहकार्यमा कृषक मैत्री बनाइने छ । |
| | १.७.२ कृषकहरूलाई कृषि बीमाको आवश्यकता र महत्वका विषयमा सुसूचित गर्न बीमा कम्पनीहरूको सहयोगमा नियमित अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ । |
| | १.७.३ बाँदर, दुम्सीबाट हुने बालीनाली क्षती कम गर्न बाँदर भगाउने यन्त्र खरिदमा अनुदानका साथै पशुगोठ व्यवस्थापनमा निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ । |
| | १.७.४ जंगली जनावरबाट हुने क्षति र जोखिम न्युनिकरण गर्न बाली बीमा कार्यक्रम कार्यान्वयन गर्न बिमा कम्पनीसँग अन्तरक्रिया गरिनेछ । |

**उद्देश्य २ : नमूना कृषि क्षेत्रको रूपमा विकास गर्नु**

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ असल अभ्यासहरूको अध्ययन र अवलोकन गर्ने | २.१.१ कृषि शाखाको समन्वयमा गाउँपालिका अगुवा र आकांक्षी कृषकहरूलाई देश तथा विदेशमा सघन कृषि क्षेत्र वा कृषि ग्रामको रूपमा विकास भैरहेका क्षेत्रको स्थलगत अवलोकन भ्रमण गराइने छ । |
| | २.१.२ अवलोकनबाट प्राप्त अनुभवहरूलाई गाउँपालिका अन्य कृषकहरूलाई सम्प्रेषण गर्न वर्षमा कम्तीमा १ पटक गाउँपालिका स्तरीय कृषक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.१.३ वार्षिक कृषि मेलाको आयोजना गरी बजारको प्रर्वद्धन गरिनेछ । |
| | २.२.२ उर्वर र खेतीयोग्य क्षेत्रलाई वर्गीकरण गरी क्रमश सघन खेतीक्षेत्र घोषणा गरिनेछ । |

| | |
|---|---|
| २.२ सघन कृषि उत्पादन क्षेत्रको वर्गीकरण र घोषणा गर्ने । | २.२.३ सघन खेती क्षेत्रहरूलाई निश्चित मापदण्ड तथा राष्ट्रिय, प्रादेशिक र स्थानीय भू-उपयोग नीति अनुरूप खेतीपानी बाहेक अन्य क्रियाकलापमा प्रयोग गर्न निरुत्साहन गर्ने नीति कार्यान्वयन गरिनेछ । |
| २.३ कृषिको विकासका लागि आवश्यक भौतिक कृषि पूर्वाधारको क्रमश विकास गर्दै नमूना कृषि क्षेत्र बनाउने । | २.३.१ गाउँपालिका भित्रका प्रमुख कृषि सडकहरूको पहिचान गरिनेछ । |
| | २.३.२ प्राथमिकताका आधारमा सघन क्षेत्रका कृषि सडकहरूको स्तरोन्नति गरिनेछ । |
| | २.३.३ प्रत्येक वडामा सघन खेती क्षेत्रलाई उपयुक्त हुने स्थानमा कृषि उपज संकलन केन्द्रको स्थापना गरिनेछ । |
| | २.३.४ गाउँपालिकास्तरीय एक चिस्यान केन्द्रको स्थापना गरिनेछ । |
| | २.३.५ घुम्ती माटो परिक्षण शिविर सञ्चालनमा ल्याई माटोको गुणस्तर सुधार गरिनेछ । |
| | २.३.६ गाउँपालिकामा उच्च उत्पादन सम्भावना रहेका बाली जस्तै धान, मकै, कोदो, तथा आलुको बीज बैङ्क स्थापना गरिनेछ । |
| | २.३.७ कृषि सम्बन्धी अध्ययन र अनुसन्धान गर्ने हेतुले गाउँपालिकामै कृषि अनुसन्धान केन्द्र स्थापना गरिनेछ । |
| | २.३.८ गाउँपालिका स्तरीय सामुदायिक कृषि सेवा केन्द्र स्थापना गरिनेछ । |

| उद्देश्य ३: वातावरणमैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३.१ वातावरणमैत्री दिगो कृषिसम्बन्धी अभिमुखीकरण गर्ने । | ३.१.१ वातावरण र कृषिको अन्तरसम्बन्धका विषयमा विज्ञहरूद्वारा गाउँपालिकाका सफल र अगुवा कृषकहरूलाई वर्षमा १ पटक अभिमुखीकरण गरिनेछ । |
| | ३.१.२ दिगो कृषिको सैद्धान्तिक र व्यवहारिक पक्षका विषयमा विज्ञहरूद्वारा सम्प्रेषित ज्ञान अगुवा कृषकको अगुवाइमा अन्य कृषकलाई सम्प्रेषण गर्न वर्षमा १ पटक अन्तरक्रिया सञ्चालन गरिनेछ । |
| | ३.१.३ रैथाने प्रजातिका बाली संरक्षणमा विशेष अनुदान प्रदान गरिनेछ । |
| ३.२ गाउँपालिकामा निरन्तर उत्पादन हुनसक्ने कृषिजन्य कच्चा पदार्थको पहिचान गर्ने | ३.२.१ वडास्तरमा जलवायु र माटो अनुकुल उत्पादन हुने प्रमुख बालीका आधारमा पकेट क्षेत्र र जोनको पहिचान र घोषणा गरिनेछ । |
| | ३.२.२ पकेट क्षेत्र र जोन स्तरीय उत्पादित प्रमुख उत्पादनको वार्षिक तथ्याङ्क प्राप्त गर्न स्वचालित तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ । |
| ३.३ निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा एक वडा एक कृषिमा | ३.३.१ बाली विषेश पकेट क्षेत्रका आधारमा उपलब्ध हुन सक्ने कच्चा पदार्थमा आधारित प्रत्येक वडामा सम्भाव्य उद्योगहरूको सम्भाव्यता अध्ययन गरिनेछ । |

| | |
|---|---|
| आधारित उद्योगको निर्माण गर्ने । | ३.३.२ पहिलो चरणमा एक वडा एक कृषि उद्योग स्थापना गर्न उद्योगी कृषक वा कृषक समूह पहिचान गरिनेछ । |
| | ३.३.३ उद्यमी कृषकहरूलाई लक्षित अध्ययन तथा अभिमुखीकरण तालिमका लागि गाउँपालिकाद्वारा सहयोग प्रदान गरिनेछ । |
| ३.४ स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने | ३.४.१ कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन प्याकेजिङ लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि विशेष अभिमुखीकरण तथा तालिम प्रदान गरिनेछ । |
| | ३.४.२ संघीय तथा प्रादेशिक सरकारको सहयोगमा गाउँपालिकास्तरीय खाद्य गुणस्तर मापनको व्यवस्था गरिनेछ । |
| | ३.४.३ स्थानीय उपज तथा औद्योगिक उत्पादनको खपत हुनसक्ने सम्भाव्य उपभोक्ता बजारहरूको अध्ययन गरिनेछ । |
| | ३.४.४ स्थानीय उपज उपभोग हुने उपभोक्ता बजारको मागको अध्ययन गरी वस्तुगत सूचना संकलन गरिनेछ । |
| | ३.४.५ उत्पादनमा स्थानीय पहिचान राख्न सक्ने बाली तथा उत्पादनको पहिचान गरिनेछ । |

| उदेश्य ४ : वातावरण र बाली मैत्री मौरीपालन प्रवर्द्धन गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ४.१ कृषि र पर्यावरणमैत्री मौरीपालन व्यवसाय प्रर्वद्धन गर्ने | ४.१.१ मौरीपालक कृषकको विवरण संकलन गरिनेछ । |
| | ४.१.२ मौरीपालक कृषकलाई प्राविधिक तालिम प्रदान गरिनेछ । |
| | ४.१.३ व्यवसायिक मौरीपालक कृषकलाई घारमा अनुदान प्रदान गरिनेछ । |
| | ४.१.४ उत्पादित महलाई प्रशोधन प्याकेजिङ्ग लेबलिङ र ब्रान्डिङ गरिनेछ । |
| | ४.१.५ मह उपभोक्ता बजार तथा मागको अध्ययन गरिनेछ । |

## जडीबुटी

यस गाँउपालिकामा एकातर्फ भौगोलिक तथा जैविक विविधता हुनु र झाडी बुट्यान सहित वनजंगल क्षेत्रले कूल भूभागको करिब ४५ प्रतिशत ओगटेका कारणले वनजंगल क्षेत्रमा विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । यस गाउँपालिकामा विशेषगरी सिस्नु, तितेपाती, असुरो, सिमाली, रतिजर्रा, रिठ्ठा, भ्याकुर, गिठ्ठा, कुरिलो, निम, हर्रो, वर्रो, पानी अमला, अमला, हाडे उनिउ, उणालु, मुसेखरी, सिरु काँस, दुवो, खर, निगुरो, थाकल, भलाय, जामुनो, क्यामुनो, नारेखर, छतिवन, टुनी, खमारी, तितेपाती, ऐसेलु, चुत्रो, सिरु, फुर्के, घुँगे, अर्थुङ्गे, वनमासा, पाण्डे उनिउ, काली निगुरो आदि पाइन्छ । तथापि यस्ता जडीबुटीहरूको व्यावसायिक उत्पादन हुनसकेको छैन । यस्ता जडीबुटीहरूको पहिचान गरी व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गर्न सकेमा स्थानीयवासीको आयआर्जनमा समेत टेवा पुऱ्याउन सकिन्छ ।

| उद्देश्य ५ : व्यवसायिक जडीबुटी उत्पादन तथा प्रसोधनलाई उच्च प्राथमिकता दिनु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ५.१ गाउँपालिकामा पाइने बहमूल्य जडीबुटीहरूको पहिचान र संरक्षण गर्ने । | ५.१.१ विज्ञको सहयोगमा गाउँपालिकाभर पाइने जडीबुटीहरूको पहिचान गरी विवरण संकलन गरिनेछ । |
| | ५.१.२ पहिचान भएका जडीबुटिको नमूना तथा तीनको गुण विशेषता र उपयोग समेटेर गाउँपालिकामा एक Herborium तयार पारिने छ । |
| | ५.१.४ पूर्ण विवरण तयार पारी जडीबुटिको फाइदा र विशेषता सहित ब्रोसर तथा पुस्तक तयार पारिनेछ । |
| | ५.१.५ स्थानीय स्तरमा प्राप्त हुने बहुमूल्य र स्वास्थ्य हितकारी जडीबुटीहरूको पहिचान र संरक्षण गरी सदुपयोग गर्न जनचेतनामूलक कार्यक्रम निर्माणगरी प्रसारण गरिनेछ । |
| | ५.१.६ गाउँपालिकाका विभिन्न वडाहरूमा पाइने र संम्भाव्यता बोकेका जडीबुटीहरू जस्तै सिस्नु, तितेपाती, असुरो, सिमाली, रतिजर्रा, रिठ्ठा, भ्याकुर, गिठ्ठा, कुरिलो, निम, हर्रो, वर्रो, पानी अमला, अमला, हाडे उनिउ, उणालु, मुसेखरी, सिरु काँस, दुवो, खर, निगुरो, थाकल, भलाय, जामुनो, क्यामुनो, नारेखर, छतिवन, टुनी, खमारी, तितेपाती, ऐसेलु, चुत्रो, सिरु, फुर्के, घुँगे, अर्थुङ्गे, वनमासा, पाण्डे उनिउ, काली निगुरो आदि जडीबुटीहरूको जोन स्थापना गर्न संम्भाव्यता अध्ययन गरी औषधिय पर्यटन तथा जडीबुटी क्षेत्रको विकास कार्ययोजना निर्माण गरिनेछ । |
| ५.२ कृषकलाई व्यवसायीक जडीबुटी उत्पादनका लागि प्रोत्साहन गरिनेछ । | ५.२.१ गाउँपालिकामा जडीबुटी उत्पादनलाई पेशागत र व्यवसायिक बनाउन चाहने कृषकको विवरण संकलन गरिनेछ । |
| | ५.२.२ इच्छुक कृषकहरूलाई गाउँपालिकाकोतर्फबाट व्यावसायिक जडीबुटी उत्पादनको संभाव्यता, बजार र प्राविधिक ज्ञानबारे तालिम प्रदान गर्न सहयोग गरिनेछ । |
| | ५.२.३ गाउँपालिकाभर प्राकृतिक चिकित्सा, आयूर्वेद विज्ञान तथा योग साधनामा लागेका अग्रजहरूको सहयोगमा वर्षमा एक पटक जडीबुटीको व्यवसायीक उत्पादन सम्बन्धी अर्न्तकृया गरिनेछ । |
| ५.३ कृषि र जडीबुटी उत्पादनलाई एकिकृत गरी व्यवसायिकता प्रर्वद्धन गरिनेछ । | ५.३.१ कृषिसंगै जडीबुटी समेत उत्पादन गर्ने कृषकलाई जडीबुटी उत्पादन सम्बन्धी ज्ञान, सिप र प्रविधि हस्तान्तरण गर्न सहयोग पुऱ्याइने छ । |
| | ५.३.२ अन्तरबाली अन्तर्गत कृषि बाली सँगसँगै जडीबुटी उत्पादन गर्ने कृषकलाई तालिमको व्यवस्था गरिनेछ । |
| | ५.३.३ गाउँपालिकामा खेर गैरहेको जमिन र वनक्षेत्रलाई व्यवसायिक जडीबुटी उत्पादन गर्न निजी क्षेत्रलाई लिजमा दिन व्यवस्था मिलाईने छ । |
| | ५.३.४ कृषि उपज संकलन केन्द्रलाई जडीबुटी समेत संकलन केन्द्रका रुपमा विकास गरिनेछ । |
| | ५.३.५ अति विपन्न वर्ग र न्यून आय भएका कृषकहरूलाई जडीबुटी उत्पादनमा आर्कषण गर्न व्याजमा अनुदान दिने व्यवस्था मिलाइने छ । |

## कृषि तथा जडीबुटीको विस्तृत कार्यक्रम

*बजेट रकम रु. लाखमा*

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| **कृषि** | | | | | | | | | | | | | | | |
| **१.** | १.१ | १.१.१ | कृषक वर्गीकरण तथा परिचय पत्र वितरण | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.२ | अगुवा कृषकको विवरण संकलन | | | | ✓ | २ | | | | | | | |
| | | १.१.३ | व्यवसायिकरण सम्बन्धी अगुवा कृषक अभिमुखीकरण | | | | | | ✓ | ३ | | | | | |
| | | १.१.४ | कृषक पाठशाला सञ्चालन तथा शिक्षक व्यवस्था | | | | | | ✓ | ५ | | | | | |
| | | १.१.५ | गाउँपालिका स्तरीय कृषक सञ्जाल विशेष अन्तरक्रिया कार्यक्रम | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.५ | किसान क्लव गठन | | | | | | | | ✓ | १० | | | |
| | | १.१.५ | वडा स्तरिय उत्कृष्ट कृषक पुरस्कारको प्रवन्ध | | | | | | ✓ | ५ | | | | | |
| | १.२ | १.२.१ | गाउँपालिकाका प्रमुख सिंचाइ योजनाहरूको प्राथमिकिकरण | | | | ✓ | ५ | | | | | | | |
| | | १.२.२ | वडास्तरीय सघन कृषि क्षेत्र तथा खेती मिश्रित बाली/अन्तरबाली वर्गीकरण तथा पहिचान | | | | ✓ | ३ | | | | | | | |
| | | १.२.३ | वडास्तरीय उच्च मूल्यका बाली तथा उत्पादन संभाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.२.४ | प्रत्येक वडामा खेर गइरहेका तथा उर्वर खेती क्षेत्रको पुर्नउत्थानका लागी पहिचान,सर्वेक्षण र विवरण संकलन | | | | ✓ | ४ | | | | | | | |
| | १.३ | १.३.१ | प्रत्येक वडामा बाली विशेष पकेट क्षेत्र निर्माणका लागि सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | १.३.२ | फलफुल तथा नगदेबाली विशेष नर्सरी स्थापना | | | | | | ✓ | १५ | | | | | |
| | | १.३.३ | एभोकाडो र कागती तथा कफी खेतीका लागि पकेट क्षेत्रस्तरीय श्रोतकेन्द्र निर्माण | | | | | | ✓ | १० | | | | | |
| | | १.३.४ | एक घर एक फलफूल बगैंचा : | | | | ✓ | १० | | | | | | | |
| | | १.३.४ | गाउँपालिका स्तरीय फलफूल नर्सरी स्थापना | | | | | | ✓ | १५ | | | | | |
| | | १.३.४ | फलफूलका बेर्नामा अनुदान | | | | | | | | | | | | |
| | १.४. | १.४.१ | रासायनिक मल माग तथा आपूर्ति तथ्याङ्क प्रणाली निर्माण | | | | | | ✓ | १० | | | | | |
| | | १.४.२ | वडास्तरीय प्राङ्गारीक तथा हरित मल उत्पादन तालिम | | | | ✓ | २ | | | | | | | |
| | | १.४.३ | वडास्तरीय बीज बैङ्क (Seed Bank) निर्माण | | | | ✓ | २ | | | | | | | |
| | | १.४.३ | मकै, आलु, धान लगायत विउ खरिदमा ५० प्रतिशत अनुदान | | | | ✓ | ५० | | | | | | | |
| | | १.४.४ | कृषि यन्त्र खरिदमा ५० प्रतिशत अनुदान | | | | | | ✓ | ५० | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.४.५ | गाउँपालिकास्तरीय Custom Hiring Center निर्माण | | | | | | | | ✓ | ५० | | | |
| | | १.४.६ | मल तथा विउ विजन ढुवानी ५० प्रतिशत अनुदान | | | | ✓ | ५० | | | | | | | |
| | १.५ | १.५.१ | मल, बीउ, विषादी आदिको प्रयोग सम्बन्धी कृषि शिक्षा प्रसारण | | | | ✓ | १० | | | | | | | |
| | | १.५.१ | विषादी खरिदमा ५० प्रतिशत अनुदान | | | | | | ✓ | ५० | | | | | |
| | | १.५.२ | गाउँपालिकास्तरीय कृषि Call Center को स्थापना | | | | ✓ | ५ | | | | | | | |
| | | १.५.३ | कृषक पाठशालाका लागि पाठ्यक्रम निर्माण | | | | | | ✓ | ५ | | | | | |
| | | १.५.४ | घुम्ती माटो परिक्षण शिविर सञ्चालन | | | | | | ✓ | १० | | | | | |
| | | १.५.५ | जैविक विषादी उत्पादन तालिम | | | | ✓ | २ | | | | | | | |
| | | १.५.६ | बेमौसमी तरकारी खेती विशेष तालिम | | | | ✓ | २ | | | | | | | |
| | | १.५.६ | व्यवसायिक तरकारी खेतीमा प्लास्टिक टनेल अनुदान | | | | | | ✓ | २० | | | | | |
| | १.७ | १.७.१ | कृषक तथा बीमा कम्पनी बीच अन्तरक्रिया कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | १.७.२ | विपन्न कृषक बीमा अनुदान | | | | | | | | ✓ | २० | | | |
| | | १.७.३ | बाँदर भगाउने यन्त्र खरिद अनुदान<br>पशुगोठ सुरक्षा तथा व्यवस्था अनुदान | | | | | | ✓ | ५० | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.७.४ | जनावरवाट हुने क्षती जोखिम न्यूनीकरण बाली बीमाका लागी बीमा कम्पनीसँग अन्तरक्रिया | | | | ✓ | १ | | | | | | | |
| २. | २.१ | २.१.१ | कृषि ग्राम विशेष अगुवा कृषक अध्ययन तथा अवलोकन भ्रमण | | | | | | | | ✓ | १५ | | | |
| | | २.१.२ | अगुवा तथा साना किसान बीच अर्न्तकृया कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | २.१.३ | वार्षिक कृषि मेलाको आयोजना | | | | ✓ | ५ | ✓ | ५ | ✓ | ५ | ✓ | ५ | |
| | २.२ | २.२.१ | सघन कृषि क्षेत्र विशेष मापदण्ड निर्माण | | | | | | | | ✓ | १ | | | |
| | | २.२.२ | कृषि क्षेत्र विशेष मापदण्ड कार्यान्वयन तथा अनुगमन संयन्त्र निर्माण | | | | | | | | | | ✓ | २ | |
| | २.३ | २.३.१ | कृषि सडक (घोषणाका लागि) पहिचान | | | | ✓ | २ | | | | | | | |
| | | २.३.२ | कृषि सडक स्तरोन्नती | | | | ✓ | ५ | | | | | | | |
| | | २.३.३. | वडास्तरीय कृषि उपज तथा जडीबुटी संकलन केन्द्र निर्माण | | | | | | ✓ | ५ | | | | | |
| | | २.३.४ | वडा नं. ५ लामाचौरमा गाउँपालिकास्तरीय शीत भण्डार निर्माणका लागि सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | २.३.५ | घुम्ती माटो परिक्षण शिविर सञ्चालन | | | | ✓ | ५ | | | | | | | |
| | | २.३.६ | धान, मकै, कोदो आलुको बीज बैङ्क स्थापना | | | | | | | | ✓ | ५ | | | |
| | | २.३.७ | कृषि अनुसन्धान केन्द्र स्थापना | | | | | | | | | | ✓ | १० | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | २.३.८ | गाउँपालिका स्तरीय सामुदायिक कृषि सेवा केन्द्र स्थापना | | | | | | | | ✓ | १५ | | | |
| ३. | ३.१ | ३.१.१ | वातावरण र दिगो कृषि विषयक अगुवा कृषक अभिमुखीकरण | | | | ✓ | ५ | | | | | | | |
| | | ३.१.२ | वातावरण र दिगो कृषि विषयक अगुवा कृषक र साना किसान अभिमुखीकरण | | | | ✓ | ५ | | | | | | | |
| | | ३.१.३ | रैथाने प्रजातिका बाली संरक्षणमा विशेष अनुदान | | | | | | ✓ | १० | | | | | |
| | ३.२ | ३.२.१ | कृषि पकेटक्षेत्र र जोन पहिचान | | | | | | ✓ | २ | | | | | |
| | | ३.२.२ | कृषि पकेटक्षेत्र र जोन स्तरीय स्वचालित बार्षिक तथ्याङ्क प्रणालीको निर्माण | | | | ✓ | १ | ✓ | १ | ✓ | १ | ✓ | १ | |
| | ३.३ | ३.३.१ | पकेट क्षेत्र वा जोन सूपर जोन स्तरीय कृषि उद्योगको सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | ३.३.२ | कृषि उद्यमी विशेष अर्न्तकृया कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | ३.३.३ | अगुवा कृषि उद्यमी विशेष अभिमुखीकरण तथा अन्तरकृया | | | | ✓ | १ | | | | | | | |
| | ३.४ | ३.४.१ | कृषि उपज प्याकेजिङ, लेबलिङ गुणस्तर जाँच तथा ब्रान्डीङ सम्बन्धी तालिम तथा अन्तरक्रिया | | | | | | ✓ | २ | | | | | |
| | | ३.४.२ | खाद्य तथा कृषि उपज गुणस्तर मापन केन्द्र स्थापना | | | | | | | | ✓ | ५ | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | ३.४.३ | कृषि उपभोक्ता बजारको सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | ३.४.४ | कृषि सम्बन्धी उपभोग्य वस्तुको बस्तुगत माग सम्बन्धी तथ्याङ्क संकलन | | | | ✓ | २ | | | | | | | |
| | | ३.४.५ | रैथाने प्रजातिका बालीहरूको पहिचान तथा बीज बैङ्क स्थापना | | | | | | | | ✓ | ५ | | | |
| | | ३.४.६ | जैविक प्रविधि र खेती सम्बन्धी तालिम | | | | ✓ | १ | | | | | | | |
| ४. | ४.१ | ४.१.१ | मौरीपालक कृषकको विवरण संकलन | | | | ✓ | ०.५ | | | | | | | |
| | | ४.१.२ | मौरीपालन तालिम सञ्चालन | | | | | | ✓ | १ | | | | | |
| | | ४.१.३ | लागत सहभागितामा मौरीको घारमा अनुदान | | | | | | ✓ | १० | | | | | |
| | | ४.१.३ | एक घर एक मौरी घार कार्यक्रम | | | | | | | | ✓ | १० | | | |
| | | ४.१.४ | मह ब्रान्डीङ सम्बन्धी तालिम सञ्चालन | | | | | | | | ✓ | १ | | | |
| | | ४.१.५ | मह उपभोक्ता बजारको अध्ययन | | | | ✓ | ५ | | | | | | | |
| ५ | ५.१ | ५.१.१ | गाउँपालिकामा पाइने सबैप्रकारका जडीबुटीको Profile तयार | | | | ✓ | ५ | | | | | | | |
| | | ५.१.३ | गाउँपालिका स्तरीय Herborium निर्माण | | | | | | ✓ | ५ | | | | | |
| | | ५.१.३ | जडीबुटी सम्बन्धी जनचेतना सञ्चार | | | | ✓ | ४ | | | | | | | |
| | | ५.१.४ | जडीबुटी सम्बन्धी ब्रोसर तथा Profile प्रकाशन | | | | | | ✓ | ५ | | | | | |
| | | ५.१.५ | स्थानीय जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतना | | | | ✓ | २ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | ५.१.६ | जडीबुटी जोन स्थापना सम्भाव्यता अध्ययन औषधिय पर्यटन तथा जडीबुटीक्षेत्र विकास कार्ययोजना निर्माण | | | | ✓ | १० | | | | | | | |
| | ५.२. | ५.२.१ | जडीबुटी उत्पादक कृषकको विवरण संकलन | | | | | | ✓ | ०.५ | | | | | |
| | | ५.२.२ | जडीबुटी उत्पादन सम्बन्धी तालिम सञ्चालन | | | | | | ✓ | २ | | | | | |
| | | ५.२.३ | आर्युवेद, प्राकृतिक चिकित्सा, योग प्रशिक्षक विज्ञ तथा कृषक अन्तरक्रिया कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | ५.३ | ५.३.१ | जडीबुटी उत्पादन प्राविधिक सहयोग कक्ष निर्माण | | | | | | ✓ | ५ | | | | | |
| | | ५.३.२ | अन्तरबाली अर्न्तगत जडीबुटी उत्पादन तालिम सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | ५.३.३ | खेर गैरहेको जमिन र वन क्षेत्रलाई लिजमा दिन विवरण संकलन तथा अभिलेखिकरण | | | | | | ✓ | २ | | | | | |
| | | ५.३.४ | कृषि उपज संकलन केन्द्रमा जडीबुटी संकलन कक्ष निर्माण | | | | | | ✓ | ५ | | | | | |
| | | ५.३.५ | अति विपन्न कृषकलाई जडीबुटीको व्यवसायिक उत्पादनमा अनुदान | | | | | | | | ✓ | १० | | | |
| | | ५.३.६ | जडीबुटी नर्सरीको संम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |

## ४.३ पशुपंक्षी विकास तथा मत्स्यपालन

गाउँपालिकामा गाई, भैसी, बाखा, कुखुरा, बङ्गुर, परेवा, हाँस, बट्टाई लगायतका पशुपंक्षीहरूको व्यवसायिक उत्पादनको राम्रो संभावना रहेको छ। व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, भैसी, कुखुरा, बाखा, हाँस, माछापाल्ने र बिक्रि गर्ने गर्दछन्। पशुपन्छी पालनमा आधुनिकिकरण र व्यवसायीकरण हुन नसकेकोले यिनीहरूको बिक्रि वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ। मध्य पहाडी क्षेत्रमा पशुपालनको राम्रो सम्भावना भएकोले व्यावसायिक गाई तथा भैसी पालन मार्फत दुग्ध उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्न सकिन्छ। नेपाली बजारमा नै बाखा तथा लोकल कुखुराको उच्च माग रहेकोले सोको समेत यहाँ राम्रो सम्भावना रहेको छ। गाउँपालिकाको खोलाहरूमा गडेली, बुदुना, फगेटा, सर, भित्ते, असला, बाम, वालिम, भिंगेमाछा, कत्ले, हुटी आदि जातका माछा पाइए तापनि वडा नं. १ को निबेल बाहेक वृहत् स्तरको व्यावसायिक माछापालन हुने गरेको छैन। बुडी गण्डकी नदी, ठूलो तटीय क्षेत्र साथै मुल फुटेर बनेका ससाना खोल्सा/खोलाहरूमा जलश्रोतको पर्याप्त उपलब्धता भएकोले स्थानीय जलवायु अनुकुल माछा पालन गर्न उपयुक्त देखिन्छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकामा परम्परागत रुपमा गाई, भैंसी, बाखा, कुखुरा, हाँस, परेवा लगायतका पशुपंक्षी पालन हुने गरेका। |
| ▪ पशुपालनका लागि गाउँपालिकाभर किंबु, टाँकी, खनायो, वडहर बकाइनो जस्ता स्थानीय प्रजातिका घाँस उत्पादनको प्रचुर सम्भावना रहेको। |
| ▪ कृषि ज्ञान केन्द्रले गाउँपालिकामा पशुपालन गर्न चाहने दर्तावाला फर्महरूलाई अनुदान दिने गरेको तथा गोठ सुधार/ भकारो सुधार कार्यक्रम पनि सञ्चालन गरेको। |
| ▪ गाउँपालिकामा दर्ता गरी व्यवसायिक रुपमा बाखा पालन, कुखरा पालन फार्महरू प्रशस्त रहेका साथै केही स्थानमा मौरी पालन पनि फस्टाउँदै गएको। |
| ▪ गोरखा बजार र आरुघाट बजार जस्ता ठूला उपभोक्ता बजारहरू समेत नजिक भएका। |
| ▪ वडा नं. १ को निबेलमा रहेका माछापालनका पोखरीहरू थप व्यवसायीकरण गर्न सकिने। |
| ▪ दूध, माछा, मासु र अण्डाको खपत बढिरहेकोले राम्रो आम्दानी गर्न सकिने। |
| ▪ पशुपन्छी जन्य उत्पादनमा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने। |

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ▪ पशुपंक्षी,मत्स्य तथा मौरीपालन व्यवसायको व्यवसायीकरण र आधुनिकिकरण हुन नसकेको। |
| ▪ पशुपंक्षी तथा मत्स्य पालन सम्बन्धी आधारभुत पूर्वाधारको विकास हुन नसकेको। |
| ▪ युवा तथा व्यवसायीक सोचका कृषि उद्यमीहरूलाई यस क्षेत्रमा आर्कषण गर्ने चुनौती रहेको। |
| ▪ पशुपंक्षी, मत्स्य तथा मौरीपालन सेवा केन्द्र, तथा दक्ष प्राविधिकहरूको पर्याप्त व्यवस्था र तालिम नभएको। |
| ▪ पशुपक्षीं र मत्स्य पालन परम्परागत र निर्वाहमुखी रहेका। |
| ▪ पशुपक्षीको उपचार पर्याप्त नभएको। |
| ▪ पशुपक्षीजन्य उत्पादनको पर्याप्त बजारको संभाव्यता अध्ययन नभएको। |

| दीर्घकालीन सोच |
| --- |
| व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन मार्फत आर्थिक समृद्धि |
| **लक्ष्य** |
| आधुनिक, वैज्ञानिक र व्यवसायिक पशुपन्छी तथा मत्स्य मार्फत निर्यातमुखी उत्पादनलाई बढावा दिने |
| **उद्देश्यहरू** |
| ✓ पशुपन्छीपालनलाई व्यवसायिक बनाउनु ।<br>✓ पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।<br>✓ माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु । |

**उद्देश्य १: पशुपंक्षी पालनलाई व्यवसायिक बनाउनु ।**

| रणनीति | कार्यनीति |
| --- | --- |
| १.१ पशुपन्छी पालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने । | १.१.१ वडास्तरमा उद्यमशिल सोच भएका इच्छुक युवा तथा अग्रणी कृषकहरूको पहिचान गरिनेछ । |
| | १.१.२ कृषि उद्यमीहरूको उत्प्रेरणाका लागि वडास्तरमा उनीहरूको सोच र योजनाबारे सूचना संकलन गरी Start-up का लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.३ इच्छुक युवा तथा अन्य अगुवा कृषकहरूको लगत संकलन पश्चात पशुपन्छी तथा मत्स्य पालन सम्बन्धी असल अभ्यास तथा प्राविधिक पक्षहरूबारे वर्षमा एक पटक अभिमुखीकरण तालिम तथा अवलोकन भ्रमण सञ्चालन गरिनेछ । |
| १.२ युवा उद्यमीहरूलाई यसतर्फ आर्कषण गर्न विशेष सहुलियत प्रदान गर्ने । | १.२.१ निश्चित मापदण्डका आधारमा एकल तथा सामुहिक रुपमा पशुपन्छी पालनमा व्यवसायिक रुपमा जान खोज्ने कृषक, कृषक समूह तथा वैदेशिक रोजगारीवाट फर्किएका युवाहरूलाई व्याजमा अनुदान दिइने छ । |
| | १.२.२ उच्च मूल्य पर्ने पशुपन्छीजन्य उत्पादनका लागि आवश्यक उन्नत जातका नश्लको प्रर्वद्धन गर्न बोका तथा माउ आदिमा निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ । |
| | १.२.३ स्थानीय सहकारी तथा समूहमा व्यवसाय गर्न चाहनेहरूलाई निश्चित प्रतिशत ब्याज तथा सहुलियत तथा लगानीमा अनुदान प्रदान गरिनेछ । |
| | १.२.४ स्थानिय जातका लोकल कुखुरा, कालिज, बट्टाइ, बङ्गुर लगायत पशुपंक्षी पाल्न चाहने वेरोजगार युवाहरूलाई निश्चित मापदण्डका आधारमा venture capital को प्रबन्ध गरिनेछ । |

| | |
|---|---|
| १.३ पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता बृद्धि गर्ने । | १.३.१ पशुपालनलाई आवश्यक घाँसको उत्पादन वीउ तथा बेर्ना वितरण गरिनेछ । |
| | १.३.२ खेर गैरहेको जमिनमा घाँस रोप्न कृषकलाई प्रोत्साहन गर्न घाँसको व्यवसायिक उत्पादन सम्बन्धी तालिम सञ्चालन गरिनेछ । |
| | १.३.३ प्रत्येक वडामा पशुसेवा केन्द्रद्वारा प्रदान सेवालाई घुम्ती सेवा मार्फत विस्तार गरिनेछ । |
| | १.३.४ पशु बिमा कार्यक्रमलाई कृषक मैत्री र प्रभावकारी बनाउन बिमा कम्पनीको समन्वयमा अन्तर्कृया गरिनेछ । |
| | १.३.५ पशु रोग नियन्त्रणका लागि भ्याक्सिनेसन तथा Call Center को व्यवस्था गरिनेछ । |
| | १.३.६ उन्नत र उच्च प्रतिफल दिने पशुनश्ल सुधार तथा कृत्रिम गर्भाधान सेवालाई विस्तार गरिनेछ । |
| | १.३.७ स्थानीय उपजमा आधारित दाना उद्योग खोल्ने उद्यमीलाई मापदण्डका आधारमा सहुलियत प्रदान गरिनेछ । |
| | १.३.८ पशुशिक्षा प्रवर्द्धन गर्न वडास्तरमा कृषक पाठशाला सञ्चालन गरिनेछ । |
| | १.३.९ व्यवसायिक पशुपालक कृषकलाई लागत सहभागितामा Cow Mat वितरण गरिनेछ । |
| | १.३.१० पशुगोठ व्यवस्थापन तथा भकारो सुधार तालिम तथा अनुदान प्रदान गरिनेछ । |
| | १.३.११ पशुपालन पकेट क्षेत्र स्तरिय घाँस, बीज बैङ्क तथा डालेघाँस नर्सरी स्थापनाका लागी संम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.३.१२ गाउँपालिकामा संम्भाव्यता हेरी दुग्ध चिस्यान केन्द्र स्थापना गरिनेछ । |
| | १.३.१३ चल्ला उत्पादन गर्ने ह्याचरी उद्योग संचालनका लागी निजी क्षेत्र संग अर्न्तक्रिया गरी विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ । |

| उद्देश्य २ : पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने | २.१.१ गाउँपालिकाभर पालिने पशुपन्छीको विवरण अध्यावधिक गर्ने तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ । |
| | २.१.२ गाउँपालिकामा हरेक वर्ष पशुपन्छी जन्य उत्पादनको माग आपूर्तिको वस्तुपरक सूचना प्राप्त गरी उत्पादनलाई निर्यातमुखी बनाइनेछ । |
| | २.१.३ हरेक वर्ष गाउँपालिकाबाट निर्यात हुने पशुजन्य उत्पादनको वस्तुपरक सूचना अध्यावधिक गरिनेछ । |
| २.२ पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने | २.२.१ गाउँपालिकामा उत्पादन हुने पशुपन्छी संकलन केन्द्रको स्थापना गरिनेछ । |

| | |
|---|---|
| | २.२.२ पशुपन्छीजन्य उत्पादन निर्यात हुनसक्ने सम्भाव्य निकटवर्ती बजार तथा हाटबजारको मागको अध्ययन गनिरेछ । |
| | २.२.३ ती उत्पादनहरूको ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ तथा गुणस्तर जाँच गर्ने व्यवस्था मिलाईने छ । |
| | २.२.४ उत्पादन र मागको सन्तुलन कायम गर्न ठूला बजारका कृषि उपज संकलन तथा व्यापारीहरूसँग सम्पर्क तथा माग संकलन गर्ने संयन्त्रको निर्माण गरिनेछ । |

| उद्देश्य ३ : माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रबर्द्धन गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३.१ माछापालनमा इच्छुक कृषक पहिचान गर्ने । | ३.१.१ प्रत्येक वडामा सम्भाव्यताका आधारमा माछापालन गर्न चाहने र गरिरहेका कृषक पहिचान गरिनेछ । |
| | ३.१.२ माछापालन गर्न चाहने कृषकलाई प्राविधिक ज्ञान र सीपका लागि तालिमको व्यवस्था गरिनेछ । |
| ३.२ माछाका भूरामा अनुदान दिने । | ३.२.१ निश्चित मापदण्डका आधारमा माछापालक कृषकलाई पहिलो पटक भूरामा अनुदान दिइनेछ । |
| | ३.२.२ स्थानीय जलवायू अनुकूल उत्पादन हुनसक्ने माछाका बारेमा कृषकलाई जानकारी प्रदान गरिनेछ । |
| | ३.२.३ माछा उत्पादनसम्बन्धी सल्लाह दिन प्राविधिक सहयोग प्रदान गरिनेछ । |
| ३.३ माछाको स्थानीय माग पूरा गरी निर्यात गर्ने । | ३.३.१ स्थानीयस्तरमा उत्पादित माछाको खपत हुनसक्ने प्रमुख बजारहरूको अध्ययन गरिनेछ । |
| | ३.३.२ माछाको निर्यातका लागि संकलन, भण्डारण तथा प्याकेजिङ केन्द्रको स्थापना गरिनेछ । |
| ३.४ पोखरी निर्माणमा अनुदान तथा सहुलियत दिने । | ३.४.१ स्थानीय जल पर्यावरणीय प्रणालीको विकास गर्न वडास्तरमा नमूना माछापोखरी निर्माण गर्ने कृषकलाई लागत सहभागिता तथा ब्याजमा अनुदान दिईनेछ । |
| | ३.४.२ त्यस्ता पोखरी निर्माण गर्ने कृषकलाई प्राविधिक सहयोग प्रदान गरिनेछ । |
| | ३.४.३ गाउँपालिकामा खेर गैरहेका तर पानीको उपलब्धता हुनसक्ने क्षेत्रमा पोखरी निर्माण गरी ठेक्कामा लगाइने छ । |

## मत्स्य, पशुपंक्षी पालनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | | | | | | | | | | | | | | |
| १. | १.१ | १.१.१ | अगुवा तथा यूवा पशुपन्छी पालक कृषक पहिचान | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२ | व्यवसायिक पशुपन्छी पालनलाई Venture Capital को प्रबन्ध | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.३ | अगुवा तथा यूवा कृषक विशेष अभिमुखीकरण,तालिम तथा अवलोकन भ्रमण | | | | | | ✓ | ५ | | | | | |
| | १.२ | १.२.१ | व्यवसायिक पशुपन्छी पालक, युवा कृषक, वैदेशिक रोजगारीबाट फर्किएका युवालाई व्याज अनुदान | | | | | | ✓ | १० | | | | | |
| | | १.२.२ | उन्नत जातका बोका, राँगा, बहर तथा माउमा अनुदान | | | | | | | | ✓ | ५ | | | |
| | | १.२.३ | सामुहिक व्यवसाय गर्ने समूहलाई व्याजमा सहुलियत | | | | ✓ | ५ | | | | | | | |
| | | १.२.४ | बेरोजगार युवाहरूलाई पशुपंक्षीपालन विशेष Venture Capital | | | | | | | | ✓ | ५ | | | |
| | १.३ | १.३.१ | घाँसको बीउ तथा बेर्ना वितरण | | | | ✓ | २ | | | | | | | |
| | | १.३.२ | घाँसको व्यवसायिक उत्पादन सम्बन्धी कृषक तालिम | | | | ✓ | १ | | | | | | | |
| | | १.३.३ | पशुपन्छी स्वास्थ्य घुम्ती सेवा सञ्चालन | | | | | | ✓ | २ | | | | | |
| | | १.३.४ | पशुबीमा अनुदान तथा अन्तरक्रिया | | | | ✓ | ३ | | | | | | | |
| | | १.३.५ | पशुखोप घुम्ती सेवा | | | | ✓ | १ | | | | | | | |
| | | १.३.६ | उन्नत नश्ल तथा कृत्रिम गर्भाधान सेवा विस्तार | | | | | | ✓ | ३ | | | | | |
| | | १.३.६ | व्याड बोकामा अनुदान | | | | | | | | ✓ | ५ | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.३.७ | कृषिदाना उद्योग सहुलियत अनुदान | | | | | | ✓ | ५ | | | | | |
| | | १.३.८ | पशु कृषक पाठशाला सञ्चालन तथा शिक्षक प्रबन्ध | | | | | | | | ✓ | १० | | | |
| | | १.३.९ | लागत सहभागितामा Cow Mat वितरण | | | | | | | | ✓ | १० | | | |
| | | १.३.१० | पशुगोठ व्यवस्थापन तथा भकारो सुधार तालिम तथा अनुदान | | | | ✓ | २ | | | | | | | |
| | | १.३.१० | पशुगोठ व्यवस्थापन तथा भकारो सुधार अनुदान | | | | | | ✓ | ५ | | | | | |
| | | १.३.११ | पशुपालन पकेट क्षेत्र स्तरिय घाँस बीज बैङ्क स्थापना | | | | | | | | ✓ | ५ | | | |
| | | १.३.११ | डालेघाँस नर्सरी स्थापना संम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | १.३.१२ | दूध पकेट क्षेत्र स्तरिय चिस्यान केन्द्र स्थापना | | | | | | | | | | ✓ | ५ | |
| | | १.३.१३ | ह्याचरी उद्योग स्थापना संम्भाव्यता अध्ययन तथा नीजि क्षेत्र अन्तरक्रिया | | | | ✓ | १० | | | | | | | |
| २ | २.१ | २.१.१ | पशुपन्छी तथ्याङ्क अधावधिक प्रणाली निमार्ण | | | | | | | | ✓ | २ | | | |
| | | २.१.२ | वार्षिक पशुजन्य उत्पादन माग तथा आपूर्ति तथ्याङ्क प्रणाली निर्माण | | | | ✓ | १ | ✓ | १ | ✓ | १ | ✓ | १ | |
| | २.२ | २.२.१ | पशुपन्छी उपज संकलन केन्द्रको निर्माण | | | | | | ✓ | २ | | | | | |
| | | २.२.२ | पशुपंक्षी जन्य उत्पादन निर्यात बजारको माग अध्ययन | | | | ✓ | ५ | | | | | | | |
| | | २.२.३ | प्रशोधन, लेबलिङ, गुणस्तर मापन तथा ब्रान्डीङ सम्बन्धी तालिम | | | | | | | | ✓ | १ | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | २.२.४ | मुख्य उपभोक्ता बजार स्थित व्यापारीहरूसँग माग संकलन | | | | ✓ | १ | | | | | | | |
| ३. | ३.१ | ३.१.१ | माछा पालक कृषक विवरण संकलन | | | | ✓ | १ | | | | | | | |
| | | ३.१.२ | माछापालन तालिम सञ्चालन | | | | ✓ | २ | | | | | | | |
| | ३.२ | ३.२.१ | भुरा वितरण | | | | ✓ | ३ | | | | | | | |
| | | ३.२.२ | माछा पालन प्राविधिक सहयोग कक्ष स्थापना | | | | | | ✓ | ५ | | | | | |
| | ३.३ | ३.३.१ | स्थानीय तथा ठूला उपभोक्ता बजारमा मागको अध्ययन | | | | | | | | ✓ | ५ | | | |
| | | ३.३.२ | माछा संकलन भण्डारण तथा प्याकेजिङ केन्द्रको स्थापना | | | | | | | | ✓ | ५ | | | |

## अपेक्षित उपलब्धीहरू

- सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग भएको हुनेछ
- कृषि क्षेत्र व्यवसायिक र वैज्ञानिक भएको हुनेछ
- खाद्यान्न, मासु, अण्डा, दूधमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन हुनेछ
- कृषिमा युवा कृषकहरूको आर्कषण बढेको हुनेछ
- मध्य तथा उच्च पहाडि नमुना कृषि क्षेत्रको आवश्यक पूर्वाधारहरूको विकास भएको हुनेछ ।
- व्यवसायीक जडीबुटी उत्पादनको शुरुवात भएको हुनेछ ।

## ४.४ सहकारी

### पृष्ठभूमि

सहकारीले ग्रामीण पूँजीको संकलन र उचित सदुपयोगमार्फत आय आर्जन गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । राष्ट्रिय अर्थतन्त्रका ३ प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रूपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढीकरणमा मुख्य सहयोगी भूमिका हुन्छ । यस गाउँपालिकामा हाल विधिवत दर्ता भई सञ्चालनमा रहेका ३२ भन्दा बढी सहकारी संस्थाहरू रहेका छन् । यी संस्थाहरू महिला, ऋण तथा बचत, कृषि, दुग्ध, बहुउद्देश्यीय गरी सबै प्रकारका छन् । यी सहकारीहरू मुख्य गरी घना बस्ती भएका मुख्य बजार केन्द्रहरूमा केन्द्रित रहेका छन् । वडा नं ७ माझगाउँमा अवस्थित भीमकुल बचत तथा ऋण सहकारी संस्था लिमिटेड गोरखा जिल्लाकै दोश्रो उत्कृष्ट दरिएको सहकारी हो । वडा नं. १, २, ३ र ४ मा सामुदायिक विद्युत सहकारी कार्यरत रहेको छ ।यस्ता सहकारीलाईलाई रोजगारी तथा लगानी क्षेत्रमा बिस्तार गर्न सके गाउँपालिकाको अर्थोपार्जनमा महत्वपूण टेवा मिल्छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकामा बचत तथा ऋण, सामुदायिक विद्युत सहकारी, कृषि, महिला र दुग्ध सकहारी गरी ३२ वटाभन्दा बढी सहकारीहरू सक्रिय रहेका । |
| ▪ सहकारी क्षेत्रतर्फ क्रमश: जनताको आर्कषण बढ्दै गइरहेका कारण विविध बचत समुहहरू पनि सञ्चालनमा रहेका । |
| ▪ सामुहिकता र सहकार्यमार्फत आर्थिक विकासको सम्भावना रहेको । |
| ▪ कृषि उत्पादन र उपभोक्ता बिचमा पुलको काम गर्ने संस्थाको रुपमा<br>▪ सहकारीको विकास गर्न सकिने । |
| ▪ एक वडा एक विषयगत सहकारीको अवधारणा अगाडि बढाउन सकिने । |
| ▪ सहकारीको परिचालन, नियमन, अनुगमन र खारेजीसम्बन्धी अधिकार स्थानीय सरकारलाई प्राप्त भएको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ सहकारीको संख्यामा वृद्धि भएतापनि गुणात्मक विकास हुन नसकेको । |
| ▪ सहकारी क्रियाकलाप उत्पादनमुखी तथा रोजगारी सिर्जनाभन्दा पनि बचत तथा ऋण कारोबारमा बढी लगाव रहेको । |
| ▪ सहकारीमा आर्थिक अनुशासन कायम हुन नसक्दा आम नागरिकको बचत जोखिममा पर्ने गरेको । |
| ▪ सहकारीहरू अपेक्षित मूल्य, मान्यता तथा आदर्शका मर्म अनुसार विकास हुन नसकेका । |
| ▪ गाउँपालिकामा रहेका सहकारीलाई नियमन गर्ने निकायको प्रभावकारीतामा कमी रहेको । |
| ▪ सहकारी सम्बन्धी जनचेतनाको व्यापक विकास गर्नुपर्ने । |
| ▪ कृषि, उद्योग तथा व्यवसायिकता विकासमा सहकारी क्षेत्रको योगदान वृद्धि गर्नुपर्ने । |

| दीर्घकालीन सोच |
|---|
| सामुहिकता र सहकार्य मार्फत सबल ग्रामीण अर्थतन्त्र निर्माण । |
| **लक्ष्य** |
| सहकारीको संस्थागत विकास मार्फत आम बचतकर्ताको जीवनस्तर उकास्ने । |
| **उद्देश्यहरू** |
| ✓ सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि र कुशल व्यवस्थापन र बिस्तार गर्नु ।<br>✓ सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्रमा लाग्न उपयुक्त वातावरण निर्माण गर्नु । |

| उद्देश्य १ : सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि, कुशल व्यवस्थापन र विस्तार गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ सहकारी शिक्षाको माध्यामबाट जनचेतना अभिवृद्धि गर्ने । | १.१.१ स्थानीय सञ्चार माध्यमको सहयोगमा सहकारीको महत्व सम्बन्धमा नियमित जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ र सहकारी सञ्चालकहरूलाई संस्थागत क्षमता विकास गर्न संघीय तथा प्रदेश सरकारहरूको सहयोगमा क्षमता विकास अभिमुखीकरण तालिम सञ्चालन गर्ने । |
| | १.१.२ महिलाहरूलाई सहकारीतर्फ आकर्षण गर्न महिला सहकारी विस्तार उत्प्रेरणा तालिम सञ्चालन गर्ने । |
| | १.१.३ गाउँपालिकाका प्रत्येक कृषि सघन क्षेत्रलाई समेट्ने गरी कृषि सहकारी संस्था तथा दुग्ध उत्पादक किसानलाई समेट्ने दुग्ध सहकारी संस्था स्थापना गर्न समुदाय स्तरमा कृषक अर्न्तकृया सम्पन्न गरिनेछ । |
| | १.१.४ स्थानीय अग्रणी तथा सफल सहकारीहरू जस्तै भीमकुल बचत तथा ऋण सहकारी संस्था व्यवस्थापनका असल अभ्यासहरूलाई अन्य सहकारीहरूसँग सम्प्रेषण गर्ने । |
| १.२ उचित कार्यविधि तथा निर्देशिका निर्माण गरी नियमन तथा व्यवस्थापन गर्ने । | १.२.१ गाउँपालिकाले सहकारीको अनुमति, खारेजी तथा विघटनको पूर्ण अभिलेखिकरण गर्ने संयन्त्र तथा स्थानीय नीति कानून, मापदण्डको निर्माण गर्ने । |
| | १.२.२ सहकारीले स्थानीय अर्थतन्त्रमा पार्ने र पारेको प्रभावहरूको वस्तुगत अध्ययन गर्ने । |

| उद्देश्य २ : सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रका लाग्न उपयूक्त वातावरण निर्माण गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |

| | |
|---|---|
| २.१ सहकारी नीति परिमार्जन तथा निर्माण गरी ग्रामिण अर्थतन्त्र मैत्री बनाउने । | २.१.१ सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्र जस्तै कृषि, उद्योग तथा पर्यटनमा लगानी अभिवृद्धि गर्न स्थानीय सहकारी नीति र ऐनमा आवश्यक सूधार संशोधन र परिमार्जन गरिनेछ । |
| | २.१.२ अति विपन्न नागरिक तथा मजदुरहरूलाई सामुहिक बचत गर्ने बानी बसाल्न उत्प्रेरणा अभिमुखीकरण गरिनेछ । |
| | २.१.३ निश्चित मापदण्डका आधारमा बचत, लगानी तथा ऋण परिचालनमा अब्बल एक सहकारीलाई वार्षिक उचित पुरस्कारको व्यवस्था गरिनेछ । |
| | २.२.१ सहकारी खेतीलाई प्रोत्साहन गर्न कृषि सहकारी संस्थाको सहयोगमा व्यवसायिकता प्रबर्द्धन तालिम सञ्चालन गरिनेछ । |
| | २.२.२ सहकारीसँग उद्योग र सेवा क्षेत्र विस्तार गर्ने नीति अनुरुप सहकारीमा आधारित स्थानीय उद्योग र सेवाक्षेत्रको सम्भाव्यता अध्ययन गरिनेछ । |
| | २.२.३ सम्भाव्यता र लागत लाभका आधारमा सहकारी खेती वा उद्योग वा सेवा क्षेत्रमा लाग्न चाहने सहकारीका सरोकारवाला सदस्यहरूलाई व्यवसाय विशेष क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ । |
| | २.२.४ एक वडा एक विषयगत सहकारी स्थापना गरिनेछ । |
| | २.२.५ सहकारी संस्था सवलीकरण अन्तर्गत सम्भाव्य सहकारीहरूलाई गाभ्ने प्रक्रिया आरम्भ गर्न अन्तरक्रिया सञ्चालन गरिनेछ । |
| | २.२.६ वडा नं १,२, ३ र ४ मा सञ्चालनमा रहेको सामुदायिक विद्युत सहकारी क्षमता अभिवृद्धि गरिनेछ । |

## सहकारी क्षेत्रको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | स्थानीय सञ्चार माध्यम मार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन | | | | ✓ | ३ | | | | | | | |
| | | १.१.२ | महिला सहकारी विकास तथा विस्तार उत्प्रेरणा तालिम | | | | ✓ | १ | | | | | | | |
| | | १.१.३ | कृषि सघन क्षेत्रलाई समेट्ने गरी कृषि सहकारी संस्था तथा दुग्ध उत्पादक किसानलाई समेट्ने दुग्ध सहकारी संस्था स्थापना गर्न अन्तरक्रिया गर्ने | | | | | | ✓ | १ | | | | | |
| | | १.१.४ | अग्रणी सहकारीहरू असल अभ्यासहरूलाई अन्य सहकारीहरूसँग सम्प्रेषणका लागि अन्तरक्रिया कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | १.२ | १.२.१ | सहकारी व्यवस्थापन कार्यविधि प्याकेज, नीति, कानून तथा मापदण्ड निर्माण | | | | | | ✓ | २ | | | | | |
| | | १.२.२ | सहकारीको स्थानीय अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन | | | | ✓ | ५ | | | | | | | |
| | | १.२.३ | कृषि सघन क्षेत्र स्तरिय कृषि सहकारी संस्था विस्तारका लागि कृषक अर्न्तकृया कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| २. | २.१ | २.१.१ | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | २.१.२ | अति विपन्न नागरीक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण | | | | | | ✓ | ५ | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | २.१.३ | उत्कृष्ट सहकारी पुरस्कार प्रदान | | | | ✓ | १ | | | | | | | |
| | २.२ | २.२.१ | सहकारी खेती प्रवर्द्धन तालिम | | | | | | ✓ | १ | | | | | |
| | | २.२.२ | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | २.२.३ | सहकारी उद्योग तथा सेवा क्षेत्रमा जान चाहने उद्यमीलाई विशेष तालिम | | | | ✓ | १ | | | | | | | |
| | | २.२.४ | एक वडा एक विषयगत सहकारी स्थापना सहजीकरण | | | | | | | | ✓ | २ | | | |
| | | २.२.५ | सहकारी संस्था सवलीकरण अन्तर्गत सम्भाव्य सहकारीहरूलाई गाभ्ने प्रक्रिया आरम्भ गर्न अन्तरक्रिया सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | २.२.६ | सामुदायिक विद्युत सहकारी क्षमता अभिवृद्धि | | | | | | | | ✓ | १ | | | |

## अपेक्षित उपलब्धीहरू

- ✓ सहकारी संस्थाहरूको संस्थागत र गुणात्मक विकास हुने छ।
- ✓ सहकारी संस्थाहरूको क्षमता विकास र सेवा विस्तार हुने छ।
- ✓ कृषि, उद्योग, पर्यटन तथा सेवा क्षेत्रको विकासमा सहकारीको भूमिका वृद्धि हुने छ।
- ✓ महिलावर्गको सहकारी क्षेत्रमा सदस्यतामा संख्यामा उल्लेख्य वृद्धि हुने छ।
- ✓ विपन्न वर्गलाई सहकारीमा आवद्ध गर्न सहयोग पुग्ने छ।

## ४.५ पर्यटन

### पृष्ठभूमि

नेपालका राष्ट्रिय विभूति भीमसेन थापाको जन्म तथा आश्रयस्थल तथा गोरखनाथका अवतार मानिने राम शाहकालीन विख्यात् तान्त्रिक ज्योतिष दुल्लभको पनि क्रिडास्थलको रुपमा रहेको भिमसेनथापा गाउँपालिकामा पर्यटनको प्रचुर सम्भावना रहेको भएता पनि हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको दिगो विकास हुन सकेको छैन । विशेष गरी यो गाउँपालिकालाई ऐतिहासिक, धार्मिक पर्यटन, पर्यापर्यटन, पदयात्रा पर्यटन, साहसिक पर्यटन, जल पर्यटन र कृषि पर्यटनका हिसाबले विकास गर्न सकिन्छ । गाउँपालिकामा रहेका हिन्दू देवालय तथा मन्दिरहरूसाथै वौद्ध मार्गीहरूका विहार र गुम्बाहरू, मुस्लिमका मश्जिद र क्रिश्चियनका चर्चहरू समेत भएकोले ती क्षेत्रहरूको विकास मार्फत धार्मिक पर्यटन प्रर्वद्धन गर्न सकिन्छ, । साहसिक पर्यटन अर्न्तगत बुढिगण्डकी नदीमा ऱ्याप्टिङका साथै ट्रेकिङको समेत सम्भावना रहेको छ । क्षेत्री/बाहुन, दलित, नेवार, घर्ती, तामाङ, मुश्लिम, बराम, गुरुङ र मगरहरूको वाहुल्यता रहेको यस गाउँपालिकामा होमस्टे र साँस्कृतिक पर्यटनको उतिकै सम्भावना छ । त्यसैगरी अल्पसंख्यक बराम जातीहरूको बसोबास समेत रहेको यस गाउँपालिकामा उनीहरूको जातीय अध्ययनको लागि समेत उपयुक्त स्थल हुन सक्छ ।



| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ राष्ट्रिय विभूति भीमसेन थापासँग सम्बन्धित धरोहरहरू सत्यरुपा स्मृति उद्यान (महादेवटार), जर्नेली पौवा, भीमसेन थापा धारा, हिटी, चौतारा तथा राम शाहकालीन प्रख्यात तान्त्रिक ज्योतिष दुल्लभसँग सम्बन्धित **इट्लापोखरी,** डाँडागाउँ, मुडुलेथुम्को,तान्द्राङ कोट जस्ता स्थलहरू स्तरोन्नति भइरहेका । |
| ▪ वडा नं. ३ को दुल्लभको घडेरी मानिएको मुडुले थुम्को र सात पत्रे गुफालाई समावेश गरी नेपालको पुरातत्व विभागले विस्तृत परियोजना प्रतिवेदन (DPR)तयार गरिसकेको । |
| ▪ कयपानीदेखि तान्द्राङकोट कालिका मन्दिर(सिद्धकालिका मन्दिर)सम्म पुग्ने धार्मिक पदमार्ग निर्माण गर्ने क्रममा काशी चौतारादेखि सिद्धकालिक मन्दिरसम्म पदमार्ग निर्माण भइसकेको । |
| ▪ गाउँपालिका क्षेत्रभित्र वडा नं. १ मा ठूलो पोखरी, विन्द्रावती मन्दिर लगायतका मठ-मन्दिर आदि, वडा नं २ मा तान्द्राङकोट कालिका (सिद्धकाली मन्दिर), ओख्ले शिवालय मन्दिर आदि, वडा नं. ३ मा अमिलीचौर शिव मन्दिर, डाँडागाउँ मुडुले थुम्को, दुग्धेश्वर शिवालय आदि, वडा नं. ४ मा महादेव स्थान, सेरा पालिङ गुम्बा, कटारे ढुङ्गा, काशीधाट आदि, वडा नं. ५ मा शिवमन्दिर, देवीस्थान, कृष्ण मन्दिर, बगुवा मेथेल चर्च, वडा नं. ६ मा थरिचौतारो शिवालय मन्दिर, हर्राविसौना सल्लाघारी, झिँगटे जामे मश्जिद, गुफा भञ्ज्याङ शिव मन्दिर आदि, वडा नं. ७ मा क्यामुनटार भिमसेन थापा बगैंचा, कमल पोखरी, नारायणपुर नारायणस्थान आदि तथा वडा नं. ८ मा डाँडागाउँ कोटकाली मन्दिर, महादेवटार जागेश्वर मन्दिर, अमलाभञ्ज्याङ कृष्ण मन्दिर आदि क्षेत्र लगायतका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरू रहेका |
| ▪ वडा नं. १ को मसेल क्षेत्रलाई एभोकाडो र कुरिलो खेतीमार्फत एग्रो टुरिजम विकास गर्न भूमेडाँडोमा रिसोर्ट सञ्चालन तथा बराम समुदायको **भूमिस्थानलाई साँस्कृतिक** पर्यटनको विकास गर्न सकिने । |
| ▪ वडा नं २ कुलेडाँडादेखि तान्द्राङकोटसम्म जिप लाइन सञ्चालन गर्न सकिने । |
| ▪ पहिरो, भू-क्षय तथा भूकम्प जोखिमकाकारण निर्माण गरिएको वडा नं. ५ को एकीकृत मिलन बस्ती क्षेत्रलाई आकर्षक पर्यटकीय गाउँको रूपमा विकास गर्न सकिने । |
| ▪ गाउँपालिकामा भएका सामुदायिक वनहरूमा मचान बनाई जंगल अवलोकन गर्न सकिने । |
| ▪ वडा नं. ४ मा **इट्लापो**खरी जिणोद्धार गर्ने, महादेवस्थानमा भ्यू प्वाइन्ट बनाई प्रस्तावित बुढीगण्डकी जलाशय अवलोकन गराउने तथा बालुवाखेतको १५० मि जति अग्लो छहराको दृश्यावलोकन गर्ने जस्ता पर्यटकीय पूर्वाधारको विकास गर्न सकिने । |
| ▪ वडा नं.६ को जोगीडाँडामा प्याराग्लाइडिङ सञ्चालन गरी बगुवा वा नाङ्गेमा ल्यान्डिङ गराउन सकिने । |
| ▪ वडा नं. ८ को सत्यरुपा पार्क महादेवटारबाट बोर्लाङ चण्डीथानसम्म करिब ४ कि.मि. पदमार्ग तथा भीमसेन संग्रहालय निर्माण गरी पर्यटकलाई आकर्षित गर्न सकिने । |
| ▪ गाउँपालिकाका उपयुक्त स्थलमा निजीक्षेत्रलाई आकर्षित गरी गुणस्तरीय होमस्टे, होटेल तथा लजहरू खोल्ने नीति लिइएको । |
| ▪ गाउँपालिकाले पर्यटनलाई प्राथमिकताका साथ विकास गर्ने नीति लिएको । |
| ▪ स्थानीय मौलिक कला र संस्कृतिमा विशेष गरी बराम तथा लोपोन्मुख जातजातिको सांस्कृतिक विकास र संरक्षण गरी अध्ययन केन्द्रको रूपमा विकास गर्न खोजिएको । |
| ▪ पर्यटनका सबै प्रकारको सम्भावना भएको: उदाहरणका लागि रमणीय फाँट भएको, बुढीगण्डकी जलपर्यटन, सामुदायिक वनमा पर्यापर्यटन, औषधीय पर्यटन, कृषि पर्यटन आदिको प्रचुर विकास गर्न सकिने । |
| ▪ पर्यटनका विभिन्न आयामहरू जस्तै पर्यापर्यटन, जलपर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटनको विकास र विस्तार गर्न सकिने । |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ बराम लगायतका जातजातिको मौलिक संस्कृति, नाच, गीत, संगीत तथा अन्य अमूर्त सांस्कृतिक सम्पदाले सम्पन्न रहेकाले सांस्कृतिक पर्यटनको विकास गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ▪ मध्यपहाडी जटिल भूधरातल हुनुका साथै सबै सडक कच्ची अवस्थामा रहेकोले यातायाको भरपर्दो सुविधा नभएको । |
| ▪ घ्याम्पेसालका सिमित संख्यामा रहेका सामान्य होटेल बाहेक पर्यटक बस्न पर्याप्त र सुविधा सम्पन्न होटल तथा रेष्टुरेन्ट आदिको सुविधा नभएको |
| ▪ पर्यटन सूचना केन्द्र लगायतका सञ्चारका साधनहरूको पर्याप्त विकास नभएको |
| ▪ पर्यटक प्रहरी लगायतका पर्यटकको सुरक्षाको उचित प्रबन्ध नभएको |
| ▪ आपतकालीन उद्धारको उचित व्यवस्था नभएको |
| ▪ एकीकृत पर्यटन विकासको योजना नबनेको |
| ▪ पर्यटकीय स्थलहरूको उचित भौतिक पूर्वाधारको विकास नभएको । |
| ▪ आकस्मिक स्वास्थ्य उपचार सेवा पर्याप्त नभएको । |
| ▪ पर्यटक पथप्रर्दशक तथा व्यावसायिक ट्राभल ऐजेन्सीहरू नभएको । |
| ▪ सिमित मात्रामा रहेका बैङ्कहरूको भरपर्दो ए.टि.एम. तथा मोवाइल बैङ्किङ सुविधा नभएको । |
| ▪ गाउँपालिकाका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नभएको । |
| ▪ गाउँपालिकाको सिमित आयश्रोतका कारण पर्यटकीय पूर्वाधार विकास गर्न चुनौतीपूर्ण भएको । |
| ▪ निजी क्षेत्रलाई आर्कषण गर्नुपर्ने चुनौती रहेको । |
| ▪ बाह्य पर्यटकहरूको प्रभावले मौलिक संस्कृति लोप हुन सक्नेतर्फ सजग हुनुपर्ने । |
| ▪ पर्यटकहरूका कारण सामाजिक विकृतिहरू बढ्न सक्ने जोखिम रहेको । |

## दीर्घकालीन सोच

पर्यटन पूर्वाधार विकास : आर्थिक, सामाजिक र सांस्कृतिक सम्बृद्धिको आधार

## लक्ष्य

आर्थिक, सामाजिक र साँस्कृतिक सम्पन्नताका लागि आगामी ५ वर्षमा पर्यटन क्षेत्रलाई एक आर्थिक आधारशिलाको रुपमा विकास गर्ने ।

## उद्देश्यहरू

✓ आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु ।
✓ कृषि पर्यटनको आधार विकास गर्नु ।
✓ जल पर्यटनको विकास गर्नु ।
✓ ऐतिहासिक तथा धार्मिक पर्यटनको विकास गर्नु ।
✓ साहसिक, पदयात्रा तथा पर्यापर्यटनको विकास गर्नु ।

| उद्देश्य १ : आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने सडकहरूको स्तरोन्नति गर्ने | १.१.१ प्रमुख पर्यटकीय क्षेत्रको विस्तृत विवरण र त्यहाँ पुग्ने प्रमुख मार्गहरूको वस्तुगत विवरण संकलन गरी प्रकाशन गरिनेछ । |
| | १.१.२ संघीय र प्रादेशिक सरकारको सहयोगमा ती प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने सडक विस्तार तथा स्तरोन्नति गरिनेछ । |
| १.२ पर्यटन सूचना व्यवस्थापन तथा सूचना केन्द्रलाई पूर्वाधार सम्पन्न बनाउने | १.२.१ गाउँपालिकास्तरीय एक पर्यटन सूचना केन्द्रको स्थापना गरिनेछ । |
| | १.२.२ पर्यटकलाई आवश्यक सम्पूर्ण सूचना जस्तै जानकारी, सावधानी, नक्सा, हावापानी, परिकार मेनु तथा सुरक्षा, मूल्य सूची, बसोबास सम्बन्धी विवरण संकलन गरी सूचना केन्द्रमा अध्यावधिक गरिनेछ । |
| | १.२.३ पर्यटकीय क्षेत्र वरपर इन्टरनेट हटस्पटको प्रवन्ध गरिनेछ । |
| | १.२.४ पर्यटन वेभसाइट निर्माण गरिनेछ । |
| | १.२.५ पर्यटन क्यालेन्डरको विकास गरिनेछ । |
| | १.२.६ पर्यटन सम्बद्ध पत्रकारहरूसँग पत्रकार सम्मेलन गरिनेछ । |
| १.३ बसोवासको र सुरक्षाको आवश्यक प्रबन्ध गर्ने | १.३.१ गाउँपालिकामा आउने पर्यटकलाई बसोबासको बन्दोवस्ती गर्न निजी क्षेत्रसँग अर्न्तकृया गरी होटल, रिसोर्ट खोल्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.३.२ ठूला होटल तथा रिसोर्टको तत्काल व्यवस्था गर्न नसक्ने स्थितिमा विशेष गरी बराम, क्षेत्री र मगर वस्ती क्षेत्रमा घरवास पर्यटन प्रर्वद्धन गरिनेछ । |
| | १.३.३ गाउँपालिकास्तरिय एक गेस्टहाउसको निर्माण गरिनेछ । |
| | १.३.४ गाउँपालिकास्तरीय आकस्मिक उद्धार संयन्त्रको व्यवस्था गरिनेछ । |
| | १.३.५ पर्यटक आकस्मिक स्वास्थ्य सेवाको प्रवन्ध गरिनेछ । |
| १.४ पर्यटन क्षेत्र स्तरिय योजना र पर्यटन विकास समिति निर्माण गर्ने | १.४.१ पर्यटन क्षेत्र स्तरीय समितिका सदस्यहरूलाई पर्यटक व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ । |
| | १.४.२ समिति मार्फत स्थानीय उत्पादन जस्तै रैथाने परिकार, चिनोको सामान, साँस्कृतिक गतिविधि, मेला सञ्चालनगर्न तालिम तथा अभिमुखीकरण गरिनेछ । |
| | १.४.३ पर्यटन व्यवसायमा लाग्न इच्छुक युवा तथा लगानीकर्ताको पहिचान गरी अन्तरक्रिया गरिनेछ । |
| | १.४.४ घरबास पर्यटन तथा अन्य पर्यटन प्रर्वद्धन गर्न पर्यटन व्यवसायिलाई लागत सहभागितामा Hospitality तालिम सञ्चालन गरिनेछ । |
| | १.४.५ समग्र क्षेत्रलाई समेटेर एक पर्यटन विकास गुरुयोजना निर्माण गरिनेछ । |

| उद्देश्य २ : कृषि पर्यटनको आधार विकास गर्नु | |
|---|---|
| रणनीति | कार्यनीति |
| २.१ सघन कृषि क्षेत्रको विकास गर्ने | २.१.१ फलफुल, जडिवुटी, पशुपंक्षीपालन तथा नगदेबाली नमुना सघन क्षेत्रहरूको राष्ट्रिय र क्षेत्रियस्तरका प्रचारप्रसार गर्न पत्रकार सम्मेलन गरिनेछ । |
| | २.१.२ कृषि विषय अध्ययनरत विद्यार्थीहरूलाई परियोजना कार्य तथा अध्ययनका लागि कृषि क्याम्पससँग समन्वय गरी गाउँपालिकामा आर्कषण गरिनेछ |
| | २.१.३ वडा नं. १ मसेललाई एभोकाडो, कफि र चिया तथा वडा नं ५ बगुवा खत्रीगाउँलाई कागती र कफि उत्पादनको नमूना क्षेत्रको रुपमा विकास गरी पर्यटन प्रवर्धन गरिनेछ । |
| | |

| उद्देश्य ३ : जल पर्यटनको विकास गर्ने | |
|---|---|
| रणनीति | कार्यनीति |
| ३.१ जल पर्यटन पूर्वाधार विकास गर्ने | ३.१.१ जल पर्यटन विकास गर्न बुढी गण्डकी नदीका प्रमुख तटीय क्षेत्रहरूमा सम्भाव्यता अध्ययन गरिनेछ । |
| | ३.१.२ सम्भाव्य क्षेत्रमा होटल तथा रिसोर्ट खोल्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |
| | ३.१.३ बुढीगण्डकी नदीमा र्‍याप्टिङ रुटको संम्भाव्यता अध्ययन गरिनेछ । |
| | ३.१.४ गाउँपालिकाभर रहेका पोखरी,जलाशय, झरना तथा बुढीगण्डकी जलाशय समेतको विवरण संकलन गरी जलपर्यटन एकिकृत योजना निर्माण गरिनेछ । |

| उद्देश्य ४ : ऐतिहासिक तथा धार्मिक पर्यटनको विकास गर्ने | |
|---|---|
| रणनीति | कार्यनीति |
| ४.१ धार्मिक स्थलको निर्माण र जिर्णोद्वार गर्ने | ४.१.१ मुख्य ऐतिहासिक तथा धार्मिक स्थलहरूको डि.पि.आर तथा गुरुयोजना तयार पारिनेछ । |
| | ४.१.३ प्राथमिकता प्राप्त धार्मिकस्थलको जिर्णोदार तथा निर्माण कार्य थालनी गरिनेछ । |
| | ४.१.४ प्रत्येक वडामा रहेका प्रमुख धार्मिक स्थलहरूको समग्र व्यवस्थापन योजना निर्माण गरिनेछ । |
| ४.२ गाउँपालिकाका पर्यटकीय स्थलहरूको प्रचार प्रसार गर्ने | ४.२.१ काठमाडौं, पोखरा, धादिङ बेसी र गोरखा बजारमा भिमसेनथापा पर्यटकीय क्षेत्र प्रचारप्रसार संयन्त्र निर्माण गरिनेछ । |
| | ४.२.२ सबै धार्मिक क्षेत्र समेटेर वृतचित्र निर्माण गरी सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गरिनेछ । |

| उद्देश्य ५ : साहसिक, पदयात्रा तथा पर्यापर्यटनको विकास गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ५.१ गाउँपालिका भर संञ्चालन गर्न सकिने सम्पुर्ण पदमार्गहरूको संम्भाव्यता अध्ययन तथा साहसिक पर्यटन पुर्वाधार विकास गर्ने । | ५.१.१ गाउँपालिकाभर संञ्चालन हुनसक्ने पदमार्गहरूको पहिचान गरिनेछ । |
| | ५.१.२ साहसिक पर्यटन अर्न्तगत गर्न सकिने कृयाकलापहरू जस्तै प्याराग्लाइडिङ, जिप लाइन  लगायतका गतिविधिहरूको सम्भाव्यता अध्ययन गरी विवरण प्रकाशन गरिनेछ । |
| | ५.१.३ प्रत्येक पदमार्गमा पदयात्रा प्याकेज निर्माण गरी पर्यटन सूचना प्रणालीमा आवद्ध गरिनेछ । |
| | ५.१.४ परम्परागत रुपमा प्रचलनमा रहेका स्थानीय गोरेटो र घोडेटोहरुलाई बायोइन्जिनियरिङ प्रविधिद्वारा स्तरोन्नति गरी पदमार्ग तथा पर्यापर्यटनसँग आवद्ध गरिने छ । |
| | ५.१.५ सत्यरुपा स्मृति उद्यान महादेवटार, जर्नेली पौवा भिमसेनथापाको धारा, हिटी चौतारा, चण्डीथान, कमलपोखरीहुँदै कोटकालीसम्मको भिमसेनथापा नमूना पदमार्ग डि . पि. आर तथा एकिकृत पर्यटन विकास योजना तयार पारिनेछ । |
| | ५.१.६ स्थानीय जातजाति र संस्कृति विशेष शैक्षिक पर्यटन प्रर्वद्धन कार्यक्रम स्वरुप वडा नं ५ मिलन बस्तीलाई एकीकृत नमूना बस्ती पर्यटन प्रवर्द्धन गरिनेछ । |
| | ५.१.७ वडा नं ८ मा भीमसेनथापाको हवेली पुर्ननिर्माण भीमसेन थापासँग सम्बन्धित ऐतिहासिक धरोहरहरू जस्तै धरहरा, सुन्धारा लगायतको नमूना निर्माण गरी संग्रहालय निर्माण गरिनेछ । |
| | ५.१.८ वडा न. ४ बालुवाखेत स्थित करिव १५० मि. अग्लो छहराको दृश्यावलोकन प्रवन्ध मिलाइनेछ । |
| | ५.१.९ वडा नं. ४ महादेवस्थानमा भ्यूपोइन्ट बनाई सम्भावित बुढीगण्डकी जलाशय अवलोकनको व्यवस्था मिलाइनेछ । |
| | ५.१.१० वडा नं २ कुलेडाँडादेखि तान्द्राङकोटसम्म जिप लाईन सञ्चालन गरिनेछ । |

## पर्यटन क्षेत्रको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | पर्यटन Profile निर्माण | | | | ✓ | १० | | | | | | | |
| | | १.१.२ | गाउँपालिकाका मुख्य पर्यटकीय केन्द्र जोड्ने सडकहरूको स्तरोन्नती | | | | | | ✓ | २५ | | | | | |
| | १.२ | १.२.१ | पर्यटन सूचना केन्द्रको स्थापना | | | | | | ✓ | ५ | | | | | |
| | | १.२.२ | पर्यटन सम्बन्धी समग्र जानकारी समेट्ने ब्रोसर निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | १.२.३ | प्रमुख पर्यटकीय क्षेत्रमा Hotspot सेवाको प्रबन्ध | | | | ✓ | १ | | | | | | | |
| | | १.२.४ | पर्यटन (Portal) वेबसाइट निर्माण | | | | ✓ | ५ | | | | | | | |
| | | १.२.५ | वार्षिक पर्यटन पात्रोको निर्माण | | | | ✓ | १ | ✓ | १ | ✓ | १ | ✓ | १ | |
| | | १.२.६ | पर्यटन सम्बन्धी पत्रकार सम्मेलन | | | | ✓ | २ | | | | | | | |
| | १.३ | १.३.१ | सम्भाव्य स्थानमा होटल तथा रिसोर्ट खोल्न नीजि क्षेत्रसँग अन्तरक्रिया | | | | | | ✓ | १ | | | | | |
| | | १.३.२ | आदिवासी जनजाती सघन क्षेत्रमा होमस्टे सञ्चालन तालिम प्रदान | | | | | | ✓ | १ | | | | | |
| | | १.३.३ | पालिकास्तरीय गेष्ट हाउस निर्माण | | | | | | | | ✓ | ५० | | | |
| | | १.३.४ | आकसिम्क उद्धार संयन्त्रको निर्माण | | | | ✓ | १० | | | | | | | |
| | | १.३.५ | पर्यटक आकस्मिक स्वास्थ्य सेवाको प्रबन्ध | | | | ✓ | ५ | | | | | | | |
| | १.४ | १.४.१ | पर्यटन क्षेत्र व्यवस्थापन समितिका सदस्यहरूलाई व्यवस्थापन तालिम तथा अभिमुखीकरण | | | | ✓ | १ | | | | | | | |
| | | १.४.२ | स्थानीय मौलिक उत्पादन, चिनो, परिकार आदि निर्माण तालिम | | | | ✓ | १ | | | | | | | |
| | | १.४.३ | पर्यटन व्यवसायमा व्यवसायिक रुपमा लाग्न चाहने उद्यमीहरू संग अर्न्तकृया | | | | ✓ | १ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.४.४ | घरबास तथा अन्य पर्यटन सम्बन्धी आतिथ्य सत्कार तालिम | | | | | | ✓ | २ | | | | | |
| | | १.४.५ | पर्यटन विकास गुरुयोजना निर्माण | | | | ✓ | १० | | | | | | | |
| २. | २.१ | २.१.१ | नमूना सघन कृषि क्षेत्रहरूको प्रचार प्रसार | | | | | | ✓ | १ | | | | | |
| | | २.१.२ | कृषि क्याम्पस तथा विद्यार्थीहरूसँग अन्तरक्रिया | | | | ✓ | १ | | | | | | | |
| | | २.१.३ | वडा नं. १ मसेललाई एभोकाडो, कफि र चिया तथा वडा नं ५ बगुवा खत्रीगाउँलाई कागती र कफि उत्पादनको नमूना क्षेत्र विकास | | | | | | | | ✓ | ५ | | | |
| ३. | ३.१ | ३.१.१ | जल पर्यटन सम्बन्धी सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | ३.१.२ | जल पर्यटन प्रवर्द्धन गर्न नीजि क्षेत्रसँग अन्तरक्रिया | | | | | | ✓ | १ | | | | | |
| | | ३.१.३ | बुढि गण्डकी नदीमा र्‍याफ्टिङ रुटको सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | ३.१.४ | जलपर्यटन एकिकृत योजना निर्माण | | | | | | | | ✓ | ५ | | | |
| ४ | ४.१ | ४.१.१ | गाउँपालिकाका निम्न प्रमुख ऐतिहासिक तथा धार्मिक स्थलहरूको गुरुयोजना तथा डि.पि.आर. निर्माण : | | | | | | ✓ | १३२ | | | | | |
| | | ४.१.१ | वडा नं ८ सत्यरुपा स्मृति पार्क | | | | | | | | | | ✓ | १० | |
| | | ४.१.१ | वडा नं ८ जर्नेली पौवा भीमसेन थापा धारा र हिटी चौतारा | | | | | | | | | | ✓ | १० | |
| | | ४.१.१ | वडा नं २ तान्द्राकोट कालिका मन्दिर (सिद्धकाली मन्दिर) | | | | | | | | ✓ | १५ | | | |
| | | ४.१.१ | वडा नं. १ को ठूलो पोखरी | | | | | | | | ✓ | १० | | | |
| | | ४.१.१ | वडा नं. ३ को दुल्लभको घडेरी मानिएको मुडुले थुम्को | | | | | | ✓ | १२ | | | | | |
| | | ४.१.१ | वडा नं. ३ को सात पत्रे गुफा | | | | | | | | | | ✓ | १० | |
| | | ४.१.१ | वडा नं. ४ को इट्लापोखरी | | | | | | ✓ | १० | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | ४.१.१ | वडा नं. ४ काशीघाटमा पशुपतिनाथको मन्दिर | | | | | | | | ✓ | १० | | | |
| | | ४.१.१ | वडा नं ६ अश्राङको चण्डी मन्दिर | | | | | | | | ✓ | १५ | | | |
| | | ४.१.१ | वडा नं ६ जामे मस्जिद, झिँगटे | | | | | | | | | | ✓ | १५ | |
| | | ४.१.१ | गाउँ वडा नं. ७ को क्यामुनटार भिमसेन थापा बगैंचा र कमल पोखरी | | | | | | ✓ | १५ | | | | | |
| | | ४.१.३ | प्रमुख धार्मिक क्षेत्रहरूको जिर्णोद्वार तथा निर्माण : | | | | | | ✓ | ६१ | | | | | |
| | | ४.१.३ | वडा नं ८ सत्यरुपा स्मृति पार्क | | | | | | | | | | ✓ | ५ | |
| | | ४.१.३ | वडा नं ८ जर्नेली पौवा भीमसेन थापा धारा र हिटी चौतारा, भीमसेनथापा हवेली तथा बृहत पार्क | | | | | | | | | | ✓ | ५ | |
| | | ४.१.३ | वडा नं २ तान्द्राकोट कालिका मन्दिर (सिद्धकाली मन्दिर) | | | | | | | | ✓ | १० | | | |
| | | ४.१.३ | वडा नं. १ को ठूलो पोखरी | | | | | | | | ✓ | ५ | | | |
| | | ४.१.३ | वडा नं. ३ को दुल्लभको घडेरी मानिएको मुडुले थुम्को | | | | | | ✓ | ५ | | | | | |
| | | ४.१.३ | वडा नं. ३ को सात पत्रे गुफा | | | | | | | | | | ✓ | ७ | |
| | | ४.१.३ | वडा नं. ४ को इट्लापोखरी | | | | | | ✓ | ५ | | | | | |
| | | ४.१.३ | वडा नं. ४ काशीघाटमा पशुपतिनाथको मन्दिर | | | | | | | | ✓ | ७ | | | |
| | | ४.१.३ | वडा नं ६ अश्राङको चण्डी मन्दिर | | | | | | | | ✓ | ५ | | | |
| | | ४.१.३ | वडा नं ६ जामे मस्जिद, झिँगटे | | | | | | | | | | ✓ | ७ | |
| | | ४.१.३ | गाउँ वडा नं. ७ को क्यामुनटार भिमसेन थापा बगैंचा र कमल पोखरी | | | | | | ✓ | ८ | | | | | |
| | | ४.१.४ | वडास्तरिय धार्मिक स्थलहरू व्यवस्थापन योजना: | | | | | | ✓ | ३५ | | | | | |
| | | ४.१.४ | वडा नं. १ को ठूलो पोखरी | | | | | | | | ✓ | ५ | | | |
| | | ४.१.४ | वडा नं. ३ को दुल्लभको घडेरी मानिएको मुडुले थुम्को र सात पत्रे गुफा | | | | | | | | | | ✓ | ८ | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | ४.१.४ | वडा नं. ४ को इट्लापोखरी | | | | | | ✓ | ५ | | | | | |
| | | ४.१.४ | वडा नं. ४ काशीघाटमा पशुपतिनाथको मन्दिर | | | | | | | | ✓ | ४ | | | |
| | | ४.१.४ | वडा नं ६ अश्राङको चण्डी मन्दिर | | | | | | | | ✓ | ३ | | | |
| | | ४.१.४ | वडा नं ६ जामे मस्जिद, झिँगटे | | | | | | | | | | ✓ | ५ | |
| | | ४.१.४ | गाउँ वडा नं. ७ को क्यामुनटार भिमसेन थापा बगैंचा र कमल पोखरी | | | | | | ✓ | ५ | | | | | |
| | ४.२ | ४.२.१ | काठमाडौं, पोखरा, धादिङ वेसी र गोरखा बजारमा भिमसेनथापा पर्यटकीय क्षेत्र प्रचारप्रसार संयन्त्र निर्माण | | | | ✓ | ५ | | | | | | | |
| | | ४.२.२ | धार्मिक तथा अन्य पर्यटकीय क्षेत्र समेटेर एक वृत्त चित्र निर्माण | | | | | | ✓ | ३ | | | | | |
| **५.** | ५.१ | ५.१.१ | गाउँपालिकाका प्रमुख पर्यटकीय पदमार्ग पहिचान | | | | ✓ | २ | | | | | | | |
| | | ५.१.१ | वडा नं. २ को कयपानी- तान्द्राङकोट कालिका मन्दिर धार्मिक पदमार्ग | | | | | | | | ✓ | ३ | | | |
| | | ५.१.१ | सत्यरुपा स्मृति उद्यान महादेवटार, जर्नेली पौवा भिमसेनथापाको धारा, हिटी चौतारा, चण्डीथान, कमलपोखरीहुँदै कोटकालीसम्मको भिमसेनथापा पदमार्ग | | | | | | | | ✓ | ५ | | | |
| | | ५.१.२ | साहसिक पर्यटन गतिविधि सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | ५.१.२ | वडा नं.६ को जोगीडाँडामा प्याराग्लाइडिङ सञ्चालन | | | | | | | | | | ✓ | १५ | |
| | | ५.१.३ | पदमार्गमा पदयात्रा प्याकेज निर्माण | | | | | | ✓ | ५ | | | | | |
| | | ५.१.४ | परम्परागत गोरेटो तथा घोडेटोको स्तरोन्नति | | | | | | | | ✓ | १० | | | |
| | | ५.१.६ | स्थानिय जातजाति र संस्कृति विशेष शैक्षिक पर्यटन प्रर्वद्धन कार्यक्रम | | | | ✓ | ७ | | | | | | | |
| | | ५.१.६ | वडा नं ५ मिलन बस्तीलाई एकीकृत नमूना बस्ती पर्यटन प्रवर्द्धन । | | | | | | | | ✓ | १० | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | ५.१.७ | वडा नं ८ मा भिमसेनथापा संग्रहालय निर्माण | | | | | | | | | | ✓ | ८ | |
| | | ५.१.८ | वडा न. ४ महादेवस्थानमा भ्यूपोइन्ट बनाई सम्भावित बुढीगण्डकी जलाशय अवलोकन | | | | | | | | ✓ | ५ | | | |
| | | ५.१.९ | बुढीगण्डकी विशेष जलाशय क्षेत्र घोषणा | | | | ✓ | ३ | | | | | | | |
| | | ५.१.९ | वडा न. ४ बालुवाखेतको छहरा दृश्यावलोकन पूर्वाधार निर्माण | | | | | | | | | | ✓ | २० | |
| | | ५.१.१० | वडा नं २ कुलेडाँडादेखि तान्द्राङकोटसम्म जिप लाईन सञ्चालन | | | | | | | | ✓ | १५ | | | |

## अपेक्षित उपलब्धीहरू

- ✓ आधारभूत पर्यटन पूर्वाधारको विकास हुनेछ ।
- ✓ कृषक पर्यटकहरूको आवागमन हुनेछ ।
- ✓ बुढीगण्डकी नदी तथा सम्भावित जलाशयमा जल पर्यटनको विकास भई पर्यटक आवागमन बढ्ने छ ।
- ✓ धार्मिक क्षेत्रको एकीकृत विकास हुनेछ ।
- ✓ शैक्षिक पर्यटकहरूको आवागमन शुरु हुनेछ

## ४.६ खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति

### पृष्ठभूमि

मुख्यतया कृषि, पशुपालन पेशामा संलग्न घरपरिवारको संख्या बढी भएको ग्रामीण इलाका भएकोले मध्यम र ठूलो स्तरका उपभोक्ता बजारहरूको यहाँ उचित विकास भएको छैन तसर्थ उद्योग, व्यापार र वाणिज्य क्षेत्रको आधारभूत तहबाट नै विकास हुन बाँकी छ । यद्यपि कृषिमा आधारित केही साना उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ संचालनमा रहेका छन् । वडा नं २ थलाथुम्कोमा फलाम खानी, वडा न. ८ को महादेव थानको छेउमा तामाखानी रहेको भनी स्थानियबासी बताउँछन् । स्थानीयका अनुसार यी र यस्ता सम्भावित क्षेत्रमा सम्वधित निकायले उत्खनन गरी प्रमाणित भएमा खानी खनिजबाट नै गाउँपालिकाले आर्थिक विकासका क्षेत्रमा फड्को मार्ने निश्चित छ । त्यसैगरी वडा नं २ काउलेमा, वडा नं ३ को डाँडाबेशीमा ग्रिल उद्योग, वडा नं २ पौवा, ओख्ले र रातमाटे, वडा नं. ५ बगुवा तथा वडा नं ७ को क्यामुनटारमा फर्निचर उद्योगहरू रहेका छन् । वडा नं १, २, ३, ५, ६ र ७ का विभिन्न ठाँउमा कालीमाटी खानी, रातोमाटो खानी, कमेरोमाटो खानी रहेका छन् । कुटानी पिसानी मिलहरू भने प्रायश प्रत्येक वडाका टोलहरूमा सञ्चालनमा रहेका छन । तर्सथ खनिजमा आधारित उद्योगहरूको राम्रो सम्भावना भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ ।



घ्याम्पेसल बजार

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
| --- |
| ▪ गाउँपालिकाको घ्याम्पेसाल, लामाचौर, झिँगटे, अश्राङ ठाँटी र बोर्लाङ ठाँटी मुख्य बजारकेन्द्रहरूको रूपमा रहेका । |
| ▪ बुढीगण्डकी नदी, दरौँदी नदी, मोदी खोला, ज्यादुल खोला, स्तुल खोला, बुर्लुङ खोला आदिका बगरमा क्रसर उद्योग विकास र बिस्तार गर्न सकिने । |
| ▪ गाउँपालिकामा उपलब्ध जल सम्पदामा आधारित मिनरल वाटर उद्योग स्थापना गर्न सकिने । |
| ▪ कृषिमा आधारित औद्योगिक कच्चा पदार्थको उपलब्धता रहेको । |
| ▪ पशुजन्य उत्पादनमा आधारित डेरी तथा मासु, हाड, छाला प्रशोधन उद्योगहरूको स्थापना गर्न सकिने । |
| ▪ वनस्पती, जडीबुटीमा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने । |
| ▪ व्यावसायिक रूपमा बाखा, कुखुरा, गाई, तथा भैसीपालन भइरहेको । |
| ▪ स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्न सकिने । |
| ▪ औद्योगिक पूर्वाधारहरूको यथोचित विकास गर्न सके गाउँपालिकामा रोजगारीको सम्भावना र अवसरहरूको प्रचुरता रहेको । |
| ▪ वन क्षेत्रमा उत्पादनशील वन व्यवस्थापन गरी जडीबुटी प्रशोधनसम्बन्धी उद्योग विकास गर्न सकिने । |
| ▪ गाउँपालिका भित्र सञ्चालित व्यवसायलाई दर्ता नवीकरण तथा अन्य कानूनी प्रक्रियामा सरलता ल्याई प्रर्वद्धन र संरक्षण गर्न सकिने । |
| ▪ जडीबुटी प्रशोधन उद्योग, डेरी उद्योग र हस्तकलामा आधारित घरेलु उद्योगहरूको विकास गर्न सकिने । |
| ▪ काष्ठ उद्योगहरूको सञ्चालन गर्न सकिने । |
| ▪ सिलाइ/कटाइ/बुनाइ, मैनबत्ती बनाउने तालिम, मोटरसाईकल तथा साइकल मर्मत तालिम, कृषिजन्य तालिम प्रदान गरी साना तथा घरेलु उद्योगको लागि दक्ष जनशक्ति तयार गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
| --- |
| ▪ उद्योगको प्रचुर सम्भावना भए तापनि औद्योगिक पूर्वाधारहरू जस्तै सडक, उर्जा, पूँजी, दक्ष जनशक्ति, प्रविधि आदिको अवस्था अत्यन्त कमजोर रहेको । |
| ▪ औद्योगिक उत्पादनको सीप सिकाउने शिक्षा प्रणाली नभएको । |
| ▪ गाउँपालिकाका बजार केन्द्रहरूमा ठूलो स्तरको आर्थिक गतिविधि नभएका । |
| ▪ निजी क्षेत्रको लगानी आर्कषण गर्न नसकिएको । |
| ▪ बैङ्क तथा वित्तीय संस्थाहरूको शाखा स्थापना गर्न बचतकर्ताको कमि रहेको । |
| ▪ वित्तीय सुरक्षाको पर्याप्त प्रत्याभूति नभएको । |
| ▪ उद्योगमा संलग्न मजदुर तथा औद्योगिक क्रियाकलापका दौरान सामाजिक जटिलता, अपराध आदिको वृद्धि हुन सक्ने । |
| ▪ लगानी सुरक्षाको वातावरण आवश्यक पर्ने साथै ठूलो आकारको लगानीको व्यवस्था गर्नुपर्ने। |
| ▪ औद्योगिक पूर्वाधार विकासमा यथेष्ट बजेट व्यवस्था गरी योजनाबद्ध ढङ्गले लाग्नु पर्ने । |
| ▪ उद्योग विकासको लागि सडक, यातायात, विद्युत् तथा अन्य भौतिक पूर्वाधारको विकास गर्नुपर्ने । |
| ▪ विभिन्न प्रकारका उद्योगहरू स्थापना गर्दा औद्योगिक प्रदूषण वृद्धि हुन सक्ने । |

| दीर्घकालीन सोच |
| --- |
| गाउँपालिकाको आर्थिक वृद्धिदर कृषि, वन र पर्यटनमा आधारित उद्योगको भर |
| **लक्ष्य** |
| आगामी पाँच वर्षमा गाउँपालिकाको कूल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान कम्तीमा २० प्रतिशत पुऱ्याई रोजगारी श्रृजना गर्ने |
| **उद्देश्यहरू** |
| ✓ उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु<br>✓ गाउँपालिकामा उत्पादन हुने स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापना मार्फत आर्थिक वृद्धिदर हासिल गर्नु<br>✓ स्थानीय बजार प्रबर्द्धन र व्यवस्थापन मार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्नु |

| उद्देश्य १ : उद्योगका लागि आधारभूत पूर्वाधारको विकास गर्नु | |
| --- | --- |
| **रणनीति** | **कार्यनीति** |
| १.१ नितिगत सुधार गरी लगानी मैत्री वातावरण निर्माण गर्ने । | १.१.१ उद्योगमा लगानीमैत्री वातावरण निर्माण गर्न उद्योगका लागि जग्गा, रजिष्ट्रेशन, करारमा लिन विशेष सहुलियत र छुट दिने नीति तथा मापदण्ड निर्माण गरिनेछ । |
| | १.१.२ उद्योगमा लगानी गर्न असहज र प्रतिकुल रहेका विद्यमान स्थानीय कानूनहरूमा उद्योग लगानी मैत्री हुनेगरी संशोधन गरिनेछ र श्रमिकहरूको सुरक्षा हक र हितका लागि कानूनको अधिनमा रहि स्थानीय नीति र मापदण्ड श्रमिक, उद्योग र उद्यमी मैत्री बनाइने छ । |
| | १.१.३ महिला र युवा उद्यमीहरूलाई प्रोत्साहन गर्न विशेष अनुदान र सहुलियतको प्रवन्ध गरिनेछ । |
| | १.१.४ ठूलोस्तरको बाह्य लगानी भित्र्याउन सरकारी जमिनको सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रका उद्यमीहरूसँग विशेष छुट र सहुलियत बारे अन्तरक्रिया गरिनेछ । |
| | १.१.५ कम्तीमा ३ जनालाई रोजगारी दिनसक्ने उद्योगका लागि दशलाख पूँजी लगानीको प्रस्ताव सहित आउने स्थानीय उद्यमीलाई ५० प्रतिशत लगानीको व्याजमा अनुदान दिइनेछ । |
| | १.१.६ उद्योगको स्थितिपत्र प्रकाशन गरिनेछ । |
| १.२ प्रमुख औद्योगिक पूर्वाधारको सुनिश्चितता गर्ने । | १.२.१ वडा नं ५ बगुवामा औद्योगिक ग्रामको निर्माण गर्न संभाव्यता अध्ययन गरिनेछ । |
| | १.२.२ मुख्य औद्योगिक क्षेत्रसम्मका पहुँच सडकलाई कृषि र पर्यटन सडकसँग एकिकृत गरी स्तरोन्नती गरिनेछ । |
| | १.२.३ स्थानीय कृषि उपजमा आधारित उद्योगलाई प्राथमिकता दिइ कच्चा पदार्थ उत्पादन सुनिश्चित गर्न सम्भाव्य उद्योगी र कृषक बीच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ । |
| | १.२.४ उद्योग क्षेत्रहरूमा आवश्यक विद्युतीकरण विस्तार गरिनेछ । |
| | १.२.५ औद्योगिक सुरक्षाका लागि सुरक्षा निकायसँगको सहकार्यमा शान्ति सुरक्षाको प्रबन्ध गरिनेछ । |
| | १.२.६ औद्योगिक श्रमिकहरूको उपलब्धताका लागि स्थानीय रोजगार केन्द्रमा श्रम सूचना तथा तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ । |

| उद्देश्य २ : स्थानीय कच्चा पदार्थ, खानी तथा खनिज तथा कृषि उपजमा आधारित उद्योग स्थापना मार्फत आर्थिक बृद्धिदर हासिल गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा एक वडा एक कृषिमा आधारित उद्योगको निर्माण गर्ने । | २.१.१ बाली विषेश पकेट क्षेत्रका आधारमा उपलब्ध हुन सक्ने कच्चा पदार्थका आधारित प्रत्येक वडामा सम्भाव्य उद्योगहरूको सम्भाव्यता अध्ययन गरिनेछ । |
| | २.१.२ पहिलो चरणमा एक वडा एक कृषि उद्योग स्थापना गर्न उद्योगी कृषक वा कृषक समूह पहिचान गरिनेछ । |
| | २.१.३ साना तथा घरेलु उद्योग सञ्चालन गर्ने उद्यमी लक्षित अध्ययन तथा अभिमुखीकरण तालिम निशुल्क सञ्चालन गरिनेछ । |
| २.२ स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने । | २.१.१ कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन प्याकेजिङ लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि विशेष अभिमुखीकरण तथा तालिम प्रदान गरिनेछ । |
| | २.१.२ संघीय तथा प्रादेशिक सरकारको सहयोगमा गाउँपालिकास्तरीय खाद्य गुणस्तर मापनको व्यवस्था गरिनेछ । |
| | २.१.३ स्थानीय उपज तथा औद्योगिक उत्पादनको खपत हुनसक्ने सम्भाव्य उपभोक्ता बजारहरूको अध्ययन गरिनेछ । |
| २.३ खानी तथा खनिज क्षेत्रको अन्वेषण, उत्खनन् तथा व्यवस्थापन गर्ने । | २.३.१ संघ र प्रदेशसँगको समन्वयमा स्थानीय खानी तथा खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, ऐन, नियम र मापदण्डको निर्माण गर्ने । |
| | २.३.२ गाउँपालिकाभर रहेका वा हुनसक्ने खानी तथा खनिजको अन्वेषण गर्न खानी तथा भू-गर्भ विभागसँग समन्वय गरी विज्ञसंग परामर्श लिइनेछ । |
| | २.३.३ नदीबाट उत्खनन् हुने गिट्टी, वालुवा र बेसमाटोको उत्खनन् प्रक्रियालाई वातावरणीय प्रभाव मूल्याङ्कन गरी सुव्यवस्थित गर्न मापदण्ड बनाई लागू गरिनेछ । |

| उद्देश्य ३ : स्थानीय बजार प्रवर्द्धन र व्यवस्थापन मार्फत वाणिज्य, बजार र आपूर्ति प्रणाली सुदृढ गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३.१ बजार, व्यापार तथा वाणिज्य व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने । | ३.१.१ स्थानीय व्यापार, व्यवसाय, आपूर्ति, उपभोक्ता हित सम्बन्धमा नीति, कानून र मापदण्ड निर्माण गरिनेछ । |
| | ३.१.२ गाउँपालिकाभर सञ्चालन भएका व्यवसाय दर्ता तथा अभिलेखिकरण प्रणाली निर्माण गरिनेछ । |
| | ३.१.३ समग्र व्यापार र वाणिज्यलाई समेटेर वार्षिक रुपमा हुने कारोबारका आधारमा माग तथा आपूर्ति र कारोबारको आकार साथै व्यापार नाफा/घाटाको तथ्याङ्क प्राप्त हुने तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ र गाउँपालिकाबाट हुने निकासी तथा आयातको वस्तुगत सूचना तथा तथ्याङ्क प्राप्त गर्ने प्रणालीको विकास गरिनेछ । |
| ३.२ स्थानीय बजार प्रबर्द्धन तथा नियमन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने । | ३.२.१ स्थानीय व्यापारिक फर्म तथा व्यवसायको दर्ता अनुमति नवीकरण, खारेजी, बजार तथा गुणस्तर अनुगमन र नियमन गर्न संयन्त्र र नियमित कार्यतालिका बनाइनेछ । |
| | ३.२.२ मुख्य बजार केन्द्रलाई लक्षित गरी नीजि क्षेत्रसंगको समन्वयमा व्यापारिक स्टल निर्माण गरी बहालमा दिइनेछ । |
| | ३.२.३ एक वडा एक हाटबजार निर्माण अभियान अन्तरगत पूर्वाधार निर्माण गरिनेछ । |
| | ३.२.४ वार्षिक रुपमा मुख्य चाडपर्व तथा अवसर हेरी व्यापारिक मेला आयोजना गर्न वार्षिक पात्रो निर्माण गरिनेछ । |
| | ३.२.५ परम्परागत रुपमा चलिआएका स्थानीय हाटबजारलाई व्यवस्थित र वैज्ञानिक बनाउन अध्ययन गरी पूर्वाधार विकास गरिनेछ । |
| | ३.२.६ प्रत्येक वर्ष नियमित आम उपभोक्ता हित र अधिकार साथै खाद्य गुणस्तर सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ३.२.७ धुम्रपान तथा मदिराजन्य पदार्थ बिक्रिवितरणलाई नियन्त्रण र व्यवस्थित गरिनेछ । |
| | ३.२.८ सबै पसलहरूमा मूल्यसूची टाँस गर्ने व्यवस्था मिलाइनेछ । |
| | ३.२.९ कालोबजारी नियन्त्रण तथा उपभोक्ता हित संरक्षण कार्ययोजना निर्माण गरिनेछ । |

## अपेक्षित उपलब्धीहरू

- ✓ उद्योगका लागि आधारभूत पूर्वाधारको विकास भएको हुनेछ ।
- ✓ स्थानीय कच्चा पदार्थ, खानी तथा खनिज तथा कृषि उपजमा आधारित उद्योग स्थापना भएको हुने छ ।
- ✓ स्थानीय बजार प्रर्वद्धन र व्यवस्थापन मार्फत वाणिज्य, बजार र आपूर्ति प्रणाली सुदृढ भएको हुने छ ।

## खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्तिको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | उद्योगका लागि करारमा दिनसकिने जग्गा पहिचान गर्न अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | १.१.२ | श्रमिक, उद्योग र उद्यमी मैत्री सम्बन्धी नीति, कानून संशोधन गर्न विज्ञसँग परामर्श | | | | ✓ | २ | | | | | | | |
| | | १.१.३ | महिला तथा युवा उद्यमी पहिचान, सहुलियत तथा अनुदान | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.४ | ठूला लगानी भित्र्याउन बाह्य लगानीकर्ताहरूसँग लगानी सम्मेलन | | | | | | ✓ | ७ | | | | | |
| | | १.१.५ | दश लाखसम्मको उद्योग लगानी प्रस्तावका लागि व्याज अनुदान | | | | | | ✓ | १० | | | | | |
| | | १.१.६ | उद्योग क्षेत्रको स्थिति पत्र प्रकाशन | | | | ✓ | ५ | | | | | | | |
| | १.२ | १.२.१ | वडा नं. ५ बगुवामा औद्योगिक ग्राम स्थापनाका लागि संभाव्यता अध्ययन | | | | ✓ | ७ | | | | | | | |
| | | १.२.२ | औद्योगिक सडक पहिचान तथा स्तरोन्नती | | | | | | | | ✓ | १५ | | | |
| | | १.२.३ | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया | | | | ✓ | २ | | | | | | | |
| | | १.२.४ | औद्योगिक क्षेत्र विद्युतीकरण | | | | | | ✓ | १५ | | | | | |
| | | १.२.५ | औद्योगिक क्षेत्र केन्द्रित प्रहरी बिट स्थापना तथा निर्माण | | | | | | ✓ | १५ | | | | | |
| | | १.२.६ | औद्योगिक श्रमिक तथा श्रम सूचना तथ्याङ्क प्रणालीको निर्माण | | | | | | | | ✓ | १० | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| २ | २.१ | २.१.१ | बाली विशेष पकेट क्षेत्र स्तरिय उद्योगहरूको सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | २.१.२ | एक वडा एक कृषि उद्योग अर्न्तगत उद्योगी पहिचान | | | | | | ✓ | ३ | | | | | |
| | | २.१.३ | साना तथा घरेलु उद्योग सञ्चालन गर्ने उद्यमी लक्षित अध्ययन तथा अभिमुखीकरण निशुल्क तालिम | | | | ✓ | २ | | | | | | | |
| २ | २.२ | २.२.१ | स्थानिय औधोगिक उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेवलिङ, गुणस्तर तथा ब्रान्डिङ सम्बन्धि तालिम | | | | ✓ | १ | | | | | | | |
| | | २.२.२ | गाउँपालिका स्तरिय खाद्य गुणस्तर मापन केन्द्रको स्थापना | | | | | | ✓ | १५ | | | | | |
| | | २.२.३ | सम्भाव्य उपभोक्ता बजारको अध्ययन | | | | ✓ | ५ | | | | | | | |
| २. | २.३. | २.३.१ | संघ र प्रदेश सँगको समन्वयमा स्थानिय खानी तथा खनिज अन्वेषण सम्वन्धि नीति ऐन नियम र मापदण्ड निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | २.३.२ | खानी तथा खनिज अन्वेषण परामर्श | | | | ✓ | १ | | | | | | | |
| | | २.३.४ | नदीजन्य पदार्थ, बेसमाटो तथा ढुङ्गा उत्खनन मापदण्ड निर्माण | | | | | | ✓ | २ | | | | | |
| ३ | ३.१ | ३.१.१ | उपभोक्ता हित, नीति कानुन र मापदण्ड निर्माण | | | | | | ✓ | १ | | | | | |
| | | ३.१.२ | व्यवसाय दर्ता अभिलेखिकरण प्रणाली निर्माण | | | | | | | | ✓ | ५ | | | |
| | | ३.१.३ | आपूर्ति आयात तथा निर्यात सुचना प्रणाली निर्माण | | | | | | | | ✓ | ५ | | | |
| | ३.२ | ३.२.१ | बजार अनुगमन तथा निरिक्षण आन्तरिक पात्रो निर्माण | | | | ✓ | १ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | ३.२.२ | बहाल बिटौरी कर लागू गर्नेगरी व्यापारिक स्टल निर्माण | | | | | | ✓ | २ | | | | | |
| | | ३.२.३ | एक वडा एक हाटबजार निर्माण अभियान अन्तरगत पूर्वाधार निर्माण | | | | | | | | ✓ | ५ | | | |
| | | ३.२.४ | वार्षिक पात्रो अनुसार व्यापारिक मेला आयोजना | | | | ✓ | ५ | | | | | | | |
| | | ३.२.५ | वडा नं ५ चिहानडाँडामा प्रदेश सरकारसँगको सहकार्यमा हाटबजार पूर्वाधार निर्माण सम्पन्न | | | | | | | | | | ✓ | १० | |
| | | ३.२.६ | उपभोक्ता हित सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | ३.२.७ | धुम्रपान तथा मदिराजन्य पदार्थ बिक्रिवितरणलाई नियन्त्रण र व्यवस्थित गर्ने कार्ययोजना निर्माण | | | | | | | | ✓ | २ | | | |
| | | ३.२.८ | सबै पसलहरूमा मूल्यसूची टाँस गर्ने व्यवस्था अनुगमन | | | | ✓ | ०.५ | | | | | | | |
| | | ३.२.९ | कालोबजारी नियन्त्रण तथा उपभोक्ता हित संरक्षण कार्ययोजना निर्माण | | | | | | ✓ | १ | | | | | |

## ४.७ बैङ्क तथा वित्तीय क्षेत्र

### पृष्ठभूमि

बैङ्किङ कारोबार चलायमान हुन स्थानीय स्तरमा व्यापक रूपमा पूँजीप्रवाह भैरहने वातावरण हुनुपर्दछ । हाल यो गाउँपालिका पूर्णत ग्रामीण परिवेशमा रहेको, उपभोक्ता बजारहरूको विकास नभएकोले पूँजी बजार विकास तथा प्रवाह हुन सकेको छैन । हाल यहाँ वडा नं १ को घ्याम्पेसालमा वाणिज्य स्तरको मेघा बैङ्क, त्यसैगरी साँग्रीला विकास बैंक, स्पर्श लघुवित्त, साधना लघुवित्त, जालपा लघुवित्त, सारथी लघुवित्त, सबैको लघुवित्त र एन.एम.वि. लघुवित्त सञ्चालनमा रहेको छन् । ग्रामीण अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससंगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकामा मेघा बैंक, साँग्रीला विकास बैंक, स्पर्श लघुवित्त, साधना लघुवित्त, जालपा लघुवित्त, सारथी लघुवित्त, सबैको लघुवित्त र एन.एम.वि लघुवित्त सञ्चालनमा रहेका । |
| ▪ गाउँपालिका क्षेत्रमा ३२ भन्दा बढी सहकारीहरू रहेका । |
| ▪ गाउँपालिकामा ऋण तथा कर्जा सेवा प्रदान गर्न विभिन्न कृषि तथा महिला समुहहरू सक्रिय रहेका । |
| ▪ उद्योग, कलकारखाना, बजार केन्द्र, व्यापारिक कारोबारको विस्तार गर्दै बैङ्क तथा वित्तीय संस्थाहरूको विकास गर्न सकिने । |
| ▪ अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई आर्कषण गर्न सकिने । |
| ▪ स्थानीय जनताको अग्रसरतामा माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र बिस्तार गर्न सकिने । |
| ▪ घ्याम्पेसालमा केन्द्रित बैंकका शाखालाई अन्य बजार क्षेत्रमा एटिम सहितको सेवा विस्तार गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ बैङ्क तथा वित्तीय संस्थाहरू प्राय घ्याम्पेसालमा मात्र केन्द्रित रहेका । |
| ▪ बैंकमा खाता खोल्न झन्झटिलो र ढिलासुस्ती हुने जनगुनासो रहेको । |
| ▪ विकट र ग्रामीण परिवेशका कारण बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र पूँजी वृद्धि हुन नसकेको । |
| ▪ लघुवीत्तको व्याज चर्को भएको जनगुनासो रहेको । |
| ▪ गाउँपालिकामा भएका बैंक तथा वित्तीय संस्थाबाट सबै खाले कारोबार गर्न सहज नभएको । |
| ▪ एटिएमको व्यवस्था नभएको । |
| ▪ सहकारीको सङ्गठनात्मक विकास नभएका कारण लगानीको क्षेत्र र दायरा ठूलोहुन नसकेको । |
| ▪ औद्योगिक पूर्वाधार, उद्योग, व्यापारिक केन्द्र र स्थानीय पूँजीको विकास गर्नुपर्ने । |
| ▪ बैङ्क तथा वित्तीय संस्थाको स्थापना हुन नसक्दा स्थानीय लगानीकर्ता तथा पूँजीपतिको पूँजी पलायन भई ग्रामीण अर्थतन्त्र थप कमजोर बन्न सक्ने । |
| ▪ सामाजिक सुरक्षाभत्ता बैङ्किक प्रणालीमार्फत वितरण गर्दा वृद्धवृद्धालाई कठिनाइ हुने । |

| दीर्घकालीन सोच |
|---|
| वित्तीय पहुँच वृद्धिमार्फत आर्थिक क्षेत्रको गतिशिलता |
| **लक्ष्य** |
| प्रत्येक घरधुरीमा बैङ्क तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ बैङ्क तथा वित्तीय संस्थातर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु ।<br>✓ सहज कर्जा प्रवाह र बचत परिचालनमार्फत उद्योग, कृषि पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु । |

**उद्देश्य १ : बैङ्क तथा वित्तीय संस्थातर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने । | १.१.१ आफ्नो नाममा बैङ्क खाता नभएका घरधुरीको पूर्ण विवरण संकलन गरिने छ । |
| | १.१.२ बैङ्कहरूसँग सहकार्य गरी इच्छुक घरधनीको घरमा घुम्ती बैङ्क खाता खोल्ने अभियान सञ्चालन गरिने छ । |
| | १.१.३ बैङ्क खाता खोल्दा हुने फाइदाका विषयमा तथा महिलालाई बैङ्क खाता खोल्न प्रोत्साहन गर्न बैङ्कसँगको सहकार्यमा स्थानीय सञ्चार माध्यमबाट जनचेतनामूलक कार्यक्रम प्रशारण गरिने छ । |

**उद्देश्य २: सहजकर्जा प्रवाह र वचत परिचालनमार्फत उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ व्यवसायिक, उत्पादनमूलक ग्रामीण साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने । | २.१.१ स्थानीय उद्यमी तथा बैङ्कहरू बीच ऋण प्रवाहमा सहजीकरण गर्न गाउँपालिकाद्वारा अन्तकृया गरिने छ । |
| | २.१.२ स्थानीय रोजगारी श्रृजना गर्न युवा उद्यमी र महिलाले तयार गरेको व्यवसायिक योजना, मझौला उद्योग क्षेत्र, पर्यटन वा कृषिमा लगानीका लागि ऋण प्रवाह गर्न गाउँपालिका जमानत बसी ब्याजमा निश्चित प्रतिशत अनुदान प्रदान गरिने छ । |

## बैङ्क तथा वित्तीय क्षेत्रको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | बैङ्क खाता नभएका घरधुरीको लगत संकलन | | | | ✓ | ३ | | | | | | | |
| | | १.१.२ | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन | | | | | | ✓ | २ | | | | | |
| | | १.१.३ | महिलाको बैङ्किङ जनचेतनामूलक कार्यक्रम प्रशारण | | | | ✓ | २ | | | | | | | |
| | २.१ | २.१.१ | उद्यमी तथा बैङ्कहरू बीच अन्तरक्रिया सहजिकरण | | | | ✓ | १ | | | | | | | |
| | | २.१.२ | युवा र महिला उद्यमीलाई मझौला उद्योगतर्फ विशेष व्याज अनुदान | | | | | | | | ✓ | ५ | | | |

## अपेक्षित उपलब्धी

आगामी ५ वर्षमा गाउँपालिकाका ९० प्रतिशतभन्दा बढी घरपरिवारका सदस्यहरूको आफ्नो नाममा बैङ्क खाता हुने छ। व्यक्तिगत ऋण लिने प्रवृत्तिमा उल्लेख्य कमी आएको हुने छ। उत्पादनशील क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाहरूको ऋण प्रवाह वृद्धि भएको हुने छ।

## ४.८ गरिबी निवारण

### पृष्ठभूमि

नेपालमा वि.स. २०१३ सालमा योजनाबद्ध विकासको शुरुवात भएदेखि हालसम्मका आवधिक विकास योजनाहरूमा सबैभन्दा बढी देखापर्ने पेचिलो मुद्धाको रुपमा गरिबी निवारण रहेको छ । जति विकासका योजनाहरू बने पनि गरिबी निवारण गर्न सकिएको छैन । दिगो विकास लक्ष्यको पहिलो नं लक्ष्य नै सन २०३० सम्म सबै प्रकारको गरिबीको अन्त्य गर्ने भन्ने छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्न नसकिए तापनि कुल जनसंख्याको ५ प्रतिशतमा सिमित गर्ने रहेको छ । यस गाउँपालिकामा गरिबी निवारण मुद्दा चुनौतीको रुपमा आउने गरेकोले यसको यथोचित सम्बोधन हुन जरुरी हुन जान्छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गरिबी निवारणका कार्यक्रम तथा योजना तर्जुमा गर्ने अधिकार स्थानीय तहको सरकारलाई प्राप्त भएकोले बास्तविक गरिब पहिचान गरी त्यसको निराकरण गर्न सहज हुने । |
| ▪ गाउँपालिकामा मुढा बनाउने, मोटरसाइकल, वायरिङ्ग, टपरी, प्लम्बिङ्ग, बुटिक, साबुन बनाउने, सिलाई आदिको तालिम दिइने गरेको । |
| ▪ खेतीयोग्य उर्वर जमिन पर्याप्त भएको, पर्यटन तथा उद्योगहरूको सम्भावना रहेकोले गरिबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्न अवसरहरू रहेको । |
| ▪ गाउँपालिकाबाट स्थानीय तहमै रोजगार केन्द्रको प्रबन्ध गरिएको । |
| ▪ गाउँपालिकाले गरिबी निवारणलाई प्राथमिक दिएको । |
| ▪ प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता राष्ट्रिय नीतिहरू कार्यान्वयनमा आएको । |
| ▪ गाउँपालिकामा युवा उमेरको जनसंख्या उल्लेख्य रहेको । |
| ▪ वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीपलाई गरिबी निवारणका सदुपयोग गर्न सकिने । |
| ▪ रोजगारी श्रृजना, सीपमूलक तालिम आदिमा गाउँपालिकाले प्रत्यक्ष सहयोग गर्न सक्ने वैद्यानिक र नीतिगत आधार तयार भएको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ गरिबीको तथ्याङ्क लिइएको भए तापनि वास्तवित गरिबको पहिचान हुन नसकेको । |
| ▪ बाह्रै महिना खान नपुग्ने परिवार संख्या उल्लेख्य रहेको । |
| ▪ सरकारको मूल कार्यक्रमहरूमा गरीब परिवारको वास्तविक पहुँच पुग्न नसकेको । |
| ▪ कृषि उद्योग, पर्यटन र अन्य व्यवसाय प्राय निर्वाहमुखि हुने गरेको । |
| ▪ शिक्षा र जनचेतनामा कमी रहेकोले गरीबी घटाउन कठिन र चुनौतीपूर्ण रहेको । |
| ▪ युवाहरू अवसर नपाएर विदेश पलायत हुनुपरेको । |
| ▪ विगतका गरिबी निवारणका कार्यक्रमहरू वास्तविक रूपमा प्रभावकारी हुन नसकेको |
| ▪ श्रमको सम्मान गर्ने संस्कृतिको विकास हुन नसकेको । |
| ▪ रोजगारमूलक शिक्षाको उचित प्रबन्ध हुन नसकेको । |
| ▪ प्रधानमन्त्री रोजगार कार्यक्रममा गोरटो, सिँढी तथा सडकका नाला निर्माण गर्नमा मात्र सिमित रहेको । |

| दीर्घकालीन सोच |
|---|
| "ज्ञान सीप र उद्यमशिलताको विकास गरी शुन्यमा झार्ने गरिबी" |
| **लक्ष्य** |
| आगामी पाँच वर्षमा हालको गरिबीलाई पचास प्रतिशत कम गर्ने |
| **उद्देश्यहरू** |
| ✓ निरपेक्ष र बहुआयमिक गरिबीमा रहेको जनताको गरिबी निवारण गरी जीवनस्तर उकास्ने । |

| उद्देश्य १: निरपेक्ष र बहुआयमिक गरिबीमा रहेको जनताको गरिबी निवारण गरी जीवनस्तर उकास्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ गरिबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने । | १.१.१ गाउँपालिकाभर गरिबीको परिभाषा भित्र पर्ने परिवार वा व्यक्तिको वास्तविक सूचना संकलन र अध्यावधि गरिनेछ । |
| | १.१.२ बेरोजगारको तथ्याङ्क संकलन र अध्यावधि गरिनेछ । |
| | १.१.३ गरिबीका प्रमुख कारण र गरिबीको सघनता भएका क्षेत्रहरूको पहिचान गरिनेछ । |
| १.२ सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन गर्ने । | १.२.१ निरपेक्ष गरिबीमा रहेको जनसंख्या लक्षित पोषण तथा खाद्य सुनिश्चितताका कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.२.२ गाउँपालिकाको अनुदानमा लक्षित गरीब घरपरिवारको स्वास्थ्य बिमा गरिनेछ । |
| | १.२.३ गरीब आवास कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.२.४ गाउँपालिकाभर रहेका असक्त, असहाय, फकिर तथा सडक मानवहरूको तथ्याङ्क संकलन गरिनेछ । |
| | १.२.५ असक्त, असहाय तथा बेसहाराहरूलाई आश्रय स्थल तथा पोषणको प्रवन्ध गरिनेछ । |
| १.३ विपन्न लक्षित सिपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने | १.३.१ रोजगार केन्द्रलाई सकृय बनाई गाउँपालिकामा निरन्तर श्रृजना हुन सक्ने रोजगारका क्षेत्रका बारे सम्भाव्यता अध्ययन तथा अनुसन्धान गरिनेछ । |
| | १.३.२ कृषि क्षेत्रको विकास मार्फत रोजगारी श्रृजना गर्न दक्ष कृषि श्रमिक श्रोत केन्द्र स्थापना गरिनेछ । |
| | १.३.३ कृषि श्रमिकहरूलाई सीपमूलक तालिम प्रदान गरिनेछ । |
| | १.३.४ बेरोजगार युवाहरूको लगत संकलन गरी उनीहरूको रुची र क्षमता पहिचान गरी सोही अनुसार तालिम प्रदान गरिनेछ । |
| | १.३.५ रोजगार केन्द्रको अगुवाइमा Job bank को स्थापना गर्न नियमित अध्ययन र अनुसन्धान गरिनेछ । |
| | १.३.६ रोजगारी सम्बन्धी सम्पूर्ण जानकारी प्राप्त हुने सूचना प्रविधि संयन्त्रको निर्माण गरिनेछ । |
| | १.३.७ विपन्न लक्षित करार खेती प्रणाली विकास गर्न भूमि बैङ्क स्थापना गरिनेछ । |
| | १.३.८ अति विपन्न परिवारका सदस्यहरूलाई घरेलु तथा कुटिर उद्योग सञ्चालन गर्न शुन्य प्रतिशत ब्याजमा मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ । |

## गरिबी निवारणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | गरीब परिवार पहिचान सूचना संकलन | | | | ✓ | २ | | | | | | | |
| | | १.१.२ | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन | | | | ✓ | २ | | | | | | | |
| | | १.१.३ | गरिबीका प्रमुख विशिष्टिकृत कारणहरूको अध्ययन गर्ने | | | | | | | | ✓ | ५ | | | |
| | १.२ | १.२.१ | गरीब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम | | | | | | | | | | ✓ | ५ | |
| | | १.२.२ | विपन्न परीवार स्वास्थ्य बीमा कार्यक्रम | | | | | | | | ✓ | ३ | | | |
| | | १.२.३ | विपन्न नागरीक आवास कार्यक्रम | | | | ✓ | | | | | | | | |
| | | १.२.४ | अशक्त, असहाय, बेसहारा सडक मानव तथ्याङ्क संकलन | | | | | | | | ✓ | १ | | | |
| | | १.२.५ | बेसहारा आश्रयस्थान निर्माण | | | | | | | | | | ✓ | १० | |
| | १.३ | १.३.१ | रोजगार केन्द्रद्वारा रोजगारीका क्षेत्र पहिचान गर्न सम्भाव्यता अध्ययन | | | | ✓ | ५ | | | | | | | |
| | | १.३.२ | दक्ष कृषि श्रमिक श्रोतकेन्द्र स्थापना | | | | | | ✓ | ५ | | | | | |
| | | १.३.३ | कृषि श्रमिक सीपमूलक तालिम | | | | ✓ | ५ | | | | | | | |
| | | १.३.४ | बेरोजगारलाई रुची अनुसार तालिम सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | १.३.५ | Job Bank को स्थापना गर्न अध्ययन | | | | | | ✓ | १ | | | | | |
| | | १.३.६ | Job Information Software निर्माण | | | | | | | | ✓ | २ | | | |
| | | १.३.७ | विपन्न लक्षित विषेश भुमि बैङ्क स्थापना | | | | | | ✓ | ५ | | | | | |
| | | १.३.८ | अति विपन्न परीवार लक्षित उद्यमी अनुदान | | | | | | | | ✓ | १५ | | | |

## अपेक्षित उपलब्धीहरू

- ✓ आफ्नो आम्दानीले बाह्र महिना खान नपुग्ने परिवार संख्या हालकोबाट ५० प्रतिशत कम हुनेछ ।
- ✓ रोजगारीका अवसरहरू श्रृजना हुनेछन् ।
- ✓ गरीब घरपरिवारको जीवनस्तर सुधार हुनेछ ।

## नतिजा सूचक

### कृषि

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रभाव | कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशतमा | | ३.०० |
| | प्रभाव | कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनका योगदान | प्रतिशतमा | | |
| | प्रभाव | पूर्ण खाद्य सुरक्षा भएका घरधुरी | प्रतिशतमा | | १०० |
| | असर | खेतीयोग्य जमिन मध्ये पूर्णरुपमा खेती भैरहेको जमिनको | प्रतिशतमा | | १०० |
| | असर | माटोमा औषत जैविक पदार्थको मात्रा | प्रतिशतमा | | |
| | असर | झाडी बुट्यान र बाँझो जमिनको | प्रतिशतमा | | ० |
| | असर | पूर्णरुपमा व्यवसायिक कृषिमा प्रयोग भरुहेको जमिन ( प.दि.वि.ल.(२.४.१) | प्रतिशतामा | | |
| | असर | वर्षैभरी सिँचाइ सुविधा पुगेको जमिन (प.दि.वि.ल.(२.४.३) | प्रतिशतामा | | |
| | असर | जैविक प्रणालीबाट मात्र खेती भैरहेको जमिन | हेक्टर | | |
| | असर | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी.मा | | १० |
| | असर | व्यवसायीक कृषिमा लागेका ४० वर्ष मूनिका युवा कृषक | संख्यामा | | |
| | असर | धान उत्पादन | मेट्रिक टन | | ६० |
| | असर | मकै उत्पादन | मेट्रिक टन | | ६५ |
| | असर | गहुँ उत्पादन | मेट्रिक टन | | ९० |
| | असर | केरा उत्पादन | | | ७० |
| | असर | अन्य फलफुल | | | ५० |

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | आलु उत्पादन | | | ४० |
| | असर | अन्य तरकारी उत्पादन | | | १० |
| | असर | दुध उत्पादन | लिटर | | ५० |
| | असर | तेलहन बाली | | | |
| | प्रतिफल | कृषि सूचना तथा श्रोत केन्द्र | संख्या | | २ |
| | प्रतिफल | एग्रोभेट | संख्या | | ५ |
| | प्रतिफल | पशु उपचार केन्द्र | संख्या | | २ |
| | प्रतिफल | कृषि औजार बिक्री केन्द्र | | | १ |
| | प्रतिफल | Custom Hiring Center | संख्या | | १ |
| | प्रतिफल | कृषि तथा पशु उपज बिक्री केन्द्र/संकलन केन्द्र | | | ५ |
| | प्रतिफल | व्यवसायिक कृषि फर्म | संख्या | | १५० |
| | प्रतिफल | कृषि घुम्ती सेवा | वार्षिक संख्या | | २ |
| | प्रतिफल | कृषक पाठशाला | संख्या | | ३ |
| | प्रतिफल | व्यवसायिक कृषि नर्सरी | संख्या | | १५ |
| | प्रतिफल | ब्रान्डेड कृषि उपज | संख्या | | ३ |
| | प्रतिफल | व्यवसायिक फलफुल खेती गरिएको क्षेत्रफल | हेक्टर | | १० |
| | प्रतिफल | आधुनिक कृषि औजार तथा यन्त्र प्रायोगकर्ता | कृषक संख्या | | २० |
| | प्रतिफल | कृषि सहकारी संस्था | संख्या | | ५० |
| | प्रतिफल | सामुहिक खेतीमा संलग्न समूह | संख्या | | १५ |
| | प्रतिफल | रैथाने तर नासिने अवस्थामा पुगेका स्थानीय बाली नश्ल | संख्या | | ५ |
| | प्रतिफल | चक्लाबन्दी गरी खेती गरिएको जमिन क्षेत्रफल | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | जलवायू अनुकूलन विशेष बालीनाली | संख्या | | |
| | प्रतिफल | सामुदायिक बीज बैंकको संख्या प.दि.बि.ल (२.५.२.४) | | | |
| | असर | स्थानीयस्तरमा उत्पादन भई निकासी हुने बीज | संख्या | | |
| | प्रतिफल | जैविक किटनासक प्रयोगकर्ता | कृषक संख्या | | १५ |
| | प्रतिफल | गाउँपालिकाबाट कृषि उपज निर्यात तथा बजारीकरणका लागि दिइएको अनुदान सहायता रकम प.दि.बि.ल.(२.ख.१) | रू लाखमा | | १५ |
| | प्रतिफल | कृषि क्षेत्रलाई छुट्याइएको बजेटको प्रतिशत (कुल बजेटको) .प.दि.वि.ल.(२.क.१) | | | |
| | प्रतिफल | बाली भित्र्याइसकेपछि हुने क्षती | प्रतिशतमा | | २ |
| | प्रतिफल | वैकल्पिक सिंचाइ प्रविधि प्रयोगकर्ता कृषक | प्रतिशत | | |
| | प्रतिफल | सन्तुलित मूल्य श्रृंखलामा समेटिएका कृषि उपज | संख्या | | |
| | प्रतिफल | कृषि तथा पशु प्राविधिक जनशक्ति | संख्या | | ५ |
| | प्रतिफल | कृषिमा आधारित उद्योग | संख्या | | २० |
| | प्रतिफल | पशुधन निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| | प्रतिफल | पन्छीजन्य निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| | प्रतिफल | माछा निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| | प्रतिफल | मह निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| | प्रतिफल | कृषक समूह | संख्या | | ५० |
| | प्रतिफल | दुध चिस्यान तथा डेरी | संख्या | | |
| | प्रतिफल | कृषि पकेट जोन/सुपर जोन | संख्या | | ४ |
| | प्रतिफल | व्यवसायिक जडिबुटी खेती गरिएको क्षेत्रफल जडीबुटी नर्सरी | संख्या | | १० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | व्यवसायिक तरकारी उत्पादन गरिएको क्षेत्रफल | | | |
| | प्रतिफल | कृषि सडकको पहुँचले जोडिएको कृषि क्षेत्रको | प्रतिशत | | |
| | प्रतिफल | रासायनिक मल समयमा प्राप्त हुन नसकि प्रभावित कृषक | प्रतिशत | | ५ |
| | प्रतिफल | व्यवसायिक रुपमा प्राङ्गारिक मल उत्पादन गर्ने कृषक | संख्या | | ५० |
| | प्रतिफल | सघन खेतीपातीले ओगटेको क्षेत्रफल | | | |
| | प्रतिफल | करार खेतीले ओगटेको क्षेत्रफल | | | |
| | प्रतिफल | बगर खेतीले ओगटेको क्षेत्रफल | | | |
| | प्रतिफल | खाद्यान्न गोदाम संख्या | | | |
| | प्रतिफल | कृषि क्षेत्रले ओगटेको पूर्ण रोजगारी | प्रतिशत | | ५० |
| | प्रतिफल | कृत्रिम गर्भादान सेवा संख्या | वार्षिक | | |
| | प्रतिफल | उन्नत नश्लका पशुपन्छी श्रोत केन्द्र संख्या | | | |
| | प्रतिफल | रैथाने पन्छी तथा पशुपालक फार्म संख्या | | | |
| | प्रतिफल | घाँसेबालीले ओगटेको कृषि क्षेत्र | हेक्टरमा | | |
| | प्रतिफल | भेटिरिनरी प्रयोगशाला | संख्या | | ५ |
| | प्रतिफल | कृषि प्रर्दशनी तथा मेला | संख्या वार्षिक | | १ |
| | प्रतिफल | माछा पोखरीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| | प्रतिफल | मौरी घार | संख्या | | १५ |
| | प्रतिफल | कृषि प्राविधिक तालिम तथा अभिमुखीकरण बाट पूर्ण लाभान्वित छु भन्ने कृषक | संख्या | | ५० |
| | प्रतिफल | माछाका भूरा वितरण संख्या | प्रतिवर्ष | | |

## पर्यटन

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | पर्यटक आगमन | संख्या | | १००० |
| | असर | रोजगारीमा योगदान | प्रतिशत | | |
| | असर | कूलग्राहस्थ उत्पादनमा योगदान | | | |
| | असर | पर्यटक बसाइ अवधि | दिन | | १५ |
| | असर | प्रति पर्यटक प्रतिदिन खर्च | ४५ डलर | | |
| | प्रतिफल | आधारभूत पूर्वाधार पूर्ण भएका पर्यटकीय गन्तव्य | संख्या | | १० |
| | प्रतिफल | तालिम प्राप्त पर्यटन सम्बद्ध जनशक्ति | संख्या | | १६ |
| | प्रतिफल | सुविधा (आधारभूत युक्त) होटल, रिर्सोट, लज | संख्या | | २५ |
| | प्रतिफल | होमस्टे | संख्या | | |
| | प्रतिफल | पर्यटन सूचना केन्द्र | संख्या | | १ |
| | प्रतिफल | वार्षिक पर्यटन पात्रो अन्तर्गत समेटिएका पर्यटन गतिविधि | संख्या | | ५ |
| | प्रतिफल | चिनो, कोशेली तथा पर्यटन विक्रि केन्द्र | संख्या | | २ |
| | प्रतिफल | नविनतम पर्यटन गन्तव्य | संख्या | | २ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | पक्की सडकको पहुँच पुगेका पर्यटन गन्तव्य | संख्या | | ५ |
| | प्रतिफल | पूर्णरुपमा पर्यटनमा संलग्न रोजगारको | संख्या | | २५ |

## खानी, खनिज, उद्योग वाणिज्य तथा आपूर्ति

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | गैर कृषि क्षेत्रमा (उद्योगमा) संलग्न रोजगारहरू | प्रतिशत | | |
| | असर | कुल रोजगारीमा ठूला उद्योगको योगदान (९.२.२) | प्रतिशत | | |
| | असर | कुल ग्राहस्थ उत्पानमा उद्योग क्षेत्रको योगदान (प.दि.वि.ल. ८.३.१) | प्रतिशत | | |
| | प्रतिफल | थोक व्यापार क्षेत्रमा संलग्न जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | खुद्रा व्यापारमा संलग्न जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | आयात मूल्य | रकममा | | |
| | प्रतिफल | निर्यात मूल्य | रकममा | | |
| | प्रतिफल | थोक तथा खुद्रा व्यापारमा कूल लगानी | रकममा | | |
| | प्रतिफल | खानीमा आधारित उद्योग संख्या | संख्या | | १० |
| | प्रतिफल | साना उद्योग संख्या | संख्या | | ५ |
| | प्रतिफल | मझौला उद्योग संख्या | संख्या | | ३ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | ठूला उद्योग संख्या | संख्या | | २ |
| | प्रतिफल | व्यवसायिक अभिमुखीकरण तालिम (वार्षिक) | संख्या | | १ |
| | प्रतिफल | महिला उद्यमीहरूको संख्या | संख्या | | ५ |
| | प्रतिफल | यूवा उद्यमीहरूको संख्या | संख्या | | १० |
| | प्रतिफल | समग्र उद्यमीहरूको संख्या (व्यक्तिगत नाममा दर्ता) | संख्या | | १५ |

## बैङ्क तथा वित्तीय क्षेत्र

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | आफ्नै नाममा बैङ्क खाता भएका घरपरिवार | संख्या | | |
| | प्रतिफल | गाउँपालिकामा विस्तार भएका वाणिज्य बैङ्कको | संख्या | | १० |
| | प्रतिफल | गाउँपालिकामा विस्तार भएका विकास बैङ्कको | संख्या | | ५ |
| | प्रतिफल | गाउँपालिकामा विस्तार भएका लघुवित्त | संख्या | | १० |
| | असर | वित्तीय सेवाको पहुँचमा रहेका घर परिवारको संख्या | संख्या | | |
| | | प्रति १ लाख वयस्कहरूमा वाणिज्य बैङ्कहरूमा शाखा (८.१०.१ क) | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | | प्रति १ लाख वयस्कहरूमा ए.टि.एम (८.१०.१ ख) प.दि.बि.ल) | संख्या | | |
| | | बैङ्कबाट ऋण लिएर व्यवसायका उद्योग सञ्चालन गर्ने व्यवसायीको (९.३.२) प.दि.बि.ल. | संख्या | | |
| | | लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवार प्रतिशत (१०.५.१.१) प.दि.वि.ल. | प्रतिशत | | |
| | असर | ३० मिनेटको पैदल दुरीमा बैङ्कि सेवामा पहुँच भएका परिवार | प्रतिशत | | |

## गरिबी निवारण

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रभाव | गरिबीको रेखामुनि रहेको परीवार (प.दि.बि.ल १.२.१) | प्रतिशत | | |
| | प्रभाव | बहुआयामिक गरिबीको दर (प.दि.बि.ल १.२.२) | प्रतिशत | | |
| | प्रभाव | बेरोजगारी दर (प.दि.बि.ल ८.५.२) | प्रतिशत | | |
| | प्रतिफल | गरीब लक्षित कार्यक्रमबाट प्रत्यक्ष लाभ लिने घरपरिवार | संख्या | | ५०० |
| | प्रतिफल | भूमिहिन तर करार खेतीबाट लाभान्वित घरपरिवार | संख्या | | ५०० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | आयमूलक सीप विकास तालिमद्वारा लाभान्वित घरपरिवार | संख्या | | २०० |
| | असर | अशक्त, असहाय, बेसहारा आश्रयस्थलमा समेटिने | संख्या | | |
| | प्रतिफल | स्वास्थ्य बीमाबाट सूरक्षित गरिएका विपन्न परिवार | संख्या | | १५ |
| | प्रतिफल | गरिबीको रेखामुनि रहेका महिला (१.२.१.१) | प्रतिशत | | ३ |
| | प्रतिफल | गरिबीको रेखामुनि रहेका ५ वर्ष मुनिका बालबालिका (१.२.१.१) | प्रतिशत | | ५ |
| | प्रतिफल | कूल बजेटमा सामाजिक सुरक्षा खर्च (१.३.१.१) | प्रतिशत | | |
| | प्रतिफल | आफ्नै नाममा अचल सम्पती भएका महिला (१.४.२.१) | प्रतिशत | | २० |

# परिच्छेद ५ : सामाजिक क्षेत्र

## ५.१ शिक्षा विज्ञान तथा प्रविधि

### पृष्ठभूमि

शिक्षा मर्यादित जीवन, सम्मानित रोजगार, उद्यमशीलता तथा समग्र विकासको आधार हो । सभ्य र सुसंस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ । सक्षम मानव संशाधन नभई कुनै पनि क्षेत्रको विकास सम्भव छैन । विश्वभर अति विकसित मुलुकहरूको समग्र विकासको आधार भनेकै ती मुलुकहरूले शिक्षामा गरेको विशाल लगानिको प्रतिफल हो । नेपालको पछिल्लो संविधानले शिक्षालाई नागरिकको मौलिकहकको रुपमा स्थापित गरेको र विशेषगरी आधारभूत तह सम्मको शिक्षा निशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निशुल्क गरेको परिप्रेक्ष्यमा राज्य र विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी गहन हुन गएको छ । ग्रामीण परिवेशको क्षेत्र भएकोले शिक्षाका आधारभूत पूर्वाधारहरूको पर्याप्त विकास हुन नसके तापनि उच्च शिक्षाको सवालमा भने गाउँपालिकाको वडा न. १ स्थित घ्याम्पेसालमा रहेको त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त दुल्लभ क्याम्पसमा शिक्षा र वाणिज्य गरी २ वटा संकायमा स्नातक तहसम्म पठनपाठन सञ्चालित छ । अर्को तर्फ दुल्लभ मा.वि., घ्याम्पेसाल, विन्द्रावती मा.वि., खत्रीथोक, सिद्धकाली मा.वि., ताराखसे, संस्कृत मा.वि., मझिमथोक, प्रभा मा.वि., आमभञ्ज्याङ, शान्ति मा.वि., लामाचौर, नवजागृति चण्डी मा.वि., आश्राङ ठाँटी, सरस्वती मा.वि., ठाँटी, र जागेश्वर मा.वि., महादेवटारमा कक्षा १२ सम्म अध्ययन हुने गर्दछ । गाउँपालिकामा हाल बालविकास, आधारभूत तथा माध्यमिक गरी जम्मा ४२ वटा सामुदायिक विद्यालय, १ वटा मदरसा तथा १ वटा स्नातक तह पढाई हुने क्याम्पस रहेका छन् । गाउँपालिकामा आधारभूत साक्षरता हासिल गर्न समेत पयाप्त काम गर्नु पर्ने देखिन्छ भने अर्को तर्फ उच्च शिक्षाको क्षेत्रमा पर्याप्त लगानी गर्नुपर्ने देखिन्छ । साथै आधारभूत र माध्यमिक तहमा विद्यालय पाठ्यक्रममा रहेको विज्ञान र प्रविधिको सामान्य औपचारिक अध्यापन बाहेक विज्ञान र प्रविधि विकासमा थप प्रयासहरू हुन सकेका छैनन् ।





*दुल्लभ क्याम्पस, घ्याम्पेसाल*

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकामा **स्नातक** तहसम्म अध्यापन हुने दुल्लभ क्याम्पस रहेको जहाँ कृषि, पशु तथा प्राविधिक शिक्षा पठनपाठनका लागि पहल भइरहेको । |
| ▪ गाउँपालिकामा बालविकास, आधारभूत विद्यालय, माध्यमिक विद्यालय तथा मदरसा समेत गरी ४३ वटा सामुदायिक विद्यालयहरू रहेका । |
| ▪ दिवा खाजा कार्यक्रम प्रभावकारी रहेकाकारण यसलाई कम्तिमा कक्षा ८ सम्म विस्तार गर्न सकिने । |
| ▪ Children of Mountain (CoTM) नामक संस्थाले वडा नं. ३ संस्कृत मावि जस्ता विद्यालयलाई भौतिक तथा शैक्षिक पूर्वाधारका लागि सहयोग गरेको । |
| ▪ स्थानीय सरकार गठनपश्चात शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी मिलान गर्ने गोरखा जिल्लाको पहिलो गाउँपालिका रहेको । |
| ▪ विगत वर्षहरूका तुलनामा शिक्षामा सर्वसाधारणहरूको पहुँच बढेको । |
| ▪ २०७२ सालको विनासकारी भूकम्प पश्चात बनेको विद्यालयका संरचनाहरू मजबुत रहेका । |
| ▪ आवश्यक मात्रामा शैक्षिक संस्थाहरू एकआपसमा गाभ्न (Merge) तथा नयाँ स्थापना गर्न सकिने |
| ▪ गाउँपालिकामा बहुप्राविधिक धारका शिक्षालयहरू स्थापना गर्न सकिने । |
| ▪ बाल विकास केन्द्रको भौतिक तथा शैक्षिक स्तरोन्नति गर्न सकिने । |
| ▪ निजी क्षेत्रको सहयोग लिई शिक्षामा लगानी तथा स्तर वृद्धि गर्न सकिने । |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
| --- |
| ▪ प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षालाई निरन्तरता दिई थप व्यवस्थित र प्रभावकारी बनाउन सकिने । |
| ▪ विद्यमान शिक्षण संस्थाहरूको थपस्तरोन्नति गर्न सकिने । |
| ▪ माध्यमिक तहमा कम्प्युटर शिक्षा तथा गाउँपालिकामा आवश्यक जनशक्ति उत्पादन गर्न तद्अनुरूपका कार्यक्रम सञ्चालन गर्न विद्यालयहरूलाई प्रोत्साहन गर्न सकिने । |
| ▪ सम्पूर्ण विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था, पुस्तकालय तथा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरी व्यवहारिक शिक्षा प्रदान गर्न सकिने । |
| ▪ शिक्षकहरूलाई तालिम दिई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने । |
| ▪ दक्ष शिक्षक, गुणस्तरीय शिक्षा दिन सक्ने, कृषि, विज्ञान तथा अन्य प्राविधिक कलेजहरू सञ्चालनमा ल्याउन सकिने । |
| ▪ क्षेत्रीय तथा राष्ट्रिय स्तरमा उत्कृष्ट विद्यालयहरु रहेको । |

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
| --- |
| ▪ बालविकास, आधारभूत, र सिमित माध्यमिक शिक्षाको सुविधा भए पनि स्नातकोत्तर वा सो भन्दा माथिको उच्च शिक्षालयको अभाव । |
| ▪ गाउँपालिकामा प्राविधिक धारको विद्यालय नरहेका कारण प्राविधिक शिक्षाबाट गाउँपालिका वञ्चित रहेको । |
| ▪ विद्यालयहरूमा स्थानीय आवश्यकता समेट्ने पाठ्यक्रम निर्माण गरी लागू नगरिएको । |
| ▪ विद्यालयहरूमा किताब-कापी-कलम, स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, सुरक्षित भवन, फर्निचर तथा समय सापेक्ष सूचना प्रविधिमैत्री पूर्वाधारको अपर्याप्तता वा अभाव । |
| ▪ नियमित हाजिरीमा कमजोर अवस्था रहेको । |
| ▪ विद्यालय तथा विद्यार्थीहरूमाझ स्वस्थ प्रतिस्पर्धात्मक भावना कमी भएको । |
| ▪ विद्यालय भवन कच्ची र असुरक्षित साथै आवश्यक पूर्वाधार नभएको र भूकम्प तथा प्राकृतिक विपत्तिले क्षति गर्न सक्ने । |
| ▪ अतिरिक्त क्रियाकलाप, विद्यार्थी मैत्री शिक्षा तथा खेलकुद सामग्रीको अभाव भएको |
| ▪ उपयुक्त खेल मैदानको व्यवस्था नभएको । |
| ▪ लक्षित निरक्षर तथा सीमान्तकृत वर्गलाई विशेष शिक्षाको व्यवस्था नभएको । |
| ▪ छोरीहरूले छोराहरू सरह शैक्षिक अवसरहरू प्राप्त गर्न पूर्णरूपमा अझै नसकेको । |
| ▪ अधिकांश विद्यालयमा प्राथमिक उपचार कक्ष, पुस्तकालय, कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधा नभएको । |
| ▪ विद्यालय क्षेत्रका शैक्षिक समस्याहरूको समयमै सम्बोधन नगर्ने हो भने राष्ट्रलाई आवश्यक सक्षम, दक्ष र कर्मठ नागरिक उत्पादन हुन नसक्ने । |

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ▪ समग्र शैक्षिक समस्याहरू सम्बोधन गरी शैक्षिक संस्थाहरूलाई सुविधासम्पन्न बनाउन बजेटको व्यवस्था गर्नुपर्ने । |
| ▪ शिक्षाको गुणस्तर सुधारमा व्यापक लगानी तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने । |
| ▪ चुस्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था गर्नुपर्ने । |
| ▪ शैक्षिक क्यालेण्डरलाई नियमित तथा व्यवस्थित गर्नुपर्ने । |
| ▪ शिक्षक शिक्षिकाहरूलाई नियमित तालिम प्रदान गर्नुपर्ने । |
| ▪ बालमैत्री तथा विद्यार्थीमैत्री शिक्षण सिकाइ तथा अन्य नवीनतम शिक्षण पद्धतिको विकास गर्नुपर्ने । |
| ▪ अन्तराष्ट्रिस्तरमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक गुणस्तर कायम गर्नुपर्ने । |
| ▪ हरेक विद्यालयलाई सूचना प्रविधियुक्त तथा गुणस्तरीय बनाउनु पर्ने । |
| ▪ सबैका लागि गुणस्तरीय शिक्षा अभियान सञ्चालन गर्नुपर्ने । |
| ▪ प्राविधिक तथा सीपमूलक शिक्षाको बढोत्तरी गरिनुपर्ने । |
| ▪ शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने । |
| ▪ अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गर्नुपर्ने । |
| ▪ सुविधा तथा पूर्वाधारयुक्त विद्यालय भवनको व्यवस्थापन गर्नुपर्ने । |
| ▪ प्राविधिक कलेजहरू सञ्चालन गर्न लगानीको वातावरण बनाउनुपर्ने । |
| ▪ दक्ष शिक्षकहरूको आवश्यकताअनुरूप आपूर्ति गर्नुपर्ने । |
| ▪ जीर्ण भवनहरूलाई स्तरोन्नति गरी सुरक्षित वातावरणमा पठनपाठन गराउनुपर्ने । |
| ▪ सामुदायिक विद्यालयमा अंग्रेजी भाषाको माध्यमबाट पनि पठनपाठन गर्न प्रोत्साहन गर्नुपर्ने । |

## दीर्घकालीन सोच

गुणस्तरीय शिक्षा र सक्षम जनशक्ति : भिमसेनथापा गाउँपालिका विकासको अग्रगति

## लक्ष्य

गाउँपालिकाभित्र निरक्षरता शुन्यमा झारी आधारभूतदेखि उच्च तहसम्मको गुणस्तरीय शिक्षामार्फत विकासका लागि सक्षम जनशक्ति उत्पादन गर्ने ।

## उद्देश्यहरू

- ✓ न्यूनतम शैक्षिक पूर्वाधारको विकास गरी आधारभूत र माध्यामिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु ।
- ✓ निरक्षरता शून्यमा झार्नु ।
- ✓ व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्नु ।
- ✓ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- ✓ विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिनु ।

| उद्देश्य १: न्यूनतम शैक्षिक पूर्वाधारको विकास मार्फत आधारभूत र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ न्यूनतम भौतिक पूर्वाधारहरूलाई प्राथमिकताको आधारमा निर्माण गर्दै लैजाने । | १.१.१ गाउँपालिकाभर सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको निरिक्षण गरी त्यहाँ रहेका भौतिक पूर्वाधारहरू जस्तै भवन, कक्षा कोठा, शौचालय, पुस्तकालय, पिउने पानी, डेस्क, बेन्च, शिक्षक दरवन्दी, विज्ञान प्रयोगशाला लगायतको अवस्थाबारे वस्तुगत विवरण संकलन गरिनेछ । |
| | १.१.२ पहिलो चरणमा विद्यालय भवन, कक्षाकोठा र शौचालयको भौतिक निर्माण र व्यवस्थापन गर्न रकम विनियोजन गरिनेछ । |
| | १.१.३ भौतिक निर्माण पश्चात अत्यावश्यक शैक्षिक सामाग्रीको क्रमश प्रबन्ध गरिनेछ । |
| | १.१.४ विद्यालयलाई आवश्यक खेलमैदानको उचित प्रबन्ध गरिनेछ । |
| | १.१.५ विद्युत सेवा नपुगेका विद्यालयमा विद्युत वा सौर्य उर्जाको प्रबन्ध गरिनेछ । |
| | १.१.६ हरेक विद्यालयमा इन्टरनेट सेवाको प्रबन्ध गरिनेछ । |
| | १.१.७ विद्यार्थी संख्याको आधारमा गाभ्नुपर्ने विद्यालयहरूको अध्ययन सम्पन्न गरिनेछ । |
| | १.१.८ गाँउपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पञ्चवर्षीय शैक्षिक सुधार गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । |
| १.२ अत्यावश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने । | १.२.१ कक्षाको आवश्यकता र पाठ्यक्रमको माग अनुरुप शिक्षकहरूलाई आफ्नो विषयमा दक्ष तुल्याउन नियमित विषयगत तालिमको प्रबन्ध गरिनेछ । |
| १.३ सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्न स्थानीय नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने । | १.३.१ पूर्व प्राथमिक अथवा बालविकास, आधारभूत तथा माध्यामिक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा साथै विशेष शिक्षा सम्बन्धी कानून र मापदण्ड निर्माण गरी लागू गरिनेछ । |
| | १.३.२ समग्र शिक्षा विकास गुरुयोजना निर्माण गरी लागू गरिनेछ । |
| | १.३.३ अति विपन्न समुदायका विद्यालय जाने बालबालिकाको तथ्याङ्क तयार पारिनेछ । |
| | १.३.४ विद्यालय जाने उमेरका विद्यालय जानबाट बञ्चित बालबालिकालाई विद्यालय पुऱ्याउन नसक्नुका कारणहरूको अध्ययन गरी तीनको निराकरण गरिनेछ । |
| | १.३.५ विद्यार्थीहरूलाई विद्यालय अनिवार्य पठाउन अभिप्रेरित गर्ने विशेष अभिभावक शिक्षा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | १.३.६ घुम्ती भर्ना अभियान सञ्चालन गरिनेछ । |
| | १.३.७ विद्यालय जाने उमेर छँदै बाल विवाहमा परेका या शिक्षाबाट बञ्चित बालबालिकालाई बुहारी शिक्षा अन्तर्गत विद्यालयमा आउने वातावरण निर्माण गर्न अभियान सञ्चालन गरिनेछ । |
| | १.३.८ एक वडा एक सामुदायिक वाचनालय तथा पुस्तकालय निर्माण गरिनेछ । |

| उद्देश्य २: निरक्षरता शून्यमा झार्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ अति विपन्न, दलित र विद्यालय जानबाट बञ्चित विद्यार्थी तथा बस्यक केन्द्रित शैक्षिक अभियान सञ्चालन गर्ने । | २.१.१ अतिविपन्न र विद्यालय जानबाट वञ्चित सम्पूर्ण बालबालिकालाई अनिवार्य रुपमा विद्यालय पुऱ्याउन विशेष छात्रवृत्तिकोषको व्यवस्था गरिनेछ । |
| | २.१.२ हरेक वडामा निरक्षरहरूको विवरण तयार पारिनेछ । |
| | २.१.३ प्रत्येक वडामा निरक्षर केन्द्रित अनौपचारिक प्रौढ शिक्षा कक्षालाई अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| | २.१.४ अनौपचारिक प्रौढ शिक्षाको उपलब्धी मापन गर्न कक्षा समापन पश्चात वार्षिक सर्वेक्षण गरिनेछ । |
| | २.१.५ स्थानीय सञ्चार माध्याम मार्फत तथा वडास्तरमा शिक्षाको महत्वका विषयमा निरक्षर केन्द्रित जनचेतनामूलक कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| | २.१.६ वडा स्तरिय एक सामुदायिक सिकाइ केन्द्रको स्थापना गरिनेछ । |

| उद्देश्य ३ : व्यवहारिक, प्राविधिक, जिवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३.१ प्राविधिक र व्यवहारिक शिक्षा केन्द्रित शिक्षालय तथा पाठ्यक्रमको निर्माण गरी लागू गर्ने । | ३.१.१ एक वडा एक प्राविधिक तथा व्यावसायिक विद्यालय स्थापना गर्न संम्भाव्यता अध्ययन गरिनेछ । |
| | ३.१.२ गाउँपालिका स्तरिय एक नमूना प्राविधिक शिक्षालय संचालन गर्न सकिने विद्यालय पहिचान गरी रकम विनियोजन गरिनेछ । |
| | ३.१.३ दुल्लभ माविलाई CTEVT को सम्बन्धनमा गाउँपालिकास्तरिय एक बहुप्राविधिक विद्यालयको रुपमा विकास गरिनेछ । |
| | ३.१.४ दुल्लभ क्याम्पसलाई शैक्षिक गुणस्तर वृद्धिका लागि अनुदान दिइनेछ । |

| | |
|---|---|
| ३.२ नैतिक मूल्यमा आधारित जीवनोपयोगी शिक्षाका लागि हरेक तहमा पाठ्यक्रम अनिवार्य गरी लागू गर्ने । | ३.२.१ हरेक तह साथै औपचारिक साथै अनौपचारिक क्षेत्रको शिक्षामा नैतिकता, अनुशासन र जीवन शीप (Life Skills) विकास गर्न पाठ्यक्रम तयार गरी लागू गर्न विज्ञसँग परामर्श लिइनेछ । |
| | ३.२.२ हरेक तहको शिक्षामा, आध्यात्मिक तथा आत्मिक विकास, सेवाभाव, मानवता, ध्यान, योग र स्वयंसेवा प्रर्वद्धन गर्ने पाठ्यक्रम तयार गरी अनिवार्य लागू गर्न त्यस्ता विषय शिक्षकहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ३.२.३ बालबालिकालाई आवश्यक सन्तुलित भोजनका बारेमा अभिभावक र स्वयं बालबालिकाहरूलाई सुसूचित गर्न विद्यालयस्तरीय पोषण शिक्षा अभियान सञ्चालन गरिनेछ । |

| उद्देश्य ४: राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ४.१ नविनतम शिक्षण सिकाई प्रविधिहरूको व्यवहारिक प्रयोग गर्ने । | ४.१.१ हरेक विद्यालयमा नविनतम शिक्षण सिकाई प्रविधिको प्रयोगका बारेमा नियमित शिक्षक अभिमुखीकरण तालिम प्रदान गरिनेछ साथै सूचना प्रविधिका क्षेत्रमा सक्षमता विकास तालिम सञ्चालन गरिनेछ । |
| | ४.१.२ निर्धारित पाठ्यक्रमको उद्देश्य अनुरुप सिकाइ उपलब्धी मापन गर्न प्रत्येक विद्यार्थीको PIS (व्यक्तिगत सूचना प्रणाली) निर्माण गरिनेछ । |
| | ४.१.३ शिक्षण सिकाइ मापन गर्न प्रमाणिक तथा वैज्ञानिक ग्रेडिङ प्रणालीको प्रयोग गरिनेछ । |
| | ४.१.४ हरेक तहमा न्यूनतम सिकाइ उपलब्धी मापन मापदण्ड तयार गरिनेछ । |
| | ४.१.५ सिकाइ उपलब्धी मापन मापदण्ड बमोजिम शिक्षकहरूलाई पुरस्कारको व्यवस्था गरिनेछ । |
| ४.२ स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गरी लागू गर्ने । | ४.२.१ राष्ट्रिय तथा प्रादेशिक शिक्षा नीति, ऐन र नियमको परिधिमा रही स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गर्न विज्ञसँग परामर्श लिइनेछ । |
| | ४.२.२ विज्ञान प्रविधि, गणित, अंग्रेजी जस्ता विषयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने विद्यार्थी तयार पार्न सूचना प्रविधिको प्रयोग मार्फत विद्यार्थीहरूलाई तहगत हिसाबले सु-सूचित बनाउन विद्यालयमा इन्टरनेट सहितका आधारभूत पूर्वाधारको अनिवार्य व्यवस्था मिलाईने छ । |
| | ४.२.३ विद्यार्थीको व्यक्तिगत रुचि र झुकावको पहिचान गरी हरेक विद्यालयमा नियमित अतिरिक्त क्रियाकलाप अन्तर्गत गायन, वाद्यवादन, नृत्य, अभिनय, खेलकुद, चित्रकला, वतृत्वकला जस्ता क्रियाकलाप सञ्चालन गर्न शिक्षकको प्रवन्ध गरिनेछ । |
| | ४.२.४ अतिरिक्त कक्षा मापदण्ड तयार गरी गाउँपालिकाभर एकरुपता ल्याएर वर्षे बिदा लगायतका बिदामा पठनपाठनलाई उपलब्धीमुलक बनाइनेछ । |
| ४.३ विद्यार्थीहरूको ज्ञानको क्षितिज वृद्धिहुने | ४.३.१ विद्यार्थीहरूलाई वार्षिक पात्रोको विकास गरी नियमित रुपमा शैक्षिक भ्रमण गराइने छ । |

| | |
|---|---|
| क्रियाकलाप नियमित गर्ने । | ४.३.२ विद्यार्थीहरूलाई सामाजिक, जीवनोपयोगी र व्यवहारिक ज्ञान दिलाउन नियमित स्थलगत अध्ययन र परियोजना कार्यमा संलग्न गराइने छ । |
| | ४.३.३ विद्यालय शैक्षिक पात्रोमा प्रबन्ध गरी नियमित रुपमा विज्ञान, प्रविधि, कला, खेलकुद, पेशा व्यवसाय आदिमा सफल व्यक्तित्वहरूसँग विद्यार्थीहरूलाई साक्षात्कार गराइने छ । |
| | ४.३.४ विद्यालयमै ज्ञान, विज्ञान, सफलता, साहस र जितका कथाहरू समेट्ने वृतचित्र तथा चलचित्रहरूको नियमित प्रर्दशन गराउने व्यवस्था मिलाईने छ । |
| | ४.३.५ हरेक विद्यालयमा नियमित पाठ्यक्रम अतिरिक्त बाल तथा अन्य पुस्तकहरू समेटेर एक पुस्तकालयको व्यवस्था गरिनेछ । |
| | ४.३.६ विद्यार्थीहरूलाई ज्ञान सिप सम्बन्धी क्षेत्रीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा भाग लिन पूर्व तयारी गरिनेछ । |
| ४.४ पाठ्य सामाग्रीको उपलब्धता सुनिश्चित गर्ने । | ४.४.१ नियमित पठनपाठनका लागि आवश्यक पुस्तकालय र पाठ्य पुस्तकहरूको समयमै प्रबन्ध गर्न गाउँपालिकास्तरिय एक संयन्त्रको निर्माण गरिनेछ । |
| | ४.४.२ हरेक विद्यालयमा पुस्तकालय व्यवस्थापन गर्न पुस्तकालय निर्माण गरिनेछ । |
| | ४.४.३ हरेक विद्यालयमा एक कम्प्युटर प्रयोगशाला निर्माण गरिनेछ । |
| | ४.४.४ हरेक मा.वि.मा एक विज्ञान प्रयोगशाला निर्माण गरिनेछ । |
| ४.५ नियमित अनुगमन तथा निरिक्षण गरी शैक्षिक कृयाकलापहरूलाई समय सापेक्ष सुधार गर्ने । | ४.५.१ विद्यालयमा शिक्षकहरू नियमित उपस्थित भएको हाजिरी सुनिश्चित गर्न वडा अध्यक्ष र प्रधानाध्यापकहरूसँग हरेक महिनामा अन्तरक्रिया गरी सूचना लिइनेछ । |
| | ४.५.२ विद्यार्थीको नियमित उपस्थितिका लागि कक्षा शिक्षकलाई जिम्मेवार बनाई हरेक चौमासिक परीक्षाको परीक्षाफल प्रकाशन पश्चात अभिभावक अन्तरक्रियालाई अनिवार्य गरिनेछ । |
| | ४.५.३ शिक्षण सिकाइमा उत्कृष्ट विद्यालयलाई हरेक वर्ष पुरस्कृत गर्न एक कोषको निर्माण गरिनेछ । |
| | ४.५.४ हरेक कक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्र/छात्रा विद्यार्थीलाई पुरस्कृत गरिनेछ । |
| | ४.५.५ हरेक विद्यालयमा उत्कृष्ट शिक्षकलाई पुरस्कार कोषको व्यवस्था गरिनेछ । |
| | ४.५.६ उच्च शिक्षामा जान चाहने विशेष जेहेन्दार विद्यार्थीहरूलाई मापदण्डका आधारमा शैक्षिक ऋण प्रदान गर्न "जेहेन्दार विद्यार्थी उच्च शिक्षा कोष" निर्माण गरिनेछ । |
| | ४.५.७ हरेक विद्यालयमा शिक्षकहरूलाई क.म.श (E) हाजिरीको प्रबन्ध गरिनेछ । |
| | ४.५.८ कोरोना महामारी जस्ता माहामारीका समयमा वैकल्पिक विधिवाट अध्यापन गराउन आवश्यक भौतिक पुर्वाधारको प्रबन्ध, विद्यार्थीको सर्वेक्षण सहित कार्ययोजना निर्माण गरी लागु गरिनेछ । |

| | |
|---|---|
| | ४.५.९ Early Childhood Development तथा शिशुकक्षामा अध्यापनरत शिक्षक शिक्षिकाहरूलाई आवश्यक विषेश तालिम प्याकेज सञ्चालन गरिनेछ । |
| | ४.५.१० प्रधानअध्यापक तथा व्यवस्थापन समिति अध्यक्ष लक्षित शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास विशेष तालिम सञ्चालन गरिनेछ । |
| | ४.५.११ गाउँपालिका स्तरिय एक वैज्ञानिक तथा व्यवहारिक शैक्षिक पात्रोको निर्माण गरी लागु गरिनेछ । |
| | ४.५.१२ प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता गरी न्यून उपलब्धी र अपेक्षित उपलब्धीको आधारमा पुरस्कृत एवं नसिहत दिने व्यवस्था मिलाइनेछ । |
| | ४.५.१३ दिवा खाजा कार्यक्रम विस्तारलाई सहजीकरण गर्न कक्षा ६-८ का विद्यार्थीहरुलाई टिफिन बक्स वितरण गरिनेछ । |
| | ४.५.१४ गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्न आवश्यक बजेट विनियोजन गरिनेछ । |

**उद्देश्य ५: विज्ञान, प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिनु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१ विज्ञान र प्रविधिमा रुचि भएका विद्यार्थी बालबालिका तथा युवाहरूको पहिचान तथा प्रोत्साहन गर्ने । | ५.१.१ हरेक मा.वि.मा अध्यापनरत विज्ञान शिक्षकको सहयोग र समन्वयमा विज्ञानमा विशेष रुची भएका विद्यार्थीहरू पहिचान गरी विवरण संकलन गरिनेछ । |
| | ५.१.२ त्यस्ता विद्यार्थीहरू सम्मिलित गरी वर्षमा एक पटक एक गाउँपालिका स्तरिय विज्ञान प्रर्दशनी आयोजना गरिनेछ । |
| | ५.१.३ विज्ञान प्रर्दशनीमा संलग्न विद्यार्थीहरूलाई वर्षमा एक पटक राष्ट्रियस्तरका बैज्ञानिक वा विज्ञानका उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूबाट प्रशिक्षण सञ्चालन गरिनेछ । |
| | ५.१.४ कृषि, उद्योग, पर्यटन आदिमा गाउँपालिकामा भित्रिएको कुनै पनि नवीन प्रविधिबारे विद्यार्थीहरूलाई जानकारी गराउन अन्तर विद्यालय स्थलगत भ्रमण गराइनेछ । |
| | ५.१.५ यस गाउँपालिकाबाट राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरमा विज्ञान र प्रविधिका क्षेत्रमा काम गर्ने व्यक्तित्वहरूसँग विभिन्न उपयुक्त अवसर पारेर साक्षात्कार गराइनेछ । |
| | ५.१.६ औपचारिक शिक्षाको परिधिभन्दा बाहिर रहेका तर विज्ञान र प्रविधिमा विशेष क्षमता भएका व्यक्तिहरू पहिचान गर्न अभियान सञ्चालन गरिनेछ । |
| | ५.१.७ शिक्षा क्षेत्र सुधारमा लघु अनुसन्धान गर्न चाहने शिक्षकलाई भिमसेनथापा स्मृति प्रोत्साहनमूलक अनुदान उपलब्ध गराइनेछ । |

## शिक्षा विज्ञान तथा प्रविधिको विस्तृत कार्यक्रम

*बजेट रकम रु. लाखमा*

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | सम्पूर्ण सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयारी | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.२ | विद्यालय भवन निर्माण | | | | | | | | ✓ | ५० | | | |
| | | | शौचालय निर्माण<br>छात्रा मैत्री शौचालय निर्माण | | | | | | ✓ | २० | | | | | |
| | | १.१.३ | शैक्षिक सामाग्री खरीद | | | | ✓ | १० | | | | | | | |
| | | १.१.४ | एक विद्यालय एक खेलमैदान निर्माण तथा व्यवस्थापन | | | | | | ✓ | २ | | | | | |
| | | १.१.५ | विद्युत पहुँच नपुगेका विद्यालयमा विद्युत जडान वा सोलारको प्रबन्ध | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.६ | हरेक विद्यालयमा इन्टरनेट सेवाको प्रवन्ध | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.७ | गाँउपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम गुरुयोजना तयारी | | | | ✓ | १० | | | | | | | |
| | १.२ | १.२.१ | एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम | | | | | | ✓ | ५ | | | | | |
| | | १.२.२ | विषय शिक्षक तालिम | | | | ✓ | २ | | | | | | | |
| | | १.२.३ | शिक्षा नीति, मापदण्ड तथा कानून निर्माण | | | | | | ✓ | २ | | | | | |
| | १.३ | १.३.१ | शिक्षा गुरुयोजना निर्माण | | | | ✓ | १० | | | | | | | |
| | | १.३.२ | अति विपन्न, सिमान्तकृत, विद्यालय जानबाट वञ्चित बालबालिकाको विवरण संकलन | | | | ✓ | १ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.३.३ | विद्यालय जाने बालबालिका नजानुका वस्तुगत कारणको अध्ययन | | | | ✓ | १ | | | | | | | |
| | | १.३.४ | अभिभावक अभिमुखीकरण तथा शिक्षा कार्यक्रम सञ्चालन | | | | | | ✓ | १ | | | | | |
| | | १.३.५ | घुम्ती भर्ना अभियान सञ्चालन | | | | | | ✓ | ५ | | | | | |
| २. | २.१ | २.१.१ | अति विपन्न र सिमान्तकृत बालबालिका छात्रवृत्ति कोष स्थापना | | | | | | | | ✓ | ५ | | | |
| | | २.१.२ | निरक्षरको विस्तृत विवरण संकलन | | | | ✓ | १ | | | | | | | |
| | | २.१.३ | अनौपचारीक प्रौढ शिक्षा सञ्चालन (प्रत्येक वडा) | | | | ✓ | १० | | | | | | | |
| | | २.१.४ | अनौपचारीक प्रौढ शिक्षा उपलब्धी मापन सर्वेक्षण | | | | | | ✓ | २ | | | | | |
| | | २.१.५ | निरक्षर केन्द्रित शिक्षा सञ्चार तथा जनचेतनामूलक कार्यक्रम (स्थानीय सञ्चार माध्यमबाट) | | | | ✓ | ५ | | | | | | | |
| | | २.१.६ | एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना | | | | | | | | ✓ | ५ | | | |
| ३. | ३.१ | ३.१.१ | एक प्राविधिक विद्यालय सम्भाव्यता अध्ययन | | | | ✓ | ५ | | | | | | | |
| | | ३.१.२ | गाउँपालिका स्तरिय एक नमूना प्राविधिक शिक्षालय स्थापना गर्न संम्भाव्य विद्यालय पहिचान तथा रकम विनियोजन | | | | | | ✓ | १५ | | | | | |
| | | ३.१.३ | दुल्लभ माविलाई बहुप्राविधिक विद्यालय स्थापनार्थ पूर्वाधार निर्माण | | | | | | ✓ | १० | | | | | |
| | | ३.१.४ | दुल्लभ बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर वृद्धिका लागि आर्थिक सहयोग | | | | | | | | ✓ | ५ | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | ३.२ | ३.२.१ | हरेक तहको पाठ्यक्रममा नैतिक, जीवनोपयोगी सामाग्री तय गर्न परामर्श सेवा | | | | ✓ | २० | | | | | | | |
| | | ३.२.२ | नैतिकता, जीवनोपयोगी शीप, आत्मिक विकास, योग साधना अध्यापन गर्ने शिक्षक व्यवस्थापन | | | | | | ✓ | २ | | | | | |
| | | ३.२.३ | विद्यालय स्तरीय पोषण शिक्षा कार्यक्रम | | | | ✓ | २ | | | | | | | |
| ४. | ४.१ | ४.१.१ | नविनतम शिक्षण सिकाई तालिम सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | | शिक्षकहरूलाई सूचना प्रविधि तालिम | | | | ✓ | १ | | | | | | | |
| | | ४.१.२ | विद्यार्थी व्यक्तिगत सूचना प्रणाली निर्माण | | | | | | | | | | | | |
| | | ४.१.३ | शिक्षण सिकाई उपलब्धी मापन ग्रेडीङ्ग प्रणाली निर्माण | | | | | | ✓ | २ | | | | | |
| | | ४.१.४ | हरेक तहमा न्यूनतम सिकाइ उपलब्धी मापन मापदण्ड निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | ४.१.५ | सिकाइ उपलब्धी मापन मापदण्ड बमोजिम शिक्षकहरूलाई पुरस्कारको व्यवस्था | | | | ✓ | १ | | | | | | | |
| | ४.२ | ४.२.१ | स्थानीय माग अनुसारको पाठ्यक्रम निर्माणका लागि परामर्श सेवा | | | | ✓ | १० | | | | | | | |
| | | ४.२.२ | विद्यालय स्तरिय E Learning पुर्वाधार निर्माण | | | | | | ✓ | २ | | | | | |
| | | ४.२.३ | अतिरिक्त कृयाकलाप सञ्चालन गर्न शिक्षक दरबन्दी | | | | | | | | ✓ | १ | | | |
| | | ४.२.४ | पठनपाठनमा एकरुपता ल्याउन अतिरिक्त कक्षा मापदण्ड निर्माण | | | | | | | | | | ✓ | १ | |
| | ४.३ | ४.३.१ | विद्यार्थी शैक्षिक भ्रमण व्यवस्थापन खर्च | | | | | | ✓ | २ | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | ४.३.२ | स्थलगत अवलोकन तथा परियोजना कार्य संचालन | | | | | | ✓ | २ | | | | | |
| | | ४.३.३ | सफल व्यक्तित्व साक्षात्कार कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | ४.३.४ | वृत्तचित्र तथा चलचित्र प्रर्दशनी व्यवस्थापन | | | | ✓ | १ | | | | | | | |
| | | ४.३.५ | पुस्तकालयमा पुस्तक खरीद | | | | | | ✓ | ५ | | | | | |
| | | ४.३.६ | विभिन्न राष्ट्रिय, क्षेत्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिता पूर्व तयारी | | | | | | | | ✓ | २ | | | |
| | | ४.३.७ | बहुक्षेत्रिय शिप विकास तथा व्यवसायिक तालिम केन्द्र | | | | | | | | | | ✓ | २ | |
| | ४.४ | ४.४.१ | पाठ्यपुस्तक तथा शैक्षिक सामग्री आपूर्ति संयन्त्र निर्माण | | | | | | | | ✓ | १ | | | |
| | | ४.४.२ | पुस्तकालय कोठा वा भवन निर्माण<br>मा.वि स्तरिय book corner स्थापना | | | | | | | | | | ✓ | १० | |
| | | ४.४.३ | एक विद्यालय एक कम्प्यूटर प्रयोगशाला निर्माण | | | | | | ✓ | १० | | | | | |
| | | ४.४.४ | माध्यमिक स्तरको विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण | | | | | | ✓ | १० | | | | | |
| | ४.५ | ४.५.१ | इ. हाजिरी व्यवस्थापन तथा वडा अध्यक्ष प्रधानाध्यापक अन्तरक्रिया | | | | ✓ | १ | | | | | | | |
| | | ४.५.२ | शिक्षक अभिभावक अन्तरक्रिया कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | ४.५.३ | उत्कृष्ट विद्यालय पुरस्कार कोष | | | | | | ✓ | १ | | | | | |
| | | ४.५.४ | जेहेन्दार छात्र/छात्रा छात्रवृत्ति कोष निर्माण | | | | ✓ | १ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | ४.५.५ | हरेक विद्यालयमा उत्कृष्ट शिक्षक पुरस्कार कोष स्थापना | | | | | | ✓ | १ | | | | | |
| | | ४.५.६ | जेहेन्दार विद्यार्थी उच्च अध्ययन कोष निर्माण | | | | | | | | ✓ | १ | | | |
| | | ४.५.७ | शिक्षकहरूलाई E हाजिरी प्रवन्ध | | | | ✓ | ०.५ | | | | | | | |
| | | ४.५.८ | महाँमारी विशेष वैकल्पिक शिक्षा पुर्वाधार निर्माण | | | | | | | | ✓ | ५ | | | |
| | | ४.५.९ | ECD विशेष शिक्षक शिक्षिका तालिम | | | | | | ✓ | २ | | | | | |
| | | ४.५.१० | प्रधानाध्यापक शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास तालिम | | | | ✓ | १ | | | | | | | |
| | | ४.५.११ | गाउँपालिका स्तरिय शैक्षिक पात्रो निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | ४.५.१२ | प्रधानाध्यापकलाई कार्यसम्पादन सम्झौता अनुसार उपलब्धी मूल्याङ्कनका आधारमा पुरस्कार र नसिहत | | | | | | ✓ | १ | | | | | |
| | | ४.५.१२ | दिवा खाजा कार्यक्रम विस्तारलाई सहजीकरण गर्न कक्षा ६-८ का विद्यार्थीहरुलाई टिफिन बक्स वितरण | | | | | | | | ✓ | ५ | | | |
| | | ४.५.१३ | गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्न आवश्यक बजेट विनियोजन | | | | | | | | | | ✓ | १ | |
| ५. | ५.१ | ५.१.१ | हरेक विद्यालयबाट विज्ञानमा विशेष रुची र क्षमता भएका विद्यार्थी पहिचान | | | | ✓ | १ | | | | | | | |
| | | ५.१.२ | गाउँपालिकास्तरीय विज्ञान प्रर्दशनी आयोजना | | | | | | | | ✓ | २ | | | |
| | | ५.१.३ | विशेष विज्ञानमा अभिरुची र क्षमता भएका विद्यार्थीलाई अभिमुखीकरण कार्यक्रम | | | | ✓ | १ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | ५.१.४ | गाउँपालिकामा भित्रिएका नविनतम प्रविधिहरूको अन्तर विद्यालय स्थलगत अवलोकन | | | | | | | | ✓ | १ | | | |
| | | ५.१.५ | विज्ञान र प्रविधि सम्बन्ध वैज्ञानिकहरूसँग साक्षात्कार कार्यक्रम | | | | ✓ | २ | | | | | | | |
| | | ५.१.६ | औपचारिक शिक्षा भन्दा वाहिर रही विज्ञान र प्रविधिमा विशेष क्षमता भएका व्यक्तिहरू पहिचान | | | | ✓ | १ | | | | | | | |
| | | ५.१.७ | शिक्षा क्षेत्र सुधारमा लघु अनुसन्धान गर्न चाहने शिक्षकलाई भिमसेनथापा स्मृति प्रोत्साहन अनुदान | | | | | | ✓ | १ | | | | | |
| | | ५.१.७ | अन्तरविद्यालय समन्वय गरी फरकफरक विद्यालयमा फरक फरक विशिष्टीकृत विषयहरू सञ्चालन गर्ने | | | | | | | | ✓ | २ | | | |
| | | ५.१.७ | हरेक विद्यालयमा एक वृहत प्राविधिक वर्कशप स्थापना गर्ने जहाँ electrical, electornic, carpenting, computer, agro tech लगायत आधारभूत सिकाईका कामहरू हुन सकोस र नवप्रवर्तन (innovation) इकाईको रुपमा विकास गर्ने | | | | | | | | | | ✓ | ५ | |

## अपेक्षित उपलब्धीहरू

- ✓ निरक्षरता शुन्यमा झर्नेछ ।
- ✓ आधारभूत शैक्षिक पूर्वाधारको प्रबन्ध हुनेछ ।

- ✓ आधारभूत शिक्षा सबैका लागि अनिवार्य हुनेछ ।
- ✓ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुनेछ ।
- ✓ राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा उपलब्ध हुनेछ ।
- ✓ नैतिकता, राष्ट्रप्रेम र मानव मूल्यमा आधारित शिक्षाको विकास हुनेछ ।
- ✓ विज्ञान र प्रविधिमा युवाहरूको आर्कषण बढ्ने छ ।

## ५.२ स्वास्थ्य

### पृष्ठभूमि

संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन भनि उल्लेख गरिएको छ । यसै हकको कार्यान्वयन गराउने स्थानीय सरकारहरू भएकोले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ । हाल यस गाउँपालिकाका ८ वटै वडामा स्वास्थ्य सेवा प्रदान गर्ने इकाइहरू सञ्चालनमा रहेका छन् । गाउँपालिकाको वडा नं. १ को घ्याम्पेसालमा निजी मनासलु अस्पताल रहेको छ । गाउँपालिकामा एउटा निजी अस्पताल, ६ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ सामुदायिक स्वास्थ्य ईकाइ, ६ वटा वर्थीङ सेन्टर र २२ वटा खोप क्लिनिक र १९ वटा गाउँघर क्लिनिक रहेका छन् ।सबै वडामा ५४ जना महिला स्वास्थ्य स्वयंमसेविका मार्फत परिवार नियोजनक सेवा, प्रजनन तथा प्रसुती सेवा तथा पोषण सेवा सञ्चालनमा रहेका छन भने स्वास्थ्य सूचना सञ्चार तथा प्रचार प्रसारलाई निरन्तर अगाडि बढाइएको छ । गाउँपालिकामा अवस्थित स्वास्थ्य संस्थाहरूबाट सिमित मात्रामा मात्र स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भए तापनि उच्च स्वास्थ्य सेवाको लागि गोरखा बजार, पोखरा, चितवन वा काठमाडौं पुग्नु पर्ने बाध्यता छ । पुरै गाउँपालिकामा एउटा मात्र निजी अस्पताल रहेको छ । तथापि वडा नं. ६ सल्लाघारीमा १५ शैयाको अस्पताल निर्माणका लागि डिपिआर गरिसकिएको छ ।












गाउँपालिकाबाट सञ्चालित एमबुलेन्सहरु

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकामा एउटा निजी अस्पताल, ६ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ सामुदायिक स्वास्थ्य ईकाइ, ६ वटा वर्थीङ सेन्टर र २२ वटा खोप क्लिनिक र १९ वटा गाउँघर क्लिनिक रहेका । |
| ▪ वडा नं. ६ सल्लाघारीमा १५ शैयाको अस्पताल निर्माणका लागि डिपिआर भइसकेको । |
| ▪ गाउँपालिकामा ५४ जना महिला स्वास्थ्य स्वयंसेबी कार्यरत रहेका । |
| ▪ गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रम अभियानको रुपमा शुरु भएको । |
| ▪ वडा नं ७ बोर्लाङ स्वास्थ्य चौकीमा एम्बुलेन्सको सुविधा भएको । |
| ▪ गाउँपालिकाका विपन्न, दलित, गर्भवती महिला र जेष्ठ नागरिकहरूको स्वास्थ्य जाँच गर्न अध्यक्ष/उपाध्यक्ष घरदैलो कार्यक्रम संचालन गर्ने नीति लिइएको । |
| ▪ गाउँपालिकाबाट जेष्ठ नागरिक तथा गर्भवती महिलालाई सुत्केरी गराउने अवस्थामा अस्पताल पुर्‍याउन एम्बुलेन्स सेवा प्रदान गर्ने गरिएको |
| ▪ अस्पताल वा स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई एकमुष्ट रु. १५०० सुत्केरी पोषण भत्ता उपलब्ध गर्ने नीति गाउँपालिकाद्वारा लिइएको । |
| ▪ कोभिड-१९ को असहज परिस्थितिमा खटिने स्वास्थ्यकर्मी तथा राष्ट्रसेवक कर्मचारीलाई उचित प्रोत्साहन भत्ता दिइने नीति लिइएको । |
| ▪ गाउँपालिकाबासीको आधारभूत स्वास्थ्य सेवाका लागि उपलब्ध हुने निशुल्क औषधिको सहज व्यवस्थापन तथा समूचित वितरणको सुनिश्चितता गरिएको । |
| ▪ प्रत्येक वडामा रहेका महिला स्वास्थ्य स्वयंसेवीलाई थप सबलीकरण गरी स्वास्थ्य सेवामा परिचालन गर्न सकिने । |
| ▪ सबै स्वास्थ्य संस्था तथा गाउँपालिकाबाट निस्कने फोहोरमैलाको प्रवन्ध गर्न कुहिने र नकुहिने फोहोर अलग्याई उचित व्यवस्थापनको प्रवन्ध भइरहेको । |
| ▪ गाउँपालिकाद्वारा विभिन्न रोगका लागि घुम्ती स्वास्थ्य शिविरहरू/गाउँघर क्लिनिक सञ्चालन गरिएको । |
| ▪ वैकल्पिक चिकित्सा पद्दति जस्तै जडीबुटी, होमियोप्याथी, प्राकृतिक चिकित्सा तथा योग तथा ध्यान केन्द्रको व्यवस्था गर्न सकिने । |
| ▪ विद्यमान स्वास्थ्य पूर्वाधारहरूलाई स्तरोन्नति गरी तिनीहरूको सेवा प्रभावकारी बनाउन सकिने । |
| ▪ प्रत्येक स्वास्थ्य संस्थामा वैकल्पिक उर्जाको व्यवस्था गरिनुकासाथै खोप केन्द्रलाई चुस्त दुरुस्त बनाउन सकिने । |
| ▪ प्रत्येक वडामा बर्थिङ् सेन्टरहरूमा गर्भवती महिला आरामकक्षको निर्माण गरी सेवा प्रदान गर्न सकिने । |
| ▪ एम्बुलेन्स थप गरी जेष्ठ नागरिक तथा गर्भवती महिलालाई सुत्केरी हुने बेला गाउँपालिकाबाट निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न सकिने । |
| ▪ गाउँपालिकाभित्र उत्पन्न हुन सक्ने प्रकोप र महामारी नियन्त्रण गर्न गाउँपालिका तथा वडागत रुपमा Rapid Response Team खडा गरी प्रत्येक टिमलाई १ स्ट्रेचर र सबै स्वास्थ्य चौकीहरूलाई २/२ वटा स्ट्रेचर तथा संकटकालीन संचित औषधिको व्यवस्था मिलाइएको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ जटिल रोगको उपचार तथा शल्यक्रिया सेवाका लागि काठमाडौं, चितवन वा पोखरा जानुपर्ने बाध्यता रहेको । |
| ▪ गाउँपालिकाका स्वास्थ्य संस्थामा प्रविधियुक्त ल्याव सञ्चालनमा आउन नसकेको । |
| ▪ सहज एम्बुलेन्स सेवा, रक्तसञ्चार सेवा तथा आपतकालीन उपचार सेवाको अभाव । |
| ▪ स्वास्थ्य चौकी लगायतमा दरबन्दी अनुसारको कर्मचारी पूर्ति को उपस्थितिमा नियमितता नभएको |
| ▪ सर्जिकल सामग्री तथा अन्य आवश्यक उपकरणको अभाव । |
| ▪ २४ सै घण्टा आकस्मिक सेवाको अभाव । |
| ▪ सुविधासम्पन्न अस्पताल तथा विज्ञ डाक्टरहरूको अभाव । |
| ▪ कोरोना लगायत महामारी प्रतिकार्य इकाई तथा संयन्त्रको व्यवस्था नभएको । |
| ▪ कच्ची धुले सडकहरूका कारण वर्षातमा विरामीलाई स्वास्थ्य केन्द्र पुर्‍याउन सास्ती हुने गरेको । |
| ▪ स्वास्थ्य सेवाको उचित व्यवस्था र प्रबन्ध नहुँदा विरामीको अकालमै मृत्यु हुन सक्ने । |
| ▪ स्वास्थ्य चेतनाको अभावका कारण बालबालिका स्वास्थ्य, महिला तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा पर्न सक्ने । |
| ▪ समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि ठूलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्नुपर्ने । |
| ▪ स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको स्तर वृद्धि गरी सुविधा सम्पन्न बनाउनु पर्ने । |
| ▪ आधारभूत तहबाट नै पूर्वाधारहरूको विकास गर्न ठूलोबजेटको व्यवस्थापन गर्ने चुनौती रहेको । |
| ▪ कतिपय निजी औषधी पसलले बिना प्रेस्क्रिप्सन औषधी बेच्ने प्रचलनमाथि गाउँपालिकाले निगरानी गर्नुपर्ने । |

| दीर्घकालीन सोच |
|---|
| गाउँपालिकाको शक्ति : स्वस्थ जनशक्ति |
| **लक्ष्य** |
| आगामी पाँच वर्ष भित्र आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण सम्पन्न गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ आकस्मिक र आधारभूत स्वास्थ्य सेवा गाउँपालिकामै उपलब्ध गराउनु ।<br>✓ स्वास्थ्य चेतना र आहार विहारमा सुधार ल्याई प्रर्वद्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु । |

| उद्देश्य १ : आकस्मिक र आधारभूत स्वास्थ्य सेवा गाउँपालिकामै उपलब्ध गराउनु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण गर्ने। | १.१.१ वडामा रहेका स्वास्थ्य चौकीहरू,आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य ईकाइको क्रमश स्तरोन्नती गरिनेछ । |
| | १.१.२ डिपिआर भइसकेको वडा नं. ६ सल्लाघारीमा निर्माण हुने १५ शैयाको हस्पिटलका लागि आवश्यक समन्वय गरी बजेट व्यवस्थापन गरिनेछ । |
| | १.१.३ गाउँपालिका स्तरिय एक प्रयोगशाला डाइनोष्टिक (Diagnostic) ल्यावको निर्माण गरिनेछ |
| | १.१.४ चौविसै घण्टा सञ्चालनमा रहने गरी १५ शैयाको हस्पिटल अर्न्तगत एक सुविधा सम्पन्न आकस्मिक उपचार कक्षको निर्माण गरिनेछ । |
| | १.१.५ १५ शैयाको हस्पिटल अन्तर्गत २४ सै घण्टा सेवा सञ्चालन हुने प्रसुती सेवा केन्द्र निर्माण गरिनेछ । |
| | १.१.६ गाउँपालिका स्तरिय एक बाल उपचार इकाइको स्थापना गरिनेछ । |
| | १.१.७ गाउँपालिका भर समेट्ने गरी २४ सै घण्टा सेवा उपलब्ध हुने एम्बुलेन्स सेवाको सुनिश्चतता गरिनेछ । |
| | १.१.८ गाउँपालिका स्तरिय एक रक्तसञ्चार सेवा सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.१.९ गाउँपालिका स्तरिय एक आखाँ उपचार इकाइ निर्माण गरिनेछ । |
| | १.१.१० गाउँपालिका स्तरिय एक प्रजनन स्वास्थ्य, सुरक्षित गर्भपतन सेवा तथा परिवार नियोजन सेवा इकाइ निर्माण गरिनेछ । |
| | १.१.११ गाउँपालिका स्तरिय एक दन्त उपचार इकाइ निर्माण गरिनेछ । |
| | १.१.१२ गाउँपालिका स्तरिय एक नाक, कान, घाँटी उपचार इकाइ निर्माण गरिनेछ । |
| | १.१.१३ गाउँपालिका स्तरिय एक छाला तथा यौनरोग उपचार इकाइ निर्माण गरिनेछ । |
| | १.१.१४ गाउँपालिका स्तरिय एक मनोपरामर्श इकाइको निर्माण गरिनेछ । |
| | १.१.१५ गाउँपालिका स्तरिय एक अक्सिजन प्लान्ट को निर्माण गरिनेछ । |
| | १.१.१६ गाउँपालिका स्तरिय एक सामान्य शल्य चिकित्सा इकाइको निर्माण गरिनेछ । |
| | १.१.१७ गाउँपालिका स्तरिय एक सामान्य रेडियोलोजि सेवा इकाइको निर्माण गरिनेछ । |
| | १.१.१८ गाउँपालिका स्तरिय एक ECG सेवा इकाइको निर्माण गरिनेछ । |
| | १.१.१९ गाउँपालिका स्तरिय एक Ultrasound सेवा इकाइको निर्माण गरिनेछ । |
| | १.२.१ गाउँपीलकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक दक्ष स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन गरिनेछ । |

| | |
|---|---|
| १.२ स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन तथा क्षमता विकास गर्ने | १.२.२ महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ । |
| | १.२.३ सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई क्षमता विकास सम्बन्धी नियमित तालिमको प्रबन्ध गरिनेछ । |
| | १.२.४ एक विद्यालय एक स्वास्थ्य सहायकको व्यवस्थापन गर्न थालनी गरिनेछ । |
| | १.२.५ आमासँग स्वास्थ्य स्वयमसेविका कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरी गर्भवति तथा सुत्केरी आमाहरूको स्वास्थ्य तथा पोषण सुरक्षा कायम गरिनेछ । |
| | १.२.६ आमा सुरक्षा कार्यक्रम अर्न्तगत प्रयोगशाला निशुल्क परिक्षण र सुत्केरी पोषण कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.३ आधारभूत स्वास्थ्य सेवाबाट अति विपन्न र आम नागरिकलाई बञ्चित हुन नदिने । | १.३.१ अति विपन्न नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमामा मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ । |
| | १.३.२ वडास्तरमा नियमित निशुल्क स्वास्थ्य जाँच घुम्ती शिविर सञ्चालन गरिनेछ । |
| | १.३.३ निशुल्क वितरण गरिने औषधिको आपूर्ति र भण्डारण प्रणाली चुस्त र दुरुस्त पारिनेछ । |
| | १.३.४ अशक्त, असहाय, बेवारिसे, अनाथ तथा जेष्ठ नागरिकहरूको आधारभूत स्वास्थ्यको सुनिश्चितता गर्न यस्ता व्यक्तिहरूको यथार्थ तथ्याङ्क संकलन गरी अभिलेख तयार पारिनेछ । |
| | १.३.५ गम्भिर प्रकृतिका रोगहरूको उपचारमा नेपाल सरकारबाट प्राप्त हुने निशुल्क सेवाहरूलाई सहजिकरण सिफारिस र प्रभावकारी बनाउन एक र्‍यापिड रेस्पोन्स इकाई (Rapid Response Unit) को व्यवस्था गरिनेछ । |
| | १.३.६ बेला बेलामा आइपर्ने Covid-19 जस्ता तथा अन्य माहामारीका लागि आधारभूत पूर्वाधारको बन्दोबस्ती गर्न एक महामारी विपद व्यवस्थापन योजना निर्माण गरिनेछ । |
| | १.३.७ अति विपन्न परिवारमा सुनौलो हजार दिनमा शिशु र आमाको पोषण पूरा गर्न पोषण प्याकेजको निर्माण गरी निशुल्क वितरण गरिनेछ । |
| | १.३.८ बालबालिकाको नियमित तौल र उचाइ समेत जाँच्ने प्रवन्ध गरिनेछ । |
| | १.३.९ जेष्ठ नागरिक विशेष निशुल्क घुम्ती स्वास्थ्य जाँच शिविर सञ्चालन गरिनेछ । |
| | १.३.१० वडास्तरीय महिला प्रजनन् स्वास्थ्य जाँच शिविर सञ्चालन गरिनेछ । |

| उद्देश्य २ : स्वास्थ्य चेतना र आहार विहारमा सुधार ल्याई प्रर्वद्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ स्वास्थ्यप्रति सचेत नागरिक निर्माण गर्न व्यापक जनचेतना जागरण अभियान सञ्चालन गर्ने | २.१.१ स्थानीय सञ्चार माध्याम तथा सामाजिक सञ्जाल मार्फत गाउँपालिकाको सक्रियतामा व्यक्तिगत स्वास्थ्य तथा स्वस्थ व्यवहार सम्बन्धी सामाग्रीहरू नियमित प्रसारण गरिनेछ । |
| | २.१.२ प्रत्येक सघन बस्ती भएका टोलहरूमा योग साधना तथा प्रवचन केन्द्र स्थापना गरिनेछ । |
| | २.१.३ विद्यालय पाठ्यक्रममा व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यका क्षेत्रलाई अनिवार्य समेट्ने व्यवस्था गरिनेछ । |
| | २.१.४ विद्यालयमा जङ्कफुड निषेध गर्न विद्यालय व्यवस्थापन तथा अभिभावकसंग नियमित अन्तरक्रिया गरी निषेध गरिनेछ । |
| | २.१.५ शारिरीक व्यायाम वा श्रमको स्वास्थ्यमा पर्ने सकारात्मक असर बारे नियमित जनचेतना फैलाउन सञ्चार माध्यमसँग सहकार्य गरिनेछ । |
| | २.१.६ धुम्रपान र मद्यपानलाई नियन्त्रण र कम गर्न निश्चित अवधि वा स्थानबाट बिक्रि वितरण हुने व्यवस्था मिलाई जनचेतना अभिवृद्धि गरिनेछ । |
| | २.१.७ आफ्नै घरआगन र करेसाबारीमा उपलब्ध हुने सागसब्जी, फलफुल र खाद्यान्नहरूको पोषणको स्तर तथा सन्तुलित भोजनका बारेमा विद्यालयस्तरमा नियमित रुपमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.१.८ आम नागरिकलाई नियमित सम्पूर्ण स्वास्थ्य जाँचका फाइदाबारे व्यापक प्रचार प्रसार गरिनेछ । |
| २.२ वैकल्पिक चिकित्सा पद्धतीको विकास र त्यसको अवलम्बन गरी जनस्वास्थ्य सुदृढ गर्ने । | २.२.१ गाउँपालिकास्तरीय एक आयुर्वेद उपचार केन्द्रको विकास गर्न पूर्वाधार तयार पारिनेछ । |
| | २.२.२ गाउँपालिकास्तरीय एक प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्न नीजि क्षेत्रसँग अन्तरक्रिया गरिनेछ । |
| | २.२.३ स्थानीय स्तरमा रहेका लामा झाँक्री तथा वैद्यहरूलाई विज्ञान सिद्ध स्वास्थ्य चेतना फैलाउन विशेष तालिम प्याकेज निर्माण गरी कार्यान्वयन गरिनेछ । |

## स्वास्थ्यको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | वडास्तरीय स्वास्थ्य संस्थाहरूको स्तरोन्नती : | | | | ✓ | १० | | | | | | | |
| | | १.१.१ | वडा नं. २ र ८ मा स्वास्थ्यचौकी निर्माण तथा सामुदायिक स्वास्थ्य ईकाइहरूको सुदृढीकरण | | | | | | | | ✓ | १५ | | | |
| | | १.१.१ | प्रत्येक बर्थिङ सेन्टरमा गर्भवती महिला आरामकक्ष निर्माण | | | | | | ✓ | ५ | | | | | |
| | | १.१.१ | प्रत्येक स्वास्थ्य संस्थामा वैकल्पिक उर्जाको प्रवन्ध | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.२ | अश्राङ सल्लाघारीमा १५ शैयाको अस्पताल निर्माण | | | | | | | | | | ✓ | ५०० | |
| | | १.१.३ | गाउँपालिकास्तरीय सुविधा सम्पन्न प्याथोलोजी ल्याब निर्माण | | | | | | ✓ | ५० | | | | | |
| | | १.१.४ | सुविधा सम्पन्न आकस्मिक उपचार कक्ष निर्माण | | | | | | ✓ | १०० | | | | | |
| | | १.१.५ | प्रस्तुति सेवा कक्ष निर्माण | | | | | | | | ✓ | ५० | | | |
| | | १.१.६ | बाल उपचार इकाई निर्माण | | | | ✓ | २० | | | | | | | |
| | | १.१.७ | प्रत्येक स्वास्थ्य चौकी एक एम्बुलेन्स खरिद | | | | | | | | | | ✓ | २२५ | |
| | | १.१.८ | रक्तसञ्चार सेवा संचालन गर्न सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | १.१.९ | आँखा उपचार इकाइ निर्माण | | | | ✓ | ५ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.१.१० | प्रजनन् सेवा, परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवा इकाई स्थापना | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.११ | गाउँपालिका स्तरिय एक दन्त उपचार इकाइ निर्माण | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.१२ | गाउँपालिका स्तरिय एक नाक, कान, घाँटी उपचार इकाइ निर्माण | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.१३ | गाउँपालिका स्तरिय एक छाला तथा यौनरोग उपचार इकाइ निर्माण गरिनेछ । | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.१४ | मनोपरामर्श सेवा केन्द्र स्थापना | | | | ✓ | २ | | | | | | | |
| | | १.१.१५ | गाउँपालिका स्तरिय एक अक्सिजन प्लान्ट को निर्माण | | | | ✓ | २ | | | | | | | |
| | | १.१.१६ | गाउँपालिका स्तरिय एक सामान्य शल्य चिकित्सा इकाइको निर्माण | | | | | | ✓ | ५ | | | | | |
| | | १.१.१७ | गाउँपालिका स्तरिय एक सामान्य रेडियोलोजि सेवा इकाइको निर्माण | | | | | | ✓ | ५ | | | | | |
| | | १.१.१८ | गाउँपालिका स्तरिय एक ECG सेवा इकाइको निर्माण | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.१९ | गाउँपालिका स्तरिय एक Ultasound सेवा इकाइको निर्माण | | | | ✓ | ५ | | | | | | | |
| | १.२ | १.२.१ | स्वास्थ्यकर्मीको दरबन्दी व्यवस्था | | | | | | | | ✓ | ५ | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.२.२ | महिला स्वास्थ्य स्वयंसेविका तालिम तथा प्रोत्साहन भत्ता | | | | ✓ | २ | | | | | | | |
| | | १.२.२ | Post Delivery Service प्रदान गर्ने स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन अनुदान | | | | ✓ | ५ | | | | | | | |
| | | १.२.३ | अन्य स्वास्थ्यकर्मी तालिम तथा अनुसन्धान | | | | ✓ | ३ | | | | | | | |
| | | १.२.४ | एक विद्यालय एक स्वास्थ्य सहायक व्यवस्थापन | | | | | | ✓ | २ | | | | | |
| | | १.२.५ | आमासँग स्वास्थ्य स्वयमसेविका कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | १.२.६ | आमा सुरक्षा कार्यक्रम अर्न्तगत प्रयोगशाला निशुल्क परिक्षण र सुत्केरी पोषण कार्यक्रम | | | | | | | | ✓ | ५ | | | |
| | १.३ | १.३.१ | विपन्न नागरिक स्वास्थ्य बीमा अनुदान | | | | | | | | | | ✓ | ५ | |
| | | १.३.२ | वडास्तरीय निशुल्क अध्यक्ष/उपाध्यक्ष घुम्ती स्वास्थ्य परिक्षण शिविर सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | १.३.३ | नि:शुल्क वितरण हुने औषधि नियमित आपूर्ति | | | | ✓ | ५ | | | | | | | |
| | | १.३.४ | अशक्त, असहाय, बेवारिसे, अनाथ तथा जेष्ठ नागरिकहरूको आधारभूत स्वास्थ्यको सुनिश्चितता गर्न यस्ता व्यक्तिहरूको यथार्थ तथ्याङ्क संकलन | | | | ✓ | १ | | | | | | | |
| | | १.३.५ | र्‍यापिड रेस्पोन्स इकाई (Rapid Response Unit) को व्यवस्था | | | | ✓ | ४ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.३.६ | महामारी विपद व्यवस्थापन योजना निर्माण | | | | ✓ | ५ | | | | | | | |
| | | १.३.७ | विपन्न नागरिक सुनौला हजार दिन पोषण व्यवस्था | | | | | | ✓ | ५ | | | | | |
| | | १.३.८ | वालवालिकाको नियमित तौल र उचाइ जाँच्ने व्यवस्था | | | | ✓ | २ | | | | | | | |
| | | १.३.९ | निशुल्क घुम्ती स्वास्थ्य जाँच शिविर सञ्चालन | | | | ✓ | ५ | | | | | | | |
| | | १.३.१० | वडास्तरीय महिला प्रजनन् स्वास्थ्य जाँच शिविर सञ्चालन | | | | | | ✓ | ५ | | | | | |
| २. | २.१ | २.१.१ | स्वास्थ्य शिक्षा सञ्चार कार्यक्रम | | | | ✓ | २ | | | | | | | |
| | | २.१.२ | योग साधना प्रवचन केन्द्र स्थापना (वडास्तरीय) | | | | | | | | ✓ | ५ | | | |
| | | २.१.३ | व्यक्तिगत र सामुदायिक स्वास्थ्य सम्बन्धी विद्यालय पाठ्यक्रम | | | | | | | | ✓ | ५ | | | |
| | | २.१.४ | जङ्क फुड उन्मूलन विद्यालय अभियान अर्न्तगत अभिभावक अर्न्तकृया | | | | ✓ | १ | | | | | | | |
| | | २.१.५ | शारिरीक व्यायाम तथा श्रमको महत्व विषयक सूचना सञ्चार | | | | ✓ | २ | | | | | | | |
| | | २.१.६ | धुम्रपान र मध्यपान नियन्त्रण सचेतना अभियान | | | | ✓ | २ | | | | | | | |
| | | २.१.७ | "सन्तुलित र पोषिलो भोजन रोजौं, घर आगन नै खोजौं" कार्यक्रम | | | | | | | | ✓ | ५ | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | २.१.८ | नियमित स्वास्थ्य जाँचको महत्वबारे विशेष जनचेतनामूलक कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | २.२ | २.२.१ | गाउँपालिका स्तरीय एक आर्युवेद स्वास्थ्य केन्द्र स्थापना | | | | | | | | | | ✓ | ५० | |
| | | २.२.२ | गाउँपालिका स्तरिय प्राकृतिक चिकित्सा केन्द्र स्थापना | | | | | | | | | | ✓ | ३० | |
| | | २.२.३ | लामा, झाँक्रि, वैद्य तालिम | | | | | | ✓ | १ | | | | | |

### अपेक्षित उपलब्धीहरू

- ✓ आधारभूत स्वास्थ्य पूर्वाधारको विकास भई गाउँ मै स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।
- ✓ आवश्यक मात्रामा दक्ष स्वास्थ्य जनशक्तिको प्रबन्ध हुनेछ ।
- ✓ आधारभूत स्वास्थ्य सेवामा अति विपन्न नागरिकको पहुँच स्थापित हुनेछ ।
- ✓ स्वास्थ्य चेतनामा व्यापक सुधार आउने छ ।
- ✓ वैकल्पिक चिकित्सा पद्धति तर्फ आम सर्वसाधारणको आर्कषण बढेको हुनेछ ।

## ५.३ संस्कृति, भाषा, कला तथा साहित्य

### पृष्ठभूमि

कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छन् । सदियौँदेखि अभ्यास गर्दै आइरहेका रीतिरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेको हुन्छ । अर्कोतर्फ समुदायपिच्छे आफ्ना-आफ्ना धर्म, संस्कृति, रीतिरिवाज र परम्पराहरू हुन्छन् । ती फरक रीतिरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदाहरू (Intellectual Property) भएकोले तिनीहरूको संरक्षणगर्नु जरुरी छ । गाउँपालिका यस्ता मौलिक तथा साँस्कृतिक विविधतामा धनी गाउँपालिका हो । यस गाउँपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्दछन् । क्षेत्री/बाहुन, बराम, दलित, नेवार, मुस्लिम, दराई, मगर, तामाङ, गुरुङ आदि जातिका मानिसहरूको बसोवास रहेको यो गाउँपालिकामा हिन्दू धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको छ भने यसबाहेक मुस्लिम, क्रिस्चियन र बौद्ध लगायत अन्य धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाति र सम्प्रदायका आ-आफ्नै किसिमका धर्म, संस्कृति र चालचलनहरू छन् । यहाँ तीज, दशैं, तिहार, शिवरात्री, माघेसक्रान्ती, क्रिस्मस डे, साउने मेला, नागपञ्चमी, बालाचतुर्दशी, ल्होसार, चण्डी पुर्णिमा, वुद्ध जयन्ती जस्ता विभिन्न चाड पर्व एवं साँस्कृतिक उत्सवहरू मुख्य रुपमा मनाइने गरिन्छ । नाचहरूमा घाटु, सोरठी, पाङदुरे नाच, लाखे नाच तथा खैजेडी भजन आदि रहेका छन् । लोपोन्मुख नाच तथा कलाहरूको संरक्षणमा भने गाउँपालिकावबासीको ठूलो योगदान रहेको छ । यसरी लोक कला र संस्कृतीको यो उर्वर भुमिमा वहुप्रतिभाशाली कलाकारहरूको पनि कमि रहेको छैन । वाद्यवादनका क्षेत्रमा पनि गाउँपालिका सक्रिय रहेको छ । मेलापातमा लोकभाकाको साथ मनोरञ्जन गर्ने, विभिन्न साँस्कृतिक भजन समुह बनाई भजन गाउने चलन, कृष्ण अष्टमीको समयावधिमा खैजडी गाउने चलनले कला र संस्कृतिको संरक्षणमा टेवा पुगेको छ साथै गाउँपालिकामा विभिन्न परम्परागत धार्मिक एवं साँस्कृतिक स्थलहरू जस्तै इट्ला पोखरी, मुडुले थुम्को, सातपत्रे गुफा, तान्द्राङकोट कालिका मन्दिर, गणेश मन्दिर,शिवालय लगायत रहेका छन् ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकामा क्षेत्री, मगर, बराम, गुरुङ, नेवार, बाहुन, दलित (पहाडी) आदि समुदायको बसोबास रहेको । |
| ▪ गोरखा जिल्ला उद्‌गम स्थल भई आफ्नै भाषा 'बालकुरा' र संस्कृति भएको लोपोन्मुख बराम् जातिको गाउँपालिकामा उल्लेख्य बसोबास रहेको । |
| ▪ विविध जात, धर्म, सम्प्रदाय र संस्कृतिका समुदायहरू सौहार्दपूर्ण तरिकाले बसेका । |
| ▪ धार्मिक हिसाबले विभिन्न धर्मावलम्बीहरूले आफ्ना धर्म, संस्कृति र परम्परा कायम राखिरहेको । |
| ▪ तीज, दशैं, तिहार, शिवरात्री, माघेसक्रान्ती, क्रिस्मस डे, साउने मेला, नागपञ्चमी, बालाचतुर्दशी, ल्होसार जस्ता चाडपर्वहरू मनाउने गरेको । |
| ▪ घाटु, सोरठी, लाखे नाँच, भजन किर्तन, खैजडी नाँच, पाङदुरे नाँच, तथा वालन जस्ता नाचहरू प्रचलनमा रहेका । |
| ▪ ढोलक, मादल, खैजेडी, मुरली, वाँसुरी, डम्फु, पञ्चेवाजा, ढ्याङ्ग्रो, आदि जस्ता सांस्कृतिक बाजाहरू प्रचलनमा रहेका । |
| ▪ भीमसेन थापा स्मारक तथा संग्रहालय निर्माण गरी ऐतिहासिक धरोहरको प्रवर्द्धन गर्न सकिने । |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ विविध समुदायहरूको मानवशास्त्रीय अध्ययनका लागि शैक्षिक पर्यटनको गन्तव्यस्थल बनाउन सकिने |
| ▪ वडा नं ४ काशीघाट पशुपतिनाथको मन्दिर निर्माण गरी शिवरात्री मेला व्यवस्थित गर्न सकिने । |
| ▪ विभिन्न जाति तथा समुदायका आ-आफ्ना मठ, मन्दिर, मदरसा तथा धार्मिक स्थलहरू रहेका । |
| ▪ भाषा, कला, संस्कृति तथा कलाको संरक्षण गर्न भिमसेनथापा महोत्सव सञ्चालन गर्न सकिने । |
| ▪ चाडपर्वको बेला नाचगान गर्दा दौरा सुरुवाल,कछाड, चौवन्दी चोली पटुकी, घलेक, जामा,दरै पोसाक, जस्ता साँस्कृतिक भेषभुषाबाट सँस्कृतिको जर्गेना गर्ने प्रयास भइरहेको । |
| ▪ भिमसेनथापा गाउँपालिकालाई मौलिक संस्कृति र सभ्यताको केन्द्रको रूपमा विकास गरी सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने । |
| ▪ गाउँपालिका क्षेत्रका सर्जक तथा कलाकारको उत्थान र वृत्ति विकास गर्न सकिने |
| ▪ आदिबासी बराम, मगर, दरै, गुरुङहरूको संस्कृति उजागर गर्न होमस्टे सञ्चालन गर्न सकिने |
| ▪ गाउँपालिका क्षेत्रमा रहेका विभिन्न धार्मिक तथा सांस्कृतिक स्थलहरूको विकास गर्न सकिने |
| ▪ लोपोन्मुख लोकभाका तथा परम्परागत बाजागाजाको संरक्षण गरी लोक संस्कृतिको उत्थान गर्न सकिने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ पाङ्दुरे, लाखे, गाइजात्रा, खैजेडी, सोरठी, घाटु जस्ता नाचहरू तथा झ्याउरे,दोहारी रत्यौली जस्ता लोकभाकाहरू लोपोन्मुख रहेका । |
| ▪ मठ-मन्दिर, मदरसा, पाटी पौवा, गुठी जस्ता सांस्कृतिक धरोहरहरूको संरक्षणका लागि ठोस कार्ययोजना नबनेको । |
| ▪ सामाजिक सञ्जाल,आम सञ्चार तथा सूचना प्रविधिमा भएको विकासका कारण पश्चिमा संस्कृतिको प्रभावले मौलिक संस्कृति लोप हुने जोखिम रहेको । |
| ▪ विभिन्न धार्मिक स्थलहरू मर्मत सम्भार नहुँदा जीर्ण अवस्थामा पुगेका । |
| ▪ कतिपय आदिवासी जनजातिहरू विपन्न अवस्थामा रहेकोले उनीहरूको सबलीकरणका लागि ठोस कार्यक्रमहरू नभएको । |
| ▪ भीमसेन थापा र दुल्लभसँग जोडिएका कतिपय प्राचीन धरोहरहरू उचित प्रसारप्रसार, संरक्षण तथा जिर्णोद्वारको पर्खाइमा रहेका । |
| ▪ भीमसेन थापाका हवेली तथा जग्गा जमिन अन्य व्यक्तिगत नाममा दर्ता भएकाकारण फिर्ता गर्न चुनौती रहेको । |
| ▪ समुदाय र राज्य दुवैका उदासिनताका कारण स्थानीय र मौलिक मौलिक संस्कृतिहरू लोप भई पहिचान नै संकटमा पर्न सक्ने । |
| ▪ बाहुन, गुरुङ, क्षेत्री, मगर, बराम, नेवार, दरै, तथा आदि जातिको भेषभुषा तथा भाषाको संरक्षण गर्नुपर्ने । |
| ▪ सम्बन्धित समुदाय र राज्यले मिलेर सांस्कृतिक संरक्षण प्रर्वद्धनमा ठोस र दीर्घकालीन कार्यक्रमहरू तत्काल सञ्चालन गर्नुपर्ने । |
| ▪ विभिन्न लोक भाकाको संरक्षण गर्नुपर्ने । |
| ▪ आर्थिक प्रलोभनमा पारी धर्म परिवर्तन गराउने परिपाटी रोक्नुपर्ने । |

| दीर्घकालीन सोच |
|---|
| सभ्य र सुसंस्कृत समाजको निर्माण |
| **लक्ष्य** |
| संस्कृती, भाषा कला र साहित्यको जर्गेना र विकास मार्फत सभ्य र सौहार्द समाजको स्थापना गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ स्थानीय पहिचान कायम हुने भाषा कला, संस्कृति, साहित्यको संरक्षण र प्रवर्द्धन गर्नु ।<br>✓ संस्कृति भाषा, कला तथा साहित्यको श्रृजनात्मक विकासमा टेवा पुऱ्याउनु । |

**उद्देश्य १ : स्थानीय पहिचान, कायम हुने भाषा, कला, संस्कृति र साहित्यको संरक्षण र प्रवर्द्धन गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ संस्कृति, भाषा, कला तथा साहित्यको वस्तुगत अभिलेखिकरण गर्ने । | १.१.१ गाउँपालिकामा प्रचलनमा रहेका सबैप्रकारका मूर्त र अमूर्त साँस्कृतिक सम्पदा (Intangible Cultural Heritage) को वस्तुगत तथा विस्तृत पार्श्वचित्र तयार पारिनेछ । |
| | १.१.२ लोपोन्मुख अर्मुत सांस्कितिक संम्पदाहरूलाई संस्थागत स्मरणमा ( Institutional Memory) राख्न कला संस्कृती तथा साहित्यप्रेमी कलाकारहरूको सहयोगमा रेर्कड गरिनेछ । जस्तै लोक गीत, लोक कथा,लोक गाथा आदि । |
| | १.१.३ सबै बौद्धिक सम्पदा (Intellectural Property) को विवरण प्रकाशन गरिनेछ |
| | १.१.४ यस प्रकारका साँस्कृतिक तथा बौद्धिक सम्पदाहरूलाई स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ । |
| | १.१.५ गाउँपालिकाको मौलिकता दर्शाउने यो सम्पदा समेटेर एक वृत्तचित्र निर्माण गरिनेछ । |
| | १.१.६ गाउँपालिकाबाट प्रादेशिक तथा राष्ट्रिय कला, सँस्कृति र साहित्यमा योगदान पुऱ्याउने लेखक, गायक, अभिनेता, संगीतकार, रंगकर्मी, नृत्याङ्गना, साहित्यकार सँस्कृतिविद लगायतका कलाकारको विस्तृत विवरण तयार पारिनेछ । |
| १.२ भाषा संस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने । | १.२.१ वर्षभरी निरन्तर सांस्कृतिक र साहित्यिक गतिविधि सञ्चालन र त्यसको निरन्तरताका लागि एक वार्षिक भाषा, कला, साहित्य तथा संस्कृति पात्रो निर्माण गरी लागू गरिनेछ । |
| | १.२.२ विद्यालयस्तरमा कला, साहित्य र संस्कृतिमा विशेष झुकाव भएका विद्यार्थीहरूको पहिचान गरी अभिलेख तयार पारिनेछ । |
| | १.२.३ त्यस्ता प्रतिभाहरूको प्रतिभा उजागर गर्न हरेक महिना विद्यालयस्तरिय र निश्चित समयको अन्तरालमा अन्तरविद्यालय सांस्कृतिक, साहित्यिक प्रतियोगिता आयोजना गरिनेछ । |
| | १.२.४ राष्ट्रिय र प्रादेशिक तहका प्रतियोगीतामा भाग लिने कलाकार साहित्यकार आदिको प्रशिक्षण तथा तयारीका लागि एक प्रोत्साहन कोषको निर्माण गरिनेछ । |

| | |
|---|---|
| | १.२.५ वडा स्तरीय सांस्कृतिक समितिहरू गठन गरी वार्षिक सांस्कृतिक पात्रो कार्यान्वयनमा ल्याउन सांस्कृतिक अभ्यासहरू सञ्चालन गरिनेछ । |
| | १.२.६ हरेक विशेष चाडपर्व मेला र सांस्कृतिक उत्सवलाई भव्य बनाउन सांस्कृतिक समितिहरूलाई जिम्मेवारी प्रदान गरी सो सञ्चालनका लागि रकमहरूको व्यवस्था गरिनेछ । |
| | १.२.७ सांस्कृतिक गतिविधिहरू पर्यटनसंग आबद्ध गर्न व्यापक प्रचार प्रसार गरिनेछ । |
| | १.२.८ मातृमाषामा आधारभूत शिक्षा दिन सकिने समुदायका बारेमा सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.२.९ लोपोमुन्ख सांस्कृतिक गाथाहरूसंरक्षण गर्न विशेष समारोह आयोजना गरिनेछ । (जस्तै धान दिवसमा असारे मौलिक गीतहरू) |

| उद्देश्य २ : संस्कृति, भाषा, कला तथा साहित्यको श्रृजनात्मक विकासमा टेवा पुर्‍याउनु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१ कला, साहित्य, भाषा संस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने । | २.१.१ कला, साहित्य, भाषा तथा संस्कृतिका सर्जकहरूलाई यि क्षेत्रको विकासका लागि आवश्यक मागहरूको संम्बोधन गर्न विशेष अन्तरक्रिया आयोजना गरिनेछ । |
| | २.१.२ यसप्रकारका सर्जकहरूलाई सहयोग र प्रोत्साहन तथा पुरस्कृत गर्न एक गाउँपालिकास्तरीय साँस्कृतिक कोषको निर्माण गरिनेछ । |
| | २.१.३ विभिन्न राष्ट्रिय तथा गाउँपालिका स्तरीय विशेष अवसरमा यस्ता सर्जक तथा कलाकारहरूलाई सम्मान र पुरस्कृत गरिनेछ । |
| | २.१.४ हरेक विद्यालयमा अतिरिक्त कृयाकलापहरूमा यी विषय समावेश गरी नियमित अभ्यास र पठनपाठन गर्न आंशिक शिक्षकको प्रवन्ध गरिनेछ । |
| | २.१.६ वडास्तरीय झाँकीहरू प्रस्तुत गर्न सांस्कृतिक समिति मार्फत अभ्यास सञ्चालन गरिनेछ । |
| २.२ सांस्कृतिक, साहित्यिक भाषिक तथा कला सम्बन्धी पूर्वाधार निर्माण | २.२.१ गाउँपालिकास्तरीय एक सांस्कृतिक केन्द्रको स्थापना गर्ने |
| | २.२.२ साँस्कृतिक केन्द्रलाई चलायमान बनाउन नाटक, नृत्य, सांगितिक कार्यक्रम, साहित्यिक कार्यक्रम, चित्रकला प्रर्दशनीहरूको सांस्कृतिक पात्रो बमोजिम आयोजना गरिनेछ । |
| | २.२.३ हरेक वर्षमा एक पटक सांस्कृतिक पर्व (Cultural Festival) तथा साहित्य उत्सव ( Literature Festival) आयोजना गरिनेछ । |
| | २.२.४ गाउँपालिकास्तरीय एक कला संग्रहालयको निर्माण गरिनेछ । |
| | २.२.५ भाषा, कला तथा साहित्यमा अभिरुची हुनेहरूको संलग्नतामा एक गाउँपालिकास्तरिय बौद्धिक समाज निर्माण गर्न अन्तरक्रिया संचालन गरिनेछ । |
| | २.२.६ गाउँपालिका स्तरिय बौद्धिक समाजको मुखपत्रमार्फत बौद्धिक तथा साहित्यिक लेखरचनाहरू नियमित प्रकाशन गर्न संभाव्यता अध्ययन गरिनेछ । |

## संस्कृति, भाषा, कला तथा साहित्यको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | अमूर्त साँस्कृतिक सम्पदाको Inventory तयारी | | | | | | ✓ | २ | | | | | |
| | | १.१.२ | लोपोन्मुख अर्मुत सांस्कृतिक सम्पदाहरूलाई रेर्कड गरिनेछ । | | | | | | ✓ | २ | | | | | |
| | | १.१.३ | Intangible Cultural Heritage (ICH) तथा वौद्धिक सम्पदाको विवरण प्रकाशन | | | | | | | | ✓ | १ | | | |
| | | १.१.४ | सांस्कृतिक सम्पदा सम्बन्धी पाठ्यक्रम निर्माण | | | | | | | | ✓ | ५ | | | |
| | | १.१.५ | सांस्कृतिक वृत्त चित्र निर्माण | | | | | | ✓ | ५ | | | | | |
| | | १.१.६ | लेखक, कलाकार, साहित्यकारहरूको विवरण संकलन | | | | ✓ | १ | | | | | | | |
| | १.२ | १.२.१ | सांस्कृतिक पात्रो निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | १.२.२ | विशेष कला भएका विद्यार्थी पहिचान | | | | | | ✓ | १ | | | | | |
| | | १.२.३ | विद्यालय तथा अन्तर विद्यालय सांस्कृतिक प्रतियोगिता | | | | | | | | ✓ | ५ | | | |
| | | १.२.४ | राष्ट्रिय तथा प्रादेशिकस्तरको सांस्कृतिक प्रतियोगिता तयारी कोष | | | | | | ✓ | २ | | | | | |
| | | १.२.५ | वडास्तरीय सांस्कृतिक समितिहरू मार्फत अभ्यासका लागि प्रोत्साहन अनुदान | | | | ✓ | ५ | | | | | | | |
| | | १.२.६ | विशेष पर्व तथा उत्सव तयारी अनुदान | | | | | | | | ✓ | १ | | | |
| | | १.२.७ | सांस्कृतिक गतिविधि प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन | | | | ✓ | ५ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.२.८ | मातृभाषामा आधारभूत शिक्षाका लागि सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | १.२.९ | लोपोन्मुख सांस्कृतिक गाथा संरक्षण कार्यक्रम | | | | | | | | ✓ | १ | | | |
| २. | २.१ | २.१.१ | कला, साहित्य र संस्कृतिका सर्जक तथा कलाकारहरूसँग अन्तरक्रिया | | | | ✓ | १ | | | | | | | |
| | | २.१.२ | गाउँपालिकास्तरीय सांस्कृतिक कोषको निर्माण | | | | | | ✓ | १ | | | | | |
| | | २.१.३ | कलाकार, सर्जक तथा कला-पत्रकार सम्मान | | | | ✓ | १ | | | | | | | |
| | | २.१.४ | सांस्कृतिक गतिविधि तथा पठनपाठनका लागि आंशिक शिक्षक व्यवस्थापन | | | | | | | | ✓ | २ | | | |
| | | २.१.५ | सांस्कृतिक झाँकी तयारी | | | | | | | | | | ✓ | ३ | |
| | २.२ | २.२.१ | सांस्कृतिक केन्द्र निर्माण | | | | | | | | | | ✓ | २० | |
| | | २.२.२ | तीन दिने बार्षिक भिमसेनथापा सांस्कृतिक उत्सव (Cultural Festival) आयोजना | | | | | | | | ✓ | ५० | | | |
| | | २.२.३ | वार्षिक सांस्किृतिक तथा साहित्य उत्सव गर्ने | | | | | | | | ✓ | ५ | | | |
| | | २.२.४ | साँस्कृतिक केन्द्रमा रहने एक भिमसेनथापा स्मारक तथा कलासंग्रहालयको निर्माण | | | | | | | | | | ✓ | १५ | |
| | | २.२.५ | गाउँपालिकास्तरिय बौद्धिक समाज निर्माण गर्न अन्तरक्रिया संचालन | | | | ✓ | १ | | | | | | | |
| | | २.२.६ | गाउँपालिका स्तरिय बौद्धिक समाज मुखपत्र सम्बन्धी संभाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |

## ५.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण

### पृष्ठभूमि

सामाजिक जागरणको पर्याप्तता नभएको, राजनैतिक चेतनाको परिपक्वता भैनसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गिय स्वरुपको समाजमा व्यापक रुपान्तरण समेत भैनसकेकोले नेपालमा लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान, सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाइहरूको सम्बोधन तथा समग्र सामाजिक समावेशीकरणका मुद्दाहरू सामाजिक विकासका दृष्टिले केन्द्रिय भाग मै रहेका छन् । यसर्थ यस गाउँपालिकामा समेत यी सवालहरूको व्यापक सार्न्दभिकता रहेको र विकास योजनाले यी विषयहरूलाई महत्व दिएर समेट्नु पर्ने देखिन्छ । नेपालको संविधानमा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । समाजमा सिमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जिवनयापन गर्न पाउने नैसर्गिक अधिकार सुनिञ्चित नगर्दासम्म सभ्य र सौहार्दपूर्ण समाजको परिकल्पना गर्न सकिदैन । त्यसैले लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा प्राथमिकता दिन सके असमानताको जालो तोड्न सहज हुन जान्छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकाले हरेक वर्ष जेष्ठ नागरिक, महिला तथा अपाङ्गता भएका लगायतलाई भ्रमण, र सामाजिक सुरक्षा भत्ता घरदैलो कार्यक्रम मार्फत वितरण गरिएको । |
| ▪ गाउँपालिकाबाट कम्तिमा वर्षको एक पटक जेष्ठ नागरिक सम्मान तथा एकीकृत स्वास्थ्य शिविर सञ्चालन गर्ने गरिएको । |
| ▪ बाल अधिकार, महिला अधिकार तथा सामाजिक न्यायमा महिलाको पहुँच सम्बन्धी विविध कार्यक्महरू सञ्चालन गर्ने गरिएको । |
| ▪ महिलामा क्षमता विकास, नेतृत्व विकास तथा आय आर्जन सम्वन्धी विशेष कार्यक्महरू सञ्चालन गर्ने नीति लिइएको । |
| ▪ गाउँपालिकाभित्र समुह बनाई व्यवसाय गर्ने कम्तिमा १५ जनासम्मको महिला समुहलाई नमूना महिला समुहको रुपमा प्रोत्साहन गर्ने नीति रहेको । |
| ▪ प्रत्येक टोलमा महिला तथा किशोरी समुह गठन गरी हिंसा न्यूनीकरण, क्षमता अभिवृद्धि तथा मूलप्रवाहीकरणका कार्यहरू भइरहेको । |
| ▪ एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, टुहुरा, सिमान्तकृत र लोपोन्मुख समुदायका लागि यातायात, स्वास्थ्य र शिक्षा निशुल्क गर्ने गाउँपालिकाको नीति रहेको । |
| ▪ लैङ्गिक हिंसा न्यूनीकरण, लागु औषध दुर्व्यसनी, मानव ओसारप्रसार तथा बेचबिखन सम्बन्धी सचेतना मूलक कार्यक्रम सञ्चालन भइरहेको । |
| ▪ विपन्न महिलालाई सिपमूलक तथा उद्यमशिलतामा तालिममा जोड दिई आय आर्जनका कार्यक्रम गर्ने गरिएको । |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ■ दलित वर्गमाथि हुने भेदभाव न्यूनीकरण गरी परम्परागत ज्ञान र सिपलाई व्यवसायीकरण गर्ने प्रयत्न गरिएको । |
| ■ गाउँपालिकामा 'क' वर्गमा नपरेका जटिल प्रकृतिका अपाङ्गता भएका विद्यार्थीहरूलाई चाहेको तहसम्म विषेश छात्रवृत्ति प्रदान गर्ने नीति रहेको । |
| ■ अपाङ्गता परिचयपत्र वितरण व्यवस्थित गरी सहायता सामाग्री वितरणमा गाउँपालिकाले जोड दिएको । |
| ■ न्यायिक समितिको कामकार्यवाहीलाई प्रभावकारी र सर्वसुलभ बनाई मेलमिलाप तथा मध्यस्थता सेवालाई चुस्त बनाउन आवश्यक पुर्नताजगी तालिको व्यवस्था गरिएको । |
| ■ छुवाछुत तथा सामाजिक विभेद क्रमश: न्यून हुँदै गएको । |
| ■ गाउँपालिकामा सांस्कृतिक तथा धार्मिक सहिष्णुता कायम रहेको । |
| ■ सञ्चार माध्यम र शिक्षाको सकारात्मक प्रभाव परेको । |
| ■ कतिपय महिलाहरू राजनीति, सामाजिक कार्यलगायत विभिन्न विकासका गतिविधिहरूमा सरिक हुन थालेका । |
| ■ दुई छोरी जन्माई स्थायी बन्ध्याकरण गर्ने दम्पतीका छोरीलाई १२ कक्षासम्म निशुल्क पठनपाठनको व्यवस्था गर्ने नीति लिइएको । |
| ■ प्रत्येक वडामा १ महिला सदस्य र १ दलित महिला सदस्य अनिवार्य रूपमा निर्वाचित हुने व्यवस्था गरेको हुँदा उनीहरूले सम्पूर्ण महिला, दलित, जनजातिहरूको हक हित तथा अधिकारको पक्षमा आवाज उठाएका कारण सामाजिक न्याय, समानता लगायत समाज सुधारका पक्षमा केही प्रगति भएको । |
| ■ अपाङ्ग पुनर्स्थापना केन्द्र, विपन्न सहायता केन्द्र, अनाथालय तथा जेष्ठ नागरिक स्याहार केन्द्र स्थापना गरी न्यायपूर्ण समाजको स्थापनामा सहयोग पुऱ्याउन सकिने । |
| ■ भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाउन सकिने । |
| ■ शिक्षा र जनचेतनामा आएको क्रमिक सकारात्मक सुधारका कारण महिला तथा सीमान्तकृत वर्गको उत्थानमा उपयुक्त वातावरण बन्दै जाने । |
| ■ सबै तह र तप्काका समुदायलाई सामाजिक मूल प्रवाहीकरणमा ल्याउँदा गाउँपालिकाको समग्र विकास प्रक्रियाले गति लिन सक्ने । |
| ■ महिलाहरू राजनीतिक गतिविधिमा संलग्न हुन थालेकाले उनीहरूका आवाजहरू सम्बन्धित निकायमा पुऱ्याउन सहज भएको । |
| ■ एकल महिला, बेरोजगार महिला, अति पिछडिएका तथा विपन्नहरूका लागि रोजगारमूलक तालिमको व्यवस्था गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ सामाजिक सुरक्षा भत्ता वितरण बैङ्किक प्रणालीमार्फत अनिवार्य गर्दा गाउँपालिकामा बैङ्किङ सुविधाको अवस्था कमजोर हुँदा सेवाग्राहीलाई असहजता हुन सक्ने । |
| ▪ गाउँपालिकामा सामुदायिक भेटघाट केन्द्र, दलित सञ्जाल, महिला सञ्जाल, वृद्धाश्राम, बाल सुरक्षा तथा सुधार गृह जस्ता भवनहरूको अभाव रहेको । |
| ▪ समाजमा महिलाको समग्र सामाजिक स्तर अत्यन्त कमजोर रहेको । |
| ▪ जातीय भेदभाव पूर्ण रूपले अन्त्य हुन नसकेको । |
| ▪ सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरण हुन नसकेको । |
| ▪ जनचेतनामूलक कार्यक्रमहरू अपेक्षाकृत रूपमा प्रभावकारी हुन नसकेका । |
| ▪ लुकिछिपी बाल विवाह गर्ने प्रचलन हालसम्म कायम रहेको । |
| ▪ लैङ्गिक विभेद तथा हिंसाले समाजमा सामाजिक विग्रह ल्याउनुका साथै विकासको गतिमा नकारात्मक असर पर्न सक्ने । |
| ▪ महिला पछाडि पर्दा समग्र पारिवारिक संगठन र समाज नै विकृत बन्न सक्ने । |
| ▪ सामाजिक सौहार्दता, मेलमिलाप, शान्ति र समृद्धिका लागि सामाजिक विवेकको प्रयोग गरी सामाजिक अन्तरघुलनका साथै महिला शसक्तिकरण र सीमान्तकृत वर्गको मूल प्रवाहिकरण गर्नुपर्ने |
| ▪ व्यापक रूपमा महिला शिक्षा तथा अन्य जातजाति, अल्पसङ्ख्यक र सीमान्तकृतहरूलाई विशेष रूपमा लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने । |
| ▪ प्रसूती सेवाको व्यवस्था गर्नुको साथै प्रजनन् स्वास्थ्य बारे जनचेतना फैलाउनुपर्ने । |
| ▪ घरेलु हिंसा र महिला हिंसा निर्मूल गर्नुपर्ने । |
| ▪ गाउँपालिकाभित्र गठन भएका दर्जनौं आमा समूहहरूलाई जाँड रक्सीको विकृति विरुद्ध अभियान सञ्चालन गर्न प्रोत्साहित गर्नुपर्ने । |
| ▪ बालविवाह तथा बहुविवाहलाई दण्डित गर्नुपर्ने । |
| ▪ बालमैत्री, अपाङ्गमैत्री तथा महिलामैत्री संरचनाहरू निर्माण गर्नुपर्ने । |

| दीर्घकालीन सोच |
|---|
| भिमसेनथापाको सभ्यता न्यायपूर्ण समाज र सामाजिक सौहार्दता |
| **लक्ष्य** |
| सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्ने |
| **उद्देश्यहरू** |
| लैङ्गिकता, उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्नु |

| उद्देश्य १: लैङ्गिकता उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्य नीति** |
| १.१ महिला जागरण केन्द्रित नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने । | १.१.१ अनिवार्य नारी शिक्षा सम्बन्धी विशेष नीति तथा कार्ययोजना निर्माण गरिनेछ । |
| | १.१.२ छात्रामैत्री वातावरण निर्माण गर्न हरेक विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितीसँग नियमित अन्तरक्रिया सञ्चालन गरिनेछ । |
| | १.१.३ महिला अधिकार, महिला हिंसा, यौन शोषक, यौन हिंसा जस्ता विषयहरूको समुचित सम्बोधन हुनेगरी महिलालाई सचेत बनाउन हरेक वडामा रहेका महिला अधिकारकर्मी, महिला नेतृ, शिक्षिका लगायत सचेत र सक्षम महिलाको संयोजकत्वमा महिला सेल गठन गरिनेछ । |
| | १.१.४ प्रत्येक वडामा रहेका महिला सेलहरूमार्फत हरेक महिना पुरुषहरूको समेत संलग्नतामा महिला जागरण सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.५ विद्यालय पाठ्यक्रम निर्धारण गर्दा छात्र तथा छात्रा दुवैलाई प्रजनन्, स्वास्थ्य, यौन स्वास्थ्य लगायतका लैङ्गिक सवालहरू समेट्ने गरी निर्धारण गरिनेछ र सो माध्यामिक शिक्षामा अनिवार्य लागू गरिनेछ । |
| | १.१.६ स्थानीय सञ्चार माध्यामहरूबाट लैङ्गिकता तथा महिला जागरण सम्बन्धी सामाग्री नियमित प्रसारण गरिनेछ । |
| | १.१.७ बुहारी शिक्षालाई अनिवार्य गरिनेछ । |
| | १.१.८ दाइजो प्रथा तथा लैङ्गिक हिंसा विरुद्ध हरेक वर्ष विशेष जागरण सप्ताह मनाइने छ । |
| | १.१.९ विद्यालयमा सामाजिक शिक्षा अध्यापनरत शिक्षक शिक्षिकालाई समेटेर लैङ्गिक हिंसा र महिला जागरण सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ । |
| १.२ महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ती महिला शसक्तिकरणका कार्यक्रमहरू अभियानको रुपमा सञ्चालन गर्ने । | १.२.१ गाउँपालिकामा स्थापना भई कार्य गरिरहेका सबै प्रकारका महिला समूह, आमा समूह, किशोरी समूह लगायतका समूहलाई लक्षित गरी वार्षिक पात्रोका आधारमा नियमित आयआर्जन तालिम, शिप तथा उद्यमशीलता विकास तथा नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ । |
| | १.२.२ गाउँपालिकाभर रहेका महिला उद्यमीहरूको अभिलेख तयार गरिनेछ । |
| | १.२.३ महिला उद्यमीहरूलाई गाउँपालिका बाहिरका सफल महिला उद्यमीहरूसँग वर्षमा एक पटक साक्षात्कार गराइने छ । |
| | १.२.४ गाउँपालिकाभित्र समुहमा व्यवसाय गर्न चाहने कम्तिमा १५ जनासम्मको नमूना महिला लघु उद्यमी समुह तथा व्यवसायीलाई मापदण्डका आधारमा venture capital को प्रवन्ध गरिनेछ । |
| | १.२.५ सरकारी सेवामा प्रवेश गर्न चाहने महिलाहरूको अभिलेख तयार पारी निशुल्क तयारी कक्षा सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | १.२.६ स्थानीय न्यायिक समिति तथा महिला जनप्रतिनिधिहरूलाई नियमित तालिम सञ्चालन गरिनेछ । |
| | १.२.७ महिलाका नाममा रहेको अचल सम्पत्ती सम्बन्धी वस्तुगत विवरण संकलन गरिनेछ र त्यसमा वृद्धि गर्न ऐन कानूनमा सहुलियतको प्रबन्ध गरिनेछ । |
| | १.२.८ "एकल महिला आत्मनिर्भर कार्यक्रम" सञ्चालन गर्न व्याज अनुदान कोष निर्माण गरिनेछ । |
| | १.२.९ महिला हिंसा पहरेदारी तथा कानूनी सेवाका लागि वडास्तरीय महिला सेल गठन गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.२.१० गाउँपालिकास्तरीय एक महिला सूरक्षा गृहको निर्माण गरिनेछ । |
| | १.२.११ गाउँपालिकास्तरीय एक महिला उद्यमी वस्तु विक्रि केन्द्र स्थापना गरिनेछ । |
| | १.२.१२ गाउँपालिकामा उच्च शिक्षामा छात्राको उपस्थिति वृद्धि गर्न बालिका बीमा कार्यक्रम लागु गरिनेछ । |
| १.३ जेष्ठ नागरिकको सामाजिक सूरक्षा र आत्मसम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकता दिइ सञ्चालन गर्ने । | १.३.१ संविधान र नेपाल सरकारले घोषणा गरेका जेष्ठ नागरिक सामाजिक सूरक्षा अन्तर्गतका सबै कार्यक्रम चुस्त दुरुस्त रुपमा प्रभावकारी बनाउन गाउँपालिकाभित्र जेष्ठ नागरिक प्रतिकार्य इकाइ सञ्चालन गरिनेछ । |
| | १.३.२ वडास्तरीय जेष्ठ नागरिक निशुल्क स्वास्थ्य परिक्षण शिविर सञ्चालन गरिनेछ । |
| | १.३.३ एक वडा एक जेष्ठ नागरिक सत्संग केन्द्र निर्माण गरिनेछ । |
| | १.३.४ प्रत्येक वडामा जेष्ठ नागरिक लक्षित योग तथा ध्यान केन्द्र सञ्चालन गरिनेछ । |
| | १.३.५ स्थानीय सञ्चार माध्यामसँगको सहकार्यमा जेष्ठ नागरिकहरूका जीवन अनुभव साट्न र सुन्न "जेष्ठ नागरिक आवाज" कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.३.६ वर्षमा १ पटक आन्तरिक पर्यटन प्रर्वद्धन तथा जेष्ठ नागरिक सम्मान स्वरुप निश्चित मापदण्डका आधारमा जेष्ठ नागरिक तिर्थाटन कार्यक्रम सञ्चालन गर्न परिवहन अनुदान प्रदान गरिनेछ । |
| | १.३.७ वडास्तरमा आफ्ना रितीथिति, संस्कार, धर्म सम्प्रदाय अनुरुपका भजन किर्तन, गायन, बाद्यवाधन कार्यक्रम संचालन गर्न जेष्ठ नागरिक किर्तन मण्डली गठन गरी बाद्यवाधन यन्त्रमा मापदण्ड बनाई अनुदान प्रदान गरिनेछ । |
| | १.३.८ ८० वर्ष नाघेका जेष्ठ नागरिकहरूलाई सु-आहारा कार्यक्रम सञ्चालन गरी पोषिलो आहारा तथा लौरो वितरण गर्ने प्रवन्ध गरिनेछ । |
| | १.३.९ जेष्ठ नागरिकको सम्पूर्ण स्वास्थ्य उपचार सुनिश्चित गर्न अति विपन्न परिवारको स्वास्थ्य बिमामा अनुदान प्रदान गरिनेछ । |

| | |
|---|---|
| | १.३.१० घुम्ती स्थानीय सरकारअन्तर्गत ७० वर्षमाथिका जेष्ठ नागरिक हरूलाई घरघरमै परिचयपत्र वितरण तथा ८० वर्षमाथिकालाई घरमै जेष्ठ नागरिक भत्ता वितरण गरिनेछ । |
| | १.३.११ जेष्ठ नागरिकलाई सम्मान कार्यक्रमको आयोजना गरिनेछ । |
| १.४ अपाङ्गता भएका नागरिकहरूको कठिनाइ न्यूनिकरण गर्ने कार्यक्रमहरू संचालन गरी उनीहरूको आत्मबल बढाउने र आत्मसम्मान जगाउने । | १.४.१ गाउँपालिकाभर रहेका सम्पूर्ण अपाङ्गता भएका नागरिकहरूको व्यक्तिगत विवरण संकलन गरिनेछ । |
| | १.४.२ अपाङ्गता परिचय पत्र लिन बाँकि भएमा अपाङ्गताको प्रकार अनुसार परिचय पत्र वितरण गरिनेछ । |
| | १.४.३ अपाङ्गता भएका विद्यालय जाने बालबालिकाको विवरण तयार पारी उनीहरूको शिक्षा आर्जनमा भएका कठिनाई सम्बोधन गर्न विशेष अध्ययन पश्चात कार्ययोजना निर्माण गरिनेछ । |
| | १.४.४ ह्वील चियर आवस्यक अपाङ्गहरूको लगत संकलन गरी त्यसमा अनुदान प्रदान गरिनेछ । |
| | १.४.५ विशेष क्षमता भएका अपाङ्गहरूको वृत्ति विकास कार्यक्रम अन्तर्गत कलाकारिता शिप विकास तथा आय आर्जन तालिम नियमित सञ्चालन गरिनेछ । |
| | १.४.६ पूर्ण अपाङ्गता भई जीवन निर्वाह गर्न पूर्ण असक्तहरूको विवरण संकलन गरी सामाजिक सुरक्षा कार्यक्रम संचालन गरिनेछ । |
| | १.४.७ गाउँपालिकामा अब बन्ने सबैखाले सार्वजनिक भौतिक संरचनाहरू अपाङ्गमैत्री बनाउन निर्माण मापदण्ड र कार्यविधि परिमार्जन गरिनेछ । |
| | १.४.८ अपाङ्गता भएका नागरिकहरूको समस्या कठिनाई र आवाजहरू उजागर गर्न अपाङ्गता भएका नागरिकको नेतृत्वमा एक गाउँपालिका स्तरीय अपाङ्गता नागरिक सहयोग तथा सरोकार मञ्च गठन गर्न गाउँपालिकाले सहजीकरण गर्नेछ । |
| | १.४.९ अपाङ्गता भएका तर विशेष कलाको क्षमता भएकालाई लक्षित गरी प्रोत्साहन अनुदान दिइनेछ । |
| | १.४.१० जटिल प्रकृतिका अपांगता भएका विद्यार्थीहरूलाई निजले पढ्न चाहेसम्मको शिक्षाको लागि विशेष छात्रवृत्ति प्रदान गरिनेछ । |
| | १.४.११ जटिल प्रकारको अपाङ्गता भएका व्यक्तिहरूले जीवन निर्वाह व्यवसाय गर्न चाहेमा रु. १ लाख बराबरको व्यवसायमा सत प्रतिशत व्याजमा अनुदान प्रदान गरिनेछ । |
| १.५ जातिय विभेद, अल्पसंख्यक दलित, आदिवासी तथा राज्यको मूल प्रवाहमा आउन नसकेको नागरिकहरूका मूल सरोकारका विषयमा अध्ययन गरी मूल प्रवाहिकरण कार्यनीति निर्माण गर्ने | १.५.१ लोपोन्मुख, अल्पसंख्यक, सिमान्तकृत तथा राज्यको मूल प्रवाहिकरणभन्दा बाहिर रहेका वर्ग, व्यक्ति वा समुदायको यर्थाथ स्थितिका बारेमा अध्ययन गरी स्थितिपत्र प्रकाशन गरिनेछ । |
| | १.५.२ अल्पसंख्यक, दलित, आदिवासी, तथा जनजाती का मौलिकता र पहिचान, रहनसहन, रितिथिति, परम्परा, भेषभूषा खानपान, कला, चाडवाड आदिका बारेमा विस्तृत विवरण सहितको अभिलेख तयार पारिनेछ । |

| | |
|---|---|
| | १.५.३ आदिवासी तथा मध्यपहाडी लोक संस्कृति संग्रहालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.५.४अल्पसंख्यक वर्गका परिवारमा जन्मने शिशुहरूको नाममा बैङ्क खाता खोल्न प्रोत्साहन अनुदान दिइनेछ । |
| | १.५.५सकारात्मक विभेदको सिद्धान्त अनुरुप राज्यको आरक्षण कोटामा सरकारी सेवामा प्रवेश गर्न चाहने यो वर्गका आकांक्षीहरूलाई लक्षित गरी विशेष तयारी कक्षाहरू निशुल्क सञ्चालन गरिनेछ । |
| | १.५.६ यी वर्गका विद्यालय जाने बालबालिकाको शिक्षाको अवसर सुनिश्चित गर्न अभिभावक शिक्षा र शैक्षिक सामाग्रीमा अनुदान प्रदान गरिनेछ । |
| | १.५.७ छुवाछुत र सबै प्रकारका सामाजिक भेदभाव अन्त्य गर्न राज्यको मूल कानूनको अधिनमा रहि त्यस्ता कार्यलाई दण्डित गर्न स्थानीय कानून निर्माण गर्दै न्यायिक समितिलाई सकृय तुल्याइनेछ । |
| | १.५.८ यी लक्षित वर्गलाई समेट्ने शिप विकास र व्यवसायिक आयआर्जनका लागि तालिम सञ्चालन गरिनेछ । |
| | १.५.९ लोपोन्मुख भाषा तथा लिपिको संरक्षण गर्न परामर्श अध्ययन तथा अनुसन्धान गरिनेछ । |
| | १.५.१० सामाजिक अन्तरघुलन कार्यक्रम अन्तर्गत वर्षमा एक पटक विशेष राष्ट्रिय दिवसको अवसरमा गाउँपालिकाको आयोजनामा सबै जात वर्ग सम्प्रदाय दलित उत्पिडितहरू सम्मिलित चियापान तथा अनुभूति आदान प्रदान कार्यक्रम आयोजना गरिनेछ । |
| | १.५.११ विपन्न र सिमान्तकृत समुदायले सञ्चालन गर्ने लघु उद्यम तथा व्यवसायमा मापदण्डका आधारमा शुन्य प्रतिशत ब्याजका लागि अनुदान प्रदान गरिनेछ । |
| | १.५.१२ दलित महिला सहकारी स्थापना गरिनेछ । |
| | १.५.१३ दलित नमूना बस्ती सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.५.१४ दलित विशेष परम्परागत सीपलाई व्यवसायिकता प्रदान गर्न विशेष अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.५.१५ दलित विद्यार्थी विशेष छात्रवृत्ति कोषको निर्माण गरिनेछ । |

## लैङ्गिक समानता, श्रेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरणको विस्तृत कार्यक्रम

*बजेट रकम रु. लाखमा*

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | अनिवार्य नारी शिक्षा विशेष नीति तथा कार्ययोजना निर्माण : | | | | | | ✓ | १ | | | | | |
| | | १.१.१ | दुई छोरीको जन्मपश्चात स्थायी बन्ध्याकरण गर्ने दम्पतिका छोरीहरूलाई १२ कक्षासम्म निशुल्क शिक्षा अनुदान | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२ | छात्रा मैत्री शौचालय निर्माण | | | | | | | | ✓ | १० | | | |
| | | १.१.२ | छात्राहरूलाई Sanitary Pad वितरण | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.३ | वडास्तरीय महिला हिंसा तथा लैङ्गिक भेदभाव निगरानी सेल गठन | | | | | | | | | | | | |
| | | १.१.४ | महिला सेल मार्फत हरेक महिना जनचेतनामूलक कार्यक्रम सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | १.१.५ | माध्यामिक शिक्षामा यौन, लैङ्गिकता तथा प्रजनन् शिक्षा सम्बन्धी पाठ्यक्रम निर्धारण | | | | | | ✓ | ५ | | | | | |
| | | १.१.६ | लैङ्गिकता र महिला जागरण सञ्चार कार्यक्रम संचालन | | | | ✓ | २ | | | | | | | |
| | | १.१.७ | अनिवार्य बुहारी शिक्षा कार्यक्रम | | | | | | | | ✓ | ५ | | | |
| | | १.१.८ | महिला हिंसा र दाइजो प्रथा विरुद्ध वार्षिक रुपमा सप्ताह व्यापी कार्यक्रम | | | | ✓ | २ | ✓ | २ | ✓ | २ | ✓ | २ | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.१.९ | सामाजिक शिक्षामा यौन हिंसा, अपहरण, बलात्कार जस्ता विषयमा शिक्षक-शिक्षिका अभिमुखीकरण कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | १.२ | १.२.१ | महिला शिप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चालन | | | | | | ✓ | १ | | | | | |
| | | १.२.२ | महिला उद्यमी अभिलेख निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | १.२.३ | सफल महिला उद्यमी साक्षात्कार कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | १.२.४ | १५ जनासम्मको नमूना महिला लघु उद्यमी समुह तथा व्यवसायीलाई मापदण्डका आधारमा venture capital को प्रवन्ध | | | | | | | | | | | | |
| | | १.२.५ | सरकारी सेवा प्रवेश निःशुल्क तयारी कक्षा सञ्चालन | | | | | | | | ✓ | ५ | | | |
| | | १.२.६ | न्यायिक समिति लैङ्गिक भेदभाव विरुद्ध न्याय सम्पादन तालिम | | | | ✓ | १ | | | | | | | |
| | | १.२.६ | सामुदायिक सिकाइ केन्द्र मार्फत महिला साक्षरता तथा सीप आर्जन तह २ निरन्तर शिक्षा कार्यक्रम | | | | | | ✓ | १ | | | | | |
| | | १.२.६ | महिला जनप्रतिनिधि विशेष तालिम सञ्चालन | | | | ✓ | १ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.२.७ | महिलाको स्वामित्वमा अचल सम्पत्ति वृद्धि गर्न स्थानीय ऐन कानून संशोधन | | | | ✓ | १ | | | | | | | |
| | | १.२.८ | एकल महिला आत्मनिर्भर कार्यक्रम व्याज अनुदान | | | | | | ✓ | ३ | | | | | |
| | | १.२.९ | महिला हिंसा पहरेदारी वडास्तरीय महिला सेल अभिमुखीकरण | | | | | | | | | | | | |
| | | १.२.१० | महिला सुरक्षा गृहको निर्माण | | | | | | | | | | ✓ | २० | |
| | | १.२.११ | महिला उद्यमी वस्तु विक्री केन्द्र स्थापना | | | | | | | | ✓ | १० | | | |
| | | १.२.१२ | उच्च शिक्षा बालिका बीमा कार्यक्रम | | | | | | ✓ | ५ | | | | | |
| | १.३ | १.३.१ | गाउँपालिकामा "जेष्ठ नागरिक सहयोग कक्ष" गठन | | | | | | ✓ | १ | | | | | |
| | | १.३.२ | जेष्ठ नागरिक वडास्तरिय निःशुल्क स्वास्थ्य शिविर सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | १.३.३ | वडास्तरीय बहुउद्देश्यीय सामुदायिक केन्द्र अन्तर्गत जेष्ठ नागरिक सत्संग केन्द्र निर्माण | | | | | | | | | | ✓ | १० | |
| | | १.३.४ | जेष्ठ नागरिक योग तथा ध्यान केन्द्र सञ्चालन | | | | | | ✓ | ३ | | | | | |
| | | १.३.५ | जेष्ठ नागरिक आवाज कार्यक्रम सञ्चालन | | | | | | ✓ | १ | | | | | |
| | | १.३.६ | जेष्ठ नागरिक तिर्थाटन परिवहन अनुदान | | | | | | | | ✓ | १ | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.३.७ | जेष्ठ नागरिक किर्तन तथा मनोरञ्जन मण्डली गठन तथा वाद्ययन्त्र अनुदान | | | | | | | | ✓ | ५ | | | |
| | | १.३.८ | ८० वर्ष नाघेका जेष्ठ नागरिकलाई सु-आहारा कार्यक्रम | | | | | | ✓ | ४ | | | | | |
| | | १.३.९ | जेष्ठ नागरिक स्वास्थ्य बीमा कार्यक्रममा अति विपन्न अनुदान | | | | | | | | ✓ | ५ | | | |
| | | १.३.१० | ७० वर्षमाथिका जेष्ठ नागरिकहरूलाई घरघरमै परिचयपत्र तथा ८० वर्षमाथिकालाई घरमै जेष्ठ नागरिक भत्ता वितरण | | | | | | | | ✓ | ५ | | | |
| | | १.३.११ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | | | | ✓ | १.५ | | | | | | | |
| | १.४ | १.४.१ | सम्पूर्ण अपाङ्गता भएकाहरूको व्यक्तिगत विवरण संकलन | | | | ✓ | १ | | | | | | | |
| | | १.४.२ | अपाङ्गता परिचय पत्र वितरण | | | | | | ✓ | २ | | | | | |
| | | १.४.३ | अपाङ्गता भएका विद्यालय जाने बालबालिकाका समस्या बुझ्न अध्ययन | | | | ✓ | १ | | | | | | | |
| | | १.४.४ | ह्विलचेयर आवश्यक तर नपाएका अपाङ्गको लागि ह्विलचेयर खरिद | | | | | | | | ✓ | १० | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.४.५ | विशेष क्षमता भएका अपाङ्ग लक्षित कलाकारिता, आय आर्जन तथा शिप विकास तालिम | | | | ✓ | १ | | | | | | | |
| | | १.४.६ | पूर्ण अपाङ्गहरूलाई जीवन निर्वाह भत्ता | | | | | | ✓ | १ | | | | | |
| | | १.४.७ | सार्वजनिक भौतिक निर्माणमा अपाङ्गमैत्री बनाउन मापदण्ड परिमार्जन | | | | ✓ | १ | | | | | | | |
| | | १.४.८ | अपाङ्ग नागरिक सहयोग तथा सरोकार मञ्च गठन | | | | | | ✓ | १ | | | | | |
| | | १.४.९ | अपाङ्गता भएका कलाकारलाई विशेष प्रोत्साहन अनुदान | | | | | | | | ✓ | २ | | | |
| | | १.४.१० | जटिल प्रकृतिका अपांगता भएका विद्यार्थीहरूलाई विशेष छात्रवृत्ति अनुदान | | | | | | ✓ | ५ | | | | | |
| | | १.४.११ | अपाङ्गता विशेष रु. १ लाख बराबरको व्यवसायमा सत प्रतिशत व्याजमा अनुदान | | | | ✓ | १ | | | | | | | |
| | १.५ | १.५.१ | सिमान्तकृत तथा मूल प्रवाहीकरणमा छुटेका वर्गको स्थितिपत्र प्रकाशन | | | | ✓ | २ | | | | | | | |
| | | १.५.२ | आदिवासी, जनजाती लगायतका वर्गको सांस्कृतिक पहिचान सम्बन्धी अध्ययन गरी पार्श्वचित्र प्रकाशन | | | | ✓ | १० | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.५.३ | आदिवासी तथा मध्यपहाडी लोक संस्कृति संग्रहालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । | | | | ✓ | १० | | | | | | | |
| | | १.५.४ | अल्पसंख्यक वर्गका परिवारमा जन्मने शिशुहरूको नाममा मेघा बैङ्कमा रु १००० को खाता सञ्चालन | | | | | | | | ✓ | १ | | | |
| | | १.५.५ | सरकारी सेवामा मूल प्रवाहिकरण लक्षित विशेष तयारी कक्षा सञ्चालन | | | | | | ✓ | १ | | | | | |
| | | १.५.६ | लक्षित वर्ग अभिभावक शिक्षा तथा शैक्षिक सामाग्री वितरण | | | | | | ✓ | ५ | | | | | |
| | | १.५.७ | छुवाछुत र सामाजिक भेदभाव न्यूनीकरण विशेष न्यायिक समिति तालिम | | | | ✓ | १ | | | | | | | |
| | | १.५.८ | लक्षित वर्ग विशेष आय आर्जन तालिम | | | | ✓ | १ | | | | | | | |
| | | १.५.९ | लोपोन्मुख भाषा तथा लिपि अध्ययन परामर्श | | | | ✓ | १ | | | | | | | |
| | | १.५.१० | सामाजिक अन्तरघुलन चियापान कार्यक्रम | | | | ✓ | २ | | | | | | | |
| | | १.५.११ | लक्षित वर्ग अति विपन्न उद्यमी व्याज अनुदान | | | | | | ✓ | ५ | | | | | |
| | | १.५.१२ | दलित महिला सहकारी स्थापना अन्तरक्रिया | | | | ✓ | १ | | | | | | | |
| | | १.५.१३ | दलित नमूना बस्ती सम्भाव्यता अध्ययन | | | | ✓ | ५ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.५.१४ | दलित विशेष परम्परागत सीपलाई व्यवसायिकता प्रदान गर्न विशेष अभिमुखीकरण कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | १.५.१४ | दलित विद्यार्थी विशेष छात्रवृत्ति कोषको स्थापना | | | | | | | | ✓ | १ | | | |

## अपेक्षित उपलब्धीहरू

- ✓ महिला सचेतनामा वृद्धि हुनेछ ।
- ✓ सरकारी सेवा तथा उद्यम व्यवसायमा महिला विपन्न र सिमान्तकृतको उपस्थिति बढ्नेछ ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरूका कठिनाइहरू न्यूनिकरण हुनेछ ।
- ✓ सामाजिक, भेदभाव तथा थिचोमिचोमा कमी आउनेछ ।
- ✓ जेष्ठ नागरिकको उचित सुरक्षा र सम्मानको प्रबन्ध हुनेछ ।

## ५.५ बालबालिका तथा किशोरकिशोरी

### पृष्ठभूमि

बालबालिका तथा किशोरकिशोरीलाई भविष्यका कर्णधारको रुपमा लिइन्छ । किनकि हालको बालबालिकाको समग्र अवस्थाले भोलि राष्ट्र निर्माण तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संशाधन कस्तो हुने छ भन्ने निर्धारण गर्दछ । त्यसकारण नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरी बालअधिकार संरक्षण राज्यको अनिवार्य दायित्व भित्र राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा दिगो विकास लक्ष्य समेत बालबालिका तथा किशोरकिशोरीमाथि हुने सबै प्रकारका विभेद अन्य गर्नेतर्फ लक्षित रहेको छ । गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले पनि बालबालिका तथा किशोरकिशोरीमाथि हुने सबै प्रकारका विभेद अन्त्य गरी आत्मसम्मान भएका नागरिक निर्माण गर्ने प्रादेशिक लक्ष्य राखेको छ । तसर्थ बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरू बाल अधिकारका अर्थात नागरिक दायित्व र जिम्मेवारीका मात्र विषय होइनन्, यी विषय आज हामीले भोलिको समाज र राष्ट्र निर्माणमा गरिने वृहत लगानीसँग गाँसिएका विषयहरू हुन् । गाउँपालिकामा बालबालिकाको संख्या धेरै हुनुले राज्यले ठूलो रकम यी बालबालिकाको हेरचाह, स्वास्थ्य, शिक्षा र पोषणमा खर्च गनुपर्ने हुन्छ । बालबालिकाहरू स्वास्थ्य तथा पोषणका हिसाबले समेत पूर्ण सुरक्षित राख्नु गाउँपालिकाको दायित्वभित्र पर्दछ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ संविधान प्रदत्त बालबालिकाको मौलिक हक अधिकार संरक्षणको दायित्व स्थानीय सरकार सामु आएको । |
| ▪ राष्ट्रिय, प्रादेशिक र दिगो विकास लक्ष्यका नीति, कानून, संस्थागत संयन्त्र, योजना तथा कार्यक्रमहरूमा बालबालिकालाई प्राथमिकतामा राखिएको । |
| ▪ बालअधिकार संरक्षण तथा प्रवर्द्धनका लागि बाल अधिकार तथा बालमैत्री स्थानीय शासनको **अवधारणा** आएको । |
| ▪ गाउँपालिकाले बाल क्लब र बाल सञ्जाल सक्रिय बनाई बालश्रम, बाल यौनशोषण, बालविवाह तथा बालहिंसा न्यूनीकरण सहित बालमैत्री गाउँपालिका घोषणा गर्ने नीति लिएको । |
| ▪ गाउँपालिकास्तरीय बाल संरक्षण समिति निर्माण गरी बालबालिकाहरूको क्षमता बिकास कार्यक्रमहरू संञ्चालन **गर्ने नीति रहेको ।** |
| ▪ गाउँपालिकाको ठूलो हिस्सा बालबालिका भएकोले उनीहरूको राम्रो हेरचाह गर्न सबै भविष्यका लागि असल समाज र नागरिक निर्माण गर्न सकिने । |
| ▪ स्थानीय सरकारले बाल सरोकारका विषयलाई आफ्ना नीति तथा कार्यक्रममा महत्व दिने गरेको |
| ▪ आधारभूत र माध्यमिक शिक्षा स्थानीय सरकारको जिम्मेवारीमा रहेको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ गाउँपालिकामा बाल उद्यान निर्माण तथा **बालमैत्री** कार्यक्रमहरू सञ्चालनमा प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको । |
| ▪ बालबालिका तथा किशोरकिशोरी परम्परागत हिंसा तथा सामाजिक सञ्जालमार्फत हुने **हिंसाका कारण संवेदनशील अवस्थामा रहेका ।** |
| ▪ गाउँपालिकामा बालश्रमिक तथा विद्यालय उमेरमा विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क संकलन नगरिएको । |
| ▪ राज्यद्वारा बालबालिकाको क्षेत्रमा गरेको लगानि पर्याप्त र प्रभावकारी नभएको । |
| ▪ विपन्नताका कारण धेरै बालबालिकाहरू आधारभूत आवश्यकता र अधिकारबाट बञ्चित हुनुपरेको । |
| ▪ बालबालिकालाई उचित शिक्षा, पोषण र स्वास्थ्यको पूर्ण ग्यारेन्टी गर्न नसकिएको । |
| ▪ बालबालिकाको उचित स्याहार र अधिकारको प्रत्याभूति गर्नु चुनौती र जिम्मेवारी रहेको |
| ▪ समयमै बालबालिका सवालहरूको सम्बेधन गर्न नसके भोलिको भविष्य अनिश्चित र अन्धकार हुने जोखिम रहेको । |

| दीर्घकालीन सोच |
|---|
| नैसर्गिक अधिकार पूर्ण बालमैत्री समाज |
| **लक्ष्य** |
| बालबालिकाको, अधिकार अन्तर्गत स्वास्थ्य, पोषण, उचित स्याहार र शिक्षाका आधारभूत आवश्यकता पूरा गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ बालबालिकाका तथा किशोरकिशोरीको मौलिक हकको सुनिश्चितता गर्नु । |

| उद्देश्य १ : बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ बाल अधिकार सम्बन्धी जनचेतना जागरण गर्ने । | १.१.१ बाल अधिकार र बालबालिकामा गरिने लगानीका सम्बद्धमा अभिभावकहरूलाई सचेत बनाउने कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ । |
| | १.१.२ बालबालिकाहरू स्वंयलाई बालबालिकाका आवश्यकता र अधिकारका विषयमा सचेत तुल्याउन विद्यालय पाठ्यक्रम बाहेक स्थानीय अधिकारकर्मीको सहयोगमा विद्यालयस्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.३ बालमैत्री स्थानीय शासन (CFLG) कार्यक्रम कार्यान्वयन गर्ने हेतुले गाउँपालिकाका समग्र बालबालिकाको वस्तुगत अवस्थाबारे अध्ययन गरी बालबालिका स्थितिपत्र तयार पारिनेछ । |
| १.२ अतिविपन्न तथा विशेष संरक्षण आवश्यक असहाय बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गर्ने । | १.२.१ गाउँपालिका वर्षभरी खान लगाउन नपुग्ने अतिविपन्न परिवारका तथा असहाय बालबालिकाको व्यक्तिगत विवरण तयार पारिनेछ । |
| | १.२.२ असहाय बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको प्रबन्ध गरिनेछ । |
| | १.२.३ गाउँपालिकास्तरीय एक बाल संरक्षण समिति स्थापना गरिनेछ । |
| | १.२.४ गाउँपालिकास्तरीय एक असहाय बाल गृहको स्थापना गरिनेछ । |
| १.३ बालअधिकार सम्बन्धी नीतिगत सुधार तथा व्यवस्था गर्ने । | १.३.१ गाउँपालिकालाई बालश्रम मूक्त घोषणा गर्न गृहकार्य गरिनेछ । |
| | १.३.२ बालविवाह मूक्त गाउँपालिका घोषणा गर्न गृहकार्य गरिनेछ । |
| | १.३.३ सबै प्रकारका बाल हिंसा विरुद्ध आवाज उठाउन सञ्चार माध्याम, सामाजिक संजाल तथा सरकारी र गैर सरकारी संस्थाको सहयोग लिइनेछ । |
| | १.३.४ गाउँपालिका तथा वडास्तरीय बालक्लब स्थापना र तीनको प्रभावकारीता वृद्धि गर्न बालबालिकालाई Motivational तथा नेतृत्व विकास तालिम प्रदान गरिनेछ । |
| | १.३.५ बालबालिका विरुद्ध हुने हिंसा तथा शोषणका कृयाकलाप नियन्त्रण गर्न एक बालहेल्प लाईन सेवा सञ्चालन गरिनेछ । |
| | १.३.६ गाउँपालिकास्तरीय एक बाल उद्यान निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.३.७ बालवालिकासँग स्थानीय सरकार कार्यक्रम अर्न्तगत हरेक महिनाको एक पटक गाउँपालिका अध्यक्षसंग वालवालिकाको सरोकार सम्वन्धी वालवालिकासंग प्रत्यक्ष अर्न्तकृया आयोजना गरिनेछ । |

## बालबालिका तथा किशोरकिशोरी सम्बन्धी विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम | | | | ✓ | ०.५ | | | | | | | |
| | | १.१.२ | स्थानीय अधिकारकर्मीको सहयोगमा विद्यालयस्तरीय सचेतना कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | १.१.३ | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी | | | | | | ✓ | १ | | | | | |
| | | १.१.४ | विशेष अवसर (बाल दिवस) मा सप्ताहव्यापि बालअधिकार जागरण अभियान सञ्चालन | | | | | | | | ✓ | २ | | | |
| | १.२ | १.२.१ | अतिविपन्न, असहाय बालबालिको व्यक्तिगत विवरण तयारी | | | | ✓ | १ | | | | | | | |
| | | १.२.२ | अति विपन्न तथा असहाय बालबालिकाको, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध | | | | | | | | ✓ | ५ | | | |
| | | १.२.३ | बाल संरक्षण समिति स्थापना | | | | | | | | ✓ | ५ | | | |
| | | १.२.४ | असहाय बाल गृह निर्माण | | | | | | | | | | ✓ | ३० | |
| | १.३ | १.३.१ | बालश्रम मुक्त गाउँपालिका घोषणा | | | | | | | | | | ✓ | १ | |
| | | १.३.२ | बालविवाह मुक्त गाउँपालिका घोषणा | | | | | | | | | | ✓ | १ | |
| | | १.३.३ | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान | | | | ✓ | १ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.३.४ | बालक्लबमा आबद्ध बालबालिकाको नेतृत्व विकास तालिम | | | | ✓ | १ | | | | | | | |
| | | १.३.५ | बालहेल्पलाईन सञ्चालन | | | | | | ✓ | १ | | | | | |
| | | १.३.६ | बाल उद्यान सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | १.३.७ | हरेक महिनाको एक पटक गाउँपालिका अध्यक्षसंग वालवालिकाको सरोकार सम्वन्धी वालवालिका संग प्रत्यक्ष अर्न्तकृया आयोजना | | | | ✓ | १ | | | | | | | |

## अपेक्षित उपलब्धीहरू

- ✓ बालमैत्री समाजको निर्माण हुनेछ ।
- ✓ आधारभूत बाल अधिकारको सुनिश्चितता हुनेछ ।
- ✓ अति विपन्न र असहाय बालबालिकाहरू सुरक्षित हुनेछन् ।
- ✓ बालमैत्री स्थानीय शासनको अभ्यास सफल हुनेछ ।

## ५.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार

### पृष्ठभूमि

युवाशक्ति परिवर्तन तथा विकासको सम्वाहक हो । गुणस्तरीय जनशक्ति उत्पादन गरी श्रम तथा रोजगारमार्फत देशको उत्पादकत्व वृद्धि गर्न युवाको अहम भूमिका रहेको हुन्छ । श्रम तथा रोजगारीको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा स्थापित गरको छ भने यसको केन्द्रविन्दुमा युवा रहेका छन् । राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरू हुन् । युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् । काम गर्न सक्ने उच्च सक्रिय उमेरको जनसंख्या नै जनसांख्यिक लाभांस हो । जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ वोकेको यस गाउँपालिकाले युवा शक्तिलाई देशमै उपयुक्त रोजगारी दिनसके छोटो अवधि मै आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिन्छ ।




| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सडक नाला सफा गर्ने तथा झाडीफँडानी जस्ता कार्यक्रमहरूबाट गाउँपालिकाबासी लाभान्वित भएका । |
| ▪ गाउँपालिकास्तरमा युवासँग सम्बन्धित उद्घोषण, नेतृत्व विकास, क्षमता विकास तथा खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्ने गरिएको |
| ▪ गाउँपालिकाभित्र विभिन्न कोभिड-१९ बाट प्रभावित युवा पुर्नस्थापना केन्द्र सञ्चालन गर्ने प्रस्ताव गरिएको । |
| ▪ युवा शक्ति गाउँपालिकाको मानव संसाधनको महत्वपूर्ण श्रोत हुनु । |
| ▪ गाउँपालिकाको भावी समृद्धि युवाको काँधमा रहनु । |
| ▪ युवासँग सम्बन्धित क्लव, खेलकुद मैदान तथा साँस्कृतिक टोलीहरू गाउँपालिकामा रहनु । |
| ▪ युवा शक्तिमा रहेको जागरुकतालाई यथोचित सम्बोधन गर्न सके गाउँपालिकाको विकासमा कायापलट हुन सक्ने । |
| ▪ नियमित रूपमा खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिका लागि रंगशाला, खेलकुद मैदान तथा मनोरञ्जनात्मक गतिविधिहरूलाई प्राथमिकतामा राखेर क्रमश: स्तरोन्नति गर्न सकिने । |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकाको युवा लक्षित वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सकिने । |
| ▪ गैरसरकारी तथा नीजी क्षेत्र संग समन्वय गरी युवामैत्री, तालिम, गोष्ठी तथा सेमिनार आयोजना गरी आय आर्जनका गतिविधिमा आवद्ध गराउन सकिने । |
| ▪ गाउँपालिकामा विभिन्न प्रयोगात्मक कार्यक्रमहरू आयोजना गरी युवाहरूलाई प्रतिश्पर्धात्मक तथा जागरुक बनाउन सकिने । |
| ▪ उच्च तथा प्राविधिक शिक्षाका अवसरहरू गाउँपालिकामै सिर्जना गरी रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ गाउँपालिकामा युवा लक्षित कार्यक्रमले युवा वर्गलाई यथोचित सम्बोधन गर्न नसकेको । |
| ▪ गाउँपालिकाबाट स्वभाविक रूपमा ठूलोहिस्सा शिक्षा तथा रोजगारका लागि शहरी क्षेत्र तथा विदेश पलायन भइरहेको । |
| ▪ प्रधानमन्त्री युवा रोजगार कार्यक्रम आशातित रूपमा युवा आकर्षण र युवामैत्री हुन नसकेको । |
| ▪ युवा जनशक्तिलाई यथोचित अभिमूखीकरण तथा तालिमको व्यवस्था हुन नसकेको । |
| ▪ गाउँपालिकामा रहेका युवाहरू पनि निरास, निश्क्रिय भई मोबाइल लगायतका सूचना प्रविधिमा व्यस्त रहने लत बढ्दै गएको । |
| ▪ कतिपय युवाहरू गलत संगत, लागूपदार्थ सेवन, झैझगडा लगायतका कुलतमा फस्ने अवस्था रहेको । |
| ▪ गाउँपालिकामा अध्ययन तथा रोजगारका लागि शहर तथा विदेश गएकाहरूलाई स्वदेशमै रोजगार सृजना गर्ने चुनौती रहेको । |
| ▪ गाउँपालिकामा सम्पूर्ण वेरोजगार युवाहरूलाई थेग्न सक्ने गरी रोजगारीको सिर्जन गर्न चुनौती रहेको । |
| ▪ कोभिड १९ का कारण प्रभावित वैदेशिक रोजगार बाट फर्किएका तथा गाउँपालिकाका वेरोजगार युवाहरूलाई यथोचित सम्बोधन गर्न नसकिएको । |
| ▪ पूर्वाधारपूर्वाधारको समुचित विकास गर्न नसकिएको कारण तोकिएका खेलकुद मैदानहरू, क्लव तथा मनोरञ्जनात्मक स्थलहरू स्तरोन्ती गर्ने कार्य चुनौतीपूर्ण रहेको । |
| ▪ कुलतमा फसेका वा फस्ने खतरमा रहेका युवाहरूलाई रोक्ने कार्यक्रमा तत्काल संचालन गर्नु पर्ने चुनौती रहेको । |

| दीर्घकालीन सोच |
|---|
| श्रमशिल, कर्मठ र दक्ष युवा मानव संसाधन निर्माण |
| **लक्ष्य** |
| युवा जनसंख्यालाई पूर्ण रोजगार र उच्च उत्पादनमुखी बनाउने । |
| **उद्देश्यहरू** |
| ▪ श्रमशिल र सकृय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सहि सदुपयोग गर्नु । |

| उद्देश्य १ : श्रमशिल र सकृय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सहि सदुपयोग गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ युवा तथ्याङ्क व्यवस्थापन गर्ने । | १.१.१ गाउँपालिकाभर रहेका युवा जनशक्तिको पृष्ठभूमिबारे स्थितिपत्र तयार पार्ने |
| | १.१.२ गाउँपालिकाबाट श्रम तथा रोजगारीका लागि बाहिरिका युवाहरूको पूर्ण विवरण तयार पारिनेछ । |
| १.२ दक्ष र शिपयुक्त मानव संसाधनको विकास गर्ने | १.२.१ युवा स्थितिपत्रमा तयार विवरण अनुसार हाल अदक्ष र अर्धदक्ष मानव श्रोतलाई लक्षित गरी उनीहरूको रुचि र झुकाव अनुसार नियमित शिप विकास रोजगारी मूलक र Motivatonal तालिम सञ्चालन गरिनेछ । |
| | १.२.२ समाजमा शान्ति सुव्यवस्था, आपतकालिन उद्धार र मानव सेवामा लगाउने उद्देश्यका साथ युवा स्वयंसेवक दस्ता तयार गर्न अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ । |
| | १.२.३ गायन, वाद्यवाधन, नृत्य , कला, अभिनय आदिमा विशेष रुची भएका युवाको पहिचान गरी वडास्तरीय सांस्कृतिक समितिमा आबद्ध गराई उनीहरूलाई विशेष तालिम प्रदान गरिनेछ । |
| | १.२.४ कुनै पनि युवालाई बेरोजगार नराख्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत उनीहरूलाई समेटी गाउँघरमा आवश्यक अर्धदक्ष कामहरू जस्तै इलेक्ट्रिसियन, प्लम्बिङ, कृषि श्रम, निर्माण आदिका लागि विशेष तालिम सञ्चालन गरिनेछ । |
| | १.२.५ गाउँपालिकाभर सञ्चालनमा रहेका युवा क्लबहरूको अभिलेखीकरण गरी प्रत्येक क्लबलाई युवाका सरोकार समाधान गर्ने केन्द्रको रुपमा विकास गर्न एक गाउँपालिका स्तरीय युवा सम्मेलनको आयोजना गरिनेछ । |
| | १.२.६ यस प्रकारका युवा क्लवका कृयाकलापलाई संस्थागत रुपमा विकास गर्न केन्द्रिय स्तरमा सफल युवाहरूसंग साक्षात्कार गरी युवा क्लवलाई साधन श्रोत सम्पन्न गराइनेछ । |
| | १.२.७ कुलतमा फसेका युवाहरूको वडागत विवरण तयार पारी युवा क्लबको नेतृत्वमा सहिमार्गमा डोऱ्याउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.२.८ युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी उनिहरूको थप नेतृत्व विकास तथा उद्यमशिल विकास तालिम सञ्चालन गरिनेछ । |
| | १.२.९ जीवन निर्वाहमा चरम कठिनाइ भोगी वेरोजगार तथा अर्ध वेरोजगार युवाहरूलाई माथि उठाउन वस्तुगत युवा उत्थान कार्यक्रम सञ्चालन गरिनेछ । |

## युवा मानव संसाधन श्रम तथा रोजगारको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | युवा स्थितिपत्र तयार पार्ने | | | | | | ✓ | १ | | | | | |
| | | १.१.२ | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार पार्ने | | | | ✓ | १ | | | | | | | |
| | १.२ | १.२.१ | रोजगारीमूलक तथा युवा अभिमुखीकरण तालिम | | | | ✓ | १ | | | | | | | |
| | | १.२.२ | युवा स्वयंसेवा दस्ता तालिम | | | | | | ✓ | १ | | | | | |
| | | १.२.३ | युवा कलाकारिता तालिम | | | | | | | | ✓ | १ | | | |
| | | १.२.४ | प्रधानमन्त्री रोजगार विशेष तालिम | | | | | | ✓ | १ | | | | | |
| | | १.२.५ | गाउँपालिकास्तरिय युवा सम्मेलनको आयोजना गरिनेछ । | | | | | | | | | | | | |
| | | १.२.६ | युवा क्लवका कृयाकलापलाई संस्थागत रुपमा विकास गर्न केन्द्रिय स्तरमा सफल युवाहरूसँग साक्षात्कार गर्ने | | | | | | ✓ | १ | | | | | |
| | | १.२.७ | कुलतमा फसेका युवाहरूको वडागत विवरण तयार पारी युवा क्लबको नेतृत्वमा सहिमार्गमा डोयाउन अभिमुखीकरण कार्यक्रम सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | १.२.८ | युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी उनिहरूको थप नेतृत्व | | | | | | ✓ | १ | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | | विकास तथा उद्यमशिल विकास तालिम सञ्चालन | | | | | | | | | | | | |
| | | १.२.९ | वेरोजगार तथा अर्धवेरोजगार युवाहरूलाई माथी उठाउन वस्तुगत युवा उत्थान तथा सवलिकरण कार्यक्रम सञ्चालन | | | | | | | | | | ✓ | १ | |

## अपेक्षित उपलब्धी

- ✓ शिपयुक्त अर्धदक्ष र दक्ष मानव संसाधनको विकास हुनेछ ।
- ✓ बेरोजगार युवाको जनसंख्यामा उल्लेख्य कमी आएको हुनेछ ।

## ५.७ खेलकुद तथा मनोरञ्जन

### पृष्ठभूमि

खेलकुदले व्यक्तिको सर्वाङ्गिण विकासमा महत्वपूर्ण खेलेको हुन्छ । अनुशासन र राष्ट्रिय भाइचारा प्रदर्शन गरी शारीरिक तन्दुरुस्ती, मानसिक सक्षमता, सामाजिक सौहार्दता तथा संवेगात्मक सन्तुलन कायम राख्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ । विश्वका विकसित देशहरूले खेल पर्यटनमार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू हाल खेल प्रवर्द्धनमार्फत विश्व परिचित मात्र नभई खर्बौं डलरको कारोबार गर्दछन् । छिमेकी राष्ट्र भारतसमेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ । पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आवद्ध छन् किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ । यो गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रममा खेलकुद विकासलाई महत्व दिएको छ । फलस्वरुप वडा नं. १ को ठूलोचौर र सपुङ्गेमा, वडा नं. वडा नं ३ को कुलीगैरा, वडा नं. ५ को देवीथान( क्षेत्रीय खेलमैदान) र भदौरेमा खेलमैदान निर्माणाधीन रहेका छन् भने वडा नं ८ मा राष्ट्रिय विभूति भीमसेन थापाको आमाको नाममा सत्यरुपा स्मृति पार्क समेत निर्माणाधीन रहेको छ । यो गाउँपालिकाले खेलकुदको माध्यमबाट सबै वडाहरूबीच भाइचारा सम्बन्ध राख्ने उद्देश्य राखेको छ । खेलमैदान, योग तथा व्यामशाला निर्माणमा तदारुक्तता देखाउनुले गाउँपालिका खेलकुदको विकासमा सम्वेदनशील भएको देखिन्छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकाको वडा नं. १ को ठूलोचौर, सपुङ्गी, माझथोकमा, वडा नं ३ को कुलीगैरामा, वडा नं. ४ को जामुनेचौर, बडडाँडा, आमभञ्ज्याङ र कोलडाँडामा, वडा नं. ५ को देवीस्थान र भदौरेमा, वडा नं. ६ को आहालभञ्ज्याङ, माडलीडाँडा, समिफेद र बिसौना चौतारामा, वडा नं. ७ को कमलपोखरी र नारायणपुरमा तथा वडा नं. ८ को तल्लोगाउँ, अमलाभञ्ज्याङ र चण्डीस्थान (पहेलडाँडा) खेलमैदानहरू रहेका । |
| ▪ वडा नं १ को सतिडाँडामा रहेको १० रोपनी क्षेत्रफलमा, वडा नं. २ कुलडाँडा, वडा नं ३ को मुडुले थुम्को, वडा नं. ४ को नेवारबसे थुम्को, वडा नं. ६ को सल्लाघारी डाँडा, वडा नं. ८, महादेवटारमा पिकनिक स्थल तथा पार्क निर्माण गर्न सकिने । |
| ▪ वडा नं ८ को अमलाभञ्ज्याङ र महादेवटारमा व्यायामशाला तथा कभर्ड हल निर्माण गर्न सकिने । |
| ▪ गाउँपालिकाकाका सबै विद्यालय तथा वडाहरूमा आवश्यक खुलाचौर तथा खेलमैदान रहेका । |
| ▪ विभिन्न स्थानीय तथा राष्ट्रिय खेलहरू मार्फत स्थानीय प्रतिभाहरू जगेर्ना गर्न सकिने । |
| ▪ युवाहरूलाई लोक संस्कार, संस्कृतिको संरक्षण र संवर्द्धनका र संवाहकका रुपमा लिएको यस गाउँपालिकाले अन्तर गाउँपालिका स्तरिय/वडा स्तरिय कला प्रदर्शन तथा प्रतियोगीताहरू सञ्चालन गर्न सक्ने । |
| ▪ विभिन्न स्थानीय तथा राष्ट्रिय खेलहरूमार्फत स्थानीय प्रतिभाहरू जगेर्ना गर्न सकिने । |
| ▪ खेलपूर्वाधारको विकासमार्फत विभिन्न खेल प्रतियोगिताहरू आयोजना गरी खेलकुद पर्यटनको विकास गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ वडा नं. २ मा कुनै पनि खेलमैदान, पार्क, व्यायामशाला तथा मनोरञ्जनस्थलहरू नरहेका साथै अन्य वडाहरूमा खेलकुद तथा मनोरञ्जनका पूर्वाधारहरू न्यून रहेका । |
| ▪ गाउँपालिकामा भएका खेल मैदान, पार्क तथा पिकनिक स्थल व्यवस्तित एवं पूर्वाधारयुक्त हुन नसक्नु । |
| ▪ गाउँपालिकाभर सार्वजनिक पुस्तकालय, सिनेमा हल तथा नाट्यशाला, स्वीमिङपुल, व्यायामशाला जस्ता अध्ययन तथा मनोरञ्जनस्थलको अभावमा हुनु । |
| ▪ गाउँपालिकामा खेलकुदको विकास गर्न स्थानीय स्तरमा खेलकुद प्रशिक्षकको अभाव हुनु । |
| ▪ सिमित बजेटका कारण गाउँपालिकाले खेलकुद तथा मनोरञ्जनमा यथोचित लगानी गर्न नसक्नु । |
| ▪ व्यवस्थित खेलकुद पूर्वाधारहरूको विकास गर्न ठूलोआकारको बजेटको व्यवस्थापनको चुनौती रहेको । |
| ▪ भौगौलिक अवस्थिति तुलनात्मक रूपमा सहज हुँदाहुँदै पनि एकीकृत खेलकुद जागरण अभावका कारण खेलकुद पूर्वाधारको विकास गर्न चाहे जति सहज र चुस्त रूपमा विकास गर्न कठिन रहेको । |
| ▪ खेलकुदप्रति अभिरुचि राख्ने तथा प्रतिभावान् खेलाडीहरू शिक्षा तथा रोजगारी लगायतका कारणले गाउँपालिका छोडेकाले उनीहरूलाई फर्काएर टिकाउने कार्य चुनौतीपूर्ण । |
| ▪ खेलकुदलाई व्यवसायीकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीहरू समावेश गराउन कठिन परिस्थिति रहेको । |
| ▪ यातायात सुविधाको अभावमा विभिन्न वडामा रहेका खुलाचौर तथा खेलमैदान स्तरउन्नति गर्ने कार्य कठिन भएको । |
| ▪ ऐतिहासिक, पर्यटकीय तथा धार्मिक महत्वका क्षेत्रहरूमा पार्क, वनभोज स्थल आदिको विकास गर्न कठिन । |

| दीर्घकालीन सोच |
|---|
| शारिरीक र मानसिक रुपमा स्वस्थ नागरिक निर्माण |
| **लक्ष्य** |
| शारिरीक स्वास्थ्य र मानसिक सन्तुलनका लागि आधारभूत खेलकुद र मनोरञ्जनका पूर्वाधार विकास गर्ने |
| **उद्देश्यहरू** |
| ✓ खेलकुद र मनोरञ्जनका माध्यमले नागरिकको खुसी र स्वास्थ्य सुदृढ गर्नु । |

| उद्देश्य २. खेलकुद र मनोरञ्जनका माध्यामले नागरिकको खुसि र स्वास्थ्य सुदृढ गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ खेलकुद पूर्वाधारको प्रवन्ध गर्ने । | १.१.१ सम्पूर्ण विद्यालयहरूमा खेल मैदानको प्रबन्ध गरिनेछ । |
| | १.१.२ सम्पूर्ण विद्यालयहरूमा न्यूनतम खेल सामाग्रीको प्रबन्ध गरिनेछ । |
| | १.१.३ वडास्तरीय खेल मैदानको व्यवस्था गरिनेछ । |
| | १.१.४ वडास्तरीय खेलकुद विकास समिति निर्माण गरिनेछ । |
| | १.१.५ गाउँपालिका स्तरीय रंगशाला निर्माण गरिनेछ । |
| १.२ खेलाडी पहिचान तथा प्रशिक्षण | १.२.१ गाउँपालिकास्तरीय सम्पूर्ण खेलाडीहरूको विवरण तयार पार्ने |
| | १.२.२ खेल अनुसार खेलाडी समूह छुट्याई वडास्तरीय खेलकुद समिति मार्फत प्रशिक्षण तालिम प्रदान गरिनेछ । |
| | १.२.३ राष्ट्रिय खेलमा भाग लिने खेलाडीहरूलाई विशेष तयारी प्रशिक्षण सञ्चालन गर्न कोषको व्यवस्था गरिनेछ |
| १.३ खेलकुद प्रतियोगिता सञ्चालन गर्ने | १.३.१ स्थानीय तह र प्रदेशस्तरमा आयोजना हुने खेलहरूमा सहभागि हुन खेलाडी प्रशिक्षण सञ्चालन गरिनेछ । |
| | १.३.२ गाउँपालिकास्तरीय रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ । |
| | १.३.३ अन्तर विद्यालय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । |
| | १.३.४ वडास्तरिय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । |
| १.४ स्थानीय स्तरमा गर्न सकिने मनोरञ्जनात्मक कृयाकलापको अध्ययन गरी व्यवस्थित गर्ने | १.४.१ स्थानीय जातजाति, धर्म, सम्प्रदायहरूमा प्रचलित कला, कौशल, गायन, नृत्य आदिको पूर्ण विवरण तयार गरी तिनीहरूको जगेर्ना र सान्दर्भिकता बारे अध्ययन गरिनेछ । |
| | १.४.२ ठूलो संख्याका मानिसहरूलाई सामूहिक रुपमा मनोरञ्जन प्रदान गर्ने प्रकारका जात्रा, मेला, हाट, नौटङ्की, नाटक, गान, बजाना, नृत्य, जादु, कला, कौशल, आदिलाई संस्थागत गर्न सम्भावना अध्ययन गरिनेछ । |
| | १.४.३ बाहुन,गुरुङ,क्षेत्री, मगर समुदायमा सञ्चालित रोधी, घाटु नृत्य लगायतका मौलिक परम्पराहरूको जर्गेना गर्दै समय सापेक्ष जीवन्त तुल्याइराख्न त्यस्ता जातीहरू रहेको सघन वस्ती क्षेत्र लक्षित बार्षिक तथा नियमित सांस्कृतिक कार्यक्रम आयोजना गर्न विशेष अन्तरक्रिया पश्चात कार्ययोजना निर्माण गरिनेछ । |
| | १.४.४ वनभोज स्थलहरूलाई व्यवस्थित गर्ने वडास्तरीय पार्क तथा मनोरञ्जन स्थल बारे सम्भाव्यता अध्ययन गर्ने |

## खेलकुद तथा मनोरञ्जनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | विद्यालय स्तरीय खेल मैदान मर्मत सम्भार | | | | | | ✓ | ५ | | | | | |
| | | १.१.२ | विद्यालय खेल सामाग्री खरिद | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.३ | वडास्तरीय खेल मैदान निर्माण | | | | | | | | ✓ | ५ | | | |
| | | १.१.४ | गाउँपालिका स्तरिय रंगशाला निर्माण | | | | | | | | | | ✓ | ५० | |
| | १.२ | १.२.१ | खेलाडीको व्यक्तिगत विवरण तयारी | | | | ✓ | १ | | | | | | | |
| | | १.२.२ | खेलाडी प्रशिक्षण वडास्तरीय (नियमित) | | | | | | | | ✓ | २ | | | |
| | | १.२.३ | खेलाडी प्रशिक्षण (राष्ट्रिय प्रतियोगितामा सहभागी हुन) | | | | | | | | ✓ | १ | | | |
| | | १.२.४ | खेलाडी प्रशिक्षण (राष्ट्रिय, प्रादेशिक र स्थानीय तह) | | | | | | | | ✓ | १ | | | |
| | १.३ | १.३.१ | अन्तरविद्यालय वार्षिक खेलकुद Tournament | | | | ✓ | १ | | | | | | | |
| | | १.३.२ | गाउँपालिका स्तरीय रनिङ शिल्ड प्रतियोगिता सञ्चालन | | | | | | | | ✓ | १ | | | |
| | | १.३.३ | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता | | | | ✓ | १ | ✓ | १ | ✓ | १ | ✓ | १ | |
| | १.४ | १.४.१ | स्थानीयस्तरमा हुने मनोरञ्जनात्मक गतिविधिको विवरण तयारी | | | | | | ✓ | १ | | | | | |
| | | १.४.२ | परम्परागत मनोरञ्जनात्मक कृयाकलाप संस्थागत गर्ने क्रियाकलाप | | | | | | | | ✓ | २ | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.४.३ | जनजाती समुदायमा प्रचलित मौलिक परम्परा मान्ने जातीहरूरहेको सघन वस्ती क्षेत्र लक्षित बार्षिक तथा नियमित सांस्कृतिक कार्यक्रम कार्ययोजना निर्माण गरिनेछ । | | | | | | | | ✓ | ५ | | | |
| | | १.४.४ | बनभोजस्थल व्यवस्थापन | | | | | | ✓ | ५ | | | | | |
| | | १.४.५ | वडास्तरीय पार्क सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |

## अपेक्षित उपलब्धीहरू

- ✓ न्यूनतम खेलकुद पूर्वाधारको विकास हुनेछ ।
- ✓ खेलाडीहरू पहिचान भई क्षमता विकास भएको हुनेछ ।
- ✓ स्थानीयस्तरमा प्रचलनमा रहेका मनोरञ्जनात्मक कृयाकलापहरू संस्थागत हुनेछन् ।

## ५.८ सामाजिक सुरक्षा

### पृष्ठभूमि

नागरिकको संरक्षण तथा हक सुनिश्चित गर्न नेपालको संविधानको धारा ४३ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । जसअनुसार आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने छ भनी स्पष्ट पारिएको छ । सामाजिक सुरक्षा गरिबी न्यूनीकरणसँग जोडिएको हुनाले दिगो विकास लक्ष्य प्राप्तिमा सामाजिक सुरक्षाको महत्वपूर्ण स्थान रहन्छ । अर्कोतर्फ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संघ र प्रदेश कानूनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वय सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकोले स्थानीय विकास योजना तर्जुमा गर्दा सामाजिक सुरक्षालाई सम्बोधन गर्नु आवश्यक रहेको छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ स्थानीय तहलाई सामाजिक सुरक्षाको अधिकार प्राप्त हुनु । |
| ▪ नेपाल सरकारले सामाजिक सुरक्षाको विषयलाई प्राथमिकता प्रदान गर्नु । |
| ▪ योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको सुरुवात हुनु । |
| ▪ सामाजिक सुरक्षासम्बन्धी जनचेतनामा समेत वृद्धि हुनु । |
| ▪ सामाजिक सुरक्षा मौलिक हकको रूपमा स्थापित हुनु । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ सामाजिक सुरक्षाका कार्यक्रमहरू लक्षित समूदायमा केन्द्रित भई पूर्ण प्रभावकारी र संस्थागत हुन नसक्नु |
| ▪ सामाजिक सूरक्षाले समेट्नु पर्ने वर्गलाई समेट्न एकीकृत सूचना प्रणालीको व्यवस्था नहुनु साथै त्यस्ता वर्ग छुट्नु जानु |
| ▪ हाल प्राप्त भैरहेको सामाजिक सुरक्षा भत्ताको रकम जीवन निर्वाहका लागि आवश्यक न्यूनतम सहयोग समेत नपुग्ने रकम भएकोले नाम मात्रको सामाजिक सुरक्षा हुनु । |

| दीर्घकालीन सोच |
|---|
| असक्त अवस्थामा निश्चिन्तता सामाजिक सुरक्षा |
| **लक्ष्य** |
| असक्षम र असक्त भई जीवन निर्वाह गर्न नसक्ने अवस्थाका सबैलाई राज्यद्वारा अभिभावकत्व दिने । |
| **उद्देश्यहरू** |
| ✓ सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सहारा दिनु । |

| उद्देश्य १. सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सहारा दिनु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ सामाजिक सूरक्षाको आवश्यकता पर्ने सम्पूर्ण नागरिकको पहिचान गर्ने संयन्त्र निर्माण गर्ने । | १.१.१ सामाजिक सुरक्षा कार्यक्रममा समेटिने वर्गको परिभाषा र मापदण्ड संघीय र प्रादेशिक सरकारको नीति र कानूनको अधिनमा रहि निर्माण गर्ने र सो को आधारमा त्यस्ता व्यक्तिहरूको व्यक्तिगत विवरण तयार पारी सूचना प्रणालीमा आबद्ध गर्ने । |
| | १.१.२ सामाजिक सुरक्षाका प्रकारहरू निश्चित गरी आवश्यकता र संवेदनशीलताका आधारमा तहहरू छुट्याइने छ । यसरी संवेदनशिलताको तह बमोजिम सुरक्षाको प्रकार, निश्चय गरिनुका साथै मापदण्ड र विद्यमान ऐन कानूनको परिधिमा रहि सामाजिक सूरक्षाको दायरा वृद्धि गर्न श्रोतका आधारमा अध्ययन गरिनेछ । |
| | १.१.३ योगदानमा आधारित सामाजिक सूरक्षा व्यवस्था लागू गर्न आवश्यक तयारी अध्ययन गरिनेछ । |
| | १.१.४ निजी र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक तथा अन्य जनशक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गरिनेछ । |
| | १.१.५ सामाजिक सूरक्षाका विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |

## सामाजिक सुरक्षाको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२ | सामाजिक सुरक्षाका प्रकृति र तहहरूको निर्क्यौल गर्ने र दायरा वृद्धि गर्न अध्ययन | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.३ | योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्थित गर्न तयारी | | | | | | ✓ | १ | | | | | |
| | | १.१.४ | अनौपचारिक तथा निजी क्षेत्रमा जनशक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षामा संलग्न गराउन तयारी तथा अन्तर्रकृया | | | | ✓ | १ | | | | | | | |
| | | १.१.५ | जनचेतनामूलक कार्यक्रम संचालन | | | | ✓ | १ | | | | | | | |

## अपेक्षित उपलब्धीहरू

नागरिकहरूमा सामाजिक सूरक्षा पाउनु मौलिक हक हो र यसमा सक्रिय जीवनमा सहयोग गर्नुपर्छ भन्ने जनचेतनाको विकास हुनेछ । असक्षम, असक्त र असहाय अवस्थाका सबै नागरिकलाई राज्यले सामाजिक सुरक्षाको सहारा सुनिश्चित गरेको हुनेछ ।

## ५.९ शान्ति सुरक्षा

### पृष्ठभूमि

गरिबी, सामाजिक विसंगति र अपराध मनोविज्ञानका कारण समाजमा विविध किसिमका अपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गर्न शान्ति, सुरक्षा र अमन चयनको प्रवन्ध राज्यले मिलाउने दायित्व हुन आउँछ । यसर्थ गाउँपालिकाले गाउँमा शान्ति सुरक्षा कायम गर्न प्रत्येक वडामा प्रहरी चौकीहरूको प्रबन्ध गर्नुपर्ने र आवश्यक सङ्ख्यामा दरबन्दी कायम गरी शान्ति सुव्यवस्था कायम गर्नु आवश्यक छ । यसका साथै समयमै गाउँपालिका प्रहरीको गठन गरी शान्ति सूरक्षा तथा अमनचयन सुनिश्चित गर्नु आवश्यक छ । गाउँपालिकामा शान्ति सुव्यवस्था कायम गर्न वडा नं. १, घ्याम्पेसालमा प्रहरी चौकी र ट्राफिक प्रहरी, पिपलडाँडामा वन रक्षक र वडा नं ५ खान्चोकमा अस्थायी प्रहरी विटका साथै वडा नं. ८ बोर्लाङ प्रहरी चौकी रहेका छन् । गाउँपालिकामा सानातिना चोरीका तथा केही बलात्कारका घटना हुने गरेका छन् । तर आत्महत्याका घटना भने चिन्ताजनक अवस्थामा रहेको तथ्याङ्कले देखाउँछ । विगत आ.ब. २०७६/०७७ तथा २०७७/०७८ मा वडा नं. ३ मा ७ जना, वडा नं. ४ मा ४ जना तथा वडा नं. ६ मा ३ जनाले आत्महत्या गरेका थिए ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकामा शान्ति सुव्यवस्था कायम गर्न वडा नं. १, घ्याम्पेसालमा प्रहरी चौकी, ट्राफिक प्रहरी, पिपलडाँडामा वन रक्षक र वडा नं ५ खान्चोकमा अस्थायी प्रहरी विट तथा वडा नं. ८ बोर्लाङ प्रहरी चौकी रहेका । |
| ▪ गाउँपालिकामा विगत १२ महिनामा छिटफुट घटना बाहेक अपहरण, धम्की, डकैती जस्ता अपराधिक गतिविधिहरू नभएका । |
| ▪ आम नागरिकलाई स्वतन्त्रतापूर्वक हिंडडुल गर्न तथा दैनिक कार्य सञ्चालन गर्न सुरक्षा चुनौती नभएको । |
| ▪ कुनै पनि बेला हुन सक्ने दुर्घटनाको तत्काल सम्बोधन गर्न सकिने । |
| ▪ घटना वा दुर्घटनाका बेला उद्दार सामाग्रीको पर्याप्त आपूर्ति गर्न सकिने । |
| ▪ पर्यटकहरूको आवागमन पनि हुने गाउँपालिका भएकोले उनीहरूको सुरक्षा प्रत्याभूति हुन सक्ने । |
| ▪ अमनचयन तथा शान्ति सुरक्षाको अवस्थालाई जुझारु राख्न उपयुक्त कदमहरू चाल्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ गाउँपालिकामा आत्महत्या तथा छिटफुट रूपमा बलात्कारका घटना हुने गरेका । |
| ▪ गाउँपालिकाको भौगोलिक अवस्थितिको कारणले गर्दा अत्यावश्यक समयमा पनि सुरक्षा निकायको उपस्थिति नहुने । |
| ▪ सुरक्षा निकायमा दरबन्दीअनुसारको जनशक्ति नरहेको । |
| ▪ सुरक्षाकर्मीको मनोवल उच्च राख्न आधुनिक हतियार, यातायातका साधन आदिको पर्याप्त उपलब्धता नरहेको । |
| ▪ प्रविधिको अभाव तथा सूचना प्रवाह कठिनाइका कारण अपराधका घटनाहरूको यथार्थ लगत राख्न कठिन भएको । |
| ▪ कच्ची तथा निर्माणधीन सडकका कारण घटना या दुर्घटना घट्दा सुरक्षाकर्मीको उपस्थिति तत्काल हुन कठिनाइ । |
| ▪ समन्वयात्मक रूपमा उद्दार सामाग्रीको उपलब्धता तथा समूचित प्रयोगमा कठिनाई । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ गाउँपालिकाको सिमित बजेटका कारण सुरक्षा निकायको उपस्थिति सबै वडामा पुऱ्याउने कार्य चुनौतीपूर्ण |
| ▪ अपराधलाई लोकलाज अथवा डर त्रासकाकारण लुकाई अपराधीलाई थप प्रोत्साहित हुने सम्भावना रहेको |
| ▪ आत्महत्या नियन्त्रणका लागि मनोसामाजिक परामर्शदाता व्यवस्था गर्ने तथा मनोरोगीको पहिचान र उपचार गर्ने कार्य चुनौतीपूर्ण रहेको । |
| ▪ निमुखा तथा सोझा साझा नागरिकको सुरक्षा प्रत्याभूति गर्न चुनौतीपूर्ण रहेको । |

| दीर्घकालीन सोच |
|---|
| शान्ति सुरक्षाका हिसाबले सुरक्षित गाउँपालिका |
| **लक्ष्य** |
| गाउँपालिकाबासिलाई शान्ति सुव्यवस्थाका हिसाबले पूर्ण सुरक्षित महसुस गराउने । |
| **उद्देश्यहरू** |
| ✓ समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गरी सबै खाले अपराधलाई नियन्त्रण गर्नु । |

| उद्देश्य १ : समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गरी सबै खाले अपराधलाई नियन्त्रण गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ सुरक्षा पूर्वाधारको विकास गर्ने । | १.१.१ सुरक्षाका लागि प्रहरी चौकी स्थापना गर्नुपर्ने आवश्यकता भएका स्थानहरूको अध्ययन गरी सुरक्षा निकायसँग समन्वय गरिनेछ । |
| | १.१.२ आवश्यकताका आधारमा नगर प्रहरी गठन गरिनेछ । |
| | १.१.३ सुरक्षा गस्तीलाई आवश्यकता अनुरुप नियमित र अपराध संवेदनशील क्षेत्रमा सघन बनाइनेछ । |
| | १.१.४ मदिरापान, भिडभाड, होहल्ला झै झगडा हुने क्षेत्रमा सुरक्षा सर्तकता वृद्धि गरी सुरक्षा योजना निर्माण गरिनेछ । |
| | १.१.५ Hot Line सेवाको प्रवन्ध गरी तत्काल परिचालन हुने stand by force तयार पारिनेछ । |
| | १.१.६ उद्धार विशेष टोली निर्माण गरी तयारी अवस्थामा राख्ने । |
| | १.१.७ व्यक्तिगत सुरक्षा र सुचना दिन प्रोत्साहन गर्ने हिसाबले विद्यार्थीसँग प्रहरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.८ सघन वस्ती रहेका बजार क्षेत्रहरूमा आवश्यकताका आधारमा cctv जडान गरिनेछ । |
| | १.१.९ अपराध नियन्त्रण तथा सम्भावित अपराधिक क्रियाकलाप न्यूनीकरण गर्न समुदायसँग प्रहरी विशेष अभियान अन्तर्गत व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.२ संस्थागत क्षमता विकासका कृयाकलाप सञ्चालन गर्ने | १.२.१ अपराध हुनु अगावै सूचना प्राप्त गर्न सक्ने गुप्तचर सेवालाई प्रभावकारी बनाउन तालिम र कार्ययोजना निर्माण गरिनेछ । |
| | १.२.२ नगर प्रहरीलाई सुरक्षा संवेदनशीलताका आधारमा क्षमता विकास तालिम प्रदान गरिनेछ । |

## शान्ति सुरक्षाको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | प्रहरी चौकी विस्तार गर्न आवश्यक स्थानको विवरण तयार पार्ने | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२ | नगर प्रहरीको दरवन्दी तय गर्ने | | | | | | ✓ | १ | | | | | |
| | | १.१.३ | सुरक्षा गस्तीको आवश्यक रुट र स्थान बारे अध्ययन गर्ने | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.४ | समग्र गाउँपालिका सुरक्षा योजना तयार गर्ने | | | | | | ✓ | २ | | | | | |
| | | १.१.५ | Hot Line सेवा सञ्चालन | | | | ✓ | ३ | | | | | | | |
| | | १.१.६ | उद्धार संयन्त्र निर्माण | | | | ✓ | ५ | | | | | | | |
| | | १.१.७ | विद्यार्थीसँग प्रहरी विशेष कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | १.१.८ | सघन बजार र वस्ती क्षेत्रमा CCTV जडान | | | | | | ✓ | १० | | | | | |
| | | १.१.९ | समुदायसँग प्रहरी जनचेतनामूलक कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | १.२ | १.२.१ | गुप्तचर सेवा तालिम | | | | | | ✓ | १ | | | | | |
| | | १.२.२ | नगर प्रहरी तालिम | | | | | | ✓ | १ | | | | | |

## अपेक्षित उपलब्धी

- गाउँपालिका बासिन्दाहरू सुरक्षाका हिसाबले ढुक्क छु भन्ने वातावरण श्रृजना भएको हुनेछ ।

## ५.१० शवदाहस्थल तथा चिहान व्यवस्थापन

### पृष्ठभूमि

हरेक गाउँपालिकामा तथा हरेक समुदायको आ-आफ्नो धर्म र संस्कृतिअनुसार शवदाहस्थल र चिहान व्यवस्थापन एक महत्वपूर्ण र संवेदनशील विषय तथा आवश्यकता पनि हो । भावनात्मक अर्थसमेत बोकेको यो विषयलाई कुनै पनि योजनाले समयमै सम्बोधन गर्नुपर्दछ । परम्परागत रूपमा सञ्चालनमा रहेका शवदाहस्थल र चिहानलाई भविष्यमा सहज र व्यवस्थित बनाउनु पर्दछ । यो गाउँपालिकामा जातीय तथा धार्मिक विविधता भएसँगै प्राकृतिक स्थलहरू उपलब्ध रहेकाकारण शवदहन तथा व्यवस्थापन गर्न प्रत्येक वडामा सम्भव रहेको छ । हिन्दू, बौद्ध, मुस्लिम, क्रिश्चियन तथा अन्य जातिगत संस्कारका लागि शवदाह स्थल तथा चिहान कच्ची रुपमा रहेको अवस्था छन् भने यहाँ हिन्दूहरूका लागि निबेल धर्मावती घाट, अमिलीचौर, काशीघाट,बुंकोटघाट, बोर्लाङ घाट, तल्लोखण्ड मसानघाट, लाम बगर, गन्नी खेत, शिखरघाट, डुम्रीघाट,राङदीघाट, मऱ्याङघाट आदि रहेका छन् । मुस्लिम धर्मावलम्वीहरूका लागि झिंगटे मुस्लिम कब्रस्थान, चिहान डाँडा कब्रस्थान आदि छन् । बौद्ध समुदायले कसिनी डाँडामा शवदहन गर्दछन् । त्यसैगरी क्रिश्चियन समुदायको लागि सपुङ्गे घमाइलो पाखामा व्यवस्थापन गरिन्छ । यद्यपि व्यवस्थित शवदहन तथा शव व्यवस्थापनमा भने गाउँपालिकाले कार्य प्रारम्भ गर्नुपर्ने अवस्था देखिन्छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकामा वडा नं. १ को निबेल धर्मावतीघाट, वडा नं ४ को काशीघाट तथा वडा नं. ८ को बोर्लाङघाट चर्चित हिन्दू मरनघाटका रुपमा रहेका । |
| ▪ गाउँपालिकाको 'एक मरनघाट एक मलामी गृह' निर्माण गर्ने नीति रहेको । |
| ▪ गाउँपालिकाले आवश्यकताका आधारमा क्रियापुत्री भवनहरू क्रमिक रुपमा निर्माण गर्दै जाने नीति लिएको । |
| ▪ गाउँपालिकामा सबै धर्म तथा समुदायका लागि मानिसको अन्तिम संस्कार गर्नका लागि स्थलको ठूलो समस्या नभएको । |
| ▪ गाउँपालिकामा रहेका विभिन्न समुदायका आ-आफ्ना धर्मसंस्कृतिअनुरूपका शवदाहस्थल तथा चिहान व्यवस्थापनप्रति गाउँपालिका सवंदेनशील भएको । |
| ▪ गाउँपालिकाले एकीकृत रूपमा भएका शवदाहस्थल एवमं चिहानलाई व्यवस्थित गर्ने तथा नभएका स्थानहरूमा उपयुक्त स्थलहरू पहिचान गरी व्यवस्थापन गर्ने कार्यक्रम ल्याउन सक्ने । |
| ▪ वार्षिक नीति तथा कार्यक्रममा गाउँपालिकाले मानवीय संम्वदेनासँग प्रत्यक्ष सरोकार राख्ने मृत्युसंस्कारसम्बन्धी जोडिएका शवदाह तथा चिहान व्यवस्थापनका कार्यक्रमलाई उच्च प्राथमिकता दिन सक्ने । |
| ▪ शवदाहस्थल, चिहान तथा मरणपाटी, किरियापुत्री भवनको लागि आवश्यक सडक, विद्युत, सञ्चार लगायतका पूर्वाधारहरूको गाउँपालिकाले विकास गर्न सक्ने । |
| ▪ परम्परागत रूपमा सञ्चालनमा आएका शवदाहस्थल तथा चिहानको वैज्ञानिक व्यवस्थापन गर्न सक्ने |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ शव दहन तथा व्यवस्थापनका लागि बाटोघाटो जिर्णोद्धार नभएकाकारण चुनौती भएको । |
| ▪ गाउँपालिकामा व्यवस्थित तवरले शवदाह स्थल तथा चिहानहरूको व्यवस्थापन नभइसकेको । |
| ▪ शवदाहस्थल तथा चिहान व्यवस्थापनका लागि सर्वस्वीकृति स्थलहरू किटान गर्ने चुनौती रहेको । |
| ▪ अन्तिमसंस्कारका लागि सडक, विद्युत, बाटोघाटो, सञ्चार लगायतका पूर्वाधार विकास गर्न ठूलो आकारको बजेट चाहिने । |
| ▪ छरिएर रहेका बस्तीहरूका कारण शवदाहस्थल तथा चिहान व्यवस्थापनमा कठिनाइ तथा खर्चिलो हुने । |
| ▪ शव बोकेर शवदाहस्थल,चिहान, तथा कब्रस्थानसम्म पुयाउन कठिनाइ । |

| दीर्घकालीन सोच |
|---|
| शवदाहस्थल तथा चिहानको उचित व्यवस्थापन |
| **लक्ष्य** |
| भविष्यमा शवदाह तथा चिहान व्यवस्थापनको समस्यालाई पूर्णत सम्बोधन गर्ने र उचित प्रबन्ध गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ शवदाहस्थल तथा चिहानको उचित व्यवस्थापन गर्नु । |

| उद्देश्य १. शवदाहस्थल तथा चिहानको उचित व्यवस्थापन गर्नु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| सम्पूर्ण वडालाई समेटेर व्यवस्थित शवदाहस्थल र चिहानको पूर्वाधार तयार गर्ने । | १ प्रत्येक वडामा परम्परागत हिसाबले चलि आएका शवदाहस्थल र चिहानको व्यवस्थित नक्साङ्कन गरिनेछ । |
| | २ जनसंख्याको चापको आधारमा क्रमश शवदाह स्थललाई व्यवस्थित बनाउन डि.पि.आर तयार पारिनेछ । |
| | ३ प्रत्येक वडामा किरियापुत्री घर तथा चिहान क्षेत्र तारबार र शवदाहस्थल निर्माणको कार्य क्रमश अगाडि बढाइने छ । |
| | ४ अतिविपन्न नागरिकहरूलाई किरिया खर्च प्रदान गरिनेछ । |
| | ५ महामारीका बेला हुने मृत्यु र शव व्यवस्थापना योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| | ६ प्रत्येक वडालाई समेट्ने गरी आवश्यकताका आधारमा शव बाहन सेवा सञ्चालन गरिनेछ । |

## शवदाहस्थल तथा चिहान व्यवस्थापनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | शवदाहस्थल तथा चिहानहरूको नक्साङ्कन | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२ | शवदाहस्थल डि.पि.आर | | | | | | | | ✓ | १० | | | |
| | | १.१.३ | आवश्यकताका आधारमा प्रत्येक वडामा शवदाहस्थल तथा किरियापुत्री घर निर्माण र चिहान क्षेत्र तारबार | | | | | | | | | | ✓ | २० | |
| | | १.१.४ | किरिया खर्च व्यवस्थापन (अति विपन्न) | | | | | | | | ✓ | ५ | | | |
| | | १.१.५ | माहामारी शव व्यवस्थापन योजना निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | १.१.६ | शव वाहन खरिद | | | | | | ✓ | ३० | | | | | |

## अपेक्षित उपलब्धी

- गाउँपालिकामा शवदाहस्थल तथा चिहानको उचित प्रबन्ध भएको हुनेछ।

## नतिजा सूचकहरू

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **शिक्षा विज्ञान तथा प्रविधि** | | | | |
| | असर | प्राथमिक तहमा खुद भर्नादर | प्रतिशत | | ८० |
| | असर | प्राथमिक तह पुरा गर्ने दर | प्रतिशत | | ९१ |
| | असर | कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थी | प्रतिशत | | ७८ |
| | असर | कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात | | | |
| | असर | कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | | | |
| | असर | माध्यामिक शिक्षाको कूल भर्नादर (९ देखि १२) | प्रतिशत | | ९० |
| | प्रतिफल | पूर्व प्राथमिक शिक्षाको लागि बाल अनुदान पाएको (संख्या) | संख्या | | ९५ |
| | असर | पूर्व वाल्यकाल शिक्षामा उपस्थिति (प्रतिशत) हाजिरी | प्रतिशत | | ९० |
| | असर | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी प्रतिशत (कूल विद्यार्थीमा) | प्रतिशत | | ९९ |
| | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (प्राथमिक) | | | |
| | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (माध्यामिक) | | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | | १५ |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | | १२ |
| | प्रतिफल | प्रति विद्यार्थी हुने सार्वजनिक खर्च (हजारमा) | हजारमा | | |

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरू | प्रतिशत | | ९० |
| | असर | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरू | प्रतिशत | | ९० |
| | असर | WASH सुविधा भएका आधारभूत विद्यालयहरू | प्रतिशत | | |
| | असर | अपाङ्गमैत्री विद्यालयहरू | प्रतिशत | | ९५ |
| | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरू | प्रतिशत | | १०० |
| | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यामिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरू | प्रतिशत | | १०० |
| | | **(दिगो विकास लक्ष्य ४ अन्तर्गत) माथिका सबै सूचकहरू** | | | |
| | असर | समग्र साक्षरता प्रतिशत | | | १०० |
| | असर | साक्षरता प्रतिशत (पुरुष) | | | १०० |
| | असर | साक्षरता प्रतिशत (महिला) | | | १० |
| | प्रतिफल | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | | ३ |
| | प्रतिफल | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | | १ |
| | असर | आधारभूत शिक्षा उतिर्ण जनसंख्या | प्रतिशत | | |
| | असर | माध्यामिक शिक्षा उतिर्ण जनसंख्या | प्रतिशत | | |
| | असर | स्नातक तह उतिर्ण जनसंख्या | प्रतिशत | | |
| | असर | स्नातकोत्तर उतिर्ण जनसंख्या | प्रतिशत | | |

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | विद्या वारिधि उतिर्ण जनसंख्या | संख्या | | १० |
| | असर | प्राविधिक वा व्यवसायिक तालिम प्राप्त यूवा संख्या | प्रतिशत | | १५ |
| | असर | विज्ञान प्रयोगशाला सुविधा भएका विद्यालय | प्रतिशत | | ९५ |
| | असर | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | प्रतिशत | | ९० |
| | असर | बुक कर्नर सुविधा भएका विद्यालय | प्रतिशत | | ९० |
| | असर | सुविधायुक्त खेलमैदान भएका विद्यालय | प्रतिशत | | १०० |
| | असर | छात्राको लागि व्यवस्थित शौचालय भएका विद्यालय | प्रतिशत | | १०० |
| | असर | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | प्रतिशत | | १०० |
| | प्रतिफल | अनौपचारिक प्रौढ कक्षा संख्या | संख्या | | ५ |
| | प्रतिफल | व्यवस्थित रुपमा संचालन भएका बालक्लव | संख्या | | २० |
| २. | **स्वास्थ्य** | | | | |
| | असर | दक्ष प्रसुतीकर्मीहरूको सहयोगमा भएको जन्मको (अनुपात) | प्रतिशत | | |
| | असर | पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | | | |
| | असर | नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | | | |
| | प्रतिफल | कुष्ठरोगी विरामी वार्षिक | संख्या | | ० |
| | प्रतिफल | कालाजार विरामी वार्षिक | संख्या | | ० |
| | प्रतिफल | हात्तिपाइले विरामी वार्षिक | संख्या | | ० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | डेङ्गु विरामी वार्षिक | संख्या | | ० |
| | प्रतिफल | सक्रिय ट्रकोमा विरामी वार्षिक | संख्या | | ० |
| | प्रतिफल | मुटु सम्बन्धी विरामी वार्षिक | संख्या | | ० |
| | प्रतिफल | क्यान्सर विरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | मधुमेह विरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | स्वास प्रणाली सम्बन्धी दिर्घ रोग दम आदिका विरामी | संख्या | | ० |
| | प्रतिफल | आत्महत्याबाट हुने मृत्युदुर प्रति लाख जनसंख्यामा | | | |
| | प्रतिफल | सडक दुर्घटनाबाट मृत्युदुर प्रति लाख जनसंख्यामा | | | |
| | प्रतिफल | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | | ९० |
| | असर | प्रोटोकल अनुसार चार पटक पूर्व प्रसुति सेवा प्राप्त गर्ने महिला वार्षिक | प्रतिशत | | १०० |
| | असर | अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला | प्रतिशत | | ९५ |
| | असर | हेपाटाइटिस बी भ्याक्सिन पुरा (३ डोज) गर्ने शिशु | प्रतिशत | | १०० |
| | असर | रगतमा ग्लुकोजको मात्रा बृद्धि भई औषधि प्रयोग गरिरहेका १५ वर्ष वा सो भन्दा माथिको जनसंख्या | प्रतिशत | | |
| | असर | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सो भन्दा कम समय लाग्ने परिवार | प्रतिशत | | ५० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | स्वास्थ्य बीमामा आबद्ध विपन्न परिवार | प्रतिशत | | ९० |
| | असर | राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या | प्रतिशत | | १०० |
| | असर | स्वास्थ्यकर्मीको घनत्व र वितरण | प्रतिलाख जनसंख्यामा) | | |
| | असर | स्वास्थ्य क्षेत्रमा कूल खर्च कुल (बजेटको) दिगो विकास लक्ष्य ३ | प्रतिशत | | |
| | प्रतिफल | सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | | १० |
| | असर | कुपोषण भएका बालबालिका दर | प्रतिशत | | ० |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | | ५ |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | | १० |
| | प्रतिफल | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | | १० |
| | प्रतिफल | बैकल्पिक स्वास्थ्य उपचार केन्द्र | संख्या | | ५ |
| | प्रतिफल | योग केन्द्र | संख्या | | ३ |
| | असर | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | आधारभूत स्वास्थ्य चेतना प्राप्त गर्ने वैद्य धामी झाँक्री | संख्या | | |
| | प्रतिफल | परिवार नियोजन सेवा केन्द्र | संख्या | | ५ |
| | प्रतिफल | रक्तसंचार सेवा | संख्या | | ४ |
| | प्रतिफल | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | | |
| | प्रतिफल | मातृ मृत्युदर (प्रति लाखमा) | प्रतिलाखमा | | |

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | पाठेघरको क्यान्सरका निम्ती स्क्रिनीङ गरिएका ३० देखि ४९ वर्षका महिला | प्रतिशत | | |
| | प्रतिफल | HIV AIDS Antiviral औषधि प्राप्त गर्ने | संख्या | | |
| | प्रतिफल | उच्च रक्तचापको औषधि सेवन गरिरहेका १५ वर्ष भन्दा माथिको जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | सुविधासम्पन्न अस्पताल | संख्या | | २ |
| | प्रतिफल | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | | |
| | प्रतिफल | स्वास्थ्य प्रयोगशाला | संख्या | | ५ |
| ३. | **संस्कृति, भाषा, कला तथा साहित्य** | | | | |
| | प्रतिफल | अमूर्त सांस्कृतिक सम्पदामा सूचिकृत सम्पदा | संख्या | | |
| | प्रतिफल | सांस्कृतिक सम्पदा मध्ये स्थानीय पाठ्यक्रमका समावेश (सम्पदा) | संख्या | | |
| | प्रतिफल | सांस्कृतिक बृत्त चित्र | संख्या | | १ |
| | प्रतिफल | कलाकार विवरणमा समावेश कलाकार | संख्या | | |
| | प्रतिफल | सांस्कृतिक पात्रोमा समावेश गतिविधि (वार्षिक) | संख्या | | १० |
| | प्रतिफल | सांस्कृतिक प्रतियोगिता तथा कार्यक्रम (वार्षिक) | संख्या | | १० |
| | प्रतिफल | स्थानीय मातृभाषा पाठ्यक्रम | संख्या | | १ |
| | प्रतिफल | साहित्यिक गतिविधि (कार्यक्रम) (वार्षिक) | संख्या | | |
| | प्रतिफल | झाँकी प्रर्दशनी (वार्षिक) | संख्या | | ५ |
| | प्रतिफल | सांस्कृतिक केन्द्र | संख्या | | ५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | सांस्कृतिक समिति | संख्या | | |
| | प्रतिफल | सांस्कृतिक उत्सव (Art and Literature Festival) | संख्या | | |
| | प्रतिफल | कला संग्रहालय | संख्या | | १ |
| ४. | **लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता सामाजिक समावेशीकरण** | | | | |
| | प्रतिफल | गाउँपालिकामा महिला उद्यमीहरूको | संख्या | | १०० |
| | प्रतिफल | पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको संख्या (प्रतिशतमा बढाउँदै लैजाने) | प्रतिशत | | ८० |
| | प्रतिफल | बालश्रमिकहरू (घटाउँदै लैजाने) | संख्या | | ५ |
| | प्रतिफल | अन्तरजातीय विवाह (बढाउँदै लैजाने) | संख्या | | ५० |
| | प्रतिफल | दुर्व्यसन सुधार गृह | संख्या | | २ |
| | प्रतिफल | बाल सुरक्षा/संरक्षण गृह | संख्या | | ९ |
| | प्रतिफल | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | | १ |
| | असर | सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | प्रतिशत | | ८० |
| | असर | आधार वर्षको तुलनामा न्यायिक समितिमा उजुरीको (प्रतिशतले घटाउँदै लैजाने) | प्रतिशत | | १० |
| | असर | विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या (संख्यामा) घटनाको आधारमा (प.दि.वि.ल. १६.१.१) | संख्या | | |
| | असर | उमेरअनुसार १८ वर्षको उमेरसम्म यौनहिंसाको अनुभव गरेका १८ देखि २९ वर्ष | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | | उमेरका युवती र युवकहरूको अनुपात (प.दि.वि.ल. १६.२.३) | | | |
| | असर | निर्णय-निर्माण समावेशी र जवाफदेही भएको विश्वास गर्ने जनसंख्याको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसाङ्ख्यिक समूहअनुसार) (प.दि.वि.ल. १६.७.२) | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूको नीतिनिर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात (प.दि.वि.ल. १६.७.२.१) | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका जनजातीको प्रतिशत | प्रतिशत | | ५० |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका आदिवासीको प्रतिशत | प्रतिशत | | २५ |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मुस्लिमको प्रतिशत | प्रतिशत | | १५ |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका अल्पसंख्यकको प्रतिशत | प्रतिशत | | २० |
| | असर | शारीरिक/यौनहिंसा अनुभग गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) (प.दि.वि.ल. ५.२.२.१) | प्रतिशत | | |

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन (सङ्ख्या) (प.दि.वि.ल. ५.२.२.२) | संख्या | | |
| | असर | विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत) (प.दि.वि.ल. ५.३.१.१) | प्रतिशत | | |
| | असर | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात (प.दि.वि.ल. ५.४.१.१) | प्रतिशत | | |
| | असर | महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टामा (प.दि.वि.ल. ५.४.१.२) | घण्टामा | | ८ |
| | असर | गाउँपालिकाबाट राष्ट्रिय संसद् मा प्रतिनिधित्व (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.१) | प्रतिशत | | १०० |
| | असर | गाउँपालिकाबाट प्रादेशिक संसदमा प्रतिनिधित्व (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.२) | प्रतिशत | | |
| | असर | स्थानीय सरकारका तहहरूमा प्रतिनिधित्व (Bodies) (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.३) | प्रतिशत | | |
| | असर | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.१) | प्रतिशत | | १०० |
| | असर | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.२) | प्रतिशत | | ९० |
| | असर | सार्वजनिक सेवाका नीतिनिर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरूमध्ये महिलाको प्रतिशत) (प.दि.वि.ल. ५.५.२.३) | प्रतिशत | | |
| | असर | व्यावसायिक र प्राविधिक कामदारहरूमा महिला-पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.४) | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित भएर आफैले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात (प.दि.वि.ल. ५.६.१) | प्रतिशत | | |
| | प्रतिफल | महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या (प.दि.वि.ल. ५.क.१) | संख्या | | |
| | प्रतिफल | महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर) (प.दि.वि.ल. ५.क.२) | संख्या | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत (प.दि.वि.ल. ५.ख.१) | प्रतिशत | | ९० |
| ५. | **बालबालिका** | | | | |
| | प्रतिफल | बाल श्रमिकको (संख्या) | संख्या | | १० |
| | प्रतिफल | असहाय बालबालिका (संख्या) | संख्या | | ५ |
| | प्रतिफल | पुर्नस्थापित बालबालिका संख्या | संख्या | | ५० |
| | प्रतिफल | विद्यालय जान नपाएका बालबालिकाको संख्या | संख्या | | १० |
| | प्रतिफल | बालगृह संख्या | संख्या | | १५ |
| | प्रतिफल | बाल विवाह संख्या | संख्या | | ० |
| | प्रतिफल | बाल उद्यान संख्या | संख्या | | १५ |
| | प्रतिफल | पोषण सुनिश्चित गरिएका असहाय अति विपन्न बालबालिका | संख्या | | |
| | प्रतिफल | बालबालिका केन्द्रित वार्षिक बाल कार्यक्रम | संख्या | | ५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ६. | **यूवा श्रम तथा रोजगार** | | | | |
| | असर | बेरोजगार युवा (प्रतिशत) | प्रतिशत | | ० |
| | असर | पुरुष बेरोजगार युवा | प्रतिशत | | ० |
| | असर | महिला बेरोजगार युवा | प्रतिशत | | ० |
| | असर | रोजगार युवा (प्रतिशत) | प्रतिशत | | १०० |
| | असर | पुरुष रोजगार युवा | प्रतिशत | | १०० |
| | असर | महिला रोजगार युवा | प्रतिशत | | १०० |
| | असर | न्यूनतम रोजगारीका लागि विदेशिने युवाहरू | प्रतिशत | | ५ |
| | प्रतिफल | आफ्नै स्वामित्वमा उद्योग भएका युवा उद्यमीहरूको | संख्या | | १५० |
| | प्रतिफल | महिला युवा उद्यमीहरूको | संख्या | | १०० |
| | प्रतिफल | स्नातक तह उर्तीण गर्न नसकि अध्ययन छाडेका यूवाको | संख्या | | |
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट बञ्चीत यूवाको प्रतिशत | प्रतिशत | | १० |
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट सन्तुष्ट यूवाको प्रतिशत | प्रतिशत | | ८० |
| | असर | दुर्व्यसनमा फसेका यूवाको प्रतिशत | प्रतिशत | | ० |
| | प्रतिफल | जटिल प्रकारका रोगबाट ग्रसित युवाको संख्या | | | ० |
| | प्रतिफल | अपराधिक कार्यमा संलग्न युवाको संख्या | | | ० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | राष्ट्रिय रूपमा ख्याती प्राप्त युवाको संख्या (कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि) | | | |
| ७. | **खेलकुद तथा मनोरञ्जन** | | संख्या | | |
| | प्रतिफल | व्यायामशालाको संख्या | संख्या | | १० |
| | प्रतिफल | सुविधा सम्पन्न खेलकुद रंगशालाको संख्या | संख्या | | १ |
| | प्रतिफल | खेल मैदानको संख्या | संख्या | | १५ |
| | प्रतिफल | थिएटर वा सिनेमा घरको संख्या | संख्या | | २ |
| | प्रतिफल | बाल उद्यानको संख्या | संख्या | | १५ |
| | प्रतिफल | पार्क तथा हरित उद्यानको संख्या | संख्या | | १० |
| | प्रतिफल | व्यवस्थित पिकनिक स्थलको संख्या | संख्या | | २० |
| | प्रतिफल | व्यवस्थित पौडी पोखरीको संख्या | संख्या | | ५ |
| | प्रतिफल | जेष्ठ नागरिक मिलन केन्द्रको संख्या | संख्या | | २ |
| | प्रतिफल | साँस्कृतिक तथा कला केन्द्रको संख्या | संख्या | | १ |
| ८. | **शान्ति सुरक्षा** | | | | |
| | प्रतिफल | प्रहरी बिटको संख्या | | | ८ |
| | असर | प्रति वर्ष हुने आपराधिक क्रियाकलापका घटनाहरू (घटाउँदै लाने) | | | |
| | असर | प्रति सुरक्षाकर्मी जनसंख्या अनुपात | | | |
| | प्रतिफल | नेपाल प्रहरी | | | |
| | प्रतिफल | नेपाली सेना | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | शसस्त्र प्रहरी | | | |
| | प्रतिफल | नगर प्रहरी | | | |
| | असर | आफू बसेको क्षेत्र वरिपरि एक्लै हिंडडुल गर्ने आफूलाई सुरक्षित ठान्ने जनसंख्या प्रतिशत (प.दि.वि.ल. १६.१.४) | | | १०० |
| | प्रतिफल | सिसिटिभी जडान संख्या | | | १०० |
| ९. | **शवदाहस्थल तथा चिहान व्यवस्थापन** | | | | |
| | प्रतिफल | व्यवस्थित शवदाह स्थल/चिहानको संख्या | | | २० |
| | प्रतिफल | शववाहनको संख्या | | | २ |

# परिच्छेद ६ : पूर्वाधार विकास

## ६.१ खानेपानी तथा सरसफाई

### खानेपानी तथा सरसफाइको वर्तमान अवस्था

सफा सुन्दर र स्वच्छ गाउँ सभ्यताको प्रमुख परिचायक हो । त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ । शहरीकरणको सघनतामा वृद्धि नभएको र हालसम्म पूर्णत ग्रामीण परिवेशमा रहेकाले यो गाउँपालिकामा अन्य सघन शहरी क्षेत्रमा जस्तो फोहोरमैला उत्सर्जन हुँदैन र फोहोर व्यवस्थापन मुख्य चुनौतीको रुपमा रहेको छैन । नेपालको संविधानले पनि खानेपानी तथा सरसफाइ सुविधालाई नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।

गाउँपालिका गौरवको आयोजनाको रुपमा वडा नं १ मसेलको चारधारे पम्पिङ खानेपानी आयोजना, वडा नं २ को बगुवाखेत पम्पिङ खानेपानी आयोजना तथा वडा नं ७ को विर्खेपानी पम्पिङ खानेपानी आयोजना रहेका छन् जसलाई गाउँपालिकाले आ.व. २०७७/०७८ मा सम्पन्न गर्ने लक्ष्य राखेको छ । गाउँपालिकाका ८ वटै वडाहरूमा विभिन्न खानेपानी आयोजनाहरू सञ्चालनमा रहेका छन् । यद्यपि यी आयोजनाहरूले सबै गाउँपालिकाबासीलाई यथेष्ट खानेपानीको आपूर्ति गर्न सकिरहेका छैनन् । गाउँपालिकामा पर्याप्त पानीका मुल तथा मुहानहरू रहेका छन् । तर प्राय बस्ती उच्चभागमा तथा पानीको श्रोत गहिरो भागमा रहेकाकारण पर्याप्त मात्रामा खानेपानीको सुविधा उपलब्ध हुन सकेको छैन । लिफ्टिङ मार्फत खानेपानीको समस्या समाधान गर्ने प्रयास भए तापनि भरपर्दो विद्युत सेवा उपलब्ध नहुँदा गाउँपालिकाबासी परम्परागत कुवा, पँधेरा तथा मुलबाट पानी पिउन बाध्य छन् । यसकारण उपलब्ध पानीको शुद्धतामा पनि प्रश्न उठ्ने गरेको छ । गाउँपालिकामा हालसम्म स्वच्छ पिउने पानीको पहुँच कमजोर रहनुले पानीजन्य रोगहरू जस्तै टाइफाइड, झाडापखाला, आउँ जस्ता रोगहरूको संक्रमण हुन सक्ने सम्भावना रहेको छ । साना मुहान र गुणस्तरीय संरक्षण ट्याङकी नभएकोले विभिन्न वडा क्षेत्रहरूमा हालसम्म खानेपानीको समस्या रहेको छ । सबै घरधुरीले स्वच्छ पिउनेपानीको उपभोग गर्न पाउने अवस्था सिर्जना गर्न गाउँपालिकाले विशेष कार्यक्रमहरू योजनावद्ध रुपमा ल्याउनकासाथै खानेपानी वितरणलाई पूर्णता दिन ठूलो लगानी गर्नुपर्ने अवस्था रहेको छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गौरवको आयोजनाको रुपमा वडा नं १ मसेलको चारधारे पम्पिङ खानेपानी आयोजना, वडा नं २ को बगुवाखेत पम्पिङ खानेपानी आयोजना तथा वडा नं ७ को विर्खेपानी पम्पिङ खानेपानी आयोजनालाई गाउँपालिकाले आ.व. २०७७/०७८ मा सम्पन्न गर्ने लक्ष्य राखेको । |
| ▪ गाउँपालिकाले ग्राभिटी तथा पम्पिङमार्फत गाउँपालिकाबासीलाई सहज खानेपानी आपूर्तिका लागि पहल गरिरहेको । |
| ▪ दरौंदी र बुढीगण्डकी नदी तथा स्थानीय खोला तथा खोल्साहरूबाट शुद्धीकरण गरी प्रशस्त पानी आपूर्ति गर्न सकिने । |
| ▪ गाउँपालिकाका हरेक वडामा सञ्चालित खानेपानी आयोजनाका लागि विनियोजित बजेटको १ प्रतिशत रकम खानेपानी तथा सरसफाइ सम्भार कोषमा रहने नीति लिइएको । |
| ▪ एक वडा एक उत्कृष्ट सफा घर तथा एक उत्कृष्ट सफा विद्यालय छनौट गरी पुरस्कृत गर्ने नीति रहेको । |
| ▪ प्रदेश सरकारले खानेपानी आयोजनाको लागि बजेट छुट्याएको । |
| ▪ गाउँपालिकामा 'एक घर एक धारा' कार्यक्रमलाई प्राथमिकीकरण गरिएको । |
| ▪ गाउँपालिकामा पानी संरक्षण गरी दिगो रूपमा पानीको सदुपयोग गर्ने योजना कार्यान्वयन गर्न सकिने । |
| ▪ घरघरमा पानी संकलन ट्यांकी राख्न प्रोत्साहन गरेमा दीर्घकालीन हिसाबले पिउने पानीको समस्या समाधान गर्न सकिने । |
| ▪ मुख्य बजार तथा बस्ती क्षेत्रमा फोहोर व्यवस्थापन गर्न केही ठाउँमा डस्टबिनहरूको व्यवस्था गर्न सकिने । |
| ▪ वडा नं. १ को घमाइलो पाखा, वडा नं. २ को पँधेरे खोलालाई गाउँपालिकाले डम्पिङ साइटको रुपमा विकास गर्न सक्ने । |
| ▪ गाउँपालिकाबासीमा फोहोरमैलाको समुचित व्यवस्थापन हुनुपर्ने भन्ने चेतना जागेको । |
| ▪ घरबाट निस्कने फोहोरलाई असंगठित रूपमै भए पनि जैविक मलको रूपमा प्रयोग गर्ने गरिएको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ अधिकांश खानेपानी आयोजना पम्पिङ वा लिफ्टिङ रहेकाले भरपर्दो विद्युत आपूर्ति तथा वैकल्पिक उर्जा अभावकाकारण खानेपानीको सहज आपूर्ति चुनौतीपूर्ण रहेको । |
| ▪ वडा नं ४ धावामा अन्य वडाको तुलनामा बढी नै खानेपानीको समस्या रहेको । |
| ▪ उपलब्ध पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको । |
| ▪ सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ पिउने पानी वितरण प्रणालीमा जोड्न नसकिएको । |
| ▪ पानीका उपलब्ध प्रमुख स्रोतहरूको वैज्ञानिक हिसाबले संरक्षण र व्यवस्थापन गर्न नसकिएको । |
| ▪ फोहोरमैला संकलन केन्द्र तथा ल्याण्डफिल साइटको व्यवस्था भइनसकेको । |
| ▪ अधिकांश घरहरूमा व्यवस्थित शौचालयको साथै गाउँपालिकाको अधिकांश सार्वजनिक स्थलमा शौचालयको व्यवस्था नभएको । |
| ▪ विशेस गरी सघन वस्ती मा रहेका बजार केन्द्रहरूमा सडकहरूमा नाला व्यवस्थापन हुन नसकेको । |
| ▪ वैज्ञानिक फोहोरमैला व्यवस्थापन हुन नसकेको । |
| ▪ कच्ची सडकका कारण धुलोले गर्दा वायु प्रदूषण हुने गरेको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ फोहोर व्यवस्थापनको ठोस योजना नबन्दा विशेषगरी बजार क्षेत्रमा दीर्घकालीन हिसाबले जटिलता सिर्जना हुन सक्ने । |
| ▪ पिउने पानी तथा सरसफाइको उचित व्यवस्थापन नहुँदा विभिन्न सरुवा रोगको संक्रमण हुन सक्ने । |

| दीर्घकालीन सोच |
|---|
| एक घर एक धारा: गाउँपालिकाको अभिभारा |
| **लक्ष्य** |
| गाउँपालिकाका सम्पुर्ण बस्तीहरूमा स्वच्छ खानेपानी पुऱ्याउने तथा सरसफाइको प्रभावकारी व्यवस्थापन गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ गाउँपालिकाबासीहरूलाई सुरक्षित खानेपानी सुविधा पुऱ्याउनु । |
| ✓ गाउँपालिकाका सम्पूर्ण वडाहरूमा सरसफाइको सुविधा पुऱ्याउनु । |

**उद्देश्य १ : गाउँपालिकाबासीहरूलाई सुरक्षित खानेपानी सुविधा पुऱ्याउनु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| **१.१. आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने ।** | १.१.१. "एक घर एक धारा" को अवधारणा अनुसार खानेपानी सुविधा नपुगेका घरहरूमा समुदायको सहभागितामा आधारभूत खानेपानी व्यवस्था गरिनेछ । |
| | १.१.२ संम्भाव्य खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.१.३. खानेपानी आयोजनाहरूसमयमै निर्माण सम्पन्न गरी उपभोक्ता समिति मार्फत सेवा सञ्चालनमा ल्याइनेछ । नेपालमा असल अभ्यासका हिसावले अत्यन्त सफल खानेपानी उपभोक्ता समितिहरूका अनुभवहरू अनुसरण गर्न अध्ययन भ्रमण गरिनेछ । ( उदाहरणका लागि इटहरी उप महानगरपालिकाको खानेपानी उपभोक्ता समिति अत्यन्तै सफल मानिन्छ ।) |
| **१.२. मुहान संरक्षण तथा खानेपानी सेवाको स्तर वृद्धि गर्ने ।** | १.२.१. खानेपानीका मुहानहरू सार्वजनिक सम्पती भएकोले सम्पूर्ण मुहानहरूको नक्साङ्कन पश्चात वस्तुगत विवरण संकलन गरिनेछ । |
| | १.२.२. खानेपानीका संरचनाहरूको स्तरोन्नति तथा मुहान सुधार गरी पानी प्रशोधन गरेर मात्र वितरण गरिनेछ । |
| | १.२.३. हरेक घरपरिवारमा पाइपमार्फत खानेपानी आपूर्ति प्रणाली निर्माण गरिनेछ । |
| | १.२.४. खानेपानीको उपभोगको मात्रा अनुसार महशुल उठाई निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन कोषको व्यवस्था गरिनेछ । |

| उद्देश्य २ गाउँपालिकाका सम्पूर्ण वडाहरूमा सरसफाइको सुविधा पुऱ्याउनु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१. हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने । | २.१.१. प्रत्येक घरमा अनिवार्य शौचालयको प्रावधान लागू गरी शौचालय नभएका विपन्न घरपरिवारमा शौचालय निर्माणका लागि प्रोत्साहन गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइनेछ । |
| | २.१.२. घर घरबाट निस्कने फोहरलाई वर्गीकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मलमा परिणत गर्न समुदायलाई विषेश तालिम सञ्चालन गरिनेछ । |
| २.२. सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गर्ने । | २.२.१. प्रत्येक सार्वजनिक स्थल, विद्यालय, सामुदायिक भवन, अस्पताल, बजार केन्द्र, बसपार्क जस्ता क्षेत्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइनेछ । |
| | २.२.२. उल्लेखित स्थानहरूमा फोहोरलाई वर्गीकरण गरी फ्याक्नका लागि बास्केट तथा कण्टेनरको व्यवस्था गरिने छ । |
| | २.२.३. फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त स्थान पहिचान गरी ल्याण्डफिल साईट निर्माण गरिनेछ । |
| | २.२.४. फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोर पानीको व्यवस्थापन गरी वातावरण स्वच्छ राखिनेछ । |
| | २.२.५. मुख्य बजार क्षेत्रका चोक र सडक वरपर नियमित सफाई गरिनेछ । |
| | २.२.६. बजार केन्द्रहरूमा घरबाट निस्कने फोहोर व्यवस्थापनका लागि टोल विकास संस्था र नीजि क्षेत्रसँग सहकार्य गरिनेछ । |
| | २.२.७.वडास्तरमा सरसफाइमा उत्कृष्ट एक नमूना विद्यालय तथा घरलाई पुरस्कृत गरिनेछ । |
| | २.२.८ पानीको मुहान वरपर फोहोर गर्नेलाई जरिवाना गरिनेछ साथै नदीनाला, जलाशय तथा तालतलैयाको पर्यावरणीय स्वच्छता कायम गरिनेछ । |
| | २.२.९ खानेपानी आयोजना निर्माण लागतको कम्तिमा एक प्रतिशत रकम खानेपानी, सरसफाइ तथा मुहान संरक्षण कोषमा जम्मा हुने प्रवन्ध गरिनेछ । साथै फोहोर गर्नेहरूबाट प्राप्त जरिवाना रकम र उपभोक्ताहरूबाट समेत निश्चित प्रतिशत रकम कोषमा जम्मा हुने प्रवन्ध गरिनेछ । |
| २.३.सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.३.१. घरघरमा निस्कने फोहोरलाई कम गर्न, फोहोरलाई वर्गिकरण गर्न, कम्पोस्ट मल बनाउन र पुर्नप्रयोग गर्न प्रेरित गर्नका लागि जनस्तरमा नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.३.२. घर, आँगन र टोल सफा राख्न प्रत्येक वडामा सरकारी, निजी गैसस तथा सामुदायिक संस्थाहरूसँग सहकार्य गरी स्थानीय बासीको संलग्नतामा नियमित रुपमा सरसफाई अभियान सञ्चालन गरी जनचेतना फैलाईनेछ । |
| | २.३.३. स्थानीय सञ्चारमाध्यमको सहयोगमा सरसफाई सम्बन्धी नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |

## खानेपानी तथा सरसफाईको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | एक घर एक धारा कार्यक्रम | | | | | | | | ✓ | १० | | | |
| | | १.१.२ | संम्भाव्य खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | १.१.३ | खानेपानी उपभोक्ता समिति मार्फत सेवा सञ्चालन तथा अध्ययन भ्रमणको लागि कार्ययोजना तयार | | | | ✓ | १ | | | | | | | |
| | १.२ | १.२.१ | खानेपानी मुहान क्षेत्र पहिचान तथा विवरण संकलन | | | | ✓ | १ | | | | | | | |
| | | १.२.२ | खानेपानी प्रशोधन तथा वितरण प्रणाली निर्माण : | | | | | | | | | | | | |
| | | १.२.२ | बाह्रमुले खानेपानी आयोजना मसेलसम्म विस्तार वडा नं १ | | | | | | | | | | | | |
| | | १.२.२ | रिट्ठेपानी-बन्जाराटोल खानेपानी आयोजना वडा नं २ | | | | | | | | | | | | |
| | | १.२.२ | डाँडाबेशी-ठाडाचौर खानेपानी आयोजना तथा डोन्डरे-मझिनथोक पम्पिङ मर्मत सम्भार वडा नं ३ | | | | | | | | | | | | |
| | | १.२.२ | शिरिसको फेद-आमडाँडा-पाणेकुना-रुम्जापुछार-केउरेपानी-दलितबस्ती-नयाँकुला लिफ्टिङ खानेपानी आयोजना वडा नं ४ | | | | | | | | | | | | |
| | | १.२.२ | ठूलोमुल-तल्लो कसिनथोक- खानेपानी आयोजना तथा बगुवा पम्पिङ ट्रिटमेन्ट प्लान्ट वडा नं ५ | | | | | | | | | | | | |
| | | १.२.२ | धुवाँखोला-साँधखोला-बेलबोटे-भट्टगाउँ नयाँ खानेपानी आयोजना वडा नं ७ | | | | | | | | | | | | |
| | | १.२.२ | घाटबेशी र आँगेखोला खानेपानी आयोजना वडा नं ८ | | | | | | | | | | | | |
| | | १.२.३ | खानेपानी आपूर्ति पाइप लाईन विस्तार | | | | | | ✓ | ५ | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.२.४ | खानेपानी आपूर्ति व्यवस्थापन कोष तथा अनुगमन संयन्त्र निर्माण | | | | | | ✓ | १ | | | | | |
| २ | २.१. | २.१.१. | शौचालय निर्माण गर्न अनुदान | | | | | | | | ✓ | १० | | | |
| | | २.१.२. | वडास्तरीय कम्पोस्ट मल उत्पादन तालिम | | | | ✓ | १ | | | | | | | |
| | २.२. | २.२.१. | सार्वजनिक स्थल तथा बजार केन्द्र पहिचान गरी शौचालय निर्माण | | | | | | | | | | ✓ | १५ | |
| | | २.२.२. | सार्वजनिक स्थल तथा बजार केन्द्र पहिचान गरी फोहर फ्याक्ने डस्टविन तथा कन्टेनरको व्यवस्था | | | | | | ✓ | ५ | | | | | |
| | | २.२.३. | गाउँपालिकाद्वारा सम्भाव्य स्थानमा ल्यान्डफिल साइटको निर्माण : | | | | | | | | ✓ | ३० | | | |
| | | २.२.३. | घमाइलो पाखा वडा नं. १ | | | | | | | | ✓ | १० | | | |
| | | २.२.३. | पँधेरे खोला वडा नं. २ | | | | | | | | ✓ | १० | | | |
| | | २.२.३. | अँधेरीखोप वडा नं. ३ | | | | | | | | ✓ | १० | | | |
| | | २.२.४. | सघन वस्ती क्षेत्रमा ढल निर्माण | | | | | | | | | | ✓ | १५ | |
| | | २.२.५. | सरसफाइ कर्मचारीको व्यवस्था | | | | | | ✓ | १ | | | | | |
| | | २.२.६. | फोहोर व्यवस्थापनका लागि टोल विकास संस्था र नीजि क्षेत्र संग सहकार्यका लागी कार्ययोजना निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | २.२.७. | वडास्तरमा सरसफाइमा उत्कृष्ट एक नमूना विद्यालय तथा घरलाई पुरस्कार | | | | ✓ | २ | | | | | | | |
| | | २.२.८ | पानीको मुहान संरक्षण तथा संरचना मर्मत | | | | | | | | ✓ | १ | | | |
| | | २.२.९ | खानेपानी, सरसफाइ तथा मुहान संरक्षण कोष निर्माण | | | | ✓ | १ | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | २.३. | २.३.१. | फोहोर पुनर्प्रयोग गर्न तालिम | | | | ✓ | १ | | | | | | | |
| | | २.३.२. | विभिन्न संघ संस्थासंग समन्वय गरी सामुदायिक स्तरमा प्रत्येक हप्ताको शनिबार सरसफाई कार्यक्रम सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | २.३.३. | स्थानीय सञ्चारमाध्यममा सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम प्रसारण । | | | | ✓ | १ | | | | | | | |

## अपेक्षित उपलब्धि

गाउँपालिकाका सम्पूर्ण घरधुरीमा आधारभूत खानेपानी सुविधा भएको हुने, सम्पूर्ण घरधुरीमा शौचालयको व्यवस्था भएको हुने, सार्वजनिक स्थल तथा बजार केन्द्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था भएको हुने र सरसफाईको अवस्थामा उल्लेख्य सुधार भएको हुनेछ ।

## ६.२ सिँचाइ

### पृष्ठभूमि

यस गाउँपालिकामा पर्याप्त मात्रामा कृषियोग्य जमिन रहेको छ। यहाँ खाद्यन्न बालीहरूमा कोदो, धान, मकै, गहुँ, तेलहन बालीहरूमा तोरी, तिल, बदाम, सिलाम तथा नगदे बालीहरूमा आलु, कफी, केरा पाइन्छन् भने तरकारी तथा फलफुलमा काउली, साग, काक्रो, फर्सी, मुला, गाँजर, बन्दा, करेला, भिन्डी, तरुल, चुचेकरेला, चिचिण्डो, बैगुन, लौका, स्कुल, फर्सी, आरुबखडा, मेवा, नास्पाती, हलुवावेद, आरु, लप्सी, रुख कटहर, जुनार, ज्यामिर, भोगटे, कागती, अम्बा, केरा आदि पाइन्छन्। औषधिय रुपमा प्रयोग हुने टिम्मुर, चिराइतो, सिलाजित, पाखनवेद आदि वनस्पति उत्पादन प्रचुर मात्रामा हुने गरेको पाइन्छ।

यस गाउँपालिकाको वडा न.४ मा १०० हेक्टरको क्षेत्रफलमा सिम्लेकोट-बालुवाटार सिँचाइ आयोजना सञ्चालनमा रहेको छ भने अरु वडाहरूमा सानाठूला कुलाहरूबाट सिँचाइ हुने गरेको छ । यस्तै गाउँपालिकाको वडा नं १ मा घोप्टेफेदी वर्षे सिँचाइ आयोजना प्रस्तावित सिँचाइ आयोजना रहेको छ भने वडा नं. २ को लागि माटेपुलदेखि विरुवाखेत सिँचाइ आयोजना, पहरेपानी सिँचाइ आयोजना, वडा नं. ३ मा टारीफाँट ट्याङ्की संकलन कार्यक्रम निर्माणधीन अवस्थामा रहेको छ। त्यसैगरी वडा नं. ५ मा कसिने सिँचाइ योजना, कोइराले सिँचाइ योजना आदि प्रस्तावित कार्यक्रम रहेका छन्। वडा नं. ६ मा नौविसे खेत सिँचाइ आयोजना, सिप्लिकाने सिँचाइ आयोजना, डुंडे सिँचाइ आयोजना र वडा नं. ८ मा तान्द्राङखोला-महादेवटार सिँचाइ योजना कार्यक्रम प्रस्तावित रहेका छन्। कृषिको मुख्य पूर्वाधार मानिने सिँचाइलाई यस गाउँपालिकाले मुख्य प्राथमिकतामा राखी प्रस्तावित योजनाहरू मात्र पनि सफल बनाउन सके कृषि क्षेत्रमा गाउँपालिकाले उपलब्धि हासिल गर्न सक्ने देखिन्छ। झनै विशाल बुढीगण्डकी नदी तथा दरौंदी नदीको जलभण्डारलाई सदुपयोग गर्न सके त कृषि क्षेत्रमा कायपलट नै हुन सक्नेछ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ पर्याप्त खोला तथा बुढीगण्डकी जलश्रोतको भण्डार रहेकोले सिँचाइ आयोजना तथा कुलो मार्फत गाउँपालिकाका सबै वडाहरूलाई सिंचित गर्न सकिने। |
| ▪ गाउँपालिकामा रहेका खोलानालाहरू, पोखरीहरू, सिमसार क्षेत्रहरू लगायतका पानीका मुहानहरूलाई संरक्षण गरी उक्त क्षेत्रहरूको सम्भाव्यता अध्ययन तथा सिँचाइ योजना निर्माणबाट कृषि उत्पादनमा व्यापक वृद्धि गर्न सकिने। |
| ▪ प्रत्येक वडामा रहेका परम्परागत सिँचाइ कुलाहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाउन सकिने। |
| ▪ वैकल्पिक सिँचाइ, थोपा सिँचाइ, फोहोरा सिँचाइ तथा प्लास्टिक पोखरी आदिबाट सिँचाइ सुविधा पुऱ्याउन सकिने। |
| ▪ एकीकृत सिँचाइ कार्यक्रमको सम्भाव्यता अध्ययन गरी स्रोतको बहु उपयोग गर्न सकिने। |
| ▪ कृत्रिम जलाशयहरू निर्माण गरेर समेत खेतीयोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउन सकिने साथै जल पर्यावरणीय प्रणालीको विकास र जलपर्यटन समेत विकास गर्न सकिने। |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ उपलब्ध जलस्रोतको पूर्णरूपमा सही सदुपयोग हुन नसकेको हुँदा खेतीयोग्य जमिन बाँझो हुने गरेको । |
| ▪ परम्परागत प्रविधिमा आधारित कुला तथा नहरहरूको मर्मत संभार नियमित हुन नसकेको । |
| ▪ आधुनिक सिँचाइ परियोजनाहरू खर्चिलो भएका कारण ठूलो आकारको बजेट आवश्यकता पर्ने । |
| ▪ लिफ्ट सिचाँइ प्रणाली खर्चिलो हुने । |
| ▪ लिफ्ट सिचाँइ मार्फत बुढीगण्डकी तथा दरौंदी नदीको जलश्रोतको उपयोग गर्न सकिने । |

| दीर्घकालीन सोच |
|---|
| बाह्रै महिना पूर्ण सिँचाइयुक्त गाउँपालिका |
| **लक्ष्य** |
| सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा दिगो सिँचाइको व्यबस्थापन गरी उच्च प्रतिफल युक्त कृषि उत्पादनमा योगदान पुर्याउने । |
| **उद्देश्यहरू** |
| ✓ सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिँचाइ सुविधा पुऱ्याउनु । <br> ✓ सिँचाइ प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु । |

**उद्देश्य १. सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिँचाइ सुविधा पुऱ्याउनु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१. परम्परागत तथा वैकल्पिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्याउने । | १.१.१. गाउँपालिका भएर बग्ने नदी, खोला नाला, ताल पोखरीहरू, सिमसार क्षेत्रहरू लगायत पानीका मुख्य श्रोतहरू र तिनका जलाधार क्षेत्रको नक्सांकन गरी विस्तृत विवरण (inventory profile) तयार गरिनेछ । |
| | १.१.२. परम्परागत सिँचाइ कुला र नहरहरूको मर्मतसम्भार तथा स्तरोन्नती गरी सुविधायुक्त बनाइनेछ । |
| | १.१.३. सम्भाव्यता अध्ययन गरी सिँचाइ संरचनाहरू क्रमश: निर्माण गर्दै सिँचाइ सुविधा बढाउँदै लगिनेछ । |
| | १.१.४. सतह सिँचाइको सम्भावना नभएका स्थानमा वैकल्पिक तथा नयाँ प्रविधिमा आधारित सिँचाइ जस्तै थोपा सिँचाइ, फोहरा सिँचाइ, वर्षातको पानी संकलन, प्लास्टिक पोखरीको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थान र वडाहरूमा कार्यान्वयनमा ल्याइनेछ <br> १.१.५ जलपर्यावरण र जलश्रोत संरक्षणका हिसावले अत्यन्त उपयुक्त पोखरीहरूको निर्माण र व्यवस्थापन अभियानका रुपमा सञ्चालन गरी प्रत्येक वडामा वहुउदेश्यीय नमूना पोखरी निर्माण गरिनेछ । यस अभियान अर्न्तगत पोखरीहरूको पुर्नउत्थानलाई प्राथमिकता दिइनेछ । |

| उद्देश्य २ : सिँचाइ प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१. उच्च प्रतिफल युक्त कृषि उत्पादनको सम्भावना बोकेका क्षेत्रलाई प्राथमिकतामा राखेर सिँचाइ प्रणालीको विकास गर्ने । | २.१.१. चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा निजी ठूला कृषि फर्ममा आवश्यकताको आधारमा सिँचाइको व्यवस्था गरिनेछ । |
| | २.१.२. कृषि विद्युतीकरण मार्फत Lift सिँचाइ प्रणाली सुदृढिकरण गरिनेछ । |
| २.२. कृत्रिम जलाशयहरू निर्माण गरी वैकल्पिक सिँचाइ प्रर्वद्धन गर्ने । | २.२.१. प्रत्येक वडामा कृत्रिम जलाशयहरू निर्माण गरी माछापालन, सिँचाइ तथा पर्यटकलाई आकर्षित गर्नका लागि सम्भाव्यता अध्ययन गरिनेछ । |
| | २.२.२ खोला तथा खोल्सीहरूमा वर्षातको पानी जम्मा गर्न ड्याम निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने । |
| २.३.संस्थागत संरचना सुदृढीकरण गर्ने । | २.३.१. मर्मत संभार कोष स्थापना गरी नियमित मर्मत संभार गर्ने व्यवस्था गरिनेछ । |
| | २.३.२. पोखरी खोला तथा मुहान संरक्षणका लागि स्थानीयवासीहरूको सहभागिता सुनिश्चित गरिनेछ साथै सिंचाइ उपभोक्ता समितिको क्षमता विकास गरिनेछ । |
| | २.३.३. मुहानहरू संरक्षण कार्य योजना जस्तै बायो इन्जिनियरिङ्ग, पोखरी तथा हरित क्षेत्र विकास कार्यक्रम प्रत्येक वडामा सम्भाव्य क्षेत्रमा संचालन गरिनेछ । |
| | २.३.४. मानवीय हस्तक्षेप तथा जलवायु परिवर्तनका कारण जलस्रोत क्षेत्रमा परेको असर न्यूनीकरण गर्ने कार्ययोजना निर्माण गरी लागू गरिनेछ । |
| | २.३.५. सिँचाइ आयोजना सञ्चालन र व्यवस्थापन प्रणालीलाई स्वचालित र आत्मनिर्भर बनाउनका लागि न्यूनतम उपभोगको मात्रा अनुसार सेवा शुल्क निर्धारण गरी संकलन गरिनेछ । |
| | २.३.६. मुहान तथा जलाधार संरक्षणका लागि प्रत्येक घरपरिवारको सहभागिता सुनिश्चित गर्न “हामी जोगाउँछौ हाम्रो मुहान” कार्यक्रमलाई अभियानका रुपमा वडास्तरमा व्यापक जागरण कार्यक्रम संचालन गरिनेछ । |

## सिँचाइको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १.१. | १.१.१. | जलाधार क्षेत्रको विवरण संकलन तथा नक्सांकन | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२. | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नती : | | | | | | ✓ | १०० | | | | | |
| | | १.१.२. | तालखोला-घोप्टेफेदी बषे सिँचाइ र दरौँदी-मसेल सिँचाइ योजना वडा नं. १ | | | | | | | | ✓ | १० | | | |
| | | १.१.२. | अमारे बगुवाखेत तथा ओख्लेपानी पम्पिङ सिँचाइ योजना वडा नं.२ | | | | | | | | ✓ | १० | | | |
| | | १.१.२. | टारीफाँट सिँचाइ ट्याङ्की निर्माण वडा नं. ३ | | | | | | ✓ | १० | | | | | |
| | | १.१.२. | बालिमटार-बिलेटार-बुढीगण्डकी पम्पिङ सिँचाइ आयोजना वडा नं. ४ | | | | | | | | ✓ | १० | | | |
| | | १.१.२. | रुम्टेखोला-सिमखोला-बालिमटार हिउँदे सिँचाइ आयोजना वडा नं.४ | | | | | | | | | | ✓ | १० | |
| | | १.१.२. | कसिने-बेतिने सिँचाइ आयोजना वडा नं. ५ | | | | | | | | | | ✓ | १० | |
| | | १.१.२. | कोइराले-खरिबोटफाँट सिँचाइ कुलो वडा नं. ५ | | | | | | ✓ | १० | | | | | |
| | | १.१.२. | काशीखोला-नौबिसे खेत सिँचाइ आयोजना वडा नं. ६ | | | | | | | | ✓ | १० | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.१.२. | सिप्लिकाने- स्वारखोला सिँचाइ आयोजना वडा नं. ६ | | | | | | | | ✓ | १० | | | |
| | | १.१.२. | सातबिसे, सिमलटार र क्यामुनटार कुलाहरू- मर्मत वडा नं.७ | | | | | | | | ✓ | १० | | | |
| | | १.१.२. | तान्द्राङ खोला-महादेवटार सिँचाइ आयोजना वडा नं. ८ | | | | | | | | | | ✓ | १० | |
| | | १.१.३. | वैकल्पिक सिँचाइको व्यवस्था | | | | | | ✓ | ५ | | | | | |
| | | १.१.४ | प्रत्येक वडामा वहुउदेश्यीय नमूना पोखरी निर्माण | | | | | | | | ✓ | ५० | | | |
| २ | २.१. | २.१.१. | ठूला कृषि उत्पादन क्षेत्रमा सिंचाइको विशेष व्यवस्था | | | | ✓ | १० | | | | | | | |
| | | २.१.२. | विद्युतका पोल तथा लाईनको व्यवस्था | | | | ✓ | ५ | | | | | | | |
| | २.२. | २.२.१. | कृत्रिम जलाशय निर्माणको सम्भाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | | २.२.२ | खोला तथा खोल्सीहरूमा वर्षतको पानी जम्मा गर्न सम्भाव्यता अध्ययन | | | | ✓ | ५ | | | | | | | |
| | २.३. | २.३.१. | मर्मत संभार कोष स्थापना | | | | | | ✓ | १ | | | | | |
| | | २.३.२. | सिँचाइ उपभोक्ता समितिलाई मूहान संरक्षण तथा दिगो सिँचाइ सम्बन्धी तालिमको व्यवस्था | | | | ✓ | १ | | | | | | | |
| | | २.३.३. | हरित क्षेत्र विकास कार्यक्रम संचालन | | | | | | | | ✓ | ५ | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | २.३.४. | Climate adaptation and mitigation कार्यक्रम संचालन | | | | | | ✓ | २ | | | | | |
| | | २.३.५. | सिंचाइ सेवा शुल्क निर्धारण तथा संकलन | | | | ✓ | १ | | | | | | | |
| | | २.३.६. | मुहान तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम संचालन | | | | ✓ | १ | | | | | | | |

### अपेक्षित उपलब्धि

सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिँचाइ सुविधा पुगेको हुनेछ र उच्च प्रतिफलयुक्त कृषि उत्पादन भएको हुनेछ ।

## ६.३ ऊर्जा

### पृष्ठभूमि

कुनै पनि गाउँपालिका, नगरपालिका वा स्थानमा बसोबास गर्ने नागरिकको जीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युत् तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । तथापि व्यवसाय संचालन तथा औद्योगिकरणका लागि आवश्यक क्षमताको विद्युत् लाइन जडान हुनसकेको छैन । त्यसैगरी घरायसी प्रयोजनका लागि प्रयोग हुने विद्युतमा समेत low voltage का कारण समस्या आउने गरेको पाइन्छ भने सामान्य हावाहुरी चल्दा तथा बर्षा हुने संकेत मिल्नासाथ विद्युत सेवा अवरुद्ध हुने गरेको छ । तसर्थ भिमसेनथापा गाउँपालिकामा विद्युत् प्रसारण लाइन सुधारका लागि नाङ्गो तार विस्थापित गरी इन्सुलेटेड तार तथा बुट्यान फँडानी गर्नुपर्ने र low voltage हुने स्थानहरूमा ट्रान्सफर्मरको स्तरोन्नति तथा नयाँ ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ । विद्युत सेवा सुधार तथा विस्तारका साथसाथै वैकल्पिक र नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि समेत ठोस कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने देखिन्छ । विद्युत ऊर्जा साथसाथै सौर्य उर्जा जस्ता अन्य वैकल्पिक ऊर्जाबाट विभिन्न उद्योग तथा व्यवसाय, सिँचाइ आयोजना, खानेपानी आयोजना समेत सञ्चालन गर्न सकिन्छ । घरायसी खाना पकाउन प्रयोग गरीने इन्धनको स्रोतको रूपमा मूलतः काठ दाउरामा निर्भर यस गाउँपालिकामा विद्युत, बायोग्याँस, एलपी ग्यासको प्रयोग सिमित मात्रामा मात्र गरेको पाइन्छ । काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरू मध्ये स्वास्थ्यमा पर्ने असर र वनजङ्गलको विनाश प्रमुख हुन् । अतः यस गाउँपालिकामा अल्पकालीन रूपमा सौर्य उर्जा र वायो ग्याँसलाई तथा दीर्घकालीन रूपमा जलविद्युत ऊर्जालाई जोड दिनु आवश्यक छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ राष्ट्रिय गौरवको बुढीगण्डकी जलविद्युत आयोजना निर्माण भई गाउँपालिका लाभान्वित हुने परिस्थिति बनिरहेको । |
| ▪ गाउँपालिकाको वडा नं. १,२,३ र ४ मा विद्युत सकहारीमार्फत तथा वडा नं. ५,६,७ र ७ मा विद्युत प्राधिकरणमार्फत विद्युत व्यवस्थापन हुने गरेको । |
| ▪ गाउँपालिकाभर काठका पोलहरू क्रमशः विस्थापित गरी फलामका पोलहरू राख्ने क्रम अन्तिम चरणमा पुगेको । |
| ▪ सबै बस्तीहरूमा विद्युत सेवा उपलब्ध गराउन गाउँपालिका प्रतिबद्ध रहेको । |
| ▪ गाउँपालिकाले विद्युतीय खपत बढाउन विद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन गर्ने नीति लिएको । |
| ▪ विद्युतीय नाङ्गो तार विस्थापित गरी कुचालाक भएको (insulated) तार विस्तार गर्न सकिने । |
| ▪ नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जालाई उचित व्यवस्थापन गरी सदुपयोग गर्न सकिने । |
| ▪ गाउँपालिकामा रहेका ट्रान्स्फर्मरहरूको क्षमता वृद्धि गरी बढी क्षमताको विद्युत सेवा विस्तार गर्न सकिने । |
| ▪ गाउँपालिकाका राइस मिल्स, फर्निचर उद्योग, चिनी उद्योग तथा अन्य व्यवसायिक क्रियाकलापहरूमा विद्युत उपयोग भएको । |
| ▪ गाउँपालिका बासीलाई विद्युतीय उपकरणको उपयोगमा प्रोत्साहन गरी काठ दाउरा र ग्याँसको खपत न्यूनीकरण गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ प्रशारण लाइन भएका ठाउँमा रुखका हाँगाबिँगा कटान (bush cutting) नहुँदा हावाहुरी तथा वर्षात्मा विद्युत सेवा अवरुद्ध हुने गरेको । |
| ▪ मुख्य प्रसारण लाइन बाहेक गाउँपालिकामा विद्युतीकरणका लागि प्रयोग भएका काठका पोलहरू जीर्ण तथा असुरक्षित रहेका । |
| ▪ विद्युतमा low voltage को समस्याका कारण ऊर्जासङ्कट कायम रहेको । |
| ▪ विभिन्न स्थानमा ट्रान्सफर्मरहरूको अभाव रहनुका साथै भएका ट्रान्सफर्मरहरूका क्षमता वृद्धि गर्नु पर्ने । |
| ▪ गाउँपालिकाको विद्युत लाइन थप गर्ने योजना खर्चिलो तथा चुनौतीपूर्ण रहेको । |
| ▪ सार्वजनिक सडक बत्तीहरूको पर्याप्त प्रबन्ध नभएको । |
| ▪ गुणस्तरीय विद्युत आपुर्तिको व्यवस्था नभएको । |

| दीर्घकालीन सोच |
|---|
| ऊर्जामा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका |
| **लक्ष्य** |
| गाउँपालिकावासीहरूमा दिगो, वातावरण मैत्री उर्जामा पूर्ण पहुँच स्थापित गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ ऊर्जामा सबै गाउँपालिकाबासीको पहुँच पुऱ्याउन ु। <br> ✓ ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु । |

**उद्देश्य १ : ऊर्जामा सबै गाउँपालिकाबासीको पहुँच पुऱ्याउनु**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१. विद्युतीकरण नभएका स्थानहरूमा विद्युत् सेवा विस्तार गर्ने । | १.१.१. विद्युत् सेवा नपुगेका बस्तीहरूमा विद्युतीकरणका लागि थप कार्य अगाडि बढाइनेछ । |
| | १.१.२. तत्काल विद्युतीकरण उपलब्ध हुन नसक्ने घरधुरी र काठ दाउराको प्रयोगलाई पूर्णरुपले विस्थापित गर्न वैकल्पिक ऊर्जा जस्तै सौर्य ऊर्जा तथा वायोग्यास प्रयोग गर्न प्रोत्साहन स्वरुप अनुदान प्रदान गरिनेछ । |

| उद्देश्य २ : ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१. विद्युत क्षमता वृद्धि गर्ने । | २.१.१. गाउँपालिकामा मुख्य प्रसारण लाईनमार्फत पूर्ण विद्युतीकरण गरी वितरण प्रणाली सुदृढ गरिनेछ . |
| | २.१.२. मागअनुसार आवश्यक voltage परिपूर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गरिनेछ । |
| | २.१.३. विद्युत प्रसारण लाईन सुधार गर्न तथा काठका पोलहरू विस्थापन गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ । |
| २.२. विद्युत् उपयोग बढाउने । | २.२.१. घरायसी खाना पकाउन विद्युतीय उपकरणको प्रयोग गर्न प्रोत्साहन गरिनेछ । |
| | २.२.२. विद्युतिय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिने छ . |
| २.३. वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने । | २.३.१ गाउँपालिकामा वैकल्पिक ऊर्जा उत्पादनको सम्भाव्यता हेरी निजीक्षेत्रलाई आकर्षण गर्ने नीति अवलम्वन गरिनेछ । |
| | २.३.२. उज्यालो गाउँपालिका अभियान अन्तर्गत गाउँपालिकाका बजार क्षेत्रहरूमा तथा सार्वजनिक स्थानहरूमा सडक बत्ती जडान गरिनेछ । |
| | २.३.३. खाना पकाउने मुख्य इन्धनको रुपमा काठदाउरा प्रयोग गर्ने घरधुरीहरूलाई निश्चित मापदण्डका आधारमा धुवाँ रहित सुधारिएको चुलोमा अनुदान प्रदान गरिनेछ । |
| २.४.जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.४.१. दाउरा र गुइँठाको प्रयोगलाई पूर्णरूपमा वैकल्पिक उर्जा तथा विद्युतीय ऊर्जाको प्रयोगले विस्थापित गर्न दाउरा र गुइँठाको प्रयोगका नकारात्मक असरबारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ । |

## उर्जाको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १.१. | १.१.१. | विद्युतका प्रशारण लाईन विस्तार | | | | | | ✓ | ५ | | | | | |
| | | १.१.२. | वैकल्पिक ऊर्जा प्रयोग गर्न अनुदान | | | | | | | | ✓ | २ | | | |
| २ | २.१. | २.१.१. | विद्युत वितरण प्रणाली सुदृढीकरण | | | | ✓ | १ | | | | | | | |
| | | २.१.२. | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान | | | | | | | | | | ✓ | ५ | |
| | | २.१.३. | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारणलाईन सुधार गर्ने | | | | | | ✓ | ५ | | | | | |
| | २.२. | २.२.१. | खाना पकाउने विद्युतीय उपकरण खरिदमा निश्चित मापदण्डका आधारमा छुट | | | | | | | | ✓ | १ | | | |
| | | २.२.२. | विद्युतीय सवारी साधन सञ्चालनमा सवारी छुट | | | | | | | | | | ✓ | १ | |
| | २.३. | २.३.१. | वैकल्पिक ऊर्जा उत्पादनमा निजी क्षेत्रसँग सहकार्य गर्न अन्तरक्रिया | | | | ✓ | १ | | | | | | | |
| | | २.३.२. | सडक तथा सार्वजनिक स्थानमा सौर्य बत्ती जडान | | | | | | ✓ | ५ | | | | | |
| | | २.३.३. | धुवाँ रहित सुधारिएको चुलोमा अनुदान | | | | | | | | ✓ | ५ | | | |
| | २.४. | २.४.१. | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन | | | | ✓ | १ | | | | | | | |

## अपेक्षित उपलब्धीहरु

उर्जाका आधारभुत पूर्वाधारहरुको विकास भइ हरेक घरधुरीमा न्युनतम उर्जाको सुनिश्चितता भएको हुनेछ । उर्जाको मुल प्रवाहमा नसमेटिएका घरधुरीहरुमा वैकल्पिक उर्जाको प्रबन्ध भएको हुनेछ ।

## ६.४ सडक तथा यातायात

### पृष्ठभूमि

गाउँपालिका मुख्य चार सडक सञ्जालबाट जोडिएको छ : (१) बुढीगण्डकी नदीको किनारै किनार चीनसँग जोड्ने सबभन्दा छोटो नाकाको रुपमा रहेको बेनीघाट-आरुघाट-सिर्दिवास-सामागाउँ-रुइलाभञ्ज्याङ सडकको क्यामुनटार-अमिलिचौर खण्ड, (२) मध्यपहाडी लोकमार्गको अमिली चौर-घ्याम्पेसाल-निबेल खण्ड (३) गोरखा बजार-घ्याम्पेसाल-आरुघाट सडकको झिँगटे-घ्याम्पेसाल-अमिलीचौर खण्ड र (४) घ्याम्पेसाल-बारपाक सुलिकोट गाउँपालिका हुँदै आरुघाट गाउँपालिकाको आरुपोखरी जोड्ने सडक। यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ। गाउँपालिकामा सडक विस्तार सन्तोषजनक रुपमा भएको भए पनि अधिकांस सडक कच्ची अवस्थामा रहेका छन्। हिउँदमा धुलो तथा बर्षातमा हिलो र खाल्टाखुल्टी बढ्नाले यातायात सेवा अवरुद्ध हुन्छ। यद्यपि गोरखा बजार-आरुघाट सडकको झिँगटे-घ्याम्पेसाल खण्डमा करिब ५ कि.मि. कालोपत्रे गरिएको छ। साथै मध्यपहाडी लोकमार्गको अमिली चौर-घ्याम्पेसाल-निबेल खण्डको स्तरोन्नति पनि धमाधम भइरहेको छ। बुढीगण्डकी जलविद्युत आयोजनाका कारण ओझेलमा परेको गोरखा जिल्लाको मेरुदण्डको रुपमा रहेको मित्रराष्ट्र चीनसँग जोड्ने सबभन्दा छोटो नाकाको रुपमा रहेको बेनीघाट-आरुघाट-सिर्दिवास-सामागाउँ-रुइलाभञ्ज्याङ सडकको क्यामुनटार-अमिलिचौर सडकखण्ड गाउँपालिकाको महत्वपूर्ण सडक हुँदाहुँदै पनि कच्ची धुले अवस्थामा नै रहेको छ। साथै घ्याम्पेसालबाट बारपाक सुलिकोट गाउँपालिका हुँदै आरुघाट गाउँपालिकाको आरुपोखरी जोड्ने सडक पनि कच्ची धुले अवस्थामै रहेको छ। गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको भिमसेनथापा चक्रपथको निर्माण कार्यले तीव्रता पाइरहेको छ भने प्रत्येक वडा जोड्ने सडकहरूको विस्तार तथा स्तरोन्नति तीव्र रूपमा भइरहेको छ।

तथापि यातायातका साधनहरूको अपर्याप्तता तथा रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था सन्तोषजनक छैन। सडक तथा यातायातको विकासले उत्पादकत्व वृद्धिगर्ने, स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पुऱ्याउने, रोजगारी श्रृजना गर्ने, गरिबी न्यूनीकरण गर्ने र आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने हुदाँ यस गाउँपालिकामा सडक तथा यातायात गुरुयोजना तय गरी सोही अनुरूप योजनाबद्ध एवं व्यवस्थित तवरले सडक सञ्जालको विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ।




भिमकल
BHIMKUL



| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिका मध्यपहाडी लोकमार्ग, बेनीघाट-आरुघाट सिर्दिवास हुँदै चीन जोड्ने सडक, गोरखा बजार-घ्याम्पेसाल-आरुघाट तथा गोरखा बजार-घ्याम्पेसाल-बारपाक सुलिकोट-आरुपोखरी जस्ता सडक सञ्जालबाट जोडिएको । |
| ▪ गाउँपालिकाको गौरवको आयोजनाको रुपमा निर्माणाधीन भिमसेनथापा चक्रपथमार्फत सबै वडाकेन्द्रहरूलाई गाउँपालिका केन्द्रसँग जोड्ने रणनीति लिइएको । |
| ▪ गाउँपालिकाद्वारा 'एक वडा एक बलियो सडक' निर्माण अभियानलाई जोड दिई नाला र सडक निर्माण कार्यलाई सँगसँगै अगाडि बढाइएको । |
| ▪ सडक निर्माणबाट हुने पर्यावरणीय क्षति न्यूनीकरण गर्न योजनाको १% रकम कोषमा जम्मा गर्ने नीति लिइएको । |
| ▪ गाउँपालिकाभित्र व्यवस्थित बसपार्क बनाउन सम्भाव्य ठाउँको खोजी भएको । |
| ▪ यातायात व्यवस्थालाई सुदृढ गर्न यातायात कर्मचारीलाई ट्राफिक नियम सम्बन्धी तालिम, उचित भाडादर निर्धारण तथा ८० वर्षभन्दा माथिका जेष्ठ नागरिकलाई भाडा निशुल्क गर्ने पहल भइरहेको । |
| ▪ गाउँपालिकाको प्रत्येक वडामा एउटा हेलिप्याड निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने योजना रहेको |
| ▪ सडक निर्माण सम्पन्न पश्चात आन्तरिक यातायात सञ्चालनमा ल्याइने । |
| ▪ गाउँपालिका पक्की मोटरेबल पुल, झोलुङगे पुलहरू तथा बेलिवृज सञ्जालबाट जोडिएको । |
| ▪ गाउँपालिकाका सडकहरूलाई मापदण्ड बनाई सो अनुसारको स्तरोन्नति कार्यलाई तीव्रता दिन सकिने । |
| ▪ गाउँपालिकामा भित्री सडक निर्माणकमार्फत कृषि, पर्यटन तथा उद्योगको विकासको राम्रो सम्भावना रहेको । |
| ▪ कच्ची अवस्थामै रहे पनि प्रत्येक वडालाई सडक सञ्जालले जोडेको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ सबै वडामा योजनाहरू पार्नु पर्ने अवस्था हुँदा सडक विकास बजेट एकमुष्ट खर्च गरी रणनीतिक महत्वका सडक निर्माणलाई प्राथमिकतामा राख्न नसकिएको । |
| ▪ सडक निर्माण प्रक्रिया बढी खर्चिलो भई स्थानीय श्रोतले मात्र धान्न सक्ने अवस्था नरहेको । |
| ▪ गोरखा जिल्ला र चीनको नाका जोड्ने सडक तथा मध्यपहाडी लोकमार्ग जस्ता सडकहरूको स्तरोन्नति कार्य सुस्त रहेको । |
| ▪ कच्ची सडक वर्षातको समयमा हिलाम्मे हुने र अन्य समयमा धुलाम्मे हुने हुँदा आवागमन जोखिमपूर्ण र कष्टप्रद हुने गरेको । |
| ▪ योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड मुताविक सडक सञ्जाल विस्तार नभएको । |
| ▪ गाउँपालिकाभित्र दैनिक आवतजावतका लागि आवश्यक भरपर्दो यातायातको असुविधा भएकाले विभिन्न रूटहरूको निर्धारण गरी सार्वजनिक यातायात सेवा संचालन गर्नुपर्ने । |
| ▪ सडक वरपर प्रदूषण भई वातावरण र जनस्वास्थ्यमा पर्न गएको नकारात्मक असर कम गर्न पहल गर्नुपर्ने । |
| ▪ सडकको स्थिति कमजोर हुँदा उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय, कृषि, पर्यटन जस्ता क्षेत्रहरू चलायमान हुन नसकेको । |

| दीर्घकालीन सोच |
|---|
| भिमसेनथापाको विशिष्टता : सहज, सुरक्षित र भरपर्दो सडक र यातायात सेवाको सुनिश्चितता |
| **लक्ष्य** |
| गाउँपालिकाभित्रको सडक सञ्जाल स्तरोन्नती गरी यातायातलाई सुरक्षित, सहज र भरपर्दो बनाउने । |
| **उद्देश्यहरू** |
| ✓ गाउँपालिकावासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुऱ्याउनु ।<br>✓ गाउँपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु । |

**उद्देश्य १ : गाउँपालिकाबासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुऱ्याउनु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१. गाउँपालिका केन्द्रबाट सबै वडाकेन्द्र र बजार केन्द्रमा सडक सञ्जाल बिस्तार गर्ने । | १.१.१. सम्पूर्ण वडा केन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य-मुख्य सडकहरूलाई उच्च प्राथमिकतामा राखी शीघ्र स्तरोन्नती तथा कालोपत्रे गरिनेछ । |
| | १.१.२. यस गाउँपालिकामा मध्यपहाडी लोकमार्गले नसमेटेका मुख्य सडकहरूलाई कालोपत्रे गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ । |
| | १.१.३ सडक बिस्तार सँग-सँगै बसपार्क तथा बस टर्मिनल निर्माण गरिनेछ । |
| १.२. विद्यमान सडकको स्तरोन्नती तथा विस्तार गर्ने । | १.२.१ पहिचान भएका कृषि सडकहरूको स्तरोन्नती र विस्तार गरी गाउँपालिका सडक सञ्जालसँग आवद्ध कृषि सडक सञ्जाल निर्माण गरिनेछ । |
| | १.२.२. प्रस्तावित औद्योगिक तथा व्यवसायिक क्षेत्रहरूको यकिन गरी ती स्थानहरूलाई जोड्ने सडक क्रमिक रुपमा निर्माण गरिनेछ । |
| | १.२.३. सघन यातायात सञ्चालन हुने मुख्य सडकहरूमा आवश्यकता अनुसारको रोड फर्निचर (Road Furniture) को व्यवस्था गरिनेछ । |
| | १.२.४. गाउँपालिकाभर अति आवश्यक स्थानहरूमा पुल निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ । |
| | १.२.५. उच्च प्राथमिकताप्राप्त पुलहरूको डिपिआर सम्पन्न गरिनेछ । |
| | १.२.६. उच्च प्राथमिकताप्राप्त पुलहरू निर्माण गर्न संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ । |
| | १.२.७. बुढीगण्डकी जलाशययुक्त आयोजना सम्पन्न हुँदा डुबान क्षेत्रमा पर्ने सडकहरूको विकल्पमा बन्ने सडकहरूको सम्भाव्यता अध्ययन गरिनेछ । |

| | |
|---|---|
| १.३. सार्वजनिक यातायात प्रणालीको विकास गर्ने । | १.३.१. यातायात व्यवसायी तथा सरोकारवालासँग अन्तरक्रिया गरी सार्वजनिक सवारी साधन चल्ने रूटहरू तय गरिनेछ । |
| | १.३.२. रूटमा चल्ने सवारी साधनहरूको भाडादर, संख्या र प्रकार ( जस्तै बस, मिनिबस, माइक्रोबस आदि) आवश्यकता अनुसार तय गरिनेछ । |
| | १.३.३. रूटको बीच-बीचमा बस स्टप, सार्वजनिक शौचालय, प्रतीक्षालयहरू स्थानीय आवश्यकता अनुसार निर्धारण गरी निर्माण गरिनेछ । |
| | १.३.४. गाउँपालिकाका सघन यातायात सञ्चालन हुने मुख्य रूटहरूमा आवश्यकताको आधारमा ट्राफिक युनिट स्थापना गरिनेछ.। |
| | १.३.५ विशेष गरी वर्षातको समयमा आवागमन अवरुद्ध हुनसक्ने सम्भावनालाई मध्यनजर गरी तत्काल आवागमन खुलाउन (Rapid Response Mechanism) तयार गरी तयारी अवस्थामा राखिनेछ । |
| १.४. हेलिप्याड निर्माण गर्ने । | १.४.१. गाउँपालिकाका प्रत्येक वडामा कम्तिमा एउटा हेलिप्याड निर्माण गरिनेछ । |

| **उद्देश्य २ : गाउँपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१.सडक तथा यातायात गुरुयोजना निर्माण गर्ने । | २.१.१. गुरु योजनामा आधारित सडक सञ्जालको विकास तथा यातायात रुटहरूको तय गरिने छ । |
| | २.१.२. रणनीतिक सडकहरूको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी प्राथमिकताका आधारमा निर्माण गरिनेछ । |
| २.२. सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने । | २.२.१. सडकको न्यूनतम मापदण्डलाई कार्यान्वयनमा ल्याइने छ तथा सडक अतिक्रमण गर्ने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ । |
| २.३. दिगो तथा वातावरण मैत्री प्रविधिमा जोड दिने । | २.३.१. सडकको नियमित मर्मत सम्भारका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रीकरणमा जोड दिइने छ । |
| | २.३.२. प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनले सडक तथा यातायातमा हुन सक्ने असर तथा नोक्सानीलाई न्युनीकरण गरिने छ । |
| | २.३.३. विद्युतीय सवारी साधन संचालन गर्नका लागि संघीय तथा प्रादेशिक सरकारसँग समन्वय गरी प्रोत्साहन गर्न निजी क्षेत्रलाई आर्थिक सहुलियत दिने र चार्जिङ स्टेशन को सम्भाव्यता अध्ययन गरिनेछ । |
| | २.३.४ गाउँपालिकामा निर्माण हुने सडकहरूमध्ये २० प्रतिशत सडकहरूमा बायोइन्जिनियरिङ प्रविधिको प्रयोग गरी निर्माण गर्न सम्भावना अध्ययन गरिनेछ । |

## सडक तथा यातायातको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १.१. | १.१.१. | वडाकेन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य सडकको स्तरोन्नती तथा कालोपत्रे : | | | | | | ✓ | १०० | | | | | |
| | | १.१.१. | सपुङ्गे-घोप्टे बस्नेत घुम्ति सडक | | | | | | | | ✓ | | | | |
| | | १.१.१. | आमडाँडा- तान्द्राङ खोला सडक | | | | | | | | ✓ | | | | |
| | | १.१.१. | जामुनेचौर-बिरौटे-बाँध्यारुम्टो सडक | | | | | | | | ✓ | | | | |
| | | १.१.१. | झप्रि-तिलबारी-अश्राङ सडक | | | | | | ✓ | | | | | | |
| | | १.१.१. | भिमसेनथापा चक्रपथ निर्माण | | | | | | | | | | ✓ | | |
| | | १.१.१. | एक वडा एक पक्की सडक अभियान | | | | | | | | | | ✓ | | |
| | | १.१.२. | मध्यपहाडी लोकमार्गले नसमेटेका सडकहरूलाई प्राथमिकताका आधारमा कालोपत्रे गर्ने | | | | | | ✓ | ५० | | | | | |
| | | १.१.३. | बसपार्क तथा बस टर्मिनल निर्माण: | | | | | | | | ✓ | १०० | | | |
| | | १.१.३. | घाटबेसी सुन्दर बजार बसपार्क | | | | | | | | ✓ | ५० | | | |
| | | १.१.३. | बोर्लाङ चण्डीथान बसपार्क | | | | | | | | | | ✓ | ५० | |
| | | १.२.१. | कृषि सडकहरूको विस्तार तथा स्तरोन्नती | | | | | | | | | | ✓ | ५० | |
| | १.२ | १.२.२. | औद्योगिक, व्यवसायिक तथा कृषि क्षेत्र जोड्ने सडक निर्माण | | | | | | | | ✓ | ७५ | | | |
| | | १.२.३. | मुख्य सडकहरूमा रोड फर्निचरको व्यवस्था | | | | | | | | ✓ | २० | | | |
| | | १.२.४. | अति आवश्यक पुलहरूको संभाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.२.५. | प्राथमिकता प्राप्त पुलहरूको डिपिआर निर्माण | | | | | | | | ✓ | १५ | | | |
| | | १.२.६. | प्राथमिकता प्राप्त पुलहरूको निर्माण : | | | | | | | | ✓ | १५० | | | |
| | | १.२.६. | छविसे मोटरेबल पुल वडा नं. ४ | | | | | | | | | | ✓ | १०० | |
| | | १.२.६. | सजुवापुछार-मौदीखोला झोलुङ्गे पुल | | | | | | | | | | ✓ | ५० | |
| | | १.२.७. | बुढीगण्डकी आयोजनाका कारण डुवानमा पर्ने सडकहरूका वैकल्पिक सडकहरूको संभाव्यता अध्ययन | | | | ✓ | १० | | | | | | | |
| | १.३. | १.३.१. | सार्वजनिक सवारीसाधन चल्ने रुटहरू तय | | | | ✓ | १ | | | | | | | |
| | | १.३.२. | रुट अनुसार सवारी साधनहरूको संख्या र प्रकार निर्धारण | | | | | | ✓ | १ | | | | | |
| | | १.३.२. | वैज्ञानिक भाडादर तय गर्न संयन्त्र निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | १.३.२. | ८० वर्षभन्दा माथिका जेष्ठ नागरिकलाई निशुल्क परिवहन | | | | | | ✓ | १ | | | | | |
| | | १.३.३ | सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण : | | | | | | | | ✓ | १०० | | | |
| | | १.३.३ | देवीस्थान र सपुङ्गे वडा नं १ | | | | | | | | ✓ | | | | |
| | | १.३.३ | कयापानी र ओख्ले वडा नं २ | | | | | | | | | | ✓ | | |
| | | १.३.३ | टारीफाँट, भुलभुले र सिमलाफेद वडा नं. ३ | | | | | | | | | | ✓ | | |
| | | १.३.३ | बामिमटार, आमभञ्ज्याङ र माकुरी चौतारा वडा नं. ४ | | | | | | | | ✓ | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.३.३ | डान्डाडा र खान्चोक वडा नं ५ | | | | | | | | | | ✓ | | |
| | | १.३.३ | झिँगटे, अश्राङ ठाँटी र रिपचोक वडा नं ६ | | | | | | | | | | ✓ | | |
| | | १.३.३ | अस्राङ ठाँटी, नारायणपुर र क्यामुनटार वडा नं ७ | | | | | | | | | | ✓ | | |
| | | १.३.३ | पिपलटार, घाटबेशी र महादेवस्थान वडा नं ८ | | | | | | | | | ✓ | | | |
| | | .१.३.४ | ट्राफिक युनिट स्थापना, वडा नं १ घ्याम्पेसाल | | | | | | | | ✓ | १ | | | |
| | | १.३.४ | यातायात सम्बद्ध कर्मचारीलाई ट्राफिक नियम सम्बन्धी तालिम | | | | ✓ | १ | | | | | | | |
| | | १.३.५ | सडक मर्मत संम्हार Rapid Response Mechanism तयार गर्ने | | | | | | ✓ | १ | | | | | |
| | १.४. | १.४.१. | हेलिप्याड निर्माण गर्ने | | | | | | | | | | ✓ | २५ | |
| २ | २.१. | २.१.१. | सडक तथा यातायात गुरुयोजना निर्माण | | | | ✓ | १५ | | | | | | | |
| | | २.१.२. | रणनीतिक सडकहरूको विस्तृत परियोजना प्रतिवेदन निर्माण | | | | | | ✓ | ५ | | | | | |
| | २.२. | २.२.१. | अनुगमनको व्यवस्था | | | | | | ✓ | १ | | | | | |
| | २.३. | २.३.१. | आधुनिक उपकरण खरिद | | | | | | | | ✓ | १० | | | |
| | | २.३.२. | Bio-engineering प्रविधिका लागि परामर्श | | | | ✓ | १० | | | | | | | |
| | | २.३.३. | सार्वजनिक यातायात सञ्चालनका लागि विद्युतीय सवारी साधन खरिदमा सहुलियत | | | | | | ✓ | १ | | | | | |

## अपेक्षित उपलब्धीहरु

सडक यातायातको सहज पँहुच स्थापित भएको हुनेछ । गाउँपालिका केन्द्रलाई राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्ने मुख्य सडकहरु कालो पत्रे भएका हुनेछन । गाउँपालिका केन्द्रलाइ प्रत्येक वडाकेन्द्र जोड्ने सडकहरु स्तरोन्नती भएका हुनेछन । सार्वजनिक यातायातका वैज्ञानिक रुटहरु तय भइ सार्वजनिक परिवहन सहज भएको हुनेछ । सडक जोखिम तथा दुर्घटना न्युनीकरण हुनेछन ।

## ६.५ आवास, भवन तथा वस्ती विकास

### पृष्ठभूमि

गाउँपालिकामा आवास तथा बस्ती विकास पेचिलो मुद्दा बनेको छ। विशेषगरी बुढीगण्डकी जलविद्युत आयोजना निर्माण हुँदा बन्ने जलाशयका कारण विस्थापित हुने वडा नं ३, ४, ८ र ७ का टारहरूमा रहेका बस्तीहरूको स्थानान्तरण चुनौतीपूर्ण रहेको छ। यथेष्ट मुआब्जा पाउनेहरूले काठमाडौँ, चितवन लगायतका शहरहरूमा घरघडेरी जोडिसकेका छन्। तर कम मुआब्जा पाएका तथा निम्न आय भएका गाउँपालिकाबासीले पाएको रकम खर्च गरी सकेकाकारण बस्ती व्यवस्थापन अन्योलग्रस्त बनेको छ। अर्कोतिर वि.सं २०७२ सालको भूकम्पले क्षतिग्रस्त वडा नं ५ रिङ्पानी तथा धरमपानी क्षेत्रका बस्तीहरूमा पहिरो तथा भूक्षयको जोखिम रहेकाकारण एकीकृत मिलनबस्तीमा पुनर्वास गरिएको छ। भूकम्पको राहत पाउँनबाट बञ्चित छुटफुट गाउँपालिकाकाबासीको अन्तिम पटकको लगत संकलन आ.व. २०७७/०७८ सम्पन्न भइसकेको छ। मानव जीवनको आधारभूत आवश्यकताहरू मध्ये आवास पनि एक हो। नेपालको संविधानले सुरक्षित तथा वातावरण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको सन्दर्भमा गाउँपालिकाले जनता आवासलाई केन्द्रविन्दुमा राख्नु पर्ने देखिन्छ।

भूकम्प पश्चात पनि गाउँपालिकाका अधिकांश घरहरू कच्ची तथा विपन्न अवस्थामा रहनुले यस गाउँपालिकाका घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले अत्यन्त असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ। वातावरणीय संवेदनशीलताको हिसाबले यस गाउँपालिकाका केही क्षेत्रहरूमा पहिरो जाने गरेकोले विद्यालय र केही घरहरू जोखिम साथै विस्तापित भएको छ। व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना निर्माण र कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग मार्फत यस गाउँपालिकाको दीर्घकालीन समृद्धि हासिल गर्न सकिन्छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ वडा नं ५ एकीकृत मिलन बस्तीमा रिङ्पानी टोलका पहिरो तथा भूक्षयकाकारण जोखिममा परेका बस्तीहरू स्थानान्तरण गरी पुनर्वास गरिएको। |
| ▪ राष्ट्रिय गौरवको बुढीगण्डकी जलविद्युत आयोजनाबाट प्रभावित गाउँपालिकाबासीलाई उपयुक्त स्थानमा नमूना बस्ती बसाउने गाउँपालिकाको योजना रहेको। |
| ▪ भूकम्प पश्चात पुर्ननिर्माण गरिएका घर तथा भवनहरू मापदण्डको पालना गरी सुरक्षित बनाइएका। |
| ▪ गैर सरकारी संस्था, नागरिक सचेतना केन्द्र जस्ता विकास साझेदार संस्थाहरूसँग समन्वय गरी एकीकृत विकास निर्माण कार्य निर्देशिका तयार गरी बस्ती विकास गर्ने गाउँपालिकाको नीति रहेको। |
| ▪ स्थानीय स्तरमा आवास निर्माण सामग्रीहरू जस्तै- ढुङ्गा,माटो, गिट्टी, बालुवा आदि उपलब्धता भएको र यथेष्ट मात्रामा सडक सञ्जालको विस्तारका कारण ढुवानीमा समस्या नरहेको हुँदा स्थानीय स्रोतसाधनको प्रयोग गरी निर्माण गर्न सकिने। |
| ▪ व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना निर्माण र कार्यान्वयन गर्न सकिने। |
| ▪ भूमिको पूर्ण सदुपयोग मार्फत यस गाउँपालिकाको दिर्घकालीन सम्बृद्धि हासिल गर्न सकिने। |
| ▪ भूकम्प प्रतिरोधी वातावरण मैत्री सुविधासम्पन्न तथा सुरक्षित भवन निर्माणमा जनचासो बढ्दै गएको |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ भूकम्प पश्चात निर्माण गरिएका अधिकांश नयाँ संरचनाका कारण मौलिक तथा विशिष्टिकृत घर निर्माण ढाँचा लोप भएका । |
| ▪ बढीगण्डकी जलाशयबाट प्रभावित वडा नं ३,४, ७ र ८ का नदी किनारका बासिन्दाको बस्ती स्थानान्तरण चुनौतीपूर्ण रहेको |
| ▪ अधिकांश घरहरू अर्धपक्की, कच्ची, तथा केही घरहरू ढुङ्गाले छाएको अवस्थामा समेत रहेकाले सुरक्षित नभएका । |
| ▪ छरिएर रहेका बस्तीहरूलाई एकीकृत गर्न तथा आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला, सामुदायिक भवन आदि निर्माण गर्न प्रशस्त मात्रामा बजेटको आवश्यकता पर्ने । |
| ▪ मौलिक संस्कृति र वास्तुकलाको लोप हुँदै जाने अवस्था रहेको । |
| ▪ भू-उपयोग योजना निर्माण र कार्यान्वयनमा आउन नसकेको । |
| ▪ सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका निम्ति आवास निर्माणसम्बन्धी ठोस नीति आवश्यक रहेको । |
| ▪ भवन तथा सुरक्षित आवास निर्माणका लागि स्थानीयस्तरमा प्राविधिक र दक्ष जनशक्तिको अभाव भएको । |

| दीर्घकालीन सोच |
|---|
| सबैलाई पूर्ण सुरक्षित तथा आधारभूत सुविधासम्पन्न आवासको प्रत्याभूति |
| **लक्ष्य** |
| सुरक्षित र न्यूनतम सुविधायुक्त आवास तथा बस्ती विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्नु । |
| ✓ सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने । |

**उद्देश्य १. न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्ने ।**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१. छरिएर रहेका तथा विपदको जोखिममा परेका बस्तीहरूलाई एकीकृत बस्तीको निर्माण गरी स्थानान्तरण गर्दै लैजाने । | १.१.१. बस्ती विकास योजना निर्माण गरिनेछ । |
| | १.१.२. विपतको जोखिममा परेका बस्तीहरू पहिचान तथा नक्साङ्कन गरिनेछ । |
| | १.१.३. एकीकृत आवास निर्माणका लागि वडास्तरमा उपयुक्त स्थानहरू पहिचान गरी आवास क्षेत्र विकास गरिनेछ । |
| | १.१.४. छरिएर रहेका तथा विपतको जोखिममा परेका घरपरिवारका लागि सुरक्षित, व्यवस्थित, आधारभुत सुविधायुक्त तथा वातावरण मैत्री एकीकृत बस्ती निर्माण गरिनेछ । |

| | |
|---|---|
| | १.१.५. सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका लागि आवास निर्माण सम्बन्धी ठोस नीति बनाइने छ । |
| | १.१.६. विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिने छ । |
| | १.१.७. भूकम्प पिडित तथा भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको निर्माणलाई तीव्रता दिई सम्पन्न गरिनेछ साथै भूकम्प पिडित घुम्ती कोषलाई निरन्तरता दिइनेछ । |
| १.२. घना बस्ती रहेको स्थानमा बस्ती व्यवस्थित गर्ने । | १.२.१. गाउँपालिकाको भू-उपयोग नीति अनुरुप वस्ती विकास तथा योजना निर्माण गरिनेछ । |
| | १.२.२. हाल घनावस्ती रहेका स्थानमा भौतिक पूर्वाधार विकास गरी बस्ती वरपर थप आवास विस्तार कार्यक्रम संचालन गरिनेछ । |
| | १.२.३. अनधिकृत रुपले बसोबास गरिरहेका घरपरिवार पहिचान गरी सो स्थानबाट हटाउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| | १.२.४. भवन निर्माण आचार संहिता तर्जुमा गरी अनिवार्य लागु गरिनेछ । |

**उद्देश्य २ : सुरक्षित आवास तथा भवनहरू निर्माण गर्नु ।**

| रणनीति | कार्यनीति |
|---|---|
| २.१. एकीकृत सेवा प्रदायक बहुउपयोगी तथा बहुउद्देश्यीय भवन निर्माण गर्ने । | २.१.१. सरकारी भवनहरू निर्माण गर्दा सकेसम्म एकै स्थानमा र एकरुपता ल्याउन एकै किसिमका भवनहरूको डिजाइन र निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |
| २.२ आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने । | २.२.१. सरकारी तथा सार्वजनिक भवनहरू अपाङ्ग मैत्री बनाइने छ । |
| | २.२.२. आवास तथा भवन निर्माणमा स्थानीय स्तरमा उपलब्धता भएका निर्माण सामग्रीको उच्चतम प्रयोग गरिनेछ । |
| | २.२.३. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने प्रविधि विकास गर्न तथा सुरक्षित संरचना निर्माण गर्न विज्ञहरूको सहयोग लिई निर्माण मजदुरहरूका लागि नियमित तालिम संचालन गरिनेछ । |
| | २.२.४ स्थानिय मौलिकताको जर्गेना गर्ने, वास्तुकला तथा सौन्दर्य कायम हुने संरचना निर्माण गर्दा गाउँपालिकाले प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ । |

## आवास, भवन तथा वस्ती विकासको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १.१. | १.१.१. | बस्ती विकास गुरुयोजना तयारी | | | | | | ✓ | १० | | | | | |
| | | १.१.२. | विपदको जोखिममा परेका बस्तीहरूको पहिचान र नक्सांकन | | | | ✓ | १ | | | | | | | |
| | | १.१.३. | एकीकृत आवास निर्माणका लागि वडास्तरमा सम्भावित स्थान पहिचान | | | | ✓ | १ | | | | | | | |
| | | १.१.३. | वडा नं. ८ को ऐरिभञ्ज्याङ आसपास डुबानमा पर्ने घरधुरीका लागि एकीकृत आवास निर्माण सम्भाव्यता अध्ययन तथा डिपिआर निर्माण | | | | | | ✓ | १० | | | | | |
| | | १.१.४. | स्थानीय तह, तथा लक्षित वर्गको सहकार्यमा एकीकृत बस्ती निर्माण | | | | | | | | | | ✓ | ५०० | |
| | | १.१.५. | आर्थिक रूपले पिछडिएका वर्गको लागि आवास निर्माण गर्न उपयुक्त संयन्त्र निर्माण | | | | | | | | ✓ | २ | | | |
| | | १.१.६. | भवन निर्माण संहिता कार्यान्वयन गर्न जोखिम क्षेत्र पहिचान | | | | ✓ | १ | | | | | | | |
| | | १.१.७ | भूकम्पवाट क्षतिग्रस्त संरचनाहरूको निर्माण सम्पन्न | | | | | | | | ✓ | १०० | | | |
| | १.२. | १.२.१. | बस्ती विकास कार्यक्रम सञ्चालन : | | | | | | ✓ | ५७ | | | | | |
| | | १.२.१. | वडा नं ५ एकीकृत नमूना मिलन बस्ती विकास तथा पूर्वाधार निर्माण सम्पन्न | | | | | | | | | | ✓ | ५० | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.२.२. | अनुगमन संयन्त्र निर्माण/मापदण्ड निर्माण | | | | | | | | ✓ | २ | | | |
| | | १.२.३. | भवन आचार संहिता तर्जुमा तथा लागू | | | | | | ✓ | ५ | | | | | |
| | २.१. | २.१.१. | सामूहिक सार्वजनिक तथा सरकारी भवन निर्माण | | | | | | | | | | ✓ | ५०० | |
| | | २.१.२. | अपाङ्ग मैत्री भवन निर्माण | | | | | | | | | | ✓ | २०० | |
| | २.२. | २.२ .२ | भवन निर्माणमा स्थानीय निर्माण सामग्रीको प्रयोग गर्न प्रोत्साहन | | | | ✓ | ०.५ | | | | | | | |
| | | २.२.३. | सुरक्षित आवास निर्माणका लागि क्षमता अभिवृद्धि (डर्कमी तालिम) | | | | ✓ | १ | | | | | | | |
| | | २.२.४ | स्थानिय मौलिक वास्तुकला झल्कने घर तथा संरचना निर्माण गर्दा विशेष सहुलियत | | | | | | ✓ | १ | | | | | |

## अपेक्षित उपलब्धि

न्यूनतम सुविधायुक्त एकीकृत बस्तीहरूको विकास भएको हुने, भवन आचार संहिता निर्माण भई कार्यान्वयन भएको हुने, विपन्न वर्गको लागि आवास योजना कार्यान्वयनमा आएको हुने । गाउँपालिकाका भूकम्पबाट क्षतिग्रस्त सम्पूर्ण घर तथा सार्वजनिक भवनहरूको पुनर्निर्माण भएको हुने ।

## ६.६ सूचना तथा सञ्चार

### पृष्ठभूमि

नेपालको संविधानले सूचना तथा सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। यस गाउँपालिकामा नेपाल टेलिकम तथा एनसेलले मोबाइल फोन सेवा प्रदान गरेका छन्। गाउँपालिकाका विभिन्न वडाहरूमा मोबाइल टावर भएतापनि विशेषगरी हुरी बतास र वर्षातको समयमा network coverage को हिसाबले कमजोर रहेको छ साथै इन्टरनेट प्रविधिको विस्तार र गुणस्तर सुधार गर्नु जरुरी छ। गाउँपालिकामा रेडियो नेपालको प्रसारण र विभिन्न स्थानीय एफएमहरू–गोरखा एफ.एम, रेडियो विहानी, रेडियो मनास्लु, धादिङ्ग एफ.एम आदिको प्रसारण सुन्न पाइन्छ। यस गाउँपालिकामा विभिन्न राष्ट्रिय दैनिक पत्रिका जस्तै कान्तिपुर, नागरिक, अन्नपूर्णपोस्ट, नयाँपत्रिका आदिको आपूर्ति भए तापनि वडावडामा पत्रिकाको पहुँच पुग्न सकेको छैन। गोरखा बजारबाट प्रकाशन हुने "दरौँदी" यहाँको स्थानीय पत्रिकाको रूपमा रहेको छ। आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएकाकारण यस गाउँपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकाका विभिन्न वडाहरूमा मोबाइल टावर रहेका। |
| ▪ गाउँपालिका केन्द्र खान्चोक, अन्य वडा केन्द्रमा, महत्वपूर्ण कार्यालयहरू तथा बजार क्षेत्रमा इन्टरनेट सेवा पुगेको। |
| ▪ मोवाइल डाटाको प्रयोगबाटै भएपनि गाउँपालिकावासीहरूमा Facebook, Youtube जस्ता सामाजिक सञ्जालको प्रयोगमा वृद्धि हुँदै गएको। |
| ▪ गोरखा एफ.एम, धादिङ एफ.एम, रेडियो मनास्लु लगायतका स्थानीय एफएम रेडियो सुन्न तथा डिजिटल प्रविधिबाट टेलिभिजन हेर्न सकिने। |
| ▪ गोरखाबाट प्रकाशित हुने दरौदी दैनिक तथा विभिन्न राष्ट्रिय दैनिकहरू गोरखापत्र, कान्तिपुर, नागरिक, अन्नपूर्णपोष्ट आदिको गाउँपालिका तथा अन्य सरकारी कार्यालयहरूमा पहुँच भएको। |
| ▪ उपभोक्ताको माग राम्रो भएको खण्डमा निजी सञ्चार सेवा प्रदायक मोबाइल तथा इन्टरनेट कम्पनीहरूलाई सेवा विस्तारमा आकर्षण गर्न सकिने। |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ ल्याण्डलाइन टेलिफोन तथा अप्टिकल फाइबरबाट इन्टरनेट सेवा विस्तार गर्नुपर्ने आवश्यकता रहेको। |
| ▪ पर्याप्त मात्रामा टेलिफोन तथा मोबाइल टावरहरू नभएकाले Network Coverage प्रभावकारितामा ल्याउन टावरहरू विस्तार गर्नुपर्ने। |
| ▪ विद्यालय तथा सार्वजनिक स्थानहरूमा इन्टरनेट सुविधा विस्तार गरी निःशुल्क Wifi को व्यवस्था गर्नुपर्ने। |
| ▪ सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि गर्नुपर्ने। |
| ▪ गाउँपालिकावासीमा सञ्चारका सबै प्रविधि सँगको पहुँच स्थापना गरी साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने। |

| दीर्घकालीन सोच |
| --- |
| सूचना तथा सञ्चारमा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका |
| **लक्ष्य** |
| गाउँपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ गाउँपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने । |

| **उद्देश्य १ : गाउँपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने ।** | |
| --- | --- |
| **रणनीति** | **कार्यनीति** |
| १.१. सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण गर्ने । | १.१.१. मोबाइल नेटवर्क कभरेज प्रभावकारितामा ल्याउन मोबाइल टावरहरूको थप र विस्तार गर्न नेपाल टेलिकम र एनसेल सँग पहल गरिनेछ । |
| | १.१.२. इन्टरनेट प्रदायक निजी कम्पनीहरूलाई आकर्षण गरी पूर्वाधार निर्माण गरिनेछ । |
| | १.१.३. स्थानीय एफएम रेडियो सञ्चालन गर्न र स्थानीय पत्रपत्रिका प्रकाशन गर्न निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |
| | १.१.४. मोबाइल टावरहरूमा विद्युतको नियमित रुपमा आपूर्ति गर्न आवश्यक व्यवस्था मिलाईनेछ । |
| १.२. गाउँपालिकावासीमा आमसञ्चारको पहुँच विस्तार गर्ने । | १.२.१. गाउँपालिकाको वेबसाइटमार्फत सूचना सम्प्रेषण गरिनेछ । |
| | १.२.२. गाउँपालिका केन्द्र, वडा कार्यालय , सार्वजनिक स्थल तथा प्रत्येक सघन वस्तीहरूमा टेलीफोन, मोवाइल तथा इन्टरनेटको पहुँच पुचाइनेछ । |
| | १.२.३. वडा कार्यालयहरू सूचना प्रविधि मैत्री बनाइने छ . |
| | १.२.४. गाउँपालिकास्तरीय सूचना केन्द्रको साथै e-library को स्थापना गरिनेछ । |
| | १.२.५. एफएम रेडियोसँग सहकार्य गरी स्थानीय भाषामा सूचना तथा समाचार उत्पादन गरेर बजाइने छ । |
| | १.२.६. गाउँपालिका भित्रका स्थानीय खबर तथा देश र विदेशका खबरबाट सुसूचित गर्नका लागि अनि विपन्न वर्गलाई मापदण्डका आधारमा मोबाइल वितरण गरिनेछ । |
| १.३. क्षमता अभिवृद्धि मुलक कार्यक्रम संचालन गर्ने । | १.३.१. सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई विभिन्न किसिमका तालिम मार्फत उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| | १.३.२. गाउँपालिकावासीमा साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ । |

## सूचना तथा संचारको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १.१. | १.१.१. | नेपाल टेलिकम र एनसेलसँग समन्वय गरी आवश्यक स्थानमा टावरहरू निर्माण | | | | | | | | ✓ | ५० | | | |
| | | १.१.२. | निजी क्षेत्रसँगको सहकार्यमा आम सञ्चार पूर्वाधार निर्माण | | | | | | | | ✓ | १० | | | |
| | | १.१.३. | सामुदायिक एफएम र स्थानीय पत्रिका प्रकाशनमा सहजीकरण | | | | | | ✓ | १० | | | | | |
| | | १.१.४. | विद्युत प्राधिकरणसँग सहकार्य | | | | ✓ | १० | | | | | | | |
| | १.२. | १.२.१. | गाउँपालिकाको वेबसाइट अपडेट | | | | ✓ | १ | | | | | | | |
| | | १.२.२. | सञ्चार सेवा नपुगेका वस्ती तथा सार्वजनिक स्थलहरूमा प्राथमिकताका साथ विस्तार | | | | | | | | ✓ | १० | | | |
| | | १.२.३. | विद्युतीय सूचना पूर्वाधार निर्माण | | | | | | | | | | ✓ | १० | |
| | | १.२.४. | e-library स्थापना गर्ने | | | | | | | | | | ✓ | १० | |
| | | १.२.५. | स्थानीय स्तरमा सूचना तथा समाचार उत्पादन तथा प्रसारण | | | | ✓ | २ | | | | | | | |
| | | १.२.६. | अति विपन्न परिवारलाई मोबाइल वितरण कार्यक्रम | | | | | | | | ✓ | ५ | | | |
| | १.३. | १.३.१. | सूचना प्रविधि तालिम संचालन | | | | ✓ | १ | | | | | | | |
| | १.३. | १.३.२. | जनचेतनामूलक कार्यक्रम सञ्चालन | | | | ✓ | १ | | | | | | | |

## अपेक्षित उपलब्धि

गाउँपालिका तथा वडाहरूमा सूचना प्रविधिका पूर्वाधारहरू निर्माण भएको हुनेछ र गाउँपालिकावासीमा आमसञ्चारको गुणस्तरीय सेवामा पहुँच पुगेको हुनेछ ।

## नतिजा सूचकहरू

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **खानेपानी तथा सरसफाई** | | | | |
| | असर | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) (प.दि.वि.ल. ६.१.१.१) | प्रतिशत | | |
| | असर | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका जनसंख्या (प.दि.वि.ल. ६.१.१.२) | प्रतिशत | | |
| | असर | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | | |
| | असर | उन्नत सुधारिएका सरसफाइ सम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरूअरुसँग साझेदारी गर्नुपर्दैन (प.दि.वि.ल. ६.२.१.१) | प्रतिशत | | |
| | असर | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात (प.दि.वि.ल. ६.२.१.२) | प्रतिशत | | |
| | असर | ढल प्रणालीहरू/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार (प.दि.वि.ल. ६.२.१.३) | प्रतिशत | | |
| | प्रतिफल | उपभोक्ता समिति मार्फत सञ्चालन गरिएका खानेपानी आयोजना | संख्या | | २० |
| | प्रतिफल | संरक्षणमा समेटिएका खानेपानी मुहान | संख्या | | १० |
| | असर | आधुनिक र सुविधासम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | ८० |
| | प्रतिफल | डस्टबिन प्रयोग गर्ने र फोहरलाई वर्गीकरण गर्ने घरपरिवार | संख्या | | |
| | प्रतिफल | सामुदायिक हिसाबले संगठित रुपमा नियमित गाउँघर तथा टोल सरसफाई कार्यक्रम संख्या (वार्षिक) | संख्या | | |
| २. | **सिँचाइ** | | | | |
| | असर | खेतीयोग्य जमिनमध्ये सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | | ९० |
| | असर | खेतीयोग्य जमिनमध्ये १२ महिना सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | | ७० |
| | प्रतिफल | सिंचित क्षेत्रफल (हेक्टर) | हेक्टर | | |
| | | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **३.** | **उर्जा** | | | | |
| | असर | विद्युतमा पहुँच भएका जनसंख्या (प.दि.वि.ल. ७.१.१) | प्रतिशत | | |
| | असर | वैकल्पिक तथा नविकरणीय उर्जा जस्तै सोलार प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | ८० |
| | असर | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.१) | प्रतिशत | | |
| | असर | खाना पकाउन एलपी ग्याँस प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.२) | | | |
| | असर | खाना पकाउन विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | ९० |
| | | खाना पकाउन बैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | ९० |
| | असर | विद्युतीय सामग्रीमा हिटर, पंखा, एयर कन्डिसनर, वासिङ मेसिन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | १०० |
| **४.** | **सडक तथा यातायात** | | | | |
| | असर | बाह्रै महिना सवारीसाधन सञ्चालनयोग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने जनसंख्या | प्रतिशत | | ५० |
| | असर | घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएका जनसंख्या | प्रतिशत | | ६० |
| | असर | सडक घनत्व | कि.मि. | | |
| | प्रतिफल | गाउँपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि | | |
| | प्रतिफल | गाउँपालिकाको सडकको जम्मा लम्बाई | कि.मि | | |
| | प्रतिफल | गाउँपालिकाको कालोपत्रे सडकको जम्मा लम्बाई | कि.मि | | |
| | प्रतिफल | कृषि सडकको लम्बाई | कि.मि | | |
| | प्रतिफल | सडकहरूमा व्यवस्थित नाला निर्माण | कि.मि | | |
| | प्रतिफल | पुल तथा कल्भर्ट निर्माण | संख्या | | |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये मोटरसाइकल भएको घरधुरी संख्या | प्रतिशत | | ९० |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये कार, जिप, भ्यान भएको घरधुरी संख्या | प्रतिशत | | ५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **५.** | **भवन, आवास तथा वस्ती विकास** | | | | |
| | असर | झुपडीमा बस्ने परिवार | प्रतिशत | | ५ |
| | असर | खर/पराल/पातले छाएको घरमा बस्ने परिवार | प्रतिशत | | ३ |
| | असर | बाढी, डुबान तथा भूकम्पबाट सुरक्षित र सुबिधायुक्त घरमा बस्ने परिवार | प्रतिशत | | ८० |
| | असर | भूमिहीन तथा सुकुम्बासीको संख्या | प्रतिशत | | ५ |
| | असर | एकीकृत आवासमा छुट्टाछुट्टै घरमा बस्ने परिवार संख्या | प्रतिशत | | ४० |
| | असर | बहुतले आवास (अपार्टमेन्ट) मा बस्ने परिवार संख्या | प्रतिशत | | २ |
| **६.** | **सूचना तथा सञ्चार** | | | | |
| | असर | टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार संख्या | प्रतिशत | | १०० |
| | असर | इन्टरनेट प्रयोगकर्ता घरपरिवारको संख्या | प्रतिशत | | ९० |
| | असर | रेडियोको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | | १०० |
| | असर | टेलिभिजनको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | | ६० |

# परिच्छेद ७ : वातावरण तथा विपद व्यवस्थापन

## ७.१ वन तथा भू-संरक्षण

### पृष्ठभूमि

गाउँपालिकाको कूल भ-भाग मध्ये करीब ३६.०१ प्रतिशत भूभाग जङ्गलले ओगटेको छ भने झाडी तथा बुट्यानले ८.९८ प्रतिशत भू-भाग ओगटेको छ। यसअन्तर्गत गाउँपालिकामा ३७ वटा सामुदायिक वन उपभोक्ता समितिहरू, वडा नं २ र ४ मा दुई वटा धार्मिक वन र वडा नं १, ५ र ७ मा गरी ४ वटा कबुलियति वनहरू रहेका छन्। तथापि यस गाउँपालिकामा दिगो वन व्यवस्थापन प्रणाली लागू हुन सकेको छैन। दिगो विकास लक्ष्यको लक्ष्य नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ। तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ। अर्कोतर्फ यस गाउँपालिकामा वन क्षेत्रबाहेक झाडी बुट्यान क्षेत्र र खेर गइरहेका जमिन प्रशस्त मात्रामा रहेकोले उक्त जमिनमा व्यापक जनपरिचालन गरी वृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रूपमा विकास गरी वनलाई आयआर्जनसँग जोड्न सकिन्छ। त्यसैगरी पहाडी भू-भाग भएकाले अधिकांश क्षेत्रमा वर्षातको समयमा पहिरो गई धनजनको क्षति हुने हुनाले भू-संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरूमा वृक्षारोपण, तारजाली र भू-संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ। साथै भू-संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु अति आवश्यक छ।



| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकाको कुल भू-भाग मध्ये वनजंगलले करिब ३६.०१ प्रतिशत भू-भाग ओगटेको । |
| ▪ वडा नं. ६ को थाकलडाँडा सामुदायिक वनमा श्रीखण्ड पाइने । |
| ▪ स्थानीय समुदायको सहयोगमा सामुदायिक वन संरक्षण गर्न सकिने । |
| ▪ गाउँपालिकाले खुला क्षेत्र तथा पार्कहरूको विकासलाई प्राथमिकता दिई हरियाली बढाउन  सकिने । |
| ▪ खेर गएका तथा खाली रहेका सार्वजनिक जग्गालाई सामुदायिक वनको रूपमा विस्तार गरी आयआर्जनका विशेष कार्यक्रममा आवद्ध गरी गरिबी निवारणमा जोड्न सकिने । |
| ▪ पर्यापर्यटनको विकास गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ▪ वनजंगलका सम्पदाहरू चोरी शिकारी तथा निकासी हुने समस्या रहेको । |
| ▪ वन जंगल क्षेत्रमा बर्सेनि आगलागिको समस्या हुने गरेको । |
| ▪ वन क्षेत्रमा रहेका मिचाहा प्रजातिका वनस्पति नियमित रूपमा गोडमेल गरी नियन्त्रण गर्नुपर्ने । |
| ▪ दिगो वन व्यवस्थापन तथा भू-संरक्षणका लागि प्राबिधिक जनशक्ति उत्पादन गर्नुपर्ने । |
| ▪ इन्धनको प्राथमिक श्रोत काठ दाउरा हुनाले वैकल्पिक ऊर्जाको प्रयोगमा व्यापकता ल्याई वनमाथिको निर्भरता घटाउनुपर्ने । |
| ▪ सामुदायिक वनको आयस्रोत एवं क्रियाकलापलाई पारदर्शी एवं जवाफदेही बनाउनुपर्ने । |
| ▪ लोपोन्मुख वनस्पति र वन्यजन्तुको संरक्षणका लागि विशेष कार्यक्रम लागू गर्नुपर्ने । |

| दीर्घकालीन सोच |
|---|
| जल, जमीन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोग मार्फत दिगो समृद्धि |
| **लक्ष्य** |
| ✓ गाउँपालिकालाई वातावरण सन्तुलित हरित क्षेत्रको रुपमा विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ वन क्षेत्रको दिगो व्यवस्थापन गरी गाउँपालिकाको आर्थिक श्रोतको आधार बनाउनु ।<br>✓ वनको दिगो विकास सुनिश्चित गर्नु ।<br>✓ पहिरो र कटान ग्रस्त क्षेत्रको संरक्षण गर्ने |

| उद्देश्य १: वन क्षेत्रको दिगो व्यवस्थापन गरी गाउँपालिकाको आर्थिक श्रोतको आधार बनाउनु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१. वनक्षेत्रको दिगो व्यवस्थापन गर्ने । | १.१.१. वन क्षेत्रको विकासलाई वैज्ञानिकीकरण गर्न विज्ञ समूहको सहयोगमा दिगो वन व्यवस्थापन बारे सम्पूर्ण सरोकारवालाहरूसँग अन्तरक्रिया तथा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ । |
| १.२. वनलाई आर्थिक श्रोतको आधार बनाउने । | १.२.१. खाली रहेका सार्वजनिक जग्गालाई सामुदायिक वनको रुपमा विस्तार गरी आय आर्जनको विशेष कार्यक्रममा आवद्ध गरिनेछ । |
| | १.२.२. निजी तथा सामुदायिक स्तरमा निजी जमिन तथा वन जंगलमा फलफूलको व्यवसायिक उत्पादन सुरु गरिनेछ । |
| | १.२.३. लप्सी, कुरिलो, हर्रो, वर्रो, अमला, गुर्जो, चुत्रो, टिमुर, बोझ्रो, सिल्टीमुर, सिस्नु जस्ता जडिवुटीहरूको वनक्षेत्रमा व्यावसायिक खेती तथा सामुहिक खेती गर्न नीति तथा कार्ययोजना निर्माण गरिनेछ । |
| | १.२.४. Agro forestry को नीति अबलम्बन गरी वन क्षेत्रलाई पूर्ण प्रतिफलमुखी बनाइनेछ । |
| | १.२.५ वडा नं. ६ को थाकलडाँडामा श्रीखण्डको व्यवसायिक उत्पादनका लागि सम्भाव्यता अध्ययन गरी निजि वन सरोकारवालाहरूसँग अन्तरक्रिया गरिनेछ । |

| उद्देश्य २ : वनको दिगो विकास सुनिश्चित गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१.खेर गैरहेको झाडी वुट्यान क्षेत्रलाई सदुपयोग गरी वनको क्षेत्रफल बढाइने । | २.१.१. गाउँपालिकामा खेर गइरहेका स्थानहरूको पहिचान गरी वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । |
| | २.१.२ प्रत्येक वनजंगल क्षेत्रलाई लक्षित गरी कम्तीमा “एक वन एक नर्सरी” को स्थापना गर्न संम्भाव्यता अध्ययन गरिनेछ । |
| २.२. वन संरक्षण कार्यक्रमहरू संचालन गर्ने । | २.२.१. स्थानीय “वन ऐन” जारी गरी वनको प्रभावकारी संरक्षण गरिनेछ । |
| | २.२.२. सामुदायिक वन उपभोक्ता समितिहरूलाई सक्षम बनाई प्रतिफलमुखी कार्यक्रम संचालन गरिनेछ । |
| | २.२.३. हरेक वडामा उपयुक्त सार्वजनिक तथा ऐलानी जग्गा रहेका स्थानहरूको पहिचान गरी निश्चित क्षेत्रलाई हरित क्षेत्रको रुपमा घोषणा गरी हरित क्षेत्र कायम गर्न वृक्षारोपण, पार्क निर्माण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| | २.२.४. पानीको मुल सुकाउने प्रजातिका बिरुवाहरूको पहिचान गरी तिनीहरूलाई उत्पादनशील फलफुल तथा पानीका मुहान संरक्षणमा सहायक बोटबिरुवाले प्रतिस्थापन गर्दै लगिनेछ । |

| | |
|---|---|
| | २.२.५. वन तथा भू-संरक्षणका हरेक कार्यक्रमहरूमा जन सहभागिता सुनिश्चित गरिनेछ । |
| | २.२.६. वन डढेलो र वन्यजन्तु तथा वनस्पतिको चोरी निकासी प्रभावकारी रुपमा नियन्त्रण गरिनेछ । |
| | २.२.७. विकास निर्माण कार्य गर्दा वन तथा जलाधार क्षेत्रको सकेसम्म कम क्षति हुने गरी गरिनेछ । |
| | २.२.८. सर्वोत्कृष्ठ वन उपभोक्ता समूहलाई मापदण्डका आधारमा वार्षिक रुपमा पुरस्कृत गरिनेछ । |
| | २.२.९. निजी तथा सामुदायिक वनमा सरोकारवालाहरूलाई एकीकृत वन व्यवस्थापन र संरक्षणका लागि क्षमता अभिवृद्धि तालिम संचालन गरिनेछ । |
| २.३. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.३.१. वन तथा भू-संरक्षण सचेतना कार्यक्रमहरू अभियानका रुपमा सञ्चालन गरिनेछ । |

| उद्देश्य ३. पहिरो र कटान ग्रस्त क्षेत्रको संरक्षण गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३.१ सम्पुर्ण पहिरो र कटान ग्रस्त क्षेत्रको अभिलेख संकलन गर्ने । | ३.१.१ गाउँपालिकाका सम्पुर्ण वडामा पहिरो, सुख्खा पहिरो र कटान ग्रस्त क्षेत्रहरूको नक्साङ्कन गरी विवरण संकलन गरिनेछ । |
| | ३.१.२ अति जोखिम युक्त क्षेत्रलाई वातावरणिय हिसावले अति संवेदनशिल क्षेत्र घोषणा गरिनेछ । |
| ३.२ पहिरो र कटान नियन्त्रणका सफल अभ्यासहरूको अनुसरण गर्ने । | ३.२.१ पहिरो र कटान क्षेत्रका हरित क्षेत्र प्रर्वद्धन कार्यक्रम अभियानका रुपमा संञ्चालन गरिनेछ । |
| | ३.२.२ पहिरो ग्रस्त क्षेत्रमा वायोइन्जिनियरिङ प्रविधिको प्रयोग गरी नियन्त्रण गर्न विज्ञ संग परार्मश गर्नुका साथै पहिरो नियन्त्रण क्षेत्रको अध्ययन भ्रमण गरिनेछ । |
| | ३.२.३ गाउँपालिकामा एक नमुना पहिरो नियन्त्रण तथा भु संरक्षण क्षेत्रको घोषणा गर्न कार्यक्रम संञ्चालन गरिनेछ । |
| | ३.२.४ पहिरो नियन्त्रणका लागी आवश्यक आधारभुत पुर्वाधार जस्तै तार जालीको उत्पादन गाउँपालिकामै गर्न नीजि क्षेत्रसंग अर्न्तकृया सञ्चालन गरिनेछ । |
| | ३.२.५ पहिरो नियन्त्रण तथा भू संरक्षण प्रविधि सम्वन्धी तालिम प्राप्त जनशक्तीको प्रबन्ध गरिनेछ । |
| | ३.२.६ ग्रामिण सडकहरू निर्माण गर्दा पहिरो तथा वन विनासको जोखिम कम गर्न विशेष उपाय अपनाइने छ । |

## वन तथा भू-संरक्षणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १.१. | १.१.१. | दिगो वन व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने | | | | ✓ | १ | | | | | | | |
| | १.२. | १.२.१. | सार्वजनिक जग्गामा वृक्षारोपण गरी सामुदायिक वनमा विस्तार गर्ने | | | | | | ✓ | ५ | | | | | |
| | | १.२.२. | वडा स्तरिय नर्सरी स्थापना गरी फलफुलका बिरुवाहरू उत्पादन तथा वितरण | | | | | | ✓ | ५ | | | | | |
| | | १.२.३. | सामुहिक जडीबुटी खेती अर्न्तक्रिया | | | | ✓ | १ | | | | | | | |
| | | १.२.४. | Agro forestry को नीति अवलम्बन | | | | ✓ | १ | | | | | | | |
| | | १.२.५ | श्रीखण्डको व्यवसायिक उत्पादन सम्बन्धी सम्भाव्यता अध्ययन तथा अन्तरक्रिया | | | | ✓ | १० | | | | | | | |
| २ | २.१. | २.१.१. | खेर गइरहेको स्थान पहिचान गरी वृक्षारोपण | | | | | | ✓ | २ | | | | | |
| | | २.१.२ | एक वन एक नर्सरी कार्यक्रम | | | | | | | | ✓ | ५ | | | |
| | २.२. | २.२.१. | स्थानिय वन ऐन निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | २.२.२. | वन उपभोक्ता समितिलाई तालिम | | | | ✓ | १ | | | | | | | |
| | | २.२.३. | हरित क्षेत्र तथा पार्क निर्माण | | | | | | | | | | ✓ | २५ | |
| | | २.२.४. | पानीको मुहान संरक्षण गर्न सहयोगी विरुवा रोपण | | | | | | ✓ | १ | | | | | |
| | | २.२.५. | वन तथा भू-संरक्षण कार्यक्रममा जनसहभागिता | | | | ✓ | १ | | | | | | | |
| | | २.२.६. | वन डडेलो नियन्त्रण कार्ययोजना निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | | चोरी निकासी नियन्त्रयण वन रक्षक तालिम तथा अभिमुखीकरण | | | | ✓ | २ | | | | | | | |
| | | २.२.७. | विकास निर्माणका कार्य गर्दा जलाधार क्षेत्रको क्षति न्युनीकरण गर्ने | | | | | | | | ✓ | १ | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | २.२.८. | उत्कृष्ट वन उपभोक्ता समूहलाई पुरस्कारको व्यवस्था | | | | ✓ | १ | | | | | | | |
| | | २.२.९. | वन व्यवस्थापन र संरक्षण क्षमता अभिवृद्धि तालिम संचालन | | | | ✓ | १ | | | | | | | |
| | २.३. | २.३.१. | सचेतना कार्यक्रम सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| ३ | ३.१ | ३.१.१ | गाउँपालिकाको पहिरो तथा कटान ग्रस्त क्षेत्रको नक्साङ्कन तथा विवरण संकलन | | | | ✓ | १ | | | | | | | |
| | | ३.१.२ | वातावरणीय हिसावले जोखिमयुक्त निम्न क्षेत्रहरूलाई अति संवेदनशील क्षेत्र घोषणा : | | | | | | | | ✓ | २ | | | |
| | | ३.१.२ | वडा नं १ को घ्याम्पेसाल बजार, घोप्टे, घमाइलो पाखा र छापपाटा | | | | | | | | ✓ | १ | | | |
| | | ३.१.२ | वडा नं.५ को रिट्ठेपानी र धरमपानी | | | | | | | | ✓ | १ | | | |
| | ३.२ | ३.२.१ | पहिरो र कटान क्षेत्र विशेष हरित क्षेत्र प्रर्वद्धन कार्यक्रम | | | | | | ✓ | १ | | | | | |
| | | ३.२.२ | पहिरो नियन्त्रण वायोइन्जिनियरिङ प्रविधि परार्मश सेवा | | | | ✓ | १० | | | | | | | |
| | | ३.२.२ | नमूना पहिरो नियन्त्रण क्षेत्र अध्ययन भ्रमण | | | | | | ✓ | ५ | | | | | |
| | | ३.२.३ | गाउँपालिका स्तरिय एक नमुना पहिरो नियन्त्रण कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | ३.२.४ | तार जाली उत्पादनका लागी निजी क्षेत्र अर्न्तकृया | | | | ✓ | १ | | | | | | | |
| | | ३.२.५ | पहिरो नियन्त्रण प्राविधिक जनशक्ति तालिम | | | | ✓ | १ | | | | | | | |

## अपेक्षित उपलब्धीहरु

दिगो वन व्यवस्थापन सुनिश्चित हनेछ। जैविक विविधताको संरक्षण भएको हुनेछ। भू संरक्षणका नमुना क्षेत्रहरुको संख्यामा उल्लेख्य वृद्धि हुनेछ। हरित क्षेत्र विस्तार हुनेछ।

## ७.२ जलाधार व्यवस्थापन

### पृष्ठभूमि

नेपाल जलस्रोतको धनी राष्ट्रका रूपमा संसारमा परिचित छ । यस गाउँपालिका पनि जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न छ । गाउँपालिकामा हिमालबाट उत्पत्ति भई बग्दै आएको बुढीगण्डकी र दरौंदी नदी र मुल फुटेर बनेका खोलाहरू जस्तैः मोदी खोला, स्तुल खोला, तान्द्राङ खोला, ज्यादुल खोला, अँधेरी खोला आदि महत्वपूर्ण जलाधार क्षेत्रका रूपमा रहेका छन् । तथापि यस्ता जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ । समृद्धिका आधारहरू मध्ये जलस्रोत पनि एक हो । तसर्थ यस गाउँपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र गाउँपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ ।



| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकाको कूल क्षेत्रफलमध्ये ०.६९ वर्ग किमि भू-भाग खोलानाला तथा पोखरी क्षेत्रले ओगटेको । |
| ▪ प्रशस्त पानीको श्रोत अन्तर्गत बुढीगण्डकी नदी, मुल फुटेर बग्ने खोला तथा खोल्साहरू रहेका । |
| ▪ जलस्रोत तथा जलाधार क्षेत्रको उच्चतम प्रयोग गरी कृषि, उद्योग, पर्यटन आदिको विकास गरी आर्थिक समृद्धि हासिल गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ वन, जलाधार र भू-संरक्षणका लागि दिगो रूपमा दीर्घकालीन कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्नुपर्ने । |
| ▪ जलाधार क्षेत्र संरक्षणको महत्व आममानिसमा बुझाउन नसकिएको । |
| ▪ जलस्रोत तथा जलाधार क्षेत्रको संरक्षण गर्न नसके भविष्यमा पानीको मुहानहरू सुक्न गई पिउने पानी तथा सिँचाइको चरम अभाव हुनसक्ने । |
| ▪ वैज्ञानिक जलाधार व्यवस्थापन कार्यक्रम लागू गर्नुपर्ने । |

| दीर्घकालीन सोच |
|---|
| जल सम्पदाको उच्चतम सदुपयोगमार्फत दिगो विकास |
| **लक्ष्य** |
| गाउँपालिकाको जलाधार क्षेत्रको दिगो संरक्षण गरी जल सम्पदामा आत्मनिर्भर बन्ने । |
| **उद्देश्यहरू** |
| ✓ जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्ने । |

| उद्देश्य १. जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१. जलस्रोत तथा जलाधार क्षेत्र पहिचान गरी संरक्षण गर्ने । | १.१.१. गाउँपालिकामा भएका पानीका मुहानहरू, जलाधार क्षेत्र तथा सिमसार क्षेत्रको पहिचान र नक्साङ्कन गरी विस्तृत विवरण तयार गरिनेछ । |
| | १.१.२. जलाधार क्षेत्रहरूको विनासमा सहयोग पुर्याउने क्रियाकलापहरूगर्न तत्काल रोक लगाई जलाधार क्षेत्रको संरक्षण गरिनेछ । |
| १.२. जलाधार क्षेत्रको दीर्घकालीन व्यवस्थापन गर्ने । | १.२.१. गाउँपालिकाका प्रमुख जलाधार क्षेत्रहरूलाई “विशेष जलाधार क्षेत्र” घोषणा गरी ती क्षेत्रहरूमा संरक्षणका कार्यक्रमहरू लागू गरिनेछ । |
| | १.२.२. प्रत्येक वडाका उपयुक्त स्थानहरूमा जल पर्यावरणीय प्रणाली अन्तर्गत जलचर, वनस्पति र भौतिक अवयवहरूको प्रवर्धन गर्नका लागि नमूना पोखरीहरू निर्माण गरिनेछ । उक्त पोखरीहरूमा वर्षातको पानी संकलन गर्ने व्यवस्था गरिनेछ । |
| | १.२.३. जलाधार संरक्षणमा सहायक प्रजातिका बिरुवाहरूको वृक्षारोपण गरिनेछ । |
| | १.२.४. जलस्रोत तथा जलाधार क्षेत्रको प्रयोग गरी कृषि, उद्योग तथा पर्यटन क्षेत्रको विकास गरिनेछ । |
| १.३. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | १.३.१. जलाधार क्षेत्र संरक्षणको महत्व बुझाउनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |

## जलाधार व्यवस्थापनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| **१** | १.१. | १.१.१. | जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२. | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार गर्ने | | | | ✓ | १ | | | | | | | |
| | १.२. | १.२.१. | विशेष जलाधार क्षेत्र संरक्षण कार्यक्रम | | | | | | ✓ | १ | | | | | |
| | | १.२.२. | पोखरीहरू निर्माण | | | | | | | | | | ✓ | ५० | |
| | | १.२.३. | वृक्षारोपण | | | | ✓ | १० | | | | | | | |
| | | १.२.४. | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अर्न्तकृया | | | | ✓ | १ | | | | | | | |
| | १.३. | १.३.१. | जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | | | | ✓ | १ | | | | | | | |

## अपेक्षित उपलब्धीहरू

- ✓ जलाधार क्षेत्रको पहिचान, नक्साङ्कन र दिगो संरक्षण भएको हुनेछ ।
- ✓ जलाधार क्षेत्रमा आत्मनिर्भर भई दिगो सदुपयोग सुनिश्चित हुनेछ ।

## ७.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

### पृष्ठभूमि

औद्योगिक राष्ट्रहरूले गरेको व्यापक कार्बन उत्सर्जन, सवारी साधनबाट निस्कने धुवाँ, शहरीकरण, जनसंख्या वृद्धि, वनजंगल विनाश, रेफ्रिजेरेशन प्रविधिमा प्रयोग हुने क्लोरोफ्लोरो कार्वन (CFCs) जस्ता कारणले हरितगृह प्रभाव (Green House Effect) बढ्न गई त्यसले भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हामी सामु छ । यसरी भूमण्डलीय तापक्रम वृद्धिले प्रत्यक्ष रूपमा जलवायुमा प्रभाव पारी जलवायु परिवर्तन भइरहेको परिप्रेक्ष्यमा हरेक राष्ट्रले विकास निर्माणका योजना तयार पार्दा यस तथ्यलाई मनन गरी तयार पार्नुपर्ने हुन्छ किनकि जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरू नै विकाससम्बन्धी मानवीय गतिविधिहरू हुन् । विकाससम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दा वातावरणमैत्री प्रविधि अपनाउने र जलवायु परिवर्तन बिरुद्ध अभियान सञ्चालन गरी कमभन्दा कम कार्वन उत्सर्जन गर्ने र बढीभन्दा बढी कार्वन उपभोग हुने वातावरण सिर्जना गरेर जलवायु समायोजन र सन्तुलन कायम हुने वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गर्न श्रेयस्कर हुन्छ ।

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ । नेपालमा बर्सेनि प्राकृतिक प्रकोपका कारण ठूलोमात्रामा जनधनको क्षति हुने गरेको छ । नेपालमा २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ । भिमसेनथापा गाउँपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ । यस गाउँपालिकामा विशेषगरी पहिरो, हावाहुरी, असिना, चट्याङ, डढेँलो जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन् । यस्ता प्रकोपहरू सामान्यतया पूर्ण नियन्त्रण गर्न नसके पनि प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसकालागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्नु आवश्यक हुन्छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकाले खाली सार्वजनिक ठाउँमा वृक्षारोपण, जोखिमयुक्त स्थानमा तारजाली, नदीखोला कटान क्षेत्रमा तटबन्धन निर्माण गरिरहेको । |
| ▪ वडा नं ५ को जोखिमयुक्त क्षेत्र रिङ्टेपानीबाट गाउँपालिकाबासीलाई मिलनबस्तिमा पुनर्वास गरिएको । |
| ▪ अनियन्त्रित रुपमा उत्खनन् भइरहेका गिटी, बालुवा, तथा ढुङ्गा खानीलाई करको दायरामा ल्याइएको । |
| ▪ एक वडा एक जातको विरुवा उत्पादन नर्सरी अभियान सञ्चालन गरी बालीनालीमा प्राङगारिक जैविक मल प्रयोग प्रोत्साहन गर्ने नीति लिइएको । |
| ▪ प्रदूषण न्यूनीकरण गर्न सुधारिएको चुलो, बायोग्याँस, इन्डक्सन चुलो प्रयोग गर्ने अभियान चलाउने नीति लिएको । |
| ▪ डँढेलो नियन्त्रणका लागि सामुदायिक वनका प्रतिनिधिलाई अग्नि रेखा बनाउने तालिम दिइएको । |
| ▪ गाउँपालिकाकाबासीले स्वतस्फूर्त रुपमा जलवायु अनुकुलन सुहाउँदो छिटो पाक्ने बाली लगाउने गरेको । |
| ▪ गाउँपालिकामा विपत प्रतिकार्य योजना निर्माण गरी प्रभावकारी विपद व्यवस्थापन समिति गठन गरिएको । |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ भुकम्प, कोभिड-१९, बाढी जस्ता प्रकोप नियन्त्रणका लागि गाउँपालिकामा आपतकालीन विपत व्यवस्थापन कोष स्थापना गर्न सकिने । |
| ▪ भूकम्प पीडितलाई रेडक्रस तथा अन्य सहयोगी संस्थाबाट सहयोग प्राप्त भएको । |
| ▪ विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन भएको । |
| ▪ विपद्का बेला जम्मा हुने स्थान रहेको । |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ विपत् सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरिए पनि आमसर्वसाधारण आपतविपत नपर्दासम्म संवेदनशील नबन्ने अवस्था रहेको । |
| ▪ वडा नं १ को घ्याम्पेसाल, घोप्टे, घमाइलो पाखा र छापपाटा, वडा नं.५ को रिङ्गेपानी र धरमपानी पहिरो तथा भूक्षयको जोखिममा रहेका । |
| ▪ सामुदायिक वनहरूमा नयाँ घाँस तथा विरुवाका लागि गोप्य रुपमा जानीजानी डढेलो लगाइने गरेको । |
| ▪ बुढीगण्डकी तथा दरौंदी नदी आसपास रहेका बस्ती वर्षायाममा बाढी र कटानको जोखिममा रहेको । |
| ▪ बर्सेनि वर्षातको समयमा नदी कटान तथा भू-क्षयको समस्या हुने गरेको । |
| ▪ जलवायु परिवर्तनले भएको अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर परिवर्तन हुन थालेको, बालीनालीमा रोग, किराको समस्या देखिनुका साथै उत्पादनमा नकारात्मक प्रभाव देखिन थालेको । |
| ▪ प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माणले विपद् जोखिम बढ्दै गएको । |
| ▪ जलवायु परिवर्तनका नकारात्मक असर तथा विपद् न्यूनीकरणका लागि ठोस योजना बनाई लागू गर्नुपर्ने । |
| ▪ वृक्षारोपणका कार्यक्रमहरू प्रभावकारी बनाउनुपर्ने । |

## दीर्घकालीन सोच

विपद व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माणमार्फत क्षति न्यूनीकरण

## लक्ष्य

विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना लागू गरी पूर्णत कार्यान्वयन गर्ने ।

## उद्देश्यहरू

✓ प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुने क्षति न्युनीकरण गर्ने ।
✓ विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने ।
✓ पहिरो र कटान ग्रस्त क्षेत्रको संरक्षण गर्ने ।

| उद्देश्य १ : प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुने क्षति न्युनीकरण गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१. विपद् जोखिम क्षेत्र नक्सांकन गर्ने । | १.१.१. गाउँपालिकाका उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गरी खतरा संकेतहरू राखिनेछ । |
| | १.१.२. गाउँपालिकाका अति जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण गरिनेछ । |
| १.२. विपद् पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने । | १.२.१. बाढी, मौसम लगायतको पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा संचालन गरिनेछ । |
| | १.२.२. प्रकोप सम्भाव्य स्थलहरूमा विपद् पूर्व संकेत दिने उपकरणहरू जडान गरिनेछ । |
| | १.२.३. नियमित रुपमा भैरहने प्राकृतिक प्रकोपको अध्ययन गरी प्रकोप पात्रो तयार गरिनेछ । |
| | १.२.४. विपद् सम्बन्धि पूर्वसूचना स्थानीय रेडियो, एफएम तथा अन्य सञ्चार माध्यम मार्फत सम्प्रेषण गरिनेछ । |
| १.३. बीमा योजना लागू गर्ने । | १.३.१. विपद् सम्भावित क्षेत्रका प्रत्येक नागरिकको अनिवार्य बीमा योजना लागु गरिनेछ र अति विपन्न परिवारको बिमा गाउँपालिकाले गरिदिनेछ । |

| उद्देश्य २ : विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१. विपत व्यवस्थापन योजना निर्माण गर्ने । | २.१.१. गाउँपालिकामा आइपर्ने प्रमुख प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरूको पहिचान गरी एकीकृत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गरिनेछ । |
| २.२. विपत व्यवस्थापनमा सक्षम संयन्त्रको निर्माण गर्ने । | २.२.१. विपतको बेला पिउने पानी, खाद्यान्न, औषधी उपचार आदिको पूर्वतयारी गर्न वडा स्तरीय संयन्त्र निर्माण गरिनेछ । |
| | २.२.२. विपतका बेला भेला हुने खुल्ला स्थानहरू तय गरी पूर्वाधार निर्माण गरिनेछ । |
| | २.२.३. स्वास्थ्यकर्मीहरू सम्मिलित गाउँपालिकास्तरीय संक्रामण रोग तथा महामारी प्रतिकार्य टोली गठन गरिनेछ । |
| | २.२.४. बेलाबेलामा उद्धार तथा विपद्बाट बच्ने उपायबारे पूर्वाभ्यासहरू संचालन गरिनेछ । |
| | २.२.५. वडास्तरमा युवाहरू सम्मिलित विपद् प्रतिकार्य स्वयंसेवक समूह निर्माण गरी नियमित तालिम प्रदान गरिनेछ । |
| | २.२.६. विपद व्यवस्थापनमा संलग्न विभिन्न संघ संस्थाहरूसँग प्रभावकारी समन्वय र सहकार्य गरिनेछ । |

| | |
|---|---|
| | २.२.७ विपतका वेला आवश्यक पर्ने उपकरण, उद्धार सामाग्री, एम्वुलेन्स, स्काभेटर, डोरी, पाल लगायतका सामाग्रीहरूको जोहो गरिनेछ । |
| २.३. विपद् व्यवस्थापन कोष प्रभावकारी बनाउने । | २.३.१. गाउँपालिकामा कोभिड १९ को रोकथाम तथा नियन्त्रण गर्न, भूकम्प, असीना, आगलागी, बाढी, चट्याङ जस्ता महामारीबाट प्रकोप, दुर्घटना आदिको व्यवस्थापन गर्न स्थापित "विपद व्यवस्थापन कोष" व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । |
| २.४. स्थानीय संरचना निर्माण मापदण्ड प्रभावकारी बनाउने । | २.४.१. घर तथा बस्ती निर्माण गर्नुभन्दा पहिले अनिवार्य रूपमा नक्सापास, माटो परिक्षण तथा फिल्ड चेकजाँच गरेर विपद् जोखिम अध्ययन पश्चात मात्र विपद प्रतिरोधी संरचनाहरू निर्माण गरिनेछ । |
| २.५. जलवायु अनुकुलन तथा जलवायु परिवर्तन न्यूनीकरणका लागि क्षमता विकास गर्ने । | २.५.१. जलवायु परिवर्तनका प्रभावहरूको अध्ययन गरी सुझाव दिन विज्ञसँग परामर्श लिइनेछ । |
| | २.५.२. जलवायु परिवर्तनले निम्त्याएका समस्याहरू सामना गर्न स्थानीय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरू संचालन गरिनेछ । |
| | २.५.३. स्थानीयस्तर तथा बिद्यालयहरूमा जलवायु परिवर्तनका बारेमा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ । |
| २.६. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.६.१. विपद्बाट बच्ने उपायका बारेमा सचेतना कार्यक्रमलाई समुदायमा अभियानका रूपमा सञ्चालन गरिनेछ । |

## विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १.१. | १.१.१. | उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२. | उच्च जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण: | | | | | | ✓ | ५० | | | | | |
| | | १.१.२. | वडा नं १ को घ्याम्पेसाल, घोप्टे, घमाइलो पाखा र छापपाटा, वडा नं.५ को रिट्ठेपानी र धरमपानी | | | | | | ✓ | | | | | | |
| | १.२. | १.२.१. | विपद् पूर्वानुमान तथा चेतावनी सुचना प्रणालीको विकास र सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | १.२.२. | विपद् पूर्व संकेत दिने उपकरण जडान | | | | | | ✓ | ५ | | | | | |
| | | १.२.३. | प्रकोप पात्रो तयार | | | | ✓ | १ | | | | | | | |
| | | १.२.४. | विपद् सम्बन्धी पूर्व सूचना सम्प्रेषण | | | | ✓ | १ | | | | | | | |
| | १.३. | १.३.१. | बीमा योजनामा अनुदान | | | | | | ✓ | ५ | | | | | |
| २ | २.१. | २.१.१. | एकीकृत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण | | | | ✓ | १ | | | | | | | |
| | २.२. | २.२.१. | वडा स्तरीय विपद् व्यवस्थापन संयन्त्र निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | २.२.२. | खुल्ला स्थान तय गरी पूर्वाधार निर्माण | | | | | | | | | | ✓ | ५० | |
| | | २.२.३. | संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन | | | | | | ✓ | १० | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | | माहामारीका लागी आइसोलेसन केन्द्र निर्माण | | | | | | | | | | | | |
| | | २.२.४. | उद्धार सम्बन्धित पूर्वाभ्यास सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | २.२.५. | विपद् प्रतिकार्य स्वयंसेवक समूहलाई तालिम | | | | ✓ | १ | | | | | | | |
| | | २.२.६. | विभिन्न संस्थाहरूसँग प्रभावकारी समन्वय र सहकार्य | | | | ✓ | १ | | | | | | | |
| | | २.२.७ | विपत् उद्धार सामाग्री खरिद | | | | | | ✓ | ५ | | | | | |
| | २.३. | २.३.१. | विपद् व्यवस्थापन कोष निर्माण तथा रकम थप | | | | ✓ | २ | | | | | | | |
| | २.४. | २.४.१. | विपद् प्रतिरोधी संरचनाहरू निर्माण मापदण्ड लागू | | | | ✓ | १ | | | | | | | |
| | २.५. | २.५.१. | विज्ञसँग परामर्श सेवा | | | | ✓ | १ | | | | | | | |
| | | २.५.२. | तालिम तथा सचेतना कार्यक्रम सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | २.५.३. | अन्तरक्रिया कार्यक्रम संचालन | | | | ✓ | १ | | | | | | | |
| | २.६. | २.६.१. | सचेतना अभियान सञ्चालन | | | | ✓ | १ | | | | | | | |

## अपेक्षित उपलब्धि

विपद् जोखिम नक्साङ्कन भएको हो । भौतिक संरचनाहरू मापदण्ड बमोजिम विपद् प्रतिरोधी भएको हुने, विपद् पूर्वानुमान तथा पूर्वसूचना प्रणाली प्रभावकारी भएको हुने, विपद् सम्बन्धी नीति तथा योजना बनेको हुने र विपदबाट हुने क्षतिमा न्युनिकरण भएको हुनेछ साथै जलवायु परिवर्तनका असरहरूको अनुकुलन तथा न्यूनीकरण भएको हुनेछ ।

## ७.४ वातावरण संरक्षण

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेको भौतिक अवस्थालाई वातावरण भनिन्छ। वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो। यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ। वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरू निम्त्याउँछ। नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ भनी मौलिक हकको रूपमा उल्लेख गरिएको छ। तसर्थ यस गाउँपालिकामा समग्र वातावरण संरक्षण गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ पार्क तथा हरित क्षेत्र विस्तार गर्न गाउँपालिकाले योजनाबद्ध रूपमा काम गरिरहेको। |
| ▪ पहिरो प्रभावित क्षेत्रमा वृक्षारोपण गरी भू-संरक्षण गर्ने नीति लिइएको। |
| ▪ गाउँपालिकाका वन क्षेत्रमा पाइने जडीबुटी पहिचान गर्न **विज्ञसँग परामर्श लिने नीति रहेको** । |
| ▪ गाउँपालिकाका सार्वजनिक स्थल, नदी खोला किनार तथा अनुकूल स्थानमा वृक्षारोपण गरिएको । |
| ▪ यातायातका साधन र कलकारखानाहरू न्यून रहेका तथा हरियाली पर्याप्त भएका कारण तुलनात्मक रूपमा सहरी क्षेत्रभन्दा स्वच्छ वातावरण रहेको। |
| ▪ गाउँपालिकाका विभिन्न ठाउँमा व्यापक वृक्षारोपण गर्नुका साथै बगैंचा, पार्कहरू निर्माण गरी हरियाली प्रवर्द्धन गर्न सकिने। |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ वैज्ञानिक वन व्यवस्थापनका नाममा सामुदायिक वन जथाभावि फँडानी हुने गरेको। |
| ▪ प्राकृतिक सम्पदाहरूको पूर्ण संरक्षण र सदुपयोग हुन नसकेको। |
| ▪ काठ दाउरालाई घरायसी इन्धनको रूपमा अत्यधिक प्रयोग गर्नाले घरायसी प्रदूषण बढेको। |
| ▪ समयमै स्तरउन्नती नहुँदा तथा अनावश्यक मानवीय गतिविधि कारण पोखरीहरू सुक्ने खतरा रहेको। |
| ▪ वन क्षेत्रमा डढेलोको जोखिम रहेको। |
| ▪ वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसकेको। |
| ▪ आमनागरिकमा वातावरण सचेतनाका कार्यक्रमहरू प्रभावकारी ढंगले ल्याउनुपर्ने। |
| ▪ पर्यावरणीय असन्तुलन तथा प्रदुषणको नकारात्मक असरका कारण जीवन कष्टकर हुन सक्ने। |

| दीर्घकालीन सोच |
| --- |
| गाउँपालिकाको शान : स्वच्छ, सफा, हराभरा ग्राम |
| **लक्ष्य** |
| गाउँपालिकालाई वातावरणमैत्री नमूना हरित क्षेत्रका रुपमा विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ जल, जमिन, वायु र ध्वनी प्रदूषण नियन्त्रण गर्ने ।<br>✓ सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरूलाई दिगो र वातावरण मैत्री बनाउने । |

**उद्देश्य १ : जल, जमिन, वायु र ध्वनी प्रदूषण नियन्त्रण गर्ने ।**

| रणनीति | कार्यनीति |
| --- | --- |
| १.१. प्रदूषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने । | १.१.१. प्रदूषण नियन्त्रण गर्न क्रमशः सबै सडकहरू कालोपत्रे गर्दै लगिनेछ । |
| | १.१.२. प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्दै निकट भविष्यमा पूर्ण रुपमा बन्देज गरिनेछ । |
| | १.१.३. पानीका मुहानहरू सफा राख्न त्यस्ता स्थानहरूमा मानवीय गतिविधि र छाडा पशुहरू नियन्त्रण गरिनेछ । |
| | १.१.४. मरेका पशु चौपायहरूको व्यवस्थापन गर्न वडास्तरमा स्थानहरू तोकिनेछ । |
| | १.१.५. प्रत्येक घरमा खाना पकाउन प्रयोग हुने मुख्य ईन्धन काठ दाउरा तथा गोबर गुइँठालाई विस्तापित गर्न वैकल्पिक ऊर्जा जस्तै गोवरग्याँस, बायोग्याँस सौर्य तथा वायु उर्जा, सुधारिएको चुलो आदिको व्यवस्था गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइनेछ । |
| | १.१.६. ठूला उद्योग, क्रशर, इट्टा भट्टा जस्ता प्रदूषण बढाउने उद्योगलाई घना मानव बस्ती भएको इलाकामा स्थापना गर्न निषेध गरिनेछ । यस्ता उद्योगलाई वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनाई वातावरण संरक्षणका क्षेत्रमा सामाजिक उतरदायित्व अन्तर्गत शोधभर्ना स्वरुप लगानी गर्नुपर्ने प्रावधान बनाइनेछ । |
| | १.१.७. गाउँपालिका भएर बग्ने खोला नालाको किनार लगायत भू-क्षय संवेदनशील क्षेत्रमा भू-क्षय, नदी कटान तथा पहिरो नियन्त्रण गर्ने योजना कार्यान्वयन गरिने छ । यसो गर्दा जैविक इन्जिनियरिङ्ग प्रविधिलाई प्राथमिकता दिइनेछ । |
| | १.१.८ सडक निर्माण लगायतका भौतिक निर्माण कार्य सम्पन्न गर्दा वातावरणमा पर्ने क्षति न्यूनीकरण गर्न निर्माण लागतको कम्तिमा १ प्रतिशत रकम वातावरण संरक्षण कोषमा जम्मा हुने व्यवस्था मिलाइनेछ । |
| १.२. समुदाय वा टोल स्तरमा नियमित सरसफाई तथा शौचालय निर्माण अभियान सञ्चालन गर्ने । | १.२.१. घरआँगन, टोल र सडक सफा राख्ने र सामुदायिक वा टोलस्तरमा नियमित सरसफाई अभियान सञ्चालन गरिनेछ । |
| | १.२.२. प्रत्येक वडाका मानवीय गतिविधिहरू बढी भैरहने क्षेत्रमा अनिवार्य सार्वजनिक शौचालयको निर्माण गरिनेछ । |

| उद्देश्य २ : सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरूलाई दिगो र वातावरण मैत्री बनाउने । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| २.१. विकास निर्माणका कार्यक्रम गर्दा IEE कार्यन्वयन गर्ने । | २.१.१. विकास निर्माणका ठूला कार्यक्रमहरू, खानी उत्खनन्, ढुंगा, गिटी, वालुवा तथा माटो उत्खनन् आदि कार्य गर्न प्रारम्भिक वातावरणीय परीक्षण गरी सोको अक्षरश: पालना गरिनेछ । |
| २.२. ऐतिहासिक तथा सार्वजनिक स्थलहरूको दिगो विकास र संरक्षण गर्ने । | २.२.१. ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका स्थानहरूको एकीकृत संरक्षण योजना तयार गरी यस्ता क्षेत्रलाई सम्पदा क्षेत्र घोषणा गरी वातावरण अनुकूल दिगो विकास र संरक्षण गरिनेछ । |
| | २.२.२. प्रत्येक वडामा एक एकवटा वडागत नमुना पार्कहरूको निर्माण गरिनेछ । |

## वातावरण संरक्षणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १.१. | १.१.१. | प्राथमिकताका आधारमा सडकहरू कालोपत्रे | | | | | | | | | | ✓ | १०० | |
| | | १.१.२. | प्लाष्टिक प्रयोगलाई निरुत्साहित र बन्देज | | | | ✓ | १ | | | | | | | |
| | | १.१.३. | अनुगमनको व्यवस्था | | | | ✓ | १ | | | | | | | |
| | | १.१.४. | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण | | | | | | ✓ | १० | | | | | |
| | | १.१.५. | बैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान | | | | | | ✓ | १ | | | | | |
| | | १.१.६. | ठूला उद्योग सञ्चालन मापदण्ड तयार | | | | ✓ | १ | | | | | | | |
| | | १.१.७. | भूसंरक्षण योजना कार्यान्वयन | | | | ✓ | १ | | | | | | | |
| | | १.१.८ | वातावरण संरक्षण कोष निर्माण | | | | | | ✓ | १ | | | | | |
| | १.२. | १.२.१. | सरसफाई अभियान सञ्चालन | | | | ✓ | १ | | | | | | | |
| | | १.२.२. | सार्वजनिक शौचालय निर्माण | | | | | | | | ✓ | ५० | | | |
| २ | २.१. | २.१.१. | अनुगमन | | | | ✓ | १ | | | | | | | |
| | २.२. | २.२.१. | एकीकृत संरक्षण योजना निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | २.२.२. | एक वडा एक हरित पार्कहरूको निर्माण गाउँपालिका भर हाल सुकेका परम्परागत पोखरीको पुनरुत्थान कार्यक्रम | | | | | | | | ✓ | ५० | | | |

## अपेक्षित उपलब्धि

महत्वपुर्ण सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण भएका हुने । एकीकृत वातावरण संरक्षण योजना तयार भएको हुने, तथा वातावरण संरक्षण सम्बन्धि कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन कार्यले निरन्तरता पाएको हुने छ ।

## नतिजा सूचकहरू

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **वन तथा भू-संरक्षण** | | | | |
| | असर | वनले ओगटेको कूल क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१) | प्रतिशत | | ५० |
| | असर | सामुदायिक वनले ओगटेको क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१.१) | प्रतिशत | | |
| | प्रतिफल | वृक्षारोपण गरिएको क्षेत्र (प.दि.वि.ल. १५.२.१.२) | | | |
| | प्रतिफल | वनस्पति उद्यान (संख्या) | संख्या | | १५ |
| | असर | दिगो व्यवस्थापन प्रणाली लागु वनको क्षेत्र (प्रतिशत) | प्रतिशत | | ७० |
| | असर | जडीबुटी तथा फलफूल खेतीले ओगटेको सामुदायिक वनको क्षेत्र (प्रतिशत) | प्रतिशत | | ६० |
| | असर | मिचाहा प्रजातिका बिरुवाहरूले ओगटेको वनको क्षेत्र (प्रतिशत) | प्रतिशत | | |
| | असर | संकटापन्न अवस्थामा रहेका औषधिको रुपमा प्रयोग हुने वनस्पतिहरू(प्रतिशत) | प्रतिशत | | |
| | असर | अनुत्पादक झाडी, बुट्यान क्षेत्र मध्ये उत्पादनशील वनमा परिणत भएको क्षेत्र | | | |
| | असर | संकटापन्न घोषणा भएका वनस्पतिको संख्या | प्रतिशत | | २० |
| | असर | संकटापन्न घोषणा भएका वन्यजन्तुको संख्या | प्रतिशत | | १५ |
| | प्रतिफल | सामुदायिक वनभित्र निर्मित पोखरी संख्या | संख्या | | १० |
| | असर | बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी भू-संरक्षण गरिएका स्थानहरूको संख्या (प्रतिशत) | प्रतिशत | | ८० |
| २. | **जलाधार व्यवस्थापन** | | | | |
| | असर | ताल, सिमसार र तलाउ/पोखरीहरूको संख्या (प.दि.वि.ल. १५.१.२.२) | प्रतिशत | | |
| | असर | संकटासन्न तालहरू/पोखरीहरू (प.दि.वि.ल. १५.४.१.१) | प्रतिशत | | |
| | प्रतिफल | संरक्षित सिमसार क्षेत्र (संख्या) | संख्या | | |
| | प्रतिफल | वर्षातको पानी संकलन गर्न निर्माण गरिएका नमुना पोखरी संख्या | संख्या | | ५ |
| | प्रतिफल | परम्परागत जैविक विधि अपनाई संरक्षण गरिएका पानीको मुहानहरूको संख्या | संख्या | | |
| | प्रतिफल | संकटमा परी पुनरुत्थान गरिएका पानीका मुहानको संख्या | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | वनजंगल भित्र रहेका पोखरीहरूको संख्या | संख्या | | २० |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका नदीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका पानीका मुहानहरूको संख्या | संख्या | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका सिमसार क्षेत्रको संख्या | संख्या | | |
| | असर | नयाँ निर्माण गरिएका पोखरी, ताल वा अन्य जलक्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | | ६५ |
| ३. | **विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन** | | | | |
| | प्रतिफल | विपद्को कारण ज्यान गुमाउनेको संख्या (प.दि.वि.ल. ११.५.१.१) | संख्या | | |
| | प्रतिफल | विपद्को कारण घाइते हुनेको संख्या (प.दि.वि.ल. ११.५.१.२) | संख्या | | |
| | असर | विपद्बाट प्रभावित घरपरिवार | प्रतिशत | | ५ |
| | प्रतिफल | विपद्को बेला भेला हुने स्थानको | संख्या | | |
| | प्रतिफल | दमकल संख्या | संख्या | | ५ |
| | प्रतिफल | एक्सकाभेटर संख्या | संख्या | | १० |
| | प्रतिफल | विपद् पूर्वसंकेत दिन जडित उपकरणहरूको संख्या | संख्या | | |
| | असर | भूकम्प प्रतिरोधी घरको प्रतिशत | | | |
| | प्रतिफल | जलवायु परिवर्तन अनुकुलन योजना अन्तर्गत समुदायस्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको संख्या (प.दि.वि.ल. १३.२.१) | संख्या | | |
| | प्रतिफल | जलवायु अनुकूलनका वनस्पति तथा बालीनालीको संख्या | संख्या | | |
| | असर | जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको संख्या (प.दि.वि.ल. १३.३.१.१) | प्रतिशत | | १५ |
| | प्रतिफल | जलवायुका असरलाई कम गर्ने कार्यमा तालिम प्राप्त व्यक्तिहरूको संख्या | संख्या | | |
| ४. | **वातावरण संरक्षण** | | | | |
| | प्रतिफल | नव हरित क्षेत्रको संख्या | संख्या | | २० |
| | प्रतिफल | वातावरणीय संवेदनशील क्षेत्रहरूको संख्या | संख्या | | १५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | सडक सौन्दर्यीकरण | कि.मि. | | |

# परिच्छेद ८ : संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

## ८.१ सुशासन तथा सेवा प्रवाह

### पृष्ठभूमि

वास्तविक रूपमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ । राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी शासन, शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन् । यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा संघीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुऱ्याउन सकिन्छ ।

गाउँपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, इन्टरनेट नेटवर्किङ मार्फत वडालाई गाउँपालिका केन्द्रसँग जोड्ने कार्य, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन स्थानीय सरकारमा सम्पूर्ण अधिकार प्राप्त भएको |
| ▪ जनादेश प्राप्त निर्वाचित जनप्रतिनिधिहरूले उत्साहका साथ काम गरिरहेको |
| ▪ सेवा प्रवाहलाई चुस्त, द्रुत तथा सरल बनाउन सबै वडा कायलयहरूलाई गाउँपालिकासँग Broad Band अर्थात High Speed Internet बाट नेटवर्किङ गर्ने नीति रहेको । |
| ▪ न्यायिक समितिको व्यवस्था भएको । |
| ▪ लेखा र प्रशासन सञ्चालनार्थ विभिन्न सफ्टवेयरहरूको विकास भएको । |
| ▪ स्थानीय सरकारले भ्रष्टाचारशून्य प्रशासनको नीति लिएको । |
| ▪ कर्मचारीको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था भएको । |
| ▪ आवश्यक गाउँपालिका तथा वडा कार्यालय भवन निर्माण योजना बनेको । |
| ▪ स्थानीय जनशक्तिको परिचालन गरी योजना-आयोजनाहरूलाई कम खर्चिलो बनाउने नीति लिइएको । |
| ▪ गुनासो तथा सुझाव सङ्कलनका लागि 'हेलो जनता' कार्यक्रम गर्ने नीति रहेको । |
| ▪ कार्य सम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउने योजना भएको । |
| ▪ सबै वडाहरूमा सूचना प्रविधिको समुचित व्यवस्था गर्ने योजना बनेको । |
| ▪ युवा स्वरोजगारलाई प्राथमिकतामा राखिएको । |
| ▪ सामाजिक सुरक्षालाई प्राथमिकतामा राखिएको । |
| ▪ गाउँपालिका तथा मातहतका कार्यालयहरूमा क्षतिपुर्ति सहितको नागरिक बडापत्रको व्यवस्था गर्न सकिने । |

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ कार्यपालिकाको निर्णय ४८ घण्टाभित्र सार्वजनिक गरी जनताप्रति उत्तरदायी हुने संस्कार विकास गर्न सकिने । |
| ▪ गाउँपालिका कार्यालय तथा वडा कार्यालयका कर्मचारीहरूको आचार संहिता बनाएर लागू गर्न सकिने । |
| ▪ E-governance को सुरुवात गर्न सकिने । |
| ▪ न्यायिक समितिलाई पूर्णता दिई आफ्नो अधिकार क्षेत्रभित्रका विवाद व्यवस्थापन गर्न सकिने । |
| ▪ स्थानीय सरकार स्वायत्त भएका कारण गाउँपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकताअनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास, योजना निर्माण तथा कार्यान्वयन र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने । |
| ▪ विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट अभ्यासहरूको अनुशरण गर्न सकिने । |
| ▪ जनगुनासोलाई तत्काल सम्बोधन गरी जनताको मन जित्न सकिने । |
| ▪ आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागू गर्न सकिने । |
| ▪ आवश्यकताअनुसार प्रहरी तथा सुरक्षा निकायको व्यवस्थापन गर्न सकिने । |
| ▪ सञ्चार माध्यम मार्फत् गाउँपालिकाका काम र विकास निर्माणका योजना सुसूचित गर्न सकिने । |

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ▪ लामो राजनैतिक संक्रमणबाट हालसालै स्थापित नयाँ संघीय प्रणालीको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइनसकेको । |
| ▪ संघीयताको अभ्यास तथा अनुभव नभएको । |
| ▪ स्थानीयवासीको राजनैतिक चेतनाको स्तर माथि उठी नसकेको । |
| ▪ संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नभएको । |
| ▪ गाउँपालिका केन्द्र/वडाकेन्द्रमा पर्याप्त भौतिक सामग्री (फर्निचर, कन्प्युटर, ल्यापटप आदि) उपलब्ध नभएको । |
| ▪ जनचासो र जनगुनासोको समयमै सम्बोधन नहुँदा जनतामा निराशा उत्पन्न भई संघीय व्यवस्थामा नै प्रश्न खडा हुन सक्ने । |
| ▪ पूर्वाग्रहरहित न्याय प्रणाली विकास गर्नुपर्ने । |
| ▪ जनप्रतिनिधि र कर्मचारीतन्त्रको समन्वयमा कठिनाइ हुन सक्ने । |
| ▪ जनउत्तरदायी शासन प्रणालीको विकास गर्नुपर्ने । |
| ▪ सबै कार्यालयलाई कर सूचनामैत्री तथा प्रविधियुक्त बनाउन ठूलो बजेटको आवश्यकता पर्ने । |

| दीर्घकालीन सोच |
|---|
| गाउँपालिकाको सरोकार जनमुखी सरकार |
| **लक्ष्य** |
| सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने । |
| **उद्देश्यहरू** |
| ✓ भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति गरी सेवा प्रवाहलाई जनमूखि बनाउनु । |

| उद्देश्य १: भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति गरी सेवा प्रवाहलाई जनमूखि बनाउनु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ जनचासोमा केन्द्रित जनमूखी सरकार महशुस हुने सेवा प्रणाली प्रर्वद्धन गर्ने । | १.१.१ नियमित रुपमा नागरिक सन्तुष्टि सर्वेक्षण गरी राज्यद्वारा प्रवाह हुने सेवामा रहेका जन गुनासो र चासोको अध्ययन गरिनेछ । |
| | १.१.२ राज्यको कानूनको परिधिमा रहि सेवा प्रवाहलाई दुरुस्त बनाउन नागरिक सर्वेक्षणका आधारमा कर्मचारी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.३ वडास्तरमा आवश्यकता अनुसार "घुम्ती स्थानीय सरकार" कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.४ सेवा प्रवाहलाई दुरुस्त राख्न विद्युतिय सूचना प्रणालीमा रुपान्तरण गर्न आवश्यक Software हरूको प्रवन्ध गरिनेछ । |
| | १.१.५ कर्मचारीहरू लाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक तालिमको प्रबन्ध गरिनेछ । |
| | १.१.६ जनगुनासो व्यवस्थापन प्रणाली र कार्ययोजना निर्माण गरिनेछ । |
| | १.१.७ सूचना प्रविधिमा वडाका कृयाकलापलाई समेट्न आवश्यक पूर्वाधार खरिद गरिनेछ । |
| | १.१.८ इन्टरनेट सुविधाको स्तर वृद्धि गरी प्रत्येक वडामा सुनिश्चित गरिनेछ । |
| | १.१.९ भौतिक पूर्वाधार अन्तर्गत वडा तथा गाउँपालिका भवन निर्माणका लागि डि.पि.आर तयार पारिनेछ । |
| | १.१.१० सार्वजनिक अभिलेख प्रणाली र पञ्जिकरणलाई प्रविधि मैत्री र पूर्ण अध्यावधिक हुने संयन्त्र निर्माण गरिनेछ । |
| | १.१.११ स्थानीय न्यायिक समितिलाई श्रोत साधन युक्त बनाइनेछ । |
| | १.१.१२ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरिनेछ । |
| | १.१.१३ स्थानीय सञ्चार माध्याम मार्फत स्थानीय सरकार रेडियो कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.१४ उत्कृष्ट कर्मचारी पुरस्कारको प्रबन्ध गरिनेछ । |
| | १.१.१५ सार्वजनिक सूचना प्रणालीमा जनताको सहज पहुँच हुने संयन्त्र निर्माण गरिनेछ । |
| | १.१.१६ विकासमा निजि क्षेत्रको सहयोग लिन नियमित अन्तरक्रिया आयोजना गरिनेछ । |
| | १.१.१७ संगठन व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी व्यवस्थापन गरिनेछ । |
| | १.१.१८ जनप्रतिनिधि र कर्मचारी केन्द्रित क्षमता विकास सुशासन र सदाचार सम्बन्धी तालिम तथा अभिमुखीकरण गरिनेछ । |
| | १.१.१९ पूँजीगत खर्चको पात्रो तयार गरी सार्वजनिक खर्च अन्तर्गत पूँजीगत खर्च क्षमता विकास गरिनेछ । |

| | |
|---|---|
| | १.१.२० विकास निर्माणमा प्रगति विवरणलाई जनतासामू नियमित सार्वजनिक गर्न सूचना प्रविधिको विकास गरी सहज र पहुँच योग्य बनाइने छ । |
| | १.१.२१ आयोजना तथा निर्माणस्थलमा आयोजनाको विस्तृत विवरण सम्बन्धी बोर्ड अनिवार्य राखिनेछ । |
| | १.१.२२ क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई पूर्ण कार्यान्वयनमा ल्याउन आवश्यक सुधार गरिनेछ । |
| | १.१.२३ सार्वजनिक सुनुवाइका कार्यक्रम नियमित गरिनेछ । |
| | १.१.२४ गाँउपालिकाबासीसँग प्रत्यक्ष सरोकार राख्ने 'हेलो जनता' कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.२५ सबै सरकारी कार्यालयमा विद्युतीय हाजिरीको प्रवन्ध गरिनेछ । |
| | १.१.२६ योजना प्रभावकारिता मूल्याङ्कन संयन्त्र निर्माण गरिनेछ । |

## सुशासन तथा सेवा प्रवाहको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२ | सर्वेक्षणका आधारमा कर्मचारी तथा जनप्रतिनिधी अभिमुखीकरण | | | | ✓ | १ | | | | | | | |
| | | १.१.३ | घुम्ती स्थानीय सरकार कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | १.१.४ | Governance Software खरिद | | | | | | ✓ | ५ | | | | | |
| | | १.१.५ | IT तालिम (कर्मचारी) | | | | ✓ | १ | | | | | | | |
| | | १.१.६ | गुनासो सम्बोधन पूर्वाधार खरिद | | | | ✓ | ३ | | | | | | | |
| | | १.१.७ | सूचना प्रविधि पूर्वाधार खरिद | | | | | | ✓ | ५ | | | | | |
| | | १.१.८ | इन्टरनेट स्तरबृद्धि र सेवा विस्तार | | | | | | ✓ | ५ | | | | | |
| | | १.१.९ | वडा तथा गाउँपालिका भवन डिपिआर तयारी | | | | | | | | ✓ | १५ | | | |
| | | १.१.१० | सार्वजनिक अभिलेख र पञ्जिकरण डिजिटलाइजेसन | | | | ✓ | २ | | | | | | | |
| | | १.१.११ | न्यायिक समिति क्षमता विकास | | | | | | ✓ | ३ | | | | | |
| | | १.१.१२ | आन्तरिक नियन्त्रण प्रणाली निर्माण | | | | | | ✓ | ३ | | | | | |
| | | १.१.१३ | स्थानीय सरकार रेडियो कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | १.१.१४ | उत्कृष्ट कर्मचारी पुरस्कार | | | | ✓ | १ | | | | | | | |
| | | १.१.१५ | सार्वजनिक सूचना व्यवस्थापन प्रणाली निर्माण | | | | | | ✓ | १ | | | | | |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | १.१.१६ | नीजि क्षेत्र अन्तरक्रिया | | | | ✓ | १ | | | | | | | |
| | | १.१.१७ | O and M Survey | | | | | | | | ✓ | ५ | | | |
| | | १.१.१८ | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिम | | | | ✓ | १ | | | | | | | |
| | | १.१.१९ | पूँजीगत खर्च पात्रो निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२० | विकास निर्माण प्रगति विवरण Display Board निर्माण | | | | | | ✓ | २ | | | | | |
| | | १.१.२१ | आयोजना स्थल विवरण प्रकाशन | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२२ | नागरिक वडापत्र कार्यान्वयन सुधार योजना निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२३ | सार्वजनिक सुनुवाइ संचालन | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२४ | 'हेलो जनता' कार्यक्रम सञ्चालन | | | | | | ✓ | १ | | | | | |
| | | १.१.२५ | सरकारी कार्यालयमा विद्युतीय हाजिरीको प्रवन्ध | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२६ | योजना प्रभावकारिता मूल्याङ्कन संयन्त्र निर्माण | | | | | | ✓ | १ | | | | | |

## अपेक्षित उपलब्धी

- जनचासोमा केन्द्रित जनमूखी सरकार महसुस हुने सेवा प्रणालीको विकास भएको हुनेछ ।

## ८.२ मानव अधिकार तथा सामाजिक न्याय

### पृष्ठभूमि

मानवियता, मानवहित र सामाजिक न्यायका निम्ति आम नागरिकलाई मानव अधिकारको महत्व र आवश्यकता बारे ज्ञान हुनुपर्दछ। आधारभूत तहमा मौलिक हकको रूपमा नेपालको संविधानले प्रत्याभूत गरेका मानवअधिकार उपभोगको सुनिश्चितता गर्ने राज्य र राज्यद्वारा परिचालित राज्यका यन्त्रहरू जस्तै प्रशासन, प्रहरी र राज्यका संबैधानिक अंगहरू जस्तै न्यायालय मानव अधिकार आयोग स्थानीय न्यायिक समिति आदि हुन्। स्थानीय सरकारको प्रमुख दायित्वअन्तर्गत मानव अधिकार प्रत्याभूत गर्नु र सामाजिक न्याय कायम गर्नु पर्ने भएकोले स्थानीय विकास योजनाका यी विषयको सम्बोधन गरिएको छ।

| सबल पक्ष : मुख्य संभावना र अवसरहरू |
|---|
| ▪ मानव अधिकारको विश्वव्यापी घोषणापत्रका प्रमुख मूल्य र मान्यतालाई नेपालको संविधानले आत्मसाथ गरी मौलिक हकमा व्यवस्था गरेको। |
| ▪ स्थानीय सरकारलाई मानवअधिकार रक्षा गर्ने अधिकार प्राप्त हुनु। |
| ▪ स्थानीय न्यायिक समितिको प्रबन्ध हुनु। |
| ▪ स्वतन्त्र न्यापालिकाको परिकल्पना गरी न्याय सम्पादन संयन्त्र निर्माण हुनु। |
| ▪ स्थानीयस्तरमा मानव अधिकार र सामाजिक न्यायका पक्षमा जनचेतना वृद्धि हुँदै जानु |

| दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू |
|---|
| ▪ समाजमा सामाजिक जागरणको अवस्था कमजोर हुनु। |
| ▪ न्यायिक समितिका कामकार्यबाहीले आशातित गति लिन नसक्नु। |
| ▪ परम्परागत रूपमा रहेका अन्धविश्वास, कुरिति, कुसंस्कार र भेदभावपूर्ण सामाजिक प्रणालीमा कारण सामाजिक न्याय संकटमा पर्नु। |
| ▪ अशिक्षा, अज्ञानता र पछौटेपन कायमै रहनु। |
| ▪ गरिबी र विपन्नता कायमै रहनु। |
| ▪ मानव अधिकारयुक्त पूर्ण सामाजिक न्याय स्थापित गर्ने चुनौती हुनु। |

| दीर्घकालीन सोच |
|---|
| सामाजिक न्यायपूर्ण समाजको निर्माण |
| **लक्ष्य** |
| मानव अधिकार उल्लङ्घनका घटनाहरूमा उल्लेख्य कमी ल्याई मौलिक हक प्रत्याभूत गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्नु। |

| उद्देश्य १: मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्नु । | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ मानव बेचविखन तथा शोषणका दृष्टिकोणले सम्वेदनशील व्यक्ति तथा समूह पहिचान गरी व्यापक जनचेतना अभिवृद्धि र शशक्तिकरण गर्ने । | १.१.१ मानव बेचविखन र ओसार पसारका दृष्टिकोणले अत्यन्त जोखिममा रहेका वर्ग क्षेत्र र समुदायको शुक्ष्म ढंगले अध्ययन गरी स्थितिपत्र तयार पारिनेछ । |
| | १.१.२ मानवअधिकार उल्लङ्घन तथा मानवबेचविखन र ओसारप्रसार विरुद्ध व्यापक रुपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय सञ्चार माध्याम, सामाजिक सञ्जाल र पत्रकारहरूको सहयोग लिइनेछ । |
| | १.१.३ यौन हिंसा, यौन शोषण र बलात्कार जस्ता जघन्य अपराध न्युनिकरण गर्न कानूनी उपचार खोज्न र दोषीलाई कानूनको दायरामा ल्याउन प्रत्येक वडामा महिला अधिकारकर्मीहरू, समाजसेवीहरू, राजनैतिक नेतृहरू तथा आमा समुहहरूको अगुवाइमा एक शसक्त मानव अधिकार सेलको गठन गरिनेछ । |
| | १.१.४ वेपत्ता पारिएका, द्वन्द पिडित, बेचबिखनमा परेका, शहिद परिवार, लक्षित परिवारको लगत संकलन गरी उनीहरूको शसक्तिकरणका तथा सामाजिक पुन स्थापनाका लागि विशेष प्याकेज निर्माण गरी आयआर्जन र सामाजिक एकिकरणलाई सहज बनाइने छ । |
| | १.१.५ मानव अधिकार उल्लङ्घनका घटनाहरू न्यायिक समितिमा दर्ता गर्न वडास्तरीय महिला सेललाई सकृय तुल्याउन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.६ माध्यमिक तहमा अध्ययनरत छात्र छात्रा केन्द्रित यौन हिंसा, यौन शोषण, बलात्कार दाइजो र बाल अधिकारका विषयमा हरेक महिनामा एक पटक हुनेगरी घुम्ती कक्षा सञ्चालनको व्यवस्था मिलाईने छ । |
| | १.१.७ न्यायमा पहुँच नभएका विपन्न वर्गहरूलाई निशुल्क कानूनी परामर्श सेवा दिन संस्थागत व्यवस्था गरिनेछ । |
| | १.१.८ संविधान प्रदप्त सबै मौलिक हकहरूको कार्यान्वयन गराउन आवश्यक संयन्त्रको विकास गर्न एक अध्ययन गरी आवश्यक स्थानीय कानून र राज्यका यन्त्रको प्रबन्ध गरिनेछ । |

## मानव अधिकार तथा सामाजिक न्यायको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | जोखिम समूह र व्यक्तिको पहिचान गर्ने | | | | ✓ | १ | | | | | | | |
| | | १.१.२ | सामाजिक सञ्जाल तथा स्थानीय संचार माध्यम मार्फत जनचेतनामूलक कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | १.१.३ | वडास्तरीय मानव अधिकार सेल गठन | | | | | | ✓ | | | | | | |
| | | १.१.४ | आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि लक्षित समूह आय आर्जन कार्यक्रम | | | | | | ✓ | ३ | | | | | |
| | | १.१.५ | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न महिला सेल अभिमुखीकरण | | | | | | ✓ | १ | | | | | |
| | | १.१.६ | मानवअधिकार विद्यालय घुम्ती कक्षा संचालन | | | | | | | | ✓ | १ | | | |
| | | १.१.७ | निशुल्क कानुनी परामर्श सेवा सञ्चालन | | | | | | | | ✓ | | | | |
| | | १.१.८ | मौलिक हक कार्यान्वयन स्थिति बारे अध्ययन | | | | | | ✓ | २ | | | | | |

## अपेक्षित उपलब्धी

मानवअधिकार उल्लङ्घन, मानव बेचविखन, यौन हिंसा र शोषण लगायतका सामाजिक अपराधका घटनाहरुमा महशुस हुनेगरी कमि आएका हुनेछन ।

## ८.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन

### पृष्ठभूमि

कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ। गाउँपालिकामा गरिने हरेक किसिमका कृयाकलापहरू र समग्र वस्तुस्थितिलाई कतिपय अवस्थामा परिमाणमा प्रतिविम्वित गर्न मिल्दछ। तसर्थ हरेक कृयाकलापलाई परिमाणमा देखाउँदा विकास र सम्वृद्धिको मापन गर्न सहज हुनुका साथै यथार्थमा गाउँपालिकाको स्थितिवारे थाहा पाउन सकिन्छ। यसका लागि हरेक सूचनालाई अध्यावधिक गर्ने, सूचना तथा तथ्याङ्क प्रणालीको आवश्यकता रहन्छ। अर्को तर्फ राजश्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको श्रोत र साधनको दुरुपयोग हुन सक्ने जोखिम रहन्छ। यी पक्षहरूलाई ध्यानमा राखी तथ्याङ्क व्यवस्थापन, राजश्व परिचालन

वित्तीय अनुशासन र लेखा व्यवस्थापनलाई सुद्धढ तुल्याउन योजनाले सम्वोधन गर्नुपर्ने भएकोले यो खण्ड तयार पारिएको छ।

| दीर्घकालीन सोच |
|---|
| चुस्त तथ्याङ्क तथा वित्तीय व्यवस्थापन |
| **लक्ष्य** |
| सूचना प्रविधिको महत्तम प्रयोग मार्फत तथ्याङ्क र वित्तीय व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्ने। |
| **उद्देश्यहरू** |
| ✓ स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरूलाई सहज, पहुँचयोग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु। |

**उद्देश्य १ : स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरूलाई सहज, पहुँचयोग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु।**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ सुदृढ अभिलेख प्रणालीको विकास गर्ने। | १.१.१.सूचना प्रविधिको प्रयोग गरी स्थानीय सरकारसँग सम्बद्ध सबै सूचना र तथ्याङ्कको व्यवस्थापन गर्न एक साधन सम्पन्न तथ्याङ्क तथा सूचना इकाई निर्माण गरिनेछ। |
| | १.१.२ सबै प्रकारका सूचनाहरू अध्यावधिक हुने स्वचालित अभिलेखाङ्कन प्रणाली तयार पार्न अध्ययन गरी software हरू खरिद गरिनेछ। |
| | १.१.३ अभिलेख इकाइमा आवश्यक दरबन्दीको प्रबन्ध गरिनेछ। |
| | १.२.१ सार्वजनिक खर्चका मापदण्ड र मितव्ययिता कायम हुने नीति निर्माण गरी लागू गरिनेछ। |

| | |
|---|---|
| १.२ आर्थिक प्रशासन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने | १.२.२ अनुगमन प्रणालीलाई दुरुस्त बनाउन वार्षिक कार्य योजना तयार पारिनेछ । |
| | १.२.३ राजश्व संकलनलाई करदाता मैत्री बनाउन आवश्यक अध्ययन गरी सोहि अनुसारको प्रणाली विकास गरिनेछ । |
| | १.२.४ सम्पूर्ण व्यवसायलाई दर्ता गरी करको दायरामा ल्याउन घुम्ती व्यवसाय दर्ता अभियान सञ्चालन गरिनेछ । |
| | १.२.५ राज्यलाई तिरेको कर कसरी जनताका लागि खर्च हुन्द भन्ने स्थापित गर्न कर शिक्षा कार्यक्रम नियमित सञ्चालन गरिनेछ । |
| | १.२.६ राजश्वका श्रोतहरूको पहिचान गर्न राजश्व सुधार कार्य योजना तयार गरी लागू गरिनेछ । |
| | १.२.७ गाउँपालिकाका ठूला करदातालाई सार्वजनिक सम्मान गरिनेछ । |
| | १.२.८ सिमान्तकृत वर्ग र महिला उद्यमीलाई व्यवसाय सञ्चालन गर्न मापदण्डका आधारमा विशेष सहुलियतको प्रबन्ध गरिनेछ । |
| | १.२.९ गाउँपालिकाको आयव्ययको विवरण नियमित रुपमा प्रकाशन गर्ने प्रबन्ध मिलाईने छ । |

## तथ्याङ्क व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | आधार वर्ष (२०७७/७८) | | पहिलो | | दोस्रो | | तेस्रो | | चौथो | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १. | १.१ | १.१.१ | तथ्याङ्क तथा सूचना इकाइ गठन | | | | | | ✓ | १ | | | | | |
| | | १.१.१ | सम्पूर्ण सरकारी कार्यालय, स्वास्थ्यचौकी तथा विद्यालयहरूलाई एकीकृत सूचना प्रणालीमा आवद्ध गर्न आवश्यक भौतिक पूवाधारको प्रवन्ध | | | | | | | | | | ✓ | १० | |
| | | १.१.२ | सूचना अभिलेखाङ्कन Software खरिद | | | | | | | | ✓ | ५ | | | |
| | | १.१.३ | अभिलेख इकाइमा दरवन्दी व्यवस्थापन | | | | | | | | ✓ | ५ | | | |
| | १.२ | १.२.१ | सार्वजनिक खर्चको मापदण्ड निर्माण | | | | ✓ | १ | | | | | | | |
| | | १.२.२ | अनुगमन संयन्त्र क्षमता विकास | | | | | | | | ✓ | १ | | | |
| | | १.२.३ | अनुगमन वार्षिक कार्ययोजना तयारी | | | | ✓ | १ | | | | | | | |
| | | १.२.४ | करदातामैत्री राजश्व संकलन प्रणाली निर्माण अध्ययन | | | | ✓ | ५ | | | | | | | |
| | | १.२.५ | करदाता शिक्षा कार्यक्रम | | | | ✓ | १ | | | | | | | |
| | | १.२.६ | राजश्व सुधार कार्ययोजना निर्माण | | | | | | ✓ | १ | | | | | |
| | | १.२.७ | ठूला करदाता सम्मान | | | | ✓ | १ | | | | | | | |
| | | १.२.८ | व्यवसाय दर्ता छुट (लक्षित समुदाय) तथा अनुदान | | | | | | | | ✓ | १ | | | |
| | | १.२.९ | गाउँपालिकाको आयव्यय नियमित प्रकाशन प्रणाली निर्माण | | | | ✓ | १ | | | | | | | |

## अपेक्षित उपलब्धी

लक्षित समुदायलाई व्यवसाय दर्तामा छुट तथा अनुदान दिइएको हुने तथा गाउँपालिकाको आय व्यय नियमित प्रकाशन गर्ने प्रणालीको विकास भएको हुनेछ ।

### नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **सुशासन तथा सेवा प्रवाह** | | | | |
| | प्रतिफल | सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण | संख्या | | |
| | प्रतिफल | सार्वजनिक सुनुवाई | संख्या | | |
| | प्रतिफल | अनुगमन | संख्या | | |
| | असर | पूँजीगत बजेट खर्च | प्रतिशत | | १०० |
| | असर | लक्षित आयोजना सम्पन्न | प्रतिशत | | १०० |
| | प्रतिफल | न्यायिक समितिबाट फछ्र्यौट मुद्दा संख्या (वार्षिक) | संख्या | | |
| | प्रतिफल | जनगुनासो संख्या | संख्या | | |
| | प्रतिफल | गुनासो सम्बोधन प्रणालीबाट सम्बोधन भएका गुनासा | संख्या | | |
| | प्रतिफल | कर्मचारी जनप्रतिनिधि तालिम अभिमुखीकरण | संख्या | | |
| | प्रतिफल | सूचना प्रविधिमा आबद्ध सूचना संख्या | संख्या | | |
| | प्रतिफल | स्थानीय रेडियो कार्यक्रम प्रसारण | संख्या | | |
| | प्रतिफल | निजी क्षेत्र अन्तरक्रिया | संख्या | | |
| | | | | | |
| २. | **मानव अधिकार तथा सामाजिक न्याय** | | | | |
| | प्रतिफल | जोखिममा परेका व्यक्तिको संख्या | | | |
| | प्रतिफल | मानव अधिकार सेल संख्या | | | |
| | प्रतिफल | लक्षित समूह आय आर्जन कार्यक्रम संख्या | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | न्यायिक समितिमा दर्ता भएका मानव अधिकार उल्लङ्घनका संख्या | | | |
| | प्रतिफल | मानव अधिकार घुम्ती कक्षा संख्या | | | |
| | प्रतिफल | निशुल्क कानूनी परामर्शबाट दर्ता भएका मुद्धा संख्या | | | |
| | प्रतिफल | यौन हिंसाका घटना (दर्ता संख्या) | | | |
| | प्रतिफल | मानव बेचविखनमा परेका संख्या | | | |
| | | | | | |
| ३. | **तथ्याङ्क व्यवस्थापन राजश्व परिचालन** | | | | |
| | प्रतिफल | तथ्याङ्क व्यवस्थापन प्रणालीमा आबद्ध सूचना प्रणाली संख्या | | | |
| | प्रतिफल | करदाता शिक्षा कार्यक्रम संख्या | | | |
| | असर | कूल बजेटमा आन्तरिक राजश्व वा करको हिस्सा (प्रतिशत) | | | १ |
| | असर | कूल स्वीकृत बजेटको खर्च प्रतिशत (वार्षिक) | | | १०० |
| | प्रतिफल | दर्ता भएका व्यवसाय संख्या | | | |
| | प्रतिफल | राजश्व संकलन हुने शिर्षक संख्या | | | ७ |

# परिच्छेद ९ : कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन

## ९.१ योजना प्राथमिकिकरण तथा कार्यान्वयन

### विकास योजना प्राथमिकीकरण गर्दा अवलम्बन गर्नु पर्ने आधारहरू

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तोकेको ढाँचा बमोजिम कुनै पनि गाउँपालिका वा स्थानीय सरकारले विकासका कार्यक्रमहरू तय गर्दा विशेषत स्थानीय वस्तुगत अवस्थाको आधारमा स्थानीयबासीका आधारभूत आवश्यकताहरू जस्तै भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक विकास, वातावरणीय सन्तुलन तथा संस्थागत सेवा प्रवाहमा प्रत्यक्षरूपमा सहयोग पुऱ्याई समग्र विकासलाई सन्तुलित र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्न प्रभावकारी सिद्ध हुनेगरी निम्नानुसार गर्नुपर्दछ ।

सामान्यतया कुनैपनि कार्यक्रमलाई प्राथमिकताको आधारमा चार तहमा राखेर मूल्याङ्कन गर्न सकिन्छ ।

#### १. "अति उत्तम"- ३ अंक

"अति उत्तम" तह अन्तर्गत कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **प्रत्यक्ष र उल्लेखनीय** योगदान पुऱ्याउँछ । अर्थात् कुनैपनि स्थानमा आवागमनमा निकै कठिनता छ र सडकको स्तरोन्नति गर्ने कार्यक्रमले आवागमनलाई प्रत्यक्ष र उल्लेखनीय प्रभाव पार्दछ भने सो कार्यक्रम कार्यान्वयनका हिसाबले पहिलो प्राथमिकता तथा अति उत्तम वर्गमा पर्दछ । यस प्रकारका कार्यक्रममा सो शिर्षक अन्तर्गत विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढी रकम पर्न आउँछ ।

#### २. "उत्तम"- २ अंक

"उत्तम" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **अप्रत्यक्ष तर उल्लेखनीय** योगदान पुऱ्याउँछ । अर्थात् कुनैपनि स्थानमा धार्मिक तथा अन्धविश्वासले सामाजिक कुरीति र जटिलता सिर्जना गरेको छ भने विद्यालय खोली शिक्षाको विकास गर्दा सामाजिक जटिलता न्यून गर्न अप्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउँछ । यस प्रकारको कार्यक्रम प्राथमिकताको हिसाबले दोस्रो प्राथमिकतामा पर्दछ भने यसलाई उत्तम मानी २ अंक प्रदान गर्नुपर्दछ । यस प्रकारको कार्यक्रममा समेत सम्बन्धित शिर्षक मध्ये ५० प्रतिशत भन्दा बढी बजेट विनियोजन हुन्छ ।

#### ३. "सामान्य"- १ अंक

"सामान्य" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **सामान्य वा कम** मात्र योगदान दिन्छ भने सो कार्यक्रममा विनियोजित रकम मध्ये ५० प्रतिशत भन्दा कम रकम मात्र छुट्याइन्छ । यस प्रकारको कार्यक्रम प्राथमिकताको आधारमा तेस्रो तहमा पर्दछ भने त्यसलाई १ अंक दिनुपर्दछ ।

#### ४. "न्यून"- ० अंक

"न्यून" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **न्यून वा योगदान नै नपुऱ्याउने** हुन्छ । यस प्रकारको कार्यक्रम प्राथमिकतामा पर्दैन तसर्थ यसलाई शुन्य अंक प्रदान गरिन्छ ।

यसरी कार्यक्रम प्राथमिकिकरण गर्दा विषय क्षेत्रगत विकास कार्यक्रम तथा उपक्षेत्रहरूका प्रत्येक कार्यक्रमहरूको मूल्याङ्कन गरी चार तहमा विभाजन गर्न सकिन्छ । अर्थात् उदाहरणको लागि भौतिक पूर्वाधार अन्तर्गत कुनै निश्चित स्थानदेखि अर्को स्थान जोड्न सडकको स्तरोन्नति गर्दा सो सडकले स्थानीयबासीको तत्कालीन वा दीर्घकालीन प्रमुख समस्या वा मागलाई कुन तहबाट सम्बोधन गर्न सक्छ भनी मुल्याङ्कन गर्नुपर्दछ । त्यसोगर्दा सो कार्यक्रम

अति उत्तम भए → पहिलो प्राथमिकता

उत्तम भए → दोस्रो प्राथमिकता

सामान्य भए → तेस्रो प्राथमिकता

न्यून भए → प्राथमिकतामा नपर्ने हुन्छ ।

एवम रीतले प्रत्येक विषयगत क्षेत्र र सो क्षेत्र अन्तर्गतका उपक्षेत्रका सम्पूर्ण कार्यक्रमहरूलाई तोकिएको लक्ष्य हासिल गर्न कस्तो प्रकारको योगदान पुऱ्याउँछ भनी मूल्याङ्कन गर्दा माथि उल्लेखित तहहरूमा विभाजन गरेर प्राथमिकता निर्धारण गर्नुपर्दछ । यसकासाथै अन्य आधारमा :

(१) चालु वार्षिक योजनाको फराकिलो आधारको समावेशी आर्थिक उद्देश्य वृद्धिको लक्ष्य प्राप्तिमा कुन तहको योगदान पुऱ्याउँछ ?
(२) दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुन तहको योगदान पुऱ्याउँछ ?
(३) जनसहभागिता सुनिश्चित गर्न कुन तहको योगदान पुऱ्याउँछ ?
(४) समावेशीकरणमा कुन तहको योगदान पुऱ्याउँछ ?
(५) यदि सञ्चालित आयोजनाहरू छन् भने पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारीको अवस्था हेरी कुन तहको योगदान पुऱ्याउँछ ?

यसरी यी प्रश्नहरूले गर्दा कस्तो उत्तर आउँछ सोको आधारमा कार्यक्रमलाई माथि उल्लेखित

"अति उत्तम"

"उत्तम"

"सामान्य" र

"न्यून" तहमा विभाजन गरी प्राथमिकता निर्धारण गर्न सकिन्छ साथै स्थानीय विकास गुरुयोजनाको मूल लक्ष्य स्थानीयबासीका आधारभूत आवश्यकता सम्बोधन गरी क्रमशः उच्च विकासतर्फ लम्कनु पर्ने भएकाले कार्यक्रम तय गर्दा वडास्तरमा निम्न बमोजिम गर्नुपर्दछ ।

## वडा तहका योजना छनौट तथा प्राथमिकीकरण

बस्ती तथा टोल स्तरमा कार्यक्रम बारे छलफल गर्दा दिगो विकास लक्ष्य प्राप्तगर्न मद्दत गर्ने कार्यक्रमबारे छलफल गर्नु पर्दछ । वडा तहअन्तर्गतका बस्ती र टोल स्तरको आयोजनाहरू छनौट गर्दा निम्नलिखित प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ ।

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्नुपर्ने हुन्छ ।
(ख) प्रत्येक वडाले वडा भित्रका बस्ती र टोलहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत् जानकारी गराउनु पर्नेछ ।

(ग) गाउँपालिका /नगरपालिका अन्तर्गतका वडाअन्तर्गत रहेका बस्ती/टोलको भेलामार्फत् बस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने बस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्नुपर्ने हुन्छ।

(घ) बस्ती/टोल स्तरका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि लगायत सबै समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने हुन्छ।

(ङ) बस्ती/टोल भित्रका क्रियाशील सामुदायिक सस्थाहरू (टोल विकास सस्था, महिला/आमा समुह, वाल क्लव र सञ्जाल, युवा क्लव, स्थानीय गैर सरकारी संस्थाहरू, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहजस्ता समूहहरूलाई पनि सहभागी गराउनु पर्ने हुन्छ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरूको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै आयोजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी आयोजनाहरूको छनौट गर्नुपर्नेछ । यसरी बस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरूको सूची संयोजकले लिखित रूपमा तयार गरि वडा समितिमा पेश गर्नुपर्ने हुन्छ।

वडा समितिहरूले टोल/बस्तीस्तरबाट प्राप्त आयोजना र कार्यक्रमहरूलाई विषयक्षेत्रअनुसार समूहकृत गरिन्छ । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिवाट प्राप्त बजेट सीमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरूले बस्ती टोलबाट प्राप्त योजनाहरूमध्येबाट वडाको लागि प्राप्त बजेट सीमाको अधीनमा रही योजनाहरूको छनौट र प्राथमिकता निर्धारण समेत गरी अनुसूची ४ बमोजिमको ढाँचामा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्ने हुन्छ ।

वस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरू छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरू वडा समितिको बजेट सीमा भित्र रही औचित्यको आधारमा समावेश गर्न सक्नेछ । वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन नसक्ने गाउँस्तरीय महत्वपूर्ण आयोजनाहरू भएमा वडा समितिले गाउँपालिकामा छुट्टै सूची पठाउन सक्नेछ ।

वडा समितिले आयोजनाहरूको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरू र दिगो विकास लक्ष्य प्राप्त गर्ने कार्यक्रमलाइ बिशेष ध्यान दिनुपर्ने हुन्छ। यसरी छनौट भएका योजनाहरूको प्राथमिकीकरणका साथ गाउँपालिकामा पठाउनुपर्ने हुन्छ ।

## ९.२ अनुगमन तथा मूल्याङ्कन

### क) अनुगमन

विकास योजनाको कार्यान्वयन समयमै सम्पन्न गर्न र आयोजनाको लक्ष्य, उद्देश्य प्राप्त गर्न विकास आयोजनाको प्रभावकारी अनुगमन आवश्यक पर्दछ ।

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ, छैन र कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त हुने स्थिति छ, छैन भनी विभिन्न तहमा व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य अनुगमन हो । कुनैपनि कार्यक्रम आयोजनाको पहिचानको चरणदेखि कार्यान्वयन सम्पन्न भई सञ्चालन अवधिमा समेत अनुगमन गरिरहनु पर्छ । यसरी विभिन्न चरणमा गरिने अनुगमनबाट प्राप्त भएका नतिजा, सुझाव तथा सल्लाहलाई पृष्ठपोषणको रूपमा लिई आवश्यकताअनुरूप सुधार गर्दै जानुपर्ने हुन्छ ।

यसो भएमा मात्र विकास आयोजनाले गति लिई समयमै सम्पन्न गर्न मद्दत पुग्न जानेछ र विकासको लक्ष्य हासिल गर्न सकिने छ ।

**अनुगमन २ प्रकारले गर्न सकिने छ :**

१. आयोजना स्थलमै गएर योजनाको क्रियाकलाप बारेमा जानकारी लिने गरी गरिने अनुगमन ।

२. आयोजनाको क्रियाकलापको प्रगति विवरण माग्ने र प्राप्त गरी गरिने अनुगमन ।

तर दुवै प्रकारका अनुगमनमा देखिएका समस्याको समाधान गर्न तत्कालै आवश्यक कदम चल्नु पर्दछ नत्र अनुगमनको कुनै औचित्य रहदैन ।

अनुगमनका क्रममा योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा निम्न कुराहरूको विश्लेषण गरिन्छ ।

- स्रोतसाधनको प्राप्ति र प्रयोग स्वीकृत बजेट र समय तालिकाअनुसार भए नभएको
- अपेक्षित प्रतिफलहरूसमयमै र लागत प्रभावकारी रूपमा हाँसिल भए नभएको
- कार्यान्वयन क्षमता के कस्ता छन् ?
- के कस्ता समस्या र बाधा व्यवधानहरू देखिएका छन् र तिनको समाधानका निम्ति के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्छ ?

अनुगमनका क्रममा उपर्युक्त पक्षहरूको बारेमा नियमित, व्यवस्थित र समयबद्ध रूपमा तथ्याङ्क विवरणहरूसङ्कलन, प्रशोधन र प्रतिवेदन गर्ने कार्य गरिन्छ । यसबाट समयमै समस्या पहिचान गरी समाधान गर्न महत्वपूर्ण सहयोग पुग्दछ । अनुगमनका लागि कार्यान्वयन योजना, आयोजना विवरण तालिका, जिम्मेवारी तालिका आदि दस्तावेजको उपयोग गरिन्छ ।

## अनुगमन प्रणालीको छनौट तथा निर्धारण

अनुगमन प्रणाली प्रचलित सोच तालिका (Log Frame) का आधारमा स्थापित गर्न सकिन्छ । स्थानीय तहले आफ्नो विशिष्टता र प्राविधिक क्षमताका आधारमा यस्तो विधि अपनाउन सक्छन् । यस्तो विस्तृत विधि राष्ट्रिय योजना आयोगबाट प्रबर्द्धित **राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनमा** हेर्न सकिन्छ ।

स्थानीय तहले आफ्नो आवश्यकता र उपलब्ध वस्तुगत तथ्याङ्कको आधारमा मौलिक रूपमा अनुगमन प्रणाली अवलम्बन गर्न सक्दछन् । साथै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि राष्ट्रिय प्रणालीसँग आबद्ध हुने खालको अनुगमन सूचना प्रणाली स्थापना गर्नुपर्ने हुन्छ ।

अनुगमन योजना बनाउँदा राष्ट्रिय सरोकारका विषय, मानव विकास सूचकाङ्क, दिगो विकास लक्ष्यका सूचकहरूलाई स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा योगदान गर्ने सूचकहरूस्थापित गरी अनुगमन गर्ने र सोको प्रतिवेदन गर्नुपर्ने हुन्छ ।

स्थानीय तहको आफ्नो क्षेत्रभित्र क्रियाशील गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र स्थानीय तहको अनुगमन प्रणालीमा त्यस्ता कार्यहरूको पनि अनुगमन गर्ने व्यवस्था मिलाउनु गर्नुपर्ने हुन्छ ।

## अनुगमन तह

आवधिक योजनाको लक्ष्य, उद्देश्य र कार्यक्रम तहमा गरिने अनुगमन पद्धति तलको तालिकामा उल्लेख गरिएको छ ।

## आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

| कुन तहमा अनुगमन गर्ने | के अनुगमन गर्ने | कहिले र कस्ले अनुगमन गर्ने | कुन तहको सूचक राख्ने | मापन गर्ने आधार |
|---|---|---|---|---|
| लक्ष्य | परेको प्रभाव | • कार्यपालिकाद्वारा नियुक्त स्वतन्त्र संस्था वा विज्ञले आवद्यिक योजनाको अन्त्यमा<br>• कार्यपालिकाद्वारा आवद्यिक योजनाको मध्यकालमा | • प्रभाव तहको<br>• असर तहको<br>• जनभावनामा परिवर्तन | • संघ, प्रदेश र स्थानीय तहको वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरू<br>• स्थलगत अनुगमन<br>• वार्षिक कार्ययोजनाहरूको प्रगति |
| परिणाम | देखिने असर<br>• उत्पादकत्वमा परिवर्तन<br>• सडक पहुँच आदि | • कार्यपालिका र गाउँ/नगर कार्यपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति<br>• वार्षिक | • परिणाम तहको<br>• प्रतिशत वृद्धि | • सहभागितामूलक<br>• नतिजामूलक अनुगमन खाकाअनुसार<br>• नमूना सर्वेक्षण गर्ने |
| योजना | निर्मित परिणामहरू<br>• कक्षा सञ्चालन<br>• उत्पादन परिमाण<br>• सडक विस्तार<br>• स्वास्थ्य केन्द्र भवन निर्माण | • गाउँ र नगर कार्यपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति, शाखा कार्यालयहरूर प्रमुख प्रशासकीय अधिकृत।<br>• चौमासिक/वार्षिक | • परिणाम तहको<br>• सङ्ख्यात्मक वृद्धि | • नतिजामूलक अनुगमन खाकाअनुसार<br>• स्थलगत अनुगमन<br>• सार्वजनिक परिक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ |

## लक्ष्य तह

| लक्ष्य | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| "शिक्षा तथा स्वास्थ्य सेवाको समुचित विकास गरी समुदायको आर्थिक अवस्थामा सुधार ल्याउने ।"<br>"उद्योग र व्यापार फस्टाउन आवश्यक पूर्वाधारका लागि भूउपयोग योजना गर्दै समुदायको सहभागितामा गाउँ सूरक्षा व्यवस्था सुदृढ बनाउने । " | • स्थानीय स्वास्थ्य केन्द्रहरूमा प्राथमिक स्वास्थ्यजन्य रोगीको सङ्ख्यामा कमी<br>• भूउपयोग योजना तयारी एवम् कार्यान्वयन आरम्भ<br>• लगानीका योजना संख्यामा आएको सकारात्मक परिवर्तन | | |

**योजना तह**

| परिणाम तह | सूचक | आधार वर्ष | परिवर्तन |
|---|---|---|---|
| सहरी शैक्षिक सुधार योजना | • प्राथमिक तहमा भर्ना दरमा वृद्धि<br>• फोहरमैला वर्गीकरण लागु<br>• निर्वाचनमा बदर मतको सङ्ख्यामा कमी | | |
| मासुजन्य पदार्थ उपभोग वृद्धि योजना | • तरकार, अन्डा र मासुको स्थानीय बजारमा बिक्री वृद्धि<br>• कुखुरा व्यवसाय सङ्ख्या वृद्धि<br>• मासुजन्य जीव आयात वृद्धि | | |

## ख) मूल्याङ्कन

योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन र योजनाको कार्यान्वयनबाट योजनाबाट फाइदा पाउने अपेक्षित जनताले उपर्युक्त रूपमा फाइदा पायो पाएन भनेर गरिने अध्ययन विश्लेषणलाई योजनाको मूल्याङ्कन भनिन्छ । आवधिक योजना विभिन्न आयोजनाहरूको समष्टि पनि हो त्यसैले यो आफैंमा एक बृहद् कार्यक्रम समेत हो । यस मध्यमकालीन योजनाको मध्यावधि र पूर्ण अवधिको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९४ अनुसार गाउँपालिका तथा नगरपालिकाले योजनाको मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ ।

योजनाको मध्यमकालीन अवधिमा मूल्याङ्कन गर्दा निम्न कुरालाई ध्यानमा राखी मूल्याङ्कन विश्लेषण गर्नुपर्ने हुन्छः

- लक्ष्य र उद्देश्य हासिल गर्न उन्मुख रहे/नरहेको
- लगानी योजनाअनुरूप वार्षिक लगानीहरूनिर्देशित रहे/नरहेको
- उपलब्धिका लागि लक्ष्य लगायत कार्यक्रमहरूको परिमार्जन गर्नुपर्ने आवश्यकता रहे, नरहेको आदि ।


योजना अवधिको अन्त्यमा निर्धारित परिमाणात्मक तथा गुणात्मक लक्ष्य प्राप्तिको मूल्याङ्कन अन्तिमा रूपमा तेश्रो पक्षबाट गर्नु/गराउनु पर्ने हुन्छ। अनुगमन तथा मूल्याङ्कन र तर्कपूर्ण खाकासम्बन्धी विस्तृत व्यवस्थापनका लागि मार्गदर्शन राष्ट्रिय योजना आयोगबाट जारी गरिएको **अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन**लाई पनि उपयोग गर्न सकिने छ ।

# अनुसूचिहरु

## अनुसूचि १ : विश्वका केही विकास मोडलहरुको तुलनात्मक अध्ययन

विश्वका विभिन्न राष्ट्रहरूको तुलनात्मक अध्ययन गर्दा दोस्रो विश्वयुद्धपछि मात्र धेरै देशले एउटै पुस्तामा नाटकीय आर्थिक उपलब्धि हासिल गरेको पाइन्छ । माइकल स्पेंस नामका नोबेल पुरस्कार विजेताको अध्यक्षतामा गठित एउटा चर्चित (Growth Commission Report) ग्रोथ कमिसन रिपोर्टमा १३ देशलाई उच्च सफलताको कोटीमा राखिएको छ । ती देशहरू – जापान, कोरिया, थाइल्यान्ड, मलेसिया, इन्डोनेसिया, सिंगापुर, ताइवान, चीन, हंगकंग, ब्राजिल, ओमान, माल्टा र बोस्टसवाना हुन् । यी मध्ये ९ देश एसियामै छन् । ती मुलुकले २५ वर्षसम्म ७ प्रतिशत भन्दा माथिको आर्थिक वृद्धि दर हासिल गरे । दिगो र उच्च आर्थिक वृद्धिदरले यी राष्ट्रहरूलाई आर्थिक रूपले निकै माथि उठायो । यी राष्ट्रहरूको अनुभवले के देखाउँछ भने, विकासको उच्च स्तर प्राप्तिका लागि ७ प्रतिशत आर्थिक वृद्धिदरले करिब १० वर्षसम्म निरन्तरता पाउने हो भने जीडीपी दुई गुना हुन्छ र यो २५ वर्ष सम्म निरन्तर गर्यो भने एक पुस्तामै आर्थिक कायापलट हुन जान्छ । सफल यी १३ देशका पछाडि ५ साझा कुरा छन् स् त्यहाँको नेतृत्व र प्रशासन विकासप्रति प्रतिबद्ध थियो, निजी क्षेत्रलाई विश्व आर्थिक मञ्चमै व्यापार गर्न उतारियो, समस्टिगत आर्थिक स्थिरता कायम गरियो, उत्पादनशील साधन र स्रोतको बाँडफाँडको जिम्मा बजार अर्थतन्त्रलाई दिइयो र आन्तरिक लगानीका लागी नागरिक तहमा ठूलो बचत गराइयो (वाग्ले, २०१५) । संघीय शासन प्रणालीको शुरुआत पछि नेपालले द्रुततर आर्थिक विकासमा जोड दिएको छ । नेपालको नव निर्माण र द्रुततर विकासका लागि यी राष्ट्रहरूको अनुभव उपयोगि हुने भएकोले छोटो अवधिमा उच्चतम विकास हासिल गरेका केहि राष्ट्रको विकासको अनुभवलाई यहाँ उल्लेख गरिएको छ ।

### (क) एसियन टाइगर्स (Asian Tigers)




सन् १९६० को दशकको सुरुसम्म दक्षिण कोरिया, सिङ्गापुर, ताइवान र हङ्कङ अविकसित क्षेत्रको रूपमा थिए । यी मध्ये दक्षिण कोरिया र सिङ्गापुर सार्वभौम राष्ट्र हुन् । हङ्कङ पहिले बेलायतको र हाल चीनको शासन अन्तर्गत रहेको छ तर यस भूभागलाई केही हदसम्म राजनीतिक स्वायत्तता प्राप्त छ । ताइवान भने चीनमा सन् १९४९ मा सकिएको कम्युनिस्ट र कोमिन्ताङ पार्टीबीचको गृहयुद्धमा पराजित भएर भागेको पक्षले शासन गर्न थालेपछि तत्कालीन चीनको नियन्त्रणबाट अलग भएको भूभाग हो । बेइजिङ र ताइवानमा रहेका सरकार दुवैले आफूमा १९४९ अघिको चीनको स्वामित्व रहेको दाबी गर्छन् । तर यी चार देशहरूले लगभग पचास वर्ष भित्र इतिहासमा कमै देखिने एकै पुस्तामा तेस्रो विश्वबाट पहिलो विश्वमा आर्थिक विकासको लामो फड्को मारेको इतिहास छ ।

यी चार एसियाली टाइगर्सको विकासलाई बुझाउन माथिको चित्र उपयोगि हुन सक्छ जस्ले यो क्षेत्रको आर्थिक विकासको चरित्रलाई बुझ्न र यिनीहरूले अवलम्वन गरेको विकास मोडेलको सामान्य जानकारी लिन केही हदसम्म सघाउ पुयाउँदछ । भनिन्छ, आर्थिक विकासको मोडेलका प्रकारहरू विकास अर्थशास्त्रीहरूको सङ्ख्या जति नै छन् तर पनि यसलाई मूलतः रूपमा निम्न तीन समुहमा वर्गीकरण गरि विभाजन गर्न सकिन्छ रु बजार निदर्नेशित, हस्तक्षेपकारी र राज्य नियन्त्रित विकास मोडेल । विभिन्न राष्ट्रहरूले यी तिन मोडल वा आफ्नो देशको विशिष्ट परिस्थिति अनुकूल फरक प्रकारको विकास मोडेलको निर्माण गरि अघि वढिरहेका छन् ।

## (ख) दक्षिण कोरिया

दोस्रो विश्व युद्द पछि सन् १९४५ मा दक्षिण कोरिया जापानको शासनबाट स्वतन्त्र भयो । तर केही समयपछि नै ऊ अमेरिकाको नियन्त्रणमा आयो । त्यही समयमा भएको कोरियाली गृहयुद्धले यसको अवस्था अत्यन्त दयनीय अवस्थामा पुऱ्यायो । तीन वर्ष सम्म चलेको उक्त गृहयुद्धले दक्षिण कोरियाको तत्कालीन उत्पादन क्षेत्रको दुई तिहाइ हिस्सा नष्ट गराएको थियो । त्यो अवस्थादेखि हालको जी २० सम्मको दक्षिण कोरियाको उदय र विकासलाई मुख्यतः चार चरणमा वर्गीकरण गर्न सकिन्छ ।

दक्षिण कोरियाको विकासको सुरुवात त्यहाको प्रथम राष्ट्रपतिको कार्यकालबाट सुरु भएर पार्कको शासनको प्रारम्भसम्म भएको मान्न सकिन्छ । विकासको पहिलो चरणमा युद्धको विनासबाट उठ्नका लागि केहि विशेष कार्यक्रमहरूको छनौट गरिएको थियो । त्यो समयमा यहाको कुल राष्ट्रिय उत्पादनको १५.९५ प्रतिशत हिस्सा अमेरिकी सहायताले ओगट्ने गर्दथ्यो । यो हिस्सा सबैभन्दा उच्च सन् १९५७ मा २२.९५ प्रतिशत सम्म पुगेको थियो । यो समयमा कोरियाको विकास एकदमै धेरै मात्रामा अमेरिकी सहायतामा निर्भर थियो । यो अवधिमा सरकारले मजदुर सङ्गठनमाथि निषेध गर्नुका साथै उग्र कम्युनिस्ट विरोधी कार्यक्रमहरू सञ्चालन गर्दै मजदुरहरूको ज्यालादर सस्तो बनाउने निति अख्तियार गर्यो जसले औद्योगिक लगानीकर्तालाई प्रोत्साहित गऱ्यो र तिव्रतर आर्थिक वृद्धिमा सहयोग पुऱ्यायो ।

पार्क चुङ्ग हीले सन् १९६१ मा कू गरे पछिको अवधिलाई दोस्रो चरणको सीमा मान्न सकिन्छ । यो चरण सामान्य खालको उद्योगको विस्तार र निर्यात केन्द्रित उद्योगको विकासमा केन्द्रित थियो । युद्धबाट तङ्ग्रिएको र अमेरिकी सहायता माथिको निर्भरता निक्कै कम भइसकेको यस अवस्थामा कोरियाली अर्थतन्त्रले आफ्नो सस्तो श्रमको उपभोग गरेर हल्का औद्योगिक सामग्री उत्पादन गर्न थाल्यो । यही अवधिमा दक्षिण कोरियाले बजार निर्देशित र अझ हस्तक्षेपकारी आर्थिक मोडेल छाडेर राज्य नियन्त्रित विकास मोडेल प्रयोग गर्न थालेको थियो । सन् १९६२ मा कोरिया सरकारले पहिलो पञ्च वर्षिय आर्थिक विकास योजना अगाडि सार्‍यो जसले लगानी बढाउने, औद्योगिक संरचना निर्माण गर्ने र व्यापार सन्तुलन कायम गर्ने जस्ता स्पष्ट रूपमा बृहत अर्थशास्त्रीय विकास लक्ष्यहरू अगाडि सारियो जसले त्यहाँको अर्थतन्त्रमा आमुल सुधार ल्याउनुका साथै विकास प्रक्रियामा तिव्रता लियो ।

राष्ट्रपती पार्कका विभिन्न आर्थिक रणनीतिहरू मध्ये 'सेमाउल उन्दोङ' एक अत्यन्त सफल कार्यक्रम हो । गाउँको विकास भए मात्र देशको विकास हुन्छ भन्ने मान्यता राख्ने यो अभियानको मुख्य लक्ष्य गरीब जनतालाई धनी बनाउनु र गाउँको समग्र विकास गर्नु थियो । कोरियन भाषामा 'से' 'नयाँ', 'माउल' 'गाउँ' र 'उन्दोङ' भन्नाले 'अभियान' भन्ने बुझिन्छ । अथवा 'सेमाउल उन्दोङ भन्नाले नयाँ सामुदायिक अभियान भन्ने बुझिन्छ । यो अभियानको प्रर्वतक समाज सुधारक किम योङ की हुन् । उनले सन् १९६२ देखि यो अभियान संचालन गर्दै आएका थिए । किमले **'काम नगर्ने भए खाना नै नखाउ'** भन्ने नाराका साथ यो अभियान सञ्चालन गरेका थिए । सेमाउल उन्दोङ सुख एवम् सम्वृद्धिका लागि सञ्चालन गरिएको एक अभियान हो जस्ले गरिबी निवारण गर्ने, सबैले राम्रो शिक्षा, खाना र लुगा लगाउन पाउने र सुरक्षित तथा सुविधाजनक घरमा बस्न पाउन भन्ने उद्देश्य राखेको थियो ।

किमको यो अभियानले ‘ग्रामीण जनतालाई आत्मनिर्भर बनाउने र देशको बिकासमा टेवा पुर्याउँछ’ भन्ने बुझेका दूरदर्शी सैनिक शासक पार्कजुङ हीले सबै जनतालाई यो अभियानमा सामेल हुन अव्हान गरे । उनले सन् १९७० अप्रिल २२ मा यो अभियानलाई सरकारी रणनीतिको रूपमा मान्यता दिए । सरकारी कार्यक्रमको मान्यता पाए पछि यो कार्यक्रमले नयाँ सामुदायिक अभियान सहित सहयोग र आत्मनिर्भरताको भावनाका साथ हाम्रो गाउँको सुधार र आधुनिकीकरण हामी आफैं गर्न सक्छौ भन्ने भावनालाई आत्मसात गर्दछ । कोरियालि सरकारले अभियानलाई कार्यान्वयनमा ल्याउदैं उन्नत गाउँ निर्माणको निम्ति ‘दश परियोजना’को कार्यसम्पादन निर्देशिका जारी गरेर ३३ हजार २ सय ६७ गाउँमा लागु गर्दै सामुदायिक विकासका लागि जिन्सी सहायता दिन शुरु गरेको थियो । जसअन्तर्गत, सरकारले हरेक गाउँमा ३ सय ५५ बोरा सिमेन्ट र ५ सय केजी रड बाँड्न शुरु गर्‍यो । अर्कोतिर सरकारी कर्मचारी, विचारक, सामुदायिक अभियानका र निजी क्षेत्रका अगुवालाई तालिमको व्यवस्था गर्‍यो । कर्मचारीलाई भ्रष्टाचारी भावनाबाट टाढा रहन **‘सुनलाई ढुंगा जस्तै देख’** लेखिएको ‘हरियो टाई’ वितरण गरिएको थियो । यो अभियानले नागरिकलाई समाजप्रति समर्पित हुने अगुवा नेतृत्व तयार पार्‍यो । यसैको शिक्षाले सदस्यहरूलाई स्वतःस्फूर्त जग्गादान, श्रमदान, सामग्री दान गर्ने उत्प्रेरणा प्रदान गर्‍यो । नयाँ सामुदायिक अभियान लागु भएका गाउँले जनताको आय विस्तारै बढ्न थाल्यो । यो क्रम ४ वर्ष पुग्दा ग्रामीण जनताको आय बढेर शहरी परिवारको आयभन्दा बढी हुन पुग्यो । यो कार्यक्रमले गाउको विकास र स्वाधिन अर्थतन्त्रको निर्माणमा कोशे ढुगा सावित भयो (सम्बाहाम्फे, २०७४) ।

सन् १९७४ मा आइ पुग्दा शहरी भन्दा ग्रामीण जनाताको आय बढ्यो जस्को कारण के थियो भने सेमाउल उन्दोङ लागु भएको हरेक गाउँ वा इकाईमा कृषिमा आधारित एक सेमाउल उद्योग अनिवार्य खोल्नुपर्ने शर्त थियो । यस्ता उद्योगले गाउँको आय बढाउने काम गर्यो भने रोजगारीको अवसरहरूपनि प्रशस्तै सिर्जना गर्यो । उक्त अभियान शहरमा पनि लागु गरि औद्योगिक क्षेत्रहरूको विकास तीव्ररूपमा हुन गयो । शहर केन्द्रित उद्योगहरूको विकास हुँदा पनि सरकारले उद्योगको (Semi-product) सेमी प्रोडक्ट सम्बन्धी कम्पनीहरूबढी गाउँमै स्थापना गर्ने नीति लियो । यो नीतिले गाउँ र शहरलाई जोड्ने र गाउँको विकास र रोजगारीमा टेवा पुर्याउने काम गर्यो । सन् १९७० मा ८३ करोड डलर निर्यात गरेको कोरियाले यो अभियानको सफलताकै कारण सन् १९८० सम्म आइ पुग्दा कोरिया एक औद्योगिक राष्ट्रका रूपमा दर्ज हुन पुग्यो । त्यस्तै गरि १९८० मा १७ अर्ब डलरको उत्पादन निर्यात गर्यो । यो अभियान शतप्रतिशत सफल हुनको कारण, यसमा गाउँलाई ४० र ५० घरको सानो भन्दा सानो इकाइमा विभाजन गरियो र प्रत्येक निर्णायक कार्यक्रममा सबै घरका प्रतिनिधिलाई राय व्यक्त गर्ने सुविधा दिइयो । यो इकाइले जे चाहन्छ, त्यसैमा परियोजना सञ्चालन गर्ने गरियो । यस्तो इकाईले एकातिर समुदायमा भावनात्मक एकताको बिकास गर्यो भने अर्कोतिर निर्णय गरिएका योजनाहरूमा असन्तुष्टि र असहमति भन्ने प्रश्न नै उठ्न पाएन । यो अभियान सफल हुँदै गएपछि गाउँ ईकाईहरूले तर्जुमा गरेका परियोजनामा सरकारले ५० प्रतिशत ऋण, ३० प्रतिशत अनुदान र २० प्रतिशत समुदायको लगानी हुने व्यवस्था गर्यो । यो मोडेललाई केही वर्षमै राष्ट्रव्यापी गरियो । त्यस्तै अर्को महत्वपूर्ण कुरा, सरकारले समय सापेक्ष कृषीमा आधुनिकिकरण गर्यो । यसका लागि कृषी विज्ञलाई देशभर परिचालन गरेर कृषी तालिम प्रदान गरियो । यसले कृषिमा व्यापक आधुनिकीकरण गर्‍यो जसको कारण अहिले कोरिया २ देखि ३ प्रतिशत कृषककै उत्पादनले खाद्यान्नमा आत्मनिर्भर बनेको छ । यो अभियान कुनै समय भोक, रोग र बेरोजगारीले तड्पिएका कोरियाली किसानका लागि सफलताको मन्त्र बन्यो (सम्बाहाम्फे, २०७४) । यो अभियानवाट नेपालले प्रशस्त शिक्षा लिन जरुरी देखिन्छ ।

त्यस्तै गरि उनले निर्यातबाट कमाइ भएको लगानी उच्च प्रविधिहरू र मेसिनहरूमा लगानी गरे । यी सामग्री अर्को चरणको विकासका लागि आवश्यक हुन्थ्यो । त्यस अतिरिक्त त्यो समयमा पार्कको सरकारले विदेशी सामग्रीहरूमा भन्सार कर बढाएर स्वदेशी उद्योगहरूलाई अनुदान दिएर ठूला उद्योग विकास गर्न सहयोग गरेको थियो । यसले दक्षिण कोरियालाई तेस्रो चरणमा ल्याइपुऱ्यायो । पार्कको दोस्रो पञ्च वर्षीय योजनामा यसको प्रत्यक्ष्य प्रभाव देख्न सकिन्छ । उनले ठूला र रासायनिक उद्योग खोल्नेलाई सहयोग गर्ने नीति लिए । यो चरण कोरियाको विकास चरणको सबैभन्दा लामो अवधि रह्यो । यो चरणमा वैदेशिक पूँजीमा नियन्त्रण भए पनि सरकारको निगरानीमा यसलाई भित्र्याइयो । यो अवधिमा निर्यात वार्षिक रूपमा ३५.२५ दरले वृद्धि भयो । सन् १९९० को दशकमा दक्षिण कोरियाली अर्थतन्त्रमा उलेख्य परिवर्तनहरू देखिए । यही समयमा देशले विकासको चौथो चरणमा आइपुग्यो । यो अवधि उच्च प्रविधिको उद्योगको रह्यो । सन् १९८८ मा द. कोरियाले गर्ने निर्यातमा १५.५ प्रतिशत हिस्सा मात्र उच्च प्रविधिको सामग्री हुन्थ्यो । त्यसपछिको हरेक वर्ष यसमा लगभग शत प्रतिशतले वृद्धि भएको छ । कोरियाली सामग्रीको अन्तर्राष्ट्रिय बजारमा बढेको माग र घरेलु उपभोगमा भएको उच्च वृद्धिका कारणले कोरियाले परिपक्व र सम्पन्न राज्यका रूपमा स्थिरता प्राप्त गऱ्यो । यसले कोरियाली समाजको हरेक तप्काको जीवन स्तर बढायो । कोरियाली इतिहासमा दोस्रोदेखि चौथो चरणसम्म स्थिर रूपमा उच्च आर्थिक वृद्धि देखियो । सन् १९६२ देखि १९९५ सम्म दक्षिण कोरियाले औषतमा वार्षिक १०५ प्रतिशत आर्थिक वृद्धि दर हासिल गऱ्यो (उप्रेती, २०७५) । यसर्थ , कोरियाली विकास मोडल विश्वकै उत्कृष्ट आर्थिक विकास मोडलको रूपमा स्थापित हुन पुग्यो ।

### (ग) सिङ्गापुर

विश्वको प्रमुख औद्योगिक देश सिङ्गापुर, चार एसियाली टाइगर्समा सबैभन्दा प्रजातान्त्रिक मुलुक हो । एक बेलायतीको कूटनीतिज्ञको शब्दमा ली क्वान युको अद्भूद नेतृत्वमा यो राज्यमा 'राजनीति हराएर' पूरै राज्य नै एक 'प्रशासनिक एकाई'मा बदलिएको थियो । सन् १९६५ मा मलेसियाबाट मन नलागी नलागी स्वतन्त्रता स्वीकारेपछि लीले सन् २०११ मा सन्यास नलिएसम्म सिङ्गापुरको राजनीतिलाई 'नरम निरंकुशता' सहित नियन्त्रणमा राखे । यो अवधिमा सिङ्गापुरले अभूतपूर्व आर्थिक विकास गर्नुको साथै विश्व रंगमन्चमा आफुलाई एक सम्वृद्धशाली राष्ट्रको रूपमा स्थापित गराउन सफलता हासिल गऱ्यो । सिङ्गापुरको विकासले दक्षिण कोरिया र ताइवानको भन्दा फरक बाटो लिएको छ । उसलाई युद्धबाट राज्यलाई पुन:निर्माण गर्ने चुनौती थिएन तर यो सहरी राज्यले आफूसँग आफ्ना नागरिकलाई खुवाउन पुऱ्याउन सक्ने जमिनसमेत थिएन । राज्यका लागि आवश्यक खाद्दान्न र पानी समेत छिमेकी मुलुकवाट आयात गरेर आपुर्ती गर्ने सिङ्गापुरले यो अवस्थामा सुधार ल्याउनका लागि राज्यलाई निर्यात मुखी सामानय उद्योगहरूको विकासलाई जोड दिने निति अख्तियार गऱ्यो । सिङ्गापुरले आफ्नो स्थानीय तहमा रहेको प्राविधिक र व्यवस्थापकीय ज्ञानको अभावलाई अन्तर्राष्ट्रिय संस्थाहरूलाई आकर्षित गरेर सरकारी अनुगमन सहित पूरा गयो । सन् १९७० को दशकसम्म सिङ्गापुरको अर्थतन्त्रको संरचनामा उलेख्य परिवर्तन आयो जस्ले निर्माण उद्योग र ठूला उद्योगहरूको स्थापनामा विशेष जोड दिएको थियो । कतिपय विद्वानहरूले यो परिवर्तनलाई चीनमा देङको सुधारपछि आएको परिवर्तनको विरुद्दमा चिनलाई चुनौती दिन थालिएको कदमको रूपमा उल्लेख गर्दछन ।

सन् २००० मा लि क्वान युको किताब 'फ्रम थर्ड वर्ल्ड टु फष्ट रु द सिंगापुर स्टोरी १९६५( २००० (From third world to first: The Singapoore Story) प्रकाशित भयो । विश्व पुस्तक बजारमा 'वेष्टसेलर' रहँदै आएको यो किताबको प्रारम्भ गर्दै लि क्वान यु लेख्छन 'घर कसरी बनाउने, इन्जिन कसरी मर्मत गर्ने, किताब कसरी लेख्ने भनेर तपाई सिकाउने पुस्तकहरूपाइन्छन् । तर चाइना, व्रिटिस इन्डिया र डच इस्ट इन्डिजबाट बाहिर छरिएर संकलित भएका आप्रवासीहरूले राष्ट्र कसरी निर्माण गर्ने, क्षेत्रीय व्यापारिक केन्द्रको पुरानो आर्थिक भूमिका गुमाएर मृतप्राय: बनिरहेका जनतालाई कसरी जिवन्त बनाउने भनेर सिकाउने पुस्तक मैले कतै देखिनँ ।' त्सैले यो कितावको लेख्ने आवश्यकता रहेको हो ।

यो कितावले मुलत निम्न २ वटा तथ्यहरूमा जोड दिएको छ ।

१. कुनै पनि राष्ट्र निर्माणको बनिबनाउ मोडेल हुँदैन । त्यो अरु कसैले सिकाउन सक्दैन । स्वयं त्यो देशका जनता वा नीति निर्माताले आफै पत्ता लगाउन सक्नु पर्दछ ।

२. राष्ट्र निर्माणको मोडेल तयार गर्दा मुख्य ३ वटा तत्वहरूलाइ हेर्नु पर्दछ रु जनसंख्या संरचनाको ऐतिहासिकता, भूराजनीति र आर्थिक संभावना ।

पुस्तकको यो प्रारम्भीक वाक्यलाई उपसंहार खण्डको अर्को एक वाक्यसंग जोड्नु उचित हुन्छ । उनी लेख्छन 'हामी कामबाट सिक्थ्यौं, छिटटै् सिक्थ्यौं । हाम्रो सफलताको एउटा मात्रै सुत्र थियो, कसरी चिजहरूलाई बढी कामकाजी बनाउने भनेर, तिनीहरूलाई अझ राम्रो कसरी बनाउने भनेर निरन्तर अध्ययन गर्थ्यौं । म कहिल्यै कुनै सिद्धान्तको बन्दी बनिनँ । मलाई कारण र यथार्थहरूले मात्र मार्गदर्शन गर्न सके, सिद्धान्तले हैन । कुनै पनि सिद्धान्त, योजना वा सोचले राम्रो काम गर्छ, गर्दैन भन्ने 'एसिड टेष्ट' (द्रूत जाँच ) गर्थें । यदि कुनै चिजले राम्रो काम गर्दैनथ्यो वा कमजोर परिणाम दिन्थ्यो भने त्यस्तो चिजमा म थप समय र स्रोत खर्चिन्नथें ।' (खतिवडा, २०७६)

सिङ्गापुरको आर्थिक सम्वृद्धिमा निम्न सिद्दान्तहरूको महत्वपुर्ण भूमिका रहेको पाइन्छ ।

**क. खुला वजार सिद्दान्त (Free Market Principles) :** सिङ्गापुरले पूँजिवादी आर्थिक सिद्धान्तलाई आफ्नो विकासको मुख्य सिद्धान्तको रूपमा अवलन्वन गरिरहेको छ । जस अर्न्तगत निम्न सिद्धान्तहरू पर्दछन ।

- श्रम वजारको व्यवस्थापन (Labor Market)
- उत्तरदायी कर्मचारीतन्त्र (Accountable Bureancracy)
- न्युन कर दर (Low Tax Rates)
- न्युन सरकारी खर्च (Government Expenditure)

**ख. समाजवादी सिद्दान्त (Socialistic Principles) :** सिङ्गापुरले समाजवादी आर्थिक सिद्धान्तलाई पनि त्यत्तिकै जोड दिएको छ जस अर्न्तगत निम्न सिद्धान्तहरू पर्दछन ।

- सार्वजनिक घरहरूको निर्माण (Public Housing)
- सार्वजनिक स्वास्थ्य सुविधा (Public Healthcare)

यी दुई सिद्धान्तहरूलाई अवलम्वन गर्दै सिङ्गापुरले विकासमा उच्च सफलता प्राप्त गरेको थियो । विकासको अन्तिम चरण उच्च प्रविधिको उद्योगको स्थापना सँगै अन्त्य भएको थिएन । बरु सिङ्गापुरलाई दक्षिणपूर्वी एसियाको आर्थिक र वित्तीय केन्द्रका रूपमा विकास गरेर अगाडि वढेको थियो । उच्च प्रविधिको उद्योगमा झैं व्यापार, आयात सुधार र वित्त सबैमा सीपयुक्त श्रमिकको आवश्यकता पर्छ । सिङ्गापुरको अवस्थिति र पछिल्लो समयको आर्थिक उदारीकरणले यी उच्च स्तरका उद्योगलाई निकै सहयोग गऱ्यो । यसले सिङ्गापुरलाई अन्ततः ताइवान र दक्षिण कोरियाजस्ता उच्च प्राविधिक राष्ट्रको समकक्षमा राखिदियो । राज्यको केन्द्रीय कोषले ठूलो उद्योगका लागि आवश्यक पूर्वाधार निर्माणमा गरेको सहयोग र ली क्वान युको आर्थिक र राजनीतिक दुवै क्षेत्रमा प्रभुत्वले गर्दा सिङ्गापुरको विकासमा सरकारको भूमिका सवैभन्दा महत्वपूर्ण देखिन्छ जसलाई नेपाल लगायत अन्य राष्ट्रहरूले पनि प्रेरक उदाहरणको रूपमा लिन सक्दछन् ।

## (घ) ताइवान र हङ्कङ्

हाल चिनको स्वशासित क्षेत्रको रूपमा रहेको ताइवानको कथा पनि कोरियाको जस्तै छ । ताइवानको प्रारम्भ दक्षिण कोरियाको अवस्थाभन्दा दयनीय थियो । ताइवानको कथा पनि युद्धको समाप्तीबाटै सुरु हुन्छ । तर ताइवान आफै भने सो युद्धबाट त्यति प्रभावित भएको थिएन । चिनियाँ गृहयुद्ध मुख्य त मूलभूमि चीनमा लडिएको थियो । तथापि दोस्रो विश्वयुद्धसम्म यो पनि जापानको अधीनमा थियो । त्यो अवधिमा त्यहाँ कृषिमा केही सुधारका काम भएका थिए । त्यतिवेला सम्म यो टापु विशेष धान, उखु र भुइँकटर र केही कपडा उद्योगको अवस्थामा मात्र सिमित थियो । यसको साथै कृषि र माछापालनले यो भूगोलको कूल ग्राहस्थ उत्पादनको एक तिहाइ भाग ओगटने गर्दथ्यो ।

प्रारम्भमा च्याङ काइ सेकको सरकारले राज्यलाई अनुदानमा चलाउने खालको नीति लिएपछि सन् १९५० को दशकमा अमेरिकाले ताइवानलाई दिइरहेको अनुदान रोक्ने चेतावनी दियो । त्यसपछि राष्ट्रपति चियाङ र उनको कोमिन्ताङ पार्टीले कोरियाले लिएको जस्तो औद्योगिकीकरणको योजनाहरू अघि सारे । औद्योगिकीकरणले कृषिको कुल ग्राहस्थ उत्पादनमा रहेको योगदानलाई ७५ प्रतिशतमा मा झऱ्यो । कोरियामा जस्तै ताइवानले पनि प्रारम्भमा सामान्य खालको उद्योगमा विकास गऱ्यो । तर यहाँ भने कोरियामा भन्दा अलि लामो सयम सन् १९८० को दशकसम्म यी सामान्य खाले उद्योगहरूको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका रह्यो । त्यसपछि यहाँ ठूला उद्योगहरूको स्थापनाको सुरवात भयो । सुरुमा विशेषत स्टिल, विद्युतीय र पेट्रोलियम उत्पादनसम्बन्धी उद्योग खोलिए । ताइवानले वैदेशिक लगानी आकर्षणका लागि केही सरकारी उद्योगहरू निजीकरण गरेको भए पनि अधिकांश ठूला उद्योगहरू सरकारको नियन्त्रणमै राख्यो । च्याङले यिनै उद्योगहरूको बलमा चिनियाँ मूलभूमि पुनः कब्जा गर्ने सोचेका थिए ।

राज्यले अर्थतन्त्रमाथिको नियन्त्रण बलियो वनाउने निति लिएको थियो । वैदेशिक विनिमयमा नियन्त्रण, आयातमुखी उद्यमलाई सरकारी प्रोत्साहन गर्ने नीति, राज्य नियन्त्रित संस्थामार्फत नै कच्चा पदार्थको माग पुऱ्याउने जस्ता कदममार्फत सरकारले अर्थतन्त्रमा नियन्त्रण कायम गरिरहेको थियो । ताइवानले आफ्नो अर्थतन्त्रको परिपक्वता कोरियालेझैं उच्च प्राविधिक विकासमा पुगेर सम्पन्न गऱ्यो । सन् १९७० को दशकमा उच्च शिक्षित जनशक्तिको विकासको कारणले ताइवानको श्रमिकको ज्याला बढेको थियो । त्यसै अवधिमा चीनमा भएको आर्थिक विकास र त्यहाँको सस्तो श्रमको कारणले भएको उत्पादन सँग ताइवानले प्रतिस्पर्धा गर्न नसक्ने अवस्थाको सिर्जना भयो । त्यसपछि ताइवानले उच्च मूल्यका वस्तुको उत्पादन र सेवामा ध्यान स्थानान्तरण गऱ्यो । सरकारले मुख्यतः निर्यातमुखी आर्थिक संरचना, उच्च प्रविधि र उच्च सीपका उद्योगमा स्तरोन्नति गर्ने निर्णय गऱ्यो । त्यसपछि ताइवानको पहिचान बनेको सूचना प्रविधि र सेमी कन्डक्टर जस्ता अन्य महत्वपूर्ण प्राविधिक उद्योगको विकासमा राज्यको भूमिका महत्वपूर्ण रह्यो । ताइवानले दुई विषय बाहेक

लगभग कोरियाको विकास परिपथ नै पछ्याएको देखिन्छ । दक्षिण कोरियासँगको उसको पहिलो फरक सन् १९८० को दशकसम्म ताइवानको अर्थतन्त्रमा कपडा उद्योगजस्तो हलुका उद्योगको महत्वपूर्ण भूमिका देखिन्छ जुन कोरियाली अर्थतन्त्रमा छोटो समय मात्र रहेको थियो । त्यस्तै ताइवानको सन्दर्भमा अनुदान रोक्ने धम्की नआएसम्म नेतृत्व पहिलो चरणमा रमाइरहेको थियो जबकी द. कोरियामा नेतृत्व आफैले आत्मनिर्भर हुने रणनीति लिएको थियो । (उप्रेती, २०७५)

हङ्कडको विकास धेरै अर्थमा ताइवानको जस्तै रह्यो । बेलायतको अधिनमा रहेको हङ्कङ चीनको मातहतमा गएपनि हङ्कडको अर्थतन्त्र पुँजिवादी चरित्रको नै रहेको छ । त्यसो हुनुको पछाडि हङ्कङ अगाडि देखि नै औद्योगिकीकरणको चरणमा गएको थियो । अन्य तीन राष्ट्रहरूले सन् ६० को दशकमा विकास सुरु गरेका हुन् भने हङ्कडमा सन् १९५० को दशकमै विकास प्रारम्भ भइसकेको थियो । सिङ्गापुरसँगको अन्य समानतामा हङ्कङले पनि जग्गा अभावका कारण अन्न आयात गर्नुपर्थ्यो । उसलाई यसबाट भएको व्यापार असन्तुलनलाई सन्तुलनमा ल्याउनु थियो । त्यसका साथै अन्य राष्ट्रहरू जस्तै हङ्कङ पनि औद्योगिकीकरणको चरणपछि उच्च प्राविधिक विकास भन्दा व्यवसायिक केन्द्रका रूपमा विकास भयो (उप्रेती, २०७५) । हाल सम्म पनि हङ्कङ चिनको मातहतमा रहेको एक विश्व प्रसिद्ध औद्योगिक क्षेत्र र अर्न्तराष्ट्रिय वजारको रूपमा विश्व प्रसिद्ध रहेको छ ।

### (ङ) मलेसिया

उपनिवेश हुँदै स्वतन्त्रताको लडाई जितेर विकासको पथमा लम्किएको मलेसिया आजसम्म आइपुग्दा विश्वको ध्यान आकर्षित गर्ने देश बन्न सफल भएको छ । विदेशी लगानी भित्र्याएर बनेको मलेसियाले हालका दिनमा लाखौ विदेशी कामदारलाई रोजगारी दिएको छ र आर्थिक विकासमा थप शसक्त ढंगले लागिपरेको छ । व्यवस्थित सहरीकरण र सडक सञ्जाल, गगनचुम्बी भवन, स्वस्थ्य र हराभरा वातावरणका साथै राज्य सञ्चालनमा अपनाइएको 'सिस्टम'ले विश्वको ध्यान मलेसियातर्फ तानिएको छ । ४० वर्षको मेहनत र योजनाबद्ध सक्रियतामा तत्कालीन मलेसियन प्रधानमन्त्री महाथीर महम्मदले जसरी मलेसिया बनाउने काम गरे नेपालजस्ता विकासशि ल मुलुकमा पनि राजनीतिक इच्छाशक्ति हुने हो भने विकास गर्न कुनै कठीन हुने रहेनछ भन्ने बुझ्न सकिन्छ । आफ्नै विकासको मोडल, सभ्यता, इतिहास, संस्कृति, सहनसहन बोकेको मलेसियामा पर्याप्त पर्यटकीय स्थल रहेकै कारणले गर्दा बर्सेनी २५ मिलियनबढी पर्यटक मलेसिया पुग्ने गर्छन् । पर्यटकहरूको ओइरो लाग्ने मलेसियाको कूल ग्राहस्थ उत्पादनको महत्वपूर्ण हिस्सा पर्यटन क्षेत्रले ओगटेको छ । मलेसियाको विकास, तिव्रतम प्रगति र पर्यटन लोभ्याउने गन्तब्यले होटल व्यवसाय, स्थानिय उत्पादन र स्थानिय वजार निकै फस्टाएका छन् । (सिग्देल,२०१९)

नेपाल उद्योग वाणिज्य महासङ्घको आयोजना तथा नेपाल सरकारको सहआयोजनामा भर्खरै नेपाल बिजनेस कन्क्लेभ (Business conclave) सम्पन्न भएको छ । यस कनक्लेभको विशेषता भूतपूर्व मलेसियाली प्रधानमन्त्री महाथिरको सहभागिता एवं सम्मेलनमा उहाँले प्रस्तुत गर्नुभएको विकासको मोडेल नै रह्यो । आफ्नो प्रस्तुतिमा उहाँले दोस्रो विश्वयुद्धपछि उहाँको सरकारले सर्वप्रथम गरीब र धनीबीचको खाडल घटाउने योजना बनाएर भूमिहीनहरूको लागि भूमि वितरण कार्यक्रम अगाडि सारेको बताउँदै खेतीयोग्य जग्गाको कमीले यो कार्यक्रमले पूर्ण लक्ष्य प्राप्त गर्न नसकेकोले पुन सरकारले औद्योगीकरणको नीति अख्तियार गरेको खुलासा गर्नुभएको थियो । त्यस बेला मलेसियासँग औद्योगीकरणको लागि अनुभव नभएकोले विदेशी लगानीकर्ताहरूलाई रोजगारी सिर्जना गर्ने खालको उद्योगहरूमा लगानी गर्न निम्त्याएको स्मरण गर्दै यसबाट रोजगारीमा आमजनताको पहुँच बढ्नुको साथै शिक्षित श्रमिक उत्पादन गर्न शिक्षामा लगानी बढाउनुपरेको थियो, जसबाट शिक्षित बेरोजगारीको समस्या समेत हल हुन पुगेको थियो । उहाँले आफ्नो सरकारले राजस्वभन्दा रोजगारी सिर्जनालाई प्रमुख लक्ष्य बनाई हिंडेकोले आज मलेसिया औद्योगिक मुलुकको पङ्क्तिमा उभिएको मन्तव्य व्यक्त गर्नुभएको थियो ।

तानाशाहको नाम दिइएका उनले मलेसियामा १९८१ देखि २००३ सम्म अर्थात् २२ वर्ष शासन गरे र यस अवधिमा मलेसियाको आर्थिक वृद्धिदर औसत १० प्रतिशत रह्यो भने जीवनस्तरमा २० गुणाले सुधार भयो । यस्तो कसरी भयो भन्नेबारे आफ्नो अनुभव सुनाउँदै उहाँले भन्नुभयो- मलेसियामा पनि १४ वटा पार्टी थिए । तर विकासको लागि राजनैतिक स्थिरता र व्यापार अनुकूल नीति नियमको आवश्यकता पर्दछ । हामीले यसलाई पूरा गर्दै गयौं र अन्तत देशको राजस्व बढ्न थाल्यो जसबाट हामीले आधारभूत आवश्यकता पूरा गर्दै सबै जनताको जीवनस्तर उकास्न सक्यौं । मलेसियाका डा. महाथिर मोहम्मदको योगदानलाई उच्च मुल्याङ्कन गर्दै मलेसियाली जनताले हालै ९५ वर्षको उमेरमा विश्वकै सबैभन्दा जेष्ठ प्रधानमन्त्रीमा निर्वाचित गराएका छन् । अन्तर्राष्ट्रिय जगतमा थुप्रै युग नायक छन जसले विकास, समृद्धि र सुशासनमा कोसेढुंगाका रूपमा आफूलाई स्थापित गराएर जनताको मानसपटलमा चिरस्थायी बास बस्न सफल भए । महाथिर मोहम्मदको लोकप्रियता कुनै वाद र सिद्धान्तको उपज होइन, गरिबी कायापलट गरेर विकसित मलेसिया बनाउन उनले खेलेको योगदानको परिणाम हो (गुप्ता, २०१४) ।

मलेसियाको हाल सन्चालित ११ औ पन्चवर्षिय योजनाले (२०१६-२०२०) समावेशिकरण, जनजिवनमा व्यापक सुधारको कार्यक्रम, आय र भौतिक पुर्वाधारमा जोड दिने र धनी गरिव विचको भिन्नता कमगर्ने निति अगडि सारेको छ । मलेशियाले वैदेशिक लगानी भित्र्याउने निति, प्रविधि र सुचना प्रसार गर्ने र मानविय पुँजिको अभिवृद्धि गर्ने कार्यक्रमहरूमार्फत द्रुततर विकास गर्ने लक्ष्यलाई प्राथमिकता साथ अघि सारेको छ । नेपालको लागि पनि यो मोडेल अत्यन्त उपयोगी हुन सक्ने सन्देश दिंदै नेपालले विकासको लक्ष्य निर्धारण गर्दा रोजगारी सिर्जनालाई प्राथमिकता दिएर उपयुक्त र स्थायी वातावरण दिन सकेमा नेपालले पनि विकास गर्ने प्रचुर सम्भावना रहेको धारणा राख्नुभएको थियो । मलेसियाको यो उदाहरणवाट एक व्यक्तिको दुरदर्शि नितिले राष्ट्रको मुहार फेरिन सक्छ भन्ने शिक्षा लिन सकिन्छ ।

### (च) स्विजरल्याण्ड

जनसंख्या र क्षेत्रफलको आधारमा स्विजरल्याण्ड नेपाल भन्दा साँढे तिन गुणाले सानो देश हो । जन घनत्वको हिसाबले नेपाल र स्विजरल्याण्ड उस्तै देश हुन् । दुवै देशमा १ बर्ग किलोमिटरमा १९८ जना बसोबास गर्दछन । स्विजरल्याण्डमा ८४० मिटर देखि ४६३४ मिटर मात्र अग्ला ४५१ साना हिमालहरूछन् । प्रत्येक साना हिमालको पनि नामकरण गरिएको छ । यी सबै हिमालमा पर्यटकलाई खुल्ला गरिएको छ । हिमालमा धुवाँ रहित रेल र केबलकार संजालले सबै प्रकारका मानिसलाई भ्रमण गर्न सम्भब बनाएको छ । स्विजरल्याण्डमा बार्षिक पर्यटकको संख्या २ करोड छ र पर्यटनबाट मात्र रु ४० खर्ब भन्दा बढी आम्दानी हुने गरेको छ । नेपालमा पनि सबै चुचुरालाई नामाकरण गर्नु, पर्यटनका लागि खुला गर्नु , हिमालका निश्चीत उचाइ सम्म पर्यटन पुर्वाधारको विकास गर्न जरुरि छ, सयौं हिमाल हामी सँग छन् तर हालसम्म सम्पूर्ण हिम चुचुराहरूको नामाकरण गरिएको छैन र पर्यटनका लागि खुल्ला समेत गरिएको छैन ।

स्विजरल्याण्डको संघीय प्रणालीमा १३ वटा क्यान्टोन वा प्रदेशहरूछन् । असंलग्न पररास्ट्र नीति , कडा कानुन, द्रुत विकास, राष्ट्रिय सुरक्षा र राष्ट्रिय अर्थतन्त्र चाही स्विसहरूको राजनीतिक प्राथमिकतामा पर्दछन । स्विजरल्यान्डको सफल संघीय प्रयोगले के देखाउँछ भने राज्य बलियो हुनको निम्ति त्यस राज्यका जनता बलियो हुनुपर्ने रहेछ । जनता बलियो हुन तीनवटा कुरामा राज्यले जनतालाई हेरेको हुनुपर्छ र **जनताको स्वास्थ्य, सामाजिक सुरक्षा र शिक्षा** । स्विजरल्याण्डले यी तिनै कुराहरूमा जोड दिने गरेको छ र यी तिनै कुरामा जनतालाई सुविधा दिने राष्ट्रहरूको अग्र पङ्तीमा पर्दछ । स्विसहरू आफुले गरेको काममा कर तिर्छन । आफुले बनाएको नियमलाई कडाइका साथ पालन गर्छन ।

स्विजरल्याण्ड नेपाल जस्तै भू(परिवेष्ठित मुलुक हो । मुख्य आयश्रोत पर्यटन र कृषि नै हो । उन्नत कृषिबाट उत्पादित वस्तु र गाईको दुध यहाँको आम्दानीको मुख्य मेरुदण्ड हो । हुनत यहाँको बैकिङ्ग कारोबार अर्थतन्त्रको अर्को महत्वपूर्ण पाटो हो तर सन १८४८मा संघीय संबिधान बनेदेखिको इतिहासको अध्ययनबाट के देखिन्छ भने संघीयताको सफल प्रयोगले स्विजरल्याण्ड यत्तिको बलियो भएको हो । स्विजरल्याण्डको शासन प्रणाली विश्वमा अनौठो मानिन्छ जहा ७ वटा संघका प्रमुखहरूले आलोपालो सरकार चलाउँछन । विभिन्न देशहरूको औपचारिक प्रतिनिधित्वमा भने उनीहरू राज्यको प्रतिनिधिको रूपमा गएका हुन्छन । कुनै पनि निर्णय लिँदा जनताको मतको कदर हुन्छ । ५० हजार हस्ताक्षर लिएर कुनै नागरिकले संविधानमा भएका कुरा फेर्न चाह्यो भने चुनाब गरिन्छ । हरेक संघको आफ्नै संसद, न्यायपालिका र प्रणाली छ । सम्प्रभुत्ता सबैको सहमतिको बिन्दु हो । जर्मन, इटालीयन , फ्रेन्च र अल्पसंख्यक रोमन भाषा भाषीलाई राज्यले मान्यता दिएको छ । संघीय प्रदेशहरूमा आफ्नै भाषा चल्छन । यसर्थ, स्विजरल्याण्डलाइ सबै हिसावले अनुकरणिय राष्ट्र मानिन्छ । ( इनेप्लिज,२०७३)

स्विजरल्याण्डलाइ विश्वको नमुना राष्ट्र बन्न सघाउ पुऱ्याउने केहि मुख्य कारकतत्वहरूलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ ।

१. क्षेत्रफलमा सानो आकार (Small Size)
२. वास्तविक प्रजातन्त्र (Genuine Democracy)
३. विकेन्द्रीकरणको राम्रो अभ्यास (Decentralization)
४. प्राथमिकता प्राप्त क्षेत्रमा विशेष सहुलियत दिने नितिहरू(Subsidiary Principle)
५. गैर व्यावसायिक नेताहरू(Non-Professional Politicians)
६. पुँजि र बौद्धिक क्षेत्रका लागि सुरक्षित स्थान (Safe Haven for Capital and Brainpower)
७. मध्यम वर्गिय मानसिकता (Middle-Class Mentality)
८. शिक्षामा विशेष जोड (Educational Priority)

यी विभिन्न कारकतत्वहरूले स्विजरल्याण्डको विकास प्रक्रियामा निकै सघाउ पुयाएका छन जुन नेपाल जस्तो भर्खर विकास पथमा अघि वढिरहेको राष्ट्रका लागि अनुकरणिय हुन सक्दछ ।

## (छ) चीनको विकास मोडेल

सन् १९७८ मा देङ सियाओपिङ नेतृत्वमा आएपछिका चार दशकयता चीनले आफूलाई विश्व आर्थिक शक्ती (Power house) को रूपमा विकसित गरेको छ। साथै यसले विश्वव्यापी अर्थतन्त्र र भूराजनीतिमा समेत महत्वपूर्ण परिवर्तन ल्याएको छ। चीनमा आर्थिक सुधार गर्ने कामको सुरुआत कृषि क्षेत्रबाट गरियो। राज्यको नियन्त्रण केही खुकुलो बनाइयो र दोहोरो ट्र्याक मूल्य संयन्त्रको माध्यमबाट किसानहरूलाई बजार सहुलियत प्रदान गरियो। किसानहरूले आफ्नो प्रभावकारिता र उत्पादकत्व बढाएर यस सुधारप्रति सकारात्मक प्रतिक्रिया दिए। त्यसपछि अन्य क्षेत्रमा पनि थप सुधारका कार्य विस्तार हुँदै गयो। (Township and Village Enterprises) टाउनसिप एन्ड भिलेज इन्टरप्राइजेज (टिभइएस) भनिने हाइब्रिड खालको स्वामित्वको माध्यमबाट गैरकृषि क्षेत्रमा सहुलियत प्रदान गरियो। सहरतिर सुधार फैलिएसँगै राज्यका उद्योगहरूले थप एकाधिकार प्राप्त गरे र यसले उनीहरूलाई उद्यमी बन्न थप प्रेरित बनायो। लगानी गर्न र आर्थिक वृद्धि बढाउन प्रान्त तथा स्थानीय निकायहरूका लागि विभिन्न सहुलियतहरूको व्यवस्था गरिएको थियो। सन् १९९० को दशकताका स्पेसल आर्थिक जोन (एसइजेडएस) को वृद्धिले चीनलाई विश्व अर्थतन्त्रमा समायोजन हुन निर्णायक भूमिका निर्वाह गऱ्यो। (रोड्रिक, २०७५)

देङ सिआओपिङले चीनमा आर्थिक क्रान्ति शुरू गरेको सन् २०१८ मा ४० वर्ष पूरा भएको छ । त्यसलाई उनले चीनको दोस्रो क्रान्ति भन्ने गर्दथे उक्त आर्थिक सुधारपछि चीन विश्व अर्थतन्त्रमा दह्रो रूपमा प्रवेश गर्यो । आजको मितिमा चीन विश्वको त्यस्तो देश भएको छ जोसँग सबैभन्दा बढी विदेशी मुद्रा सञ्चिति अर्थात् ३.१२ खर्ब डलर छ । चिनको हालको आर्थिक विकासको गतिलाई निम्न तथ्यहरूले पुष्टि गर्दछ ।

- कुल गार्हस्थ उत्पादन (११ खर्ब डलर) को मामिलामा चीन विश्वको दोस्रो ठूलो देश हो ।
- प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्ने चीन विश्वको तेस्रो ठूलो देश हो ।
- देङ सिआओपिङले सन् १९७८ मा आर्थिक सुधारका कदम चाल्दा विश्व अर्थतन्त्रमा चीनको हिस्सा जम्मा १.८ प्रतिशत थियो जुन सन् २०१७ मा आएर त्यो हिस्सा १८.२ प्रतिशत पुगेको छ ।
- चीन अब केवल एउटा उदीयमान अर्थतन्त्र मात्रै रहेन, बरू १५ औँ र १६ औँ शताब्दीताका विश्व अर्थतन्त्रमा करिब ३० प्रतिशत आफ्नो हिस्सा भएको अवस्थातर्फ उन्मुख भइरहेको राष्ट्र हो ।

चीनलाई शक्तिशाली बनाउने नेताहरूमा माओत्से तुङ, देङ सिआओपिङ र वर्तमान राष्ट्रपति सी जिनपिङको नाम आउँछ । देङ सिआओपिङ नेतृत्वमा भएको आर्थिक क्रान्तिको ४० वर्षपछि चीन एक पटक फेरि एउटा दह्रो नेतृत्व पाएर अघि बढिरहेको छ । सी जिनपिङ देशको अर्थतन्त्रलाई अझ प्रभावशाली बनाउन उत्पादनको क्षेत्रमा चीनलाई 'महाशक्ति' बनाउन चाहन्छन् । सी जिनपिङले देङ सिआओपिङका उदारीकरणका नीतिहरूलाई अगाडि बढाइरहेका छन जसमा आर्थिक सुधार लगायतका कदम समेटिएका छन् । चिनियाँ सफलताको कथा दोस्रो विश्व युद्धपछिको एउटा देशको विकासको कथामा मात्रै सीमित छैन। बरू त्यो एउटा नियन्त्रित अर्थतन्त्रबाट मुक्त र उदारीकरणमा आएको परिवर्तनको पनि कथा हो। विश्वका कैयौँ देशले पनि चीनले अवलम्बन गरेको परिवर्तनलाई अपनाए । तर लोभलाग्दो सफलता चीनले मात्रै हासिल गऱ्यो । चीनले घरेलु अर्थतन्त्रमा क्रमिक सुधारको प्रक्रिया थाल्यो न कि बजारलाई आफ्नो अर्थतन्त्र सुम्पिदियो। सुधार ल्याउने क्रममा उसले कहाँ विदेशी लगानी गर्ने र कहाँ नगर्ने कुराको निर्क्योल गऱ्यो जसका लागि उसले विशेष आर्थिक क्षेत्रहरूको निर्माण गऱ्यो र त्यसका लागि उसले दक्षिणी तटीय प्रान्तहरूलाई रोज्यो । देङ सिआओपिङले कम्युनिष्ट समाजवादी राजनीतिक माहोलमा ठोस परिवर्तनको जग बसाले जसले विश्वमा समाजवादी अर्थतन्त्रको साख जोगाउन सघाउ पुयायो ।

चिनियाँ लेखक युकोन ख्वाङ आफ्नो पुस्तक 'क्र्याकिङ द चाइना कनन्ड्रमः ह्वाइ कन्भेन्सनल इकोनोमिक विज्डम इज रंग' मा लेखेका छन् (देङ सिआओपिङ एक महान् सुधारक मात्रै थिएनन धैर्य नभएका व्यक्ति पनि थिए। देङ सिआओपिङले शुरू गरेको सामाजिक आर्थिक सुधारको दृष्टान्त मानव इतिहासमा अन्यत्र भेटिँदैन। यसले चिनको आर्थिक जिवनमा निम्न परिवर्तन ल्यायो ।

- सन् १९७८ देखि २०१६ को बीचमा चीनको जीडीपीमा ३,२३० प्रतिशतले वृद्धि भएको छ ।
- यसबीचमा ७० करोड मानिसहरू गरिबीको रेखाबाट माथि उठे भने ३८.५ करोड मानिसहरू मध्यवर्गका रूपमा उकासिए ।
- चीनको वैदेशिक व्यापार साढे १७ हजार प्रतिशतले बढ्यो भने सन् २०१५ सम्म चीन विदेशी व्यापारमा अगुवाको रूपमा उदायो ।
- सन् १९७८ मा चीनले वर्षभरि गर्ने व्यापार अहिले दुई दिनमै गर्छ ।
- देङ सिआओपिङले चिनियाँ कम्युनिष्ट पार्टीलाई सामूहिक नेतृत्वमा लगेर चीनमा सामाजिक ( आर्थिक परिवर्तनको प्रक्रियामा तीव्रता दिए । (बि.बि.सी. २०१८)

अर्थतन्त्रको बजार नेतृत्व स्थापित गराउनु र बाहिरी स्वतन्त्रता बढाउनु नै चीनको यस्ता सुधार पछाडिका प्रमुख कारणहरूहुन। तर, अन्तर्राष्ट्रिय व्यापार र निजी लगानीमा चीनको हिस्सा बढे पनि यसमा राज्य क्षेत्रको हिस्सा भने तुलनात्मक रूपले खुम्चियो। यसका लागि आर्थिक विविधीकरण र पुनर्गठन शृंखलाबद्ध औद्योगिक नीतिका माध्यमबाट प्रवर्द्धन गरियो। विदेशी लगानीकर्तालाई घरेलु कम्पनीसँग संयुक्त उद्यममा आबद्ध हुन लगाइयो र स्थानीय योगदान (Input) को प्रयोग बढाउन लगाइयो। यसबाट विनिमय दर र अन्तर्राष्ट्रिय वित्तीय प्रवाह केही हदसम्म नियन्त्रित रह्यो। (रोड्रिक, २०७५)

यी सबैको माध्यमबाट चिनियाँ नेतृत्वले कुनै पनि सिद्धान्तको पालना गरेन र आफ्नै विशिष्टताबाट चलाइरह्यो। चिनियाँ आर्थिक सुधार न कम्युनिस्ट शिक्षा न त कुनै स्वतन्त्र बजार विश्वासबाट निर्देशित थियो। यदि नीतिनिर्माताहरूले कुनै एक महत्वपूर्ण सिद्धान्त अपनाउँछन् भने त्यसलाई पक्कै पनि 'व्यावहारिक प्रयोगात्मकता' भन्न सकिन्छ। यो देङ.को लोकप्रिय भनाइ हो। उनले भनेका छन् **'बिरालोको रङले कुनै पनि फरक पार्दैन, फरक उसले मुसो समात्न सक्यो कि सकेन भन्ने कुराले पार्छ।'** चिनियाँ अनुभवको विलक्षणतालाई हेर्ने हो भने यस्ले विकसित र विकासोन्मुख दुवै राष्ट्रहरूलाई आर्थिक विकासका लागि महत्वपुर्ण शिक्षा प्रदान गर्दछ । अधिकांश पश्चिमा राष्ट्रमा बजारमाथिको निर्भरता र आर्थिक उदारीकरणका फाइदाहरू प्रस्तुत गर्न चीन सफल बनेको छ। सैद्धान्तिक रूपले चीनले राज्य नेतृत्ववाला आर्थिक मोडलको अर्न्तनिहित श्रेष्ठतालाई पुष्टि मात्र होइन स्थापित समेत गरेको छ र बजार केन्द्रित पश्चिमा सिद्धान्तको रडाको लाइ चुनौती दिइरहेको छ । नेपाल जस्तो समाजवाद उन्मुख राष्ट्रका लागि चिनको आर्थिक विकास अनुकरणिय मात्र होइन चिनको आर्थिक र प्राविधिक विकासको प्रभाववाट पनि नेपालले प्रसस्त फाइदा लिन सक्नु पर्दछ जुन अहिले नेपालमा चलेको वहस पनि हो ।

## (ज) विकासको भारतिय मोडेल (केरला र गुजरात)

कुनै पनि राष्ट्रलाई समृद्ध बनाउन राज्यले आर्थिक वृद्धि (Economic growth) र कल्याणकारी राज्यका अवधारणालाई आत्मसात गर्नुपर्दछ । यी दुवै मोडललाई एकीकृत र सन्तुलित ढंगले प्रयोग गरेमा सफलता हासिल गर्न सकिन्छ भन्ने दृष्टान्त भारतका केरला र गुजरात विकास मोडलबाट स्पष्ट हुन्छ । सन् १९७० को दशकमा केरला राज्यमा अभ्यास भएको विकास मोडेललाई केरला विकास मोडेल भनिन्छ । यो मोडेलले अराजक आर्थिक वृद्धि विकास मोडल विपरीत आम जनताको शिक्षा, जनस्वास्थ्य र सेवाका न्यायोचित वितरणमा जोड दिन्छ । यही विकास मोडेलको कारण केरलामा छोटो अवधिमै तीव्र रूपमा सामाजिक विकास भयो। त्यसबाट त्यहाँका अधिक निम्न र मध्यम वर्गीय जनता लाभान्वित भएको तर्क दिगो विकासका अध्येताहरूदावी गर्छन् ।

हाल प्रधानमन्त्रीका रूपमा भारतलाई नेतृत्व दिइरहेका मोदीले गुजरातमा लागु गरेको विकासको मोडेलका आधारमा 'मोदिनोमिक्स' शब्द नै निर्माण भएको छ। भारतीय जनता पार्टीको वेवसाइटमै लेखिएको छ - 'गुजरात मोडलको भिजन भनेको पूर्ण रोजगारी, कम महंगाई, ज्यादा कमाइ, तीब्र गतिको आर्थिक विकास, गुणस्तरीय शिक्षा, सुरक्षा र उत्कृष्ट जीवनस्तर हो।' प्रधानमन्त्री मोदी सन् २००१ देखि २०१४ सम्म गुजरातका मुख्यमन्त्री थिए। मोदीले गुजरातमा सडक, उर्जा र पानी आपूर्ति जस्ता आधारभूत सुविधाहरूमा धेरै नै लगानी गरे। भारतको ग्रामीण विकास मन्त्रालयकाअनुसार सन् २००० देखि २०१२ सम्ममा गुजरातमा झण्डै तीन हजार ग्रामीण सडक परियोजनाहरूपूरा भएको थियो ।

यसबाहेक सन् २००४ र २००५ तथा सन् २०१३ र २०१४ को बीचको अवधिमा प्रतिब्यक्ति उपलब्ध बिजुलीमा ४१ प्रतिशतले बृद्धि भएको छ। गुजरातले सन् २०१२ देखि अतिरिक्त बिजुली उत्पादन गरिरहेको छ । १८ हजार गाउँहरूग्रिडसँग जोडिएका छन्। यस बखत गुजरातको औसत जिडिपी (सन् २००० देखि २०१०सम्म) ९.८ प्रतिशत रह्यो जसबेला पूरै भारतको औसत विकास दर ७.७ प्रतिशत मात्र थियो। गुजरातमा मोदीले इ ( गवर्नेन्सलाई प्रभावकारी बनाए जसबाट प्रदेशमा भ्रष्टाचारमा कमी आयो। गुजरात मोडलले सुशासनका पक्षमा रहेको एक 'तटस्थ विचार' का रूपमा ख्याती कमाएको छ। गुजरात सरकारले सुशासन कायम गरेकोमा धेरै पटक अवार्ड समेत जितिसकेको छ । अक्सफोर्डबाट प्रकाशित किताब 'ग्रोथ अर डेवलपमेन्ट ह्विच वे इज गुजरात गोइङ'मा उल्लेख भएअनुसार गुजरातले आर्थिक विकासका लागि यस्तो नीति बनाएको छ कि अब जुनसुकै सरकार आए पनि गुजरातको सम्बृद्धिमा असर पर्दैन।

लगानीका लागि गुजरातमा परमिट लाइसेन्स तथा पर्यावरणसँग जोडिएका औपचारिकताहरूपूरा गर्न कानुनी अड्चनहरूराखिँदैन। लगानीकर्ताहरूलाई आकर्षित गर्ने र मनोबल बढाउने कुरामा मोदीले कुनै कसर बाँकी राखेनन्। पश्चिम बंगालमा लामो समयदेखि बिबादका बीच संचालनमा रहेको टाटा मोटर्सको नानो कार प्लान्ट सन् २००८ मा पश्चिम बंगालबाट गुजरातको साणन्दमा सारियो । पश्चिम बंगालको सरकारले जग्गाको मामिला सुल्झाउन नसक्दा जनताको बिरोध थेग्न नसकेर प्लान्ट नै बन्द गर्नुपर्यो तर गुजरातमा अहिले फोर्डले पनि प्लान्ट सुरु गरिसकेको छ । मोदीले फोर्ड, सुजुकी तथा टाटा जस्ता ठूला कम्पनीहरूलाई गुजरातमा प्लान्ट लगाउने अनुमति दिएर अटो म्यानुफ्याक्चरिङ इन्डस्ट्रीमार्फत गुजरातमा पर्याप्त अवसर भित्र्याएका छन् ।

हालसम्म पनि गुजरात भारतको सबैभन्दा औद्योगिकृत राज्य हो । पश्चिमी तटमा रहेको फाइदा पनि यसले उठाइरहेको छ । भारतको जनसंख्याको ५ प्रतिशत आवादी रहेको गुजरातमा देशको कुल क्षेत्रफलको ६ प्रतिशत जमीन छ । पानी नपर्ने समस्या भोग्ने गुजरातमा खेती गर्न त्यति सहज छैन तर पनि भारतको कुल निर्यातको २२ प्रतिशत गुजरातबाटै हुन्छ। हाल गुजरातको जिडिपी ७.६ प्रतिशत छ। लामो तटक्षेत्रका कारण अन्तर्राष्ट्रिय ब्यापार धेरै नै सुगम छ। भारतको एक तिहाइ समुद्री जहाज गुजरातकै तट भएर जाने गर्छ। सन् २०१० देखि नै गुजरातले ४३ हजार ८४८ मिलियन युनिट बिजुली उत्पादन गर्न थालेको हो। गुजरातमा ४० हजार ७९३ मिलियन युनिट माग रहेकोमा बाँकी रहेको बिजुली उसले अन्य १२ राज्यहरूलाई बेच्न थालेको छ। त्यस्तै भारतमा कुल ३.८ प्रतिशत बेरोजगारी दर रहेकोमा गुजरात राज्यमा सबैभन्दा न्यून १ प्रतिशत मात्र बेरोजगारी दर रहेको श्रम ब्यूरोको प्रतिवेदनमा उल्लेख छ (Bizmandu, 2018) । भारतको गुजरात र केरला मोडलले पुँजिवादी र समाजवादी चरित्रलाई अवलम्वन गरेको छ जुन नेपाल लगायत अरु देश र राज्यका लागि पनि अनुकरणीय रहेको छ ।

### (झ) रुवान्डाली मोडेल

हरियो जंगल र पहाडले घेरिएको पूर्वी मध्यअफ्रिकी मुलुक रुवान्डा सन् १९९० तिर तत्कालीन सरकारद्वारा 'प्रायोजित' जनसंहारका कारण जातीय द्वन्द्वबाट ग्रस्थ थियो जुन विस्तारै पुनर्स्थापनातर्फ अघि वढिरहेको छ । सन् १९९० देखि उसले आर्थिक विकासमा ठुलो फड्को मारेको छ । त्यहाँ जातीय टुत्सीहरू र हुटुहरूबीच दंगा हुँदा सय दिनमै आठ लाखभन्दा बढीको हुटु समुदायको वर्चस्व रहेको सुरक्षा निकायद्वारा हत्या गरिएको विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूको प्रतिवेदनमा उल्लेख छ । जातीय द्वन्द्व र तनावको प्रमुख कारण अल्पसंख्यक टुत्सी र बहुसंख्यक हुटुबीच जारी परम्परागत असमानतालाई मानिएको छ । आज त्यहाँ सबैखाले द्वन्द्वको

समाधान भई विकास निर्माण र आर्थिक क्षेत्रमा ऐतिहासिक प्रगति भइरहेका छन् । त्यसैले द्वन्द्वमा फसेका र द्वन्द्वपछिका राज्य र सरकारले गर्नुपर्ने कामका लागि रुवान्डालाई उदाहरणका रूपमा लिने गरिएको छ । रुवान्डाले वर्षौंदेखिको द्वन्द्वमा मलहम लगाउन आफ्नै स्रोत र साधनको पहिचान मात्रै गरेन, त्यसको उपयोग गरी मुलुकलाई समृद्ध बनाउने उत्कट चाहनाका साथ अघि बढिरहेको छ । त्यसै क्रममा उसले कफी र चिया उत्पादन गरी आफ्नो अर्थव्यवस्थाको पुनर्निर्माणमा जुटेको छ । यी दुई उत्पादनहरू त्यहाँका प्रमुख निर्यात वस्तुमा दरिएका छन् । रुवान्डाको ऐतिहासिक विकास को सफलता यसले अख्तियार गरेको विकास र सकारात्मक आर्थिक नीति नै हो जसले त्यहाँ गरिबी र असमानता घटाउन सहयोग पुगेको छ ।

२३ वर्षअघि त्यहाँको अर्थव्यवस्था तहसनहस थियो । खासगरी, सन् १९९४ मा टुत्सीविरुद्ध मच्चाइएको नरसंहारपछि अधिकांश सेवा र सुविधाहरू ठप्प थिए । करिब १० लाख मानिसको ज्यान र हजारौंलाई विस्थापित हुने गरी भएको जनसंहार अघि र पछि रुवान्डाको वृद्धिदर ऋणात्मक अवस्थामा पुगेको थियो । तर, आज विश्वका तीव्र गतिमा बढ्दो अर्थतन्त्र भएको मुलुकमा रुवान्डाले आफूलाई उभ्याउन सफल भएको छ । सन् १९९४ मा मुलुकको वृद्धिदर ऋणात्मक (-११ दशमलव ४ प्रतिशत) रहेकोमा सन् २०१४ मा ७ प्रतिशत र सन् २०१५ मा ६ दशमलव ९ प्रतिशतमा पुगेको थियो । यो वृद्धिदर र आर्थिक छलाङको कारण पुनर्निर्माण, निर्यात प्रवर्द्धन, ऊर्जा विकास र समावेशी वित्त हुन् । यिनै विषयलाई आफ्नो विकासको मोडल बनाएर रुवान्डा छोटो समयमै अन्य मुलुकका लागि नमुना बनेको हो । खासगरी नरसंहारको समाप्तिसँगै मुलुकले सुरु गरेको पुनर्जागरण र रूपान्तरणको अभियानले उसलाई ऐतिहासिक सफलताको शिखरमा पुर्यायो । यसले सन् २०१२ को अन्त्यसम्मको एक दशकमा आफ्नो वार्षिक आर्थिक वृद्धिदर ८ प्रतिशतमा पुर्यायो । यो दर विश्वव्यापी र अफ्रिका महादेशभरिकै सबैभन्दा उच्च रह्यो । यसमा उसको बलियो आर्थिक आधार, नीति तथा कार्यक्रमहरूको कारणले नै हो । विशेषगरी 'ग्रासरुट' स्तरमा सवावेशी विकासको नितिले रवान्डालाइ आफ्नो लक्ष्यमा पुग्न सफल बनायो । मुलुकले आर्थिक विकास र गरिबी निवारण रणनीतिका साथ अघि बढ्दै सन् २०१८ सम्ममा वार्षिक रूपमा कृषि क्षेत्रमा दुई लाख रोजगारी सिर्जना गर्ने जनाएको छ । अनाज उत्पादनमा वृद्धि गर्नेलगायतका पहल उसले धेरै पहिले सुरु गरिसकेको थियो । फलस्वरूप दुई दशकमै विकासलाई उत्कर्षमा पुर्याउन ऊ सफल भयो । सन् २०१३ मा प्रतिव्यक्ति आय ६४४ अमेरिकी डलर रहेकोमा सन् २०१८ सम्ममा १२ सय अमेरिकी डलर पुर्याउने लक्ष्यरहेको छ । यसैगरी, निजी क्षेत्रको लगानी जीडीपीको १५.४ पुर्याउने लक्ष्य पनि उसले लिएको छ । उसले वार्षिक वृद्धिदर ११.५ हासिल गरेको छ । सेवा क्षेत्र, उद्योग र कृषिलगायत अन्य क्षेत्रमा पनि राम्रो प्रगति गरेको छ । यसैगरी रुवान्डाले आफ्नो निर्यात प्रवर्द्धन गर्दै सन् २०१८ सम्ममा २८ प्रतिशत निर्यात बढाउने र थप ५६३ मेगावाट विद्युत् उत्पादन गरी ७० प्रतिशत घरधुरीलाई विद्युत् सेवा दिने अठोटका साथ अघि बढेको छ । वित्त विकास र वित्तीय सेवामा सुधारले वित्तीय क्षेत्रमा द्रुतगतिमा वृद्धि भइरहेको छ । फलस्वरूप जनसंख्या वृद्धिका बाबजुद मुलुकमा गरिबी न्यूनीकरण भैरहेको अवस्थामा छ । बैंकिङ क्षेत्र स्थिर र राम्ररी पूँजीकृत भएको स्थितिमा छ (यादव,२०७३) । रुवान्डाको यो तरक्कीले नेपाल जस्तो विकासोन्मुख राष्ट्रका लागि उदाहरण प्रस्तुत गर्दछ जसलाई नेपालले शिक्षाको रूपमा लिनू पर्दछ ।

## (ञ) इथियोपियाली मोडेल

विश्वकै सबैभन्दा बढी जनसंख्या भएको भूपरिवेष्टित मुलुक इथियोपिया अफ्रिका महादेशमा नाइजेरिया पछिको दोस्रो ठूलो जनसंख्या भएको देश हो । ८० भन्दा बढी भाषा बोलिने र संस्कृतिको धनी इथियोपियाको अवस्था रुवान्डाबाट अलि फरक भए पनि विभिन्न संकटका बाबजुद विकासमा यसले फड्को मारेको छ। पूँजीगत परियोजनामा पनि खासगरी आधारभूत संरचनामा रकम खर्चिरहेको रुवान्डाले निकै छोटो अवधिमा 'डाइभर अफ बुम' को अवस्थामा ऊ पुगेको छ। यसको मुख्य कारण त्यहाँको सरकार आफैं होइन, सरकारद्वारा सञ्चालित कम्पनी मार्फत विकास, निर्माण र संरचनामा खर्च गरिएकोले हो । सरकारले औद्योगिक पार्कदेखि चिनी कारखाना र पावर लाइन तिनै संस्थामार्फत बनाउने गरेको छ। खासगरी कमर्सियल बैंक अफ इथियोपिया, इथियो टेलिकम र इथियोपिया इलेक्ट्रिक पावरले त्यहाँको पूँजीगत लगानीमा ७० प्रतिशत योगदान पुयाएका छन । विश्व बैंकद्वारा सन् २०१६ मा प्रकासित 'इथियोपियाज ग्रेट रन र दि ग्रेट एसिलेरेसन एन्ड हाउ टु पेस इट' (Ethiopia's great runthe growth acceleration and how to pace it) ले उल्लेख गरेअनुसार, इथियोपिया सन् २००० यता विश्वको सातौं तीव्र आर्थिक वृद्धिदर भएको मुलुक हो । सन् १९८१ देखि १९९२ सम्म उसको जीडीपी जम्मा ०.५ प्रतिशत रहेकोमा सन् १९९३-२००४ सम्मको अवधिमा यो ११ प्रतिशतमा पुग्यो, जुन चीन अथवा भारतभन्दा धेरै राम्रो हो। सन् २००० मा इथियोपिया विश्वकै सबैभन्दा दोस्रो गरिब राष्ट्र थियो तर आज उसलाई विश्वकै दोस्रो अर्थतन्त्र भएको मुलुक चीनसँग तुलना गर्न थालिएको छ। यसप्रकारको उपलब्धि प्राप्त गर्नुमा आधारभूत संरचनामा उसको ठूलो लगानी प्रमुख कारण हो ।

इथियोपियाको विद्युत् विकास, रेल कनेक्टिभिटी र अन्तरप्रदेशीय राजमार्ग संघीय सरकारले बनाइरहेको छ जसले कृषि र अन्य विकास निर्माणका साथै हलुका वस्तु उत्पादनतिर पनि त्यतिकै जोड दिएको छ। चीन या पूर्वी एसियाली मोडेलविपरीत इथियोपिया आफ्नो अत्यन्तै बलियो पूँजी नियन्त्रणमार्फत 'ओभरभ्यालु' मुद्रा कायम राख्न सफल छ। यसका लागि उसले प्रिमियम डलरमा ग्रहण गर्छ। जसले गर्दा कम्पनीहरूलाई स्थानीय इथियोपियाली मूल्य कम भए पनि सामान निर्यात गर्न सजिलो छ। आयातकर्ता जोसुकै भए पनि उनीहरूका लागि सजिलो वातावरण छ, त्यहाँ। उदाहरणका लागि फूल निर्यातकर्ताले पनि उपभोग्य वस्तु आयात गर्न डलरसम्म आफ्नो पहुँचको उपयोग गर्न पाउँछन्। यो उसको प्रबन्धकीय या प्रविधि क्षेत्रको पहिलो विशेषज्ञता हुन सक्छ। त्यहाँका बैंकहरूलाई मुद्रास्फीतिको दरभन्दा तल झर्दा पनि ऋण निकासा गर्न त्यहाँ निर्देशन दिने गरिन्छ। आश्चर्यको कुरा त के छ भने धनको भुक्तानी गर्न त्यहाँ ऋणको माग बढ्दो छ। पोर्टफोलियो लगानीकर्ता (पूँजी बजारमा गर्ने लगानीकर्ता) हरू र विदेशी बैंकहरूप्रति त्यहाँको सरकारको एक खालको वैचारिक भिन्नता छ। विदेशी 'पोर्टफोलियो लगानी' भन्दा आन्तरिक स्रोत र साधनको प्रयोग रकम जुटाउनका लागि उसले गर्ने गरेको छ। त्यसैले त उसले केन्याको 'आईपीओ टेलिकम' को लगानी मुलुकमा भित्र्याउनुको साटो सरकारी स्वामित्वमा रहेको दूरसञ्चारको एकाधिकारबाटै लाभ लिन उद्यत देखिन्छ ।

राज्यको स्पस्ट दिशा, एकाधिकार, विनिमय र मूल्य नियन्त्रणमा केन्द्रित इथियोपियाले जमिन, श्रम, लजिस्टिक, ऋण र विद्युतमाथि केन्द्रित भएर अघि बढ्न पाँच वर्षे योजना निमार्ण गरि विकास प्रक्रियालाई निरन्तरता दिइरहेको छ । इथियोपिया विश्व व्यापार संगठन (डब्लूटीओ) मा छैन र आईएमएफको सहयोग पनि उसले लिएको छैन । अफ्रिकाको सिंह (दी हर्न अफ अफ्रिका) भनेर समेत चिनिने इथियोपिया ५० वर्षयताकै सबैभन्दा ठूलो खडेरीको चपेटामा पर्यो तर त्यसलाइ कुशलता पुर्वक समाधान गर्न खाद्यान्न जम्मा गर्ने राष्ट्रिय नीति अघि सारियो । एक अर्ब अमेरिकी डलर सहयोगमा ७ सय ३५ मिलियन अमेरिकी डलर उसले आफ्नै लगानी गर्यो, जुन रकम उसको कुल जीडीपीको ६१.६४ अर्ब अमेरिकी डरलको १० प्रतिशत हो । इथियोपियाले गरेको यो प्रगती लाइ आत्मसात गरेको भए भूकम्प पीडितहरूको पुनस्थापना गर्न र द्रुततर आर्थिक विकास गर्न नेपाललाइ सजिलो हुने देखिन्छ (यादव,२०७३) ।

माथि उल्लेखित विश्वका केहि देशहरूको विकास मोडलहरूको अलावा चिली, क्युवा, दक्षिण अफ्रीका, भुटान लगायतका अन्य देशहरूको मोडल पनि अनुकरणिय रहेका छन । यी विभिन्न विकास मोडलहरूको तुलनात्मक अध्ययनले के देखाउछ भने विश्वका विभिन्न राष्ट्रका आफ्नै मौलिक विकासका ढाँचाहरू रहेका छन जसलाई ति राष्ट्रहरूले आप्नो विशिष्ट परिवेशमा निर्माण गरेका थिए । नेपालको सन्दर्भमा विकास मोडलको निर्माण गर्दा भारत र चिनको सन्निकटता, भुपरिवेष्ठित परिवेश, प्राकृतिक साधनको दोहन निति, भौतिक पुर्वाधारको आवश्यकता, जलस्रोतको पर्याप्तता, पर्यटकीय क्षेत्रहरूको विकास आदिमा ध्यान दिन जरुरि देखिन्छ । विकासको मार्गमा अग्रसर हुदै गरेको वर्तमान अवस्थामा नेपालले यी राष्ट्रहरूबाट शिक्षा लिन जरुरि रहेको छ । केन्द्र देखि स्थानिय तह सम्मका निकायहरूले यी मोडलहरूको अध्ययन गरि आपनो लागि उपयुक्त मोडल कुन हो पहिचान गरि भावी नीति र कार्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## अनुसूचि २ : नमूना गाउँपालिका प्रस्तावित मानकहरु

### भू-उपयोग

- वैज्ञानिक भू-उपयोग योजना निर्माण भई पूर्णता कार्यान्वयन भएको

### आवास

- सम्पूर्ण नागरिकलाई सुरक्षित आवासको प्रत्याभूती भएको

### सडक

- प्रत्येक वडा केन्द्रबाट गाउँपालिका केन्द्र जोड्ने साथै गाउँपालिका केन्द्रलाई राष्ट्रिय राजमार्ग प्रणाली, जिल्ला सदरमुकाम र अन्य प्रमुख शहर, बजार केन्द्रसँग जोड्ने राष्ट्रिय मापदण्ड अनुसारका सडकहरू भएका

### यातायात

- आवश्यक रुटहरूसहित सुरक्षित, सुलभ र सहज सार्वजनिक यातायातको व्यवस्था भएको

### खानेपानी

- सम्पूर्ण नागरिकलाई स्वच्छ र सुरक्षित पिउने पानीको प्रबन्ध भएको

### सिँचाई

- सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुगेको

### ऊर्जा

- प्रत्येक घरपरिवारमा विद्युत्, सोलार वा अन्य वैकल्पिक ऊर्जाको प्रबन्ध भएको

### सञ्चार

- प्रत्येक घरपरिवारमा फोन तथा इन्टरनेटको पहुँच भएको

### कृषि

- सम्पूर्ण खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुगेको
- सम्पूर्ण खेतीयोग्य जमिनको पूर्णत कृषिमा सदुपयोग भएको
- स्थानीय कृषि उपजमा आत्मनिर्भर भएको
- रैथाने प्रजातिका बालीनालीमा नमूना क्षेत्रको रुपमा विकास भएको
- वैज्ञानिक भण्डारण प्रणालीको व्यवस्था भएको
- कृषि विमाको सुविधा भएको
- वैज्ञानिक कृषि प्रणाली कार्यान्वयनमा आएको
- कृषि सामग्री र औजारहरुको सुलभ उपलब्धता भएको

### पर्यटन

- सम्पूर्ण पर्यटकिय क्षेत्रको गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको
- पर्यटकिय पूर्वाधार अन्तर्गत यातायात, होटल, लज, सुरक्षा, स्वास्थ्य, संचार, आतिथ्य, परिकार मेनुहरु र विशेष पर्यटकिय क्रियाकलापहरुको प्रबन्ध भएको
- गाउँपालिकाको वार्षिक आर्थिक क्रियाकलापमा पर्यटन क्षेत्रले कम्तिमा १० प्रतिशत योगदान पुऱ्याएको

### उद्योग

- प्रत्येक वडामा कम्तिमा एक स्थानीय कच्चा पदार्थमा आधारित मझौला उद्योगको स्थापना भएको
- गाउँपालिकामा कम्तिमा एक ठूलो स्तरको उद्योगको स्थापना भएको
- स्थानीय उद्योगहरुले गाउँपालिकाको कम्तिमा १५ प्रतिशत रोजगारीको हिस्सा ओगटेको
- गाउँपालिकाको वार्षिक आर्थिक क्रियाकलापमा उद्योग क्षेत्रले कम्तिमा १५ प्रतिशत योगदान पुऱ्याएको

### व्यापार तथा वाणिज्य

- गाउँपालिकाको आयातभन्दा निर्यातको आकार ठूलो रहेको
- प्रत्येक वडामा आम नागरिकलाई आवश्यक आधारभूत किनमेल गर्न पर्याप्त स्थानीय बजारहरुको विकास भएको
- गाउँपालिकाको वार्षिक आर्थिक क्रियाकलापमा व्यापार तथा वाणिज्य क्षेत्रले कम्तिमा २० प्रतिशत योगदान पुऱ्याएको
- गाउँपालिकास्थित मुख्य बजारकेन्द्रहरुबाट निकटका ठूला बजारहरुसम्म राष्ट्रिय मापदण्डअनुरुपका पक्की सडकहरुको पहुँच भएको

### बैङ्क वित्तीय संस्था तथा सहकारी

- प्रत्येक घरपरिवारको बढीमा एक घण्टाको पैदलयात्रामा बैंकसम्म पहुँच रहेको
- प्रत्येक घरपरिवारको घरमुली वा सदस्यको बैंक खाता रहेको
- प्रत्येक घरपरिवारको एक वा अर्को प्रकारको सहकारीमा पहुँच रहेको

### शिक्षा

- शतप्रतिशत साक्षरता रहेको
- शतप्रतिशत बालबालिका विद्यालय भर्ना भएका
- विद्यालय छाड्ने दर शून्यमा झरेको
- बालअधिकार र मानव अधिकार प्रत्याभूत भएको

### स्वास्थ्य

- आधारभूत स्वास्थ्य सुविधासहितको अस्पतालमा सम्पूर्ण नागरिकको पहुँच भएको
- शतप्रतिशत गर्भवती महिलाहरूलाई सुरक्षित मातृत्व प्रत्याभूत गरिएको
- पूर्णखोपयुक्त गाउँपालिका भएको
- बालपोषण सुनिश्चित भएको
- सम्पूर्ण नागरिकको अनिवार्य स्वास्थ्य बिमा गरिएको

### संस्कृति

- वार्षिक सांस्कृतिक पात्रो निर्माण गरी त्यसको पूर्णत : कार्यान्वयन भएको
- मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने प्रबन्ध भएको

### सामाजिक सुरक्षा

- सम्पूर्ण नागरिकको सामाजिक सुरक्षा प्रत्याभूत गरिएको
- सबै प्रकारका सामाजिक विभेदको अन्त्य भएको
- प्रत्येक वडामा कम्तीमा एक ज्येष्ठ नागरिक सत्सङ् केन्द्र रहेको

- गाउँपालिकामा कम्तीमा एक बालगृह रहेको
- गाउँपालिकामा कम्तीमा एक महिला सुरक्षा गृह रहेको

### शान्ति सुरक्षा

- शान्ति सुरक्षा तथा अमनचयनको पूर्ण प्रत्याभूती भएको
- के तपाई आफू बसेको स्थान वरपर पूर्णत सुरक्षित महशुस गर्नुहुन्छ भन्ने प्रश्नको जवाफमा कम्तीमा ९० प्रतिशत सकारात्मक जवाफ आउने गरेको

### खेलकुद

- प्रत्येक वडामा आधारभूत पूर्वाधारयुक्त एक खेलकुद मैदान तथा व्यायामशाला रहेको

### मनोरञ्जन

- एक वडा एक पार्क, बालउद्यान (Fun Park) र समग्र गाउँपालिकामा एक सांस्कृतिक केन्द्र, सिनेमा घर, नाट्यशाला, संगीत विद्यालय तथा नाचघर भएको

### शवदाह स्थल तथा चिहान व्यवस्थापन

- प्रत्येक वडामा स्थानिय समुदायहरुको संस्कार अनुरुपका शवदाह स्थल तथा चिहान क्षेत्र (मरनघाट वा मरनडाँडा) को उचित प्रबन्ध भएको

### वन

- कम्तीमा ४० प्रतिशत भू-भाग वन जङ्गल तथा हरित क्षेत्रले ओगटेको

### जलाधार

- सम्पूर्ण पानीका मुहानहरूको संरक्षण भएको

### वातावरण

- सम्पूर्ण विकासका क्रियाकलापहरू दिगो विकासका अवधारणा अनुरुप सञ्चालन भएका

### जलवायु

- जल तथा वायुको न्यूनतम गुणस्तर कायम राख्न स्थानीय तहबाट लागू गर्न सकिने वायू तथा जल संरक्षणमैत्री कार्यक्रमहरु लागू भएको

### सरसफाई तथा फोहर मैला व्यवस्थापन

- प्रत्येक घरधुरीमा उत्र्सजित फोहोर व्यवस्थापन गर्न एक वा अर्को प्रकारले वैज्ञानिक फोहर व्यवस्थापन प्रणाली कार्यान्वयन भएको

### विपद् व्यवस्थापन

- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण भई पूर्णतः कार्यान्वयनमा आएको

### सुशासन तथा संस्थागत विकास

- भ्रष्ट्राचारमुक्त असल शासनको प्रत्याभूती भएको
- क्षतिपूर्तिसहितको नागरिक बडापत्र पूर्ण कार्यान्वयनमा आएको
- प्रत्येक वर्ष कम्तीमा एक पटक कर्मचारीहरुको प्रत्यक्ष वृत्ति विकास सम्बन्धी तालिमहरु संचालन हुने गरेको
- प्रत्येक वर्षमा कम्तीमा एक पटक सरकारी सेवा प्रवाहमा नागरिक सन्तुष्टि सर्वेक्षण हुने गरेको
- e-Governance लागु भएको

### राजश्व

- नागरिक स्तरमा हुने प्रत्येक व्यक्तिगत तथा संस्थागत आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई त्यसको पूर्ण अभिलेखिकरण गरिएको

## अनुसूची ३ : वडास्तरमा माग भएका विषयक्षेत्रगत कार्यक्रमहरुको विवरण

### (क) भौतिक पूर्वाधार विकास कार्यक्रमहरू

**गाउँपालिकाका वडास्तरका निम्न सडकहरूको निर्माण तथा स्तरोन्नति गर्ने**

| क. सं. | राजमार्ग तथा सडकको नाम (शुरु र अन्तिम बिन्दु) | लम्बाइ (कि.मी.) | चौडाइ (मी.) |
|---|---|---|---|
| **वडा नं. १** | | | |
| १ | सपुङगे धाराबाट घमाइलो पाखा | ३ | |
| २ | देवीथान-कुँडुले हुदै चिसापानी | २ | |
| ३ | खागीथोक -ठूलोपोखरी टोल | १ | |
| ४ | भट्टगाउँ - मध्यपहाडी लोकमार्ग-जोगीपाटा हुदै देवकोटा गाउँ | २ | |
| ५ | देवीस्थानबाट ठूलो हुदै सिख्ले जोड्ने | | |
| ६ | सपुङगेदेखि घोप्टे बस्नेत घुम्तिसम्म | १० | |
| ७ | देवीस्थान -खान्चोक सडक | ३ | |
| **वडा नं ४** | | | |
| १ | आमडाँडाबाट तान्द्राङ खोलासम्म | ५ | ५ |
| २ | सुइरीको चौताराबाट बस्तीहुँदै काप्राबोट फेदसम्म | १ | ३ |
| ३ | सिउँडीबार सिरिसको फेदहुदै पाङग्राको भ्यालसम्म | ३ | |
| ४ | जामुने चौरबाट विमरे, वाँध्यारुम्टो हुदै बालिमटार प्राविसम्म | ५ | |
| ५ | बालिमटारबाट रुम्टोहुदै गुम्वा जाने | ३ | |
| ६ | तल्लो दलितबस्ती (चौताराबाट) विरौटा हुदै खँदाबोटेसम्म | ५ | |
| ७ | खँदाबोटेबाट तान्द्राङसम्म | २ | |
| ८ | विनापानीबाट हर्के खोरीयाहुदै मोहनचौरसम्म | २ | |
| ९ | देउरालीबाट धिताल धारो, तोरीबारी गनाउनेपानी, बन्दुकेहुदै तान्द्राङखोला | ५ | ५ |
| १० | रामती खाँवाडाँडा हुँदै बालिमटार | ६ | ६ |
| **वडा नं. ७** | | | |
| १ | झप्री-नारायनपुर-तिलबारी -आम्राङ | ८ | ७ |
| २ | पिपलटार-चाडीहुदै सादबिसे | ३ | ७ |
| ३ | ज्यादुलखोलाबाट क्यामुनटार-सिमलटार-पिपलटार-हेल्थपोस्ट -बोर्लाङ ठाटीहुदै अश्राङ जोडनुपर्ने | | |
| ४ | भीमसेनथापा चक्रपथ – झिगटे-वोलाङठाटी-ऐरीभन्ज्याङ धावा, विलेटेटार र इत्लापोखरी, सिमलाफेद तान्द्राङ मध्यपहाडी लोकमार्गमा जोड्ने | २४ | गापा गौरव |
| **वडा नं. ८** | | | |
| १ | महादेवटार रिङरोड | ५ | |
| २ | घाटवेशी रिङरोड | ४ | |
| ३ | झगरे हात्तिराम सडक | २ | |
| ४ | ऐरीभन्ज्याङ -सुन्तले सडक | २ | |

| क्र. सं. | राजमार्ग तथा सडकको नाम (शुरु र अन्तिम बिन्दु) | लम्वाइ ( कि.मी.) | चौडाइ ( मी.) |
|---|---|---|---|
| ५ | सिन्कौली -तान्द्राङ खोला | ३ | |
| ६ | हटिया- झगरे | १ | |
| ७ | अमलाभन्ज्याङ-ढकालगाँउ-पौडेलगाँउ | ३ | |
| ८ | अमलाभन्ज्याङ-ढकालवेशी-तान्द्राङखोला | ४ | |
| ९ | महादेवटार-सिउराने-कुमालधारो-मजुवाहुदै पिपलटार | ३ | |

**गाउँपालिकाका वडास्तरको निम्न पुल तथा झोलुङ्गे पुलको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र. स | पुल तथा झोलुङ्गे पुलको नाम | ठेगाना ( जोडिने वडाहरूवा मुख्य केन्द्रहरू) | लम्बाइ (कि.मी.) | चौडाइ (मी.) |
|---|---|---|---|---|
| **वडा नं १** | | | | |
| १ | भट्टगाँउ सेरापुछार हुदै रातमाटेडाँडा | वडा नं १ भित्र | १०० | |
| २ | तालखोला ताल परेको ठाँउ (ताल खोलाको ताल चौतारा ) | वडा नं १ भित्र | १०० | |
| ३ | दशमुरेखोला-असिमखोला | वडा नं १ भित्र | १०० | |
| **वडा नं. २** | | | | |
| १ | अर्चले २ र कुखुरे जोड्ने झोलुङगे पुल ( मोतिखोला ) | | | |
| २ | माटेपुल ( ऐतिहासिक पुल) प्रकृतिले आफै बनाएको भुइ साघु भन्ने ठाँउ बारपाक सुलीकोट ८ र भिमसेनथापा २ जोड्ने स्तरोन्नति गर्नु पर्ने । | | | |
| वडा नं ३ | | | | |
| २ | बुर्लुङखोला मोटोरेवल पुल | वडा नं २ र ३ जोड्ने | २० | १० |
| ३ | सजुवाको पुछार झोलुङगेपुल | | १०० | |
| वडा नं ४ | | | | |
| १ | विरुवाबाट आँपेरहर ( तान्द्राङखोला) | | ८० | |
| २ | बुर्लुङखोला -ठूला खेत झोलुङगेपुल | | ७० | |
| ३ | बुर्लङखोला -सजुवा झोलुङगेपुल | | ५५ | |
| ४ | छविसे मोटरेवल पुल | | ७० | |

| क्र. स | पुल तथा झोलुङ्गे पुलको नाम | ठेगाना ( जोडिने वडाहरूवा मुख्य केन्द्रहरू) | लम्बाइ (कि.मी.) | चौडाइ (मी.) |
|---|---|---|---|---|
| वडा नं ७ | | | | |
| १ | क्यामुनटार-जलविरे (अँधेरीखोला झोलुङगे पुल) | | | |
| २ | पेरुङगे खोला पुल | | | |
| १ | क्यामुनटार-सिमलटार पक्कीपुल | | १५ | |
| २ | क्यामुनटार-शहिद लखन पक्कीपुल | | ७० | |
| ३ | सिमलटार-पिपलटार | | १५ | |
| वडा नं ८ | | | | |
| १ | घाटवेशी-सल्यानटार (बुढीगण्डकी मोटोरेवल) | | १५० | |
| २ | राङदीघाट-नसिङधाम (आमुदोभान) झोलुङगेपुल | | २०० | |
| ३ | घाटवेशी-धावा जोड्ने तान्द्राङखोला मोटोरेवल पक्की | | | |

**गाउँपालिकाका वडास्तरको निम्न यातायात रुटहरूको निर्माण तथा स्तरोन्नति गर्ने**

| सार्वजनिक साधनको प्रकार | रुटको शुरु विन्दु र अन्तिम विन्दु | जोडिने वडा तथा बजारकेन्द्रहरू | यातायातका साधनको सङ्ख्या ( दैनिक) |
|---|---|---|---|
| बस | खहरे-दयाम्पसाला (विहान ९ बजे वेलुका ५ वजे) | वडा नं १ | |
| बस | आरुघाट-सिमलेफेद-ताराखसे-कयपानीहुदै गोरखा सम्म | वडा नं. २ | २ वटा |
| बस | सिमलेफेदहुदै काठमाडौंसम्म | वडा नं. ३ | १ |
| बस | बालुवाटार-आमभन्ज्याङ-आरुघाट | वडा नं. ४ | १ |
| बस | काठमाडौं-वेनीघाट-बालिमटार-आमभन्ज्याङ-चौतारा आरुघाट धावा गोरखा | | १ |
| बस | खाल्चोक -सिखे | वडा नं. ५ | १ |
| बस | घाटवेशी-महादेवटार-बोर्लाङहुदै गापा कार्यालय | वडा नं ८ | २ |

**गाउँपालिकाका वडास्तरको निम्न बसपार्कहरूको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र. स. | बसपार्कको नाम | ठेगाना | क्षेत्रफल (हेक्टर/विगाह) | अनुमानित क्षमता |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | निबेल बसपार्क | वडा नं १, निबेल | | |
| २ | अमिलिचौर बसपार्क | वडा नं ३ | २० रो | २० वटा |
| ३ | लामाचौर बसपार्क | वडा नं ५ | २ | ४ वटा |
| ४ | कमलपोखरी नजिक बसपार्क | वडा नं ७ | १० रो | २६ |
| ५ | घाटवेशी सुन्दरबजार बसपार्क | वडा नं ८ | १२ रो | प्रस्तावित |
| ६ | बोर्लाङ चण्डीथान | वडा नं ८ | ५ रो | प्रस्तावित |

**गाउँपालिकाका वडास्तरको निम्न यात्रु प्रतिक्षालयहरूको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र. स. | वसपार्क | वडा नं. | क्षमता (यात्रु सङ्ख्या) |
|---|---|---|---|
| १ | देवीस्थान | वडा नं १ | ३० |
| २ | पिपलडाँडा | वडा नं १ | ३० |
| ३ | सपुङे राहुलडाँडा | वडा नं १ | ३० |
| ४ | कालिमाटी खोला | वडा नं १ | २० |
| ५ | क्यापानी प्रतिक्षालय | वडा नं २ | १५ |
| ६ | ताराखसे | वडा नं २ | १५ |
| ७ | टारीफाट | वडा नं ३ | २ |
| ८ | डाँडावेशी | वडा नं ३ | |
| ९ | ठाडोचौर | वडा नं ३ | १ |
| १० | ताङगे | वडा नं ३ | |
| ११ | गैरागाँउ | वडा नं ४ | २० |
| १२ | भगवती | वडा नं ४ | २० |
| १३ | इत्लापोखरी | वडा नं ४ | २० |
| १४ | आमभन्ज्याङ | वडा नं ४ | २० |
| १५ | गैराथोक | वडा नं ४ | २० |
| १६ | आँपचौर | वडा नं ४ | २० |
| १७ | बालिमटार मुहानचौर | वडा नं ४ | |
| १८ | बालुवाटार | वडा नं ४ | |
| १९ | डान्डाँडा | वडा नं ५ | १२ |
| २० | खाल्चोक | वडा नं ५ | १२ |
| २१ | दमैचौर | वडा नं ६ | १० |
| २२ | रिपचोक | वडा नं ६ | १० |
| २३ | ठाँटी | वडा नं ६ | १० |
| २४ | मिनगटे | वडा नं ६ | १० |

| क्र. स. | वसपार्क | वडा नं. | क्षमता (यात्रु सङ्ख्या) |
|---|---|---|---|
| २५ | मोहरिया | वडा नं ६ | १० |
| २६ | ठाटी | वडा नं ७ | २० |
| २७ | अमला भन्ज्याङ | वडा नं ७ | २० |
| २८ | नारायणपुर | वडा नं ७ | २० |
| २९ | पिपलटार | वडा नं ७ | २० |
| ३० | क्यामुनटार | वडा नं ७ | २० |
| ३१ | सिमलटार | वडा नं ७ | २० |
| ३२ | पिपलटार | वडा नं ८ | |
| ३३ | ऐरिभन्ज्याङ | वडा नं ८ | |
| ३४ | झगरे | वडा नं ८ | |
| ३५ | महादेवटार स्कुल नजिक | वडा नं ८ | |
| ३६ | घाटवेशी (कोश चौतारा) | वडा नं ८ | |
| ३७ | घाटवेशी (ठूलोचौतारा) | वडा नं ८ | |
| ३८ | अमला झन्ज्याङ | वडा नं ८ | |
| ३९ | कोसगाँउ (चण्डीथान) | वडा नं ८ | |
| ४० | महादेवथान (सरोजचोक) | वडा नं ८ | |

**गाउँपालिकाका वडास्तरको निम्न सार्वजनिक शौचालयहरूको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र. स. | शौचालय | वडा नं | क्षमता |
|---|---|---|---|
| १ | पिपलडाँडा | वडा नं. १ | २ कोठे |
| २ | घ्याम्पेसाल | वडा नं. १ | २ कोठे |
| ३ | ताराखसे | वडा नं. २ | २ कोठे |
| ४ | कयापानि | वडा नं. २ | २ कोठे |
| ५ | ठूलो चौतारा | वडा नं. २ | २ कोठे |
| ६ | सिद्धकाली मन्दिरमा | वडा नं. २ | |
| ७ | पगुवा खेत | वडा नं. २ | २ कोठे |
| ८ | प्रस्तावित प्रतिक्षालयमा सार्वजनिक सौचालय बनाउनुपर्ने | वडा नं. ३ | |
| ९ | लामाचौर | वडा नं. ५ | २ कोठे |
| १० | बोर्लाङ ठाटी सार्वजनिक शौचालय | वडा नं. ७ | |

| क्र. स. | शौचालय | वडा नं | क्षमता |
|---|---|---|---|
| ११ | कोटकाली मन्दिर | वडा नं. ८ | |
| १२ | प्रस्तावित प्रतिक्षालयहरूमा | वडा नं. ८ | |
| १३ | हाटबजार | वडा नं. ८ | २ कोठे |
| १४ | भुमेथान घाटवेशी | वडा नं. ८ | २ कोठे |
| १५ | महादेव स्थान | वडा नं. ८ | २ कोठे |
| १६ | सामूदायिक भवन घाटवेशी | वडा नं. ८ | २ कोठे |

**गाउँपालिकाका वडास्तरको निम्न विमानस्थल, हेलिप्याडको निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र.स | कार्यक्रम | वडा | कैफियत |
|---|---|---|---|
| १ | माक ठूलोपोखरी हेलिप्याड स्थल | वडा नं १ | |
| २ | कुले डाँडा हेलिप्याड स्थल | वडा नं २ | |
| ३ | कुले गैरा हेलिप्याड | वडा नं ३ | |
| ४ | कोलडाँडा हेलिप्याड, सार्किको थुम्को (डाँडा गैरा), बालिमटार जामुने चौर | वडा नं ४ | |
| ५ | गोगी डाँडा (२० रोपनी) | वडा नं ६ | |
| ६ | ठूलो पोखरी | वडा नं ७ | |
| ७ | जागेश्वर विद्यालय नजिक, ऐरिभञ्ज्याङ सल्लाघारी डाँडा हेलिप्याड स्थल | वडा नं ८ | |

**गाउँपालिकाका वडास्तरको निम्न पिउने पानी आयोजनाहरू निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र. सं. | आयोजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | वाह्मुले खानेपानी (वारपाक सुलिकोटसँग समन्वय गर्नुपर्ने) | वडा नं १ |
| २ | रिठ्ठेपानि खानेपानी आयोजना | वञ्जराटोल, वडा नं २ |
| ३ | डाँडावेशी खानेपानी | डाँडावेशी, वडा नं ३ |
| ४ | ठाँडोचौर खानेपानी आयोजना | ठाँडोचौर, वडा नं ३ |
| ५ | शिरिसको फेद खानेपानी आयोजना | चौतारा, वडा नं ४ |
| ६ | आँमडाँडा धारापानी खानेपानी आयोजना | वडा नं ४ |

| | | |
|---|---|---|
| ७ | पाणेकुवा खानेपानी निर्माण गर्नुपर्ने | वडा नं ४ |
| ८ | पाङग्राको झ्याल पाइप ट्याङकी मर्मत | वडा नं ४ |
| ९ | रुम्टा पुछार खानेपानी आयोजना | वालिमटार, वडा नं ४ |
| १० | केउरेपानी बाट दलितवस्ती खानेपानी आयोजना | वडा नं ४ |
| ११ | नँया कुवा आयोजना लिफ्टिङ | वडा नं ४ |
| १२ | अतकेधारा खानेपानी आयोजना | वडा नं ४ |
| १३ | डन्डुरे खानेपानी आयोजना | वडा नं ४ |
| १४ | तल्लो कासिन्थोक खानेपानी आयोजना (मुल ठूलोखोला ) | वडा नं ५ |
| १५ | धुँवाखोला खानेपानी आयोजना | वडा नं ७ |
| १६ | साँध खोला खानेपानी आयोजना | वडा नं ७ |
| १७ | वेलबोटे खानेपानी आयोजना | वडा नं ७ |
| १८ | भट्टगाँउ खानेपानी | वडा नं ७ |
| १९ | घाटवेशी १ घर १ धारा खानेपानी आयोजना | घाटवेशी, वडा नं ८ |
| २० | आँडगे खोला खानेपानी आयोजना | अमलाभञ्ज्याङ, वडा नं ८ |

**गाउँपालिकाका वडास्तरको निम्न कुलो, नहर तथा सिँचाइ आयोजनाहरू निर्माण तथा स्तरोन्नति गर्ने**

| क्र.सं. | कार्यक्रम | वडा | कैफियत |
|---|---|---|---|
| १ | घोप्टेफेदी वर्षे सिँचाइ आयोजना | १ | तालखोला |
| २ | दरौदी खोला मसेल लिफ्टिङ सिँचाइ | १ | |
| ३ | माटेपुलदेखि विरुवा खेत सिँचाइ | २ | |
| ४ | पहरेपानी सिँचाइ | २ | |
| ५ | छतुने खोल्सादेखि दुःख खेत सिँचाइ | २ | |
| ६ | पहरेपानीदेखि बेलाइते खेतसम्म सिँचाइ | २ | |
| ७ | अमारे वगुवाखेत फाँट सिँचाइ | २ | |
| ८ | इरुफेद- गैरीखेत कुलो सिँचाइ | २ | |
| ९ | काशीखोला - बगुवाखेत सिँचाइ | २ | लिफ्टिङ |
| १० | ओखले - धारापानी पम्पिङ कुलो सिँचाइ | २ | लिफ्टिङ |
| ११ | बालिमटार विलेटार सिँचाइ (बुढीगण्डकी लिफ्टिङ) | ४ | |
| १२ | हिउदे सिँचाइको लागि रुम्टेखोला र सिम खोलाबाट सिँचाइ | ४ | ग्राभिटी |
| १३ | कसिने सिँचाइ योजना | ५ | |
| १४ | कोइराले सिँचाइ योजना | ५ | |
| १५ | वर्षातको पानी संकलनका कार्यक्रम | ५ | |
| १६ | नौविसे खेत सिँचाइ आयोजना | ६ | ग्राभिटी |
| १७ | सिपिलकाने सिँचाइ आयोजना | ६ | ग्राभिटी |

| क.सं. | कार्यक्रम | वडा | कैफियत |
|---|---|---|---|
| १८ | डुँडे सिँचाइ आयोजना | ६ | ग्राभिटी |
| १९ | सातविसे कुलो मर्मत | ७ | |
| २० | क्यामुनटारको कच्ची कुलोलाई पक्की निर्माण | ७ | |
| २१ | सिमलटारको कूलोलाई पक्की निर्माण | ७ | |
| २२ | तान्द्राङखोला महादेवटार सिँचाइ | ८ | |
| २३ | कटवाले - चोर खोला | ८ | |

## (ख) आर्थिक विकासका कार्यक्रमहरू

**गाउँपालिकाका वडास्तरको होमस्टेको निर्माण तथा स्तरोन्नति गर्ने**

| क.सं. | कार्यक्रम | वडा | कैफियत |
|---|---|---|---|
| १ | कोलडाँडा, खनालडाँडा, बडडाँडा, तल्लो भञ्ज्याङ, सिउडीबारी | ४ | |
| २ | पाटापाटी, महादेवस्थान | ४ | |
| ३ | मिलनवस्तीका १३८ घरलाई होमस्टेको रुपमा सञ्चालन गर्न सकिने | ५ | |
| ४ | मगर होमस्टे | ६ | |
| ५ | रुखाथुम होमस्टे, कमल पोखरी, ठूलो पोखरी | ७ | |

## (ग) सामाजिक विकास योजना

| सामाजिक विकास योजनाका कार्यक्रमहरू |
|---|
| **शिक्षा** |
| ▪ गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरूमा विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था गर्ने । |
| ▪ गाउँपालिकाका विद्यालय भवनहरूलाई बालमैत्री तथा सुरक्षित बनाउने । |
| ▪ निरक्षरता शुन्यमा झार्ने । |
| ▪ व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्ने । |
| ▪ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्ने । |
| ▪ गाउँपालिकाका विद्यालयहरूलाई इन्टरनेट २१ औं शताब्दि सुहाउँदो प्रविधियुक्त बनाउने । |
| ▪ विद्यालय र स्थानीय, प्रादेशिक संघीय र स्थानीय सरकारबीच समन्वय मिलाउने । |
| ▪ विद्यालय अनुगमन नियमित गर्ने । |
| ▪ शिक्षकहरूलाई नियमित पुननर्ताजगी तालिमको व्यवस्था गर्ने । |
| ▪ व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्ने । |
| ▪ विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिने । |
| **स्वास्थ्य** |
| ▪ विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन गर्ने |


| सामाजिक विकास योजनाका कार्यक्रमहरू |
|---|
| ▪ सुरक्षित मातृत्व कार्यक्रम संचालन (PNC जाँच ) गर्ने |
| ▪ गाउँपालिकाका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन भत्ता प्रदान गर्ने |
| ▪ गाउँपालिकाका सबै प्रतिक्षालय तथा बसपार्कहरूमा सार्वजनिक शौचालयको निर्माण गर्ने |
| ▪ गाउँपालिकाको उपयुक्त स्थानमा landfield site निर्माण गर्ने । |
| ▪ गाउँपालिकाका व्यस्त स्थलहरूमा dust bin राखी नियमित फोहर संकलन गर्ने । |
| **सँस्कृति** |
| ▪ मगर, क्षेत्री, गुरुङ, दरै तथा वराम जातिको मौलिक सँस्कृति झल्किने पोशाकहरूको संरक्षण गर्ने । |
| ▪ मगर, क्षेत्री, गुरुङ, दरै तथा वराम जातिकोहरूको मौलिक सँस्कृति झल्किने परिकार, भेषभुषाको संरक्षण र प्रचारप्रसार का लागि होमस्टे संचालन गर्ने । |
| ▪ स्थानीय लोकभाकाहरू ,लोक नृत्य, लोक गाथा आदिको संरक्षण गर्ने । |
| ▪ गाउँपालिकाको संस्कृति प्रवर्द्धन गर्न अनुसन्धान गर्ने । |
| ▪ ढोलक, मादल, सोरठी, झ्याली, ढ्याङ्ग्रो, खैजेडी लगायतका लोकबाजाहरूको संरक्षण गर्ने । |
| **लैङ्गिक समानता, सामाजिक समावेशीकरण र मूल प्रवाहिकरण** |
| ▪ गाउँपालिकामा गठन गरिएको वडास्तरीय किशोरी समूहका कार्यक्रमहरू प्रभावकारी बनाउने । |
| ▪ गाउँपालिकामा वडास्तरीय बालक्लव गठन गरी प्रभावकारी रूपमा कार्यक्रम गर्ने । |
| ▪ गाउँपालिकामा गठन गरिएका किशोर समूहहरूलाई प्रभावकारी बनाउने । |

## (घ) वातावरण तथा विपद् व्यवस्थापन योजना

| वातावरण तथा विपद् व्यवस्थापन योजनाका कार्यक्रमहरू |
|---|
| (क) वन तथा भू-संरक्षण |
| ▪ गाउँपालिकाका विभिन्न वडा मा रहेका सामुदायिक वन संरक्षण तथा प्रोत्साहन गर्ने । |
| ▪ सामुदायिक वनमा पाइने जीवजन्तुहरू तथा औषधिय गुणले भरिपुर्ण जडीबुटीहरूको संरक्षण गर्ने |
| ▪ चराचुरूङ्गीहरू काग, कालिज, मैना, सुगा, लाटोकोसेरो, गौथली, वकुल्ला, भुडिफोर, तित्रा, बट्टाई, लुइचे, सारौ, जुरेली, भगरे, ढुकुर, कालिज, हुचिल, ठेउवा, जुरेली, काफलपाके, कोइली आदिको संरक्षण गर्ने । |
| ▪ वनस्पतिहरू साल, सल्ला, चिलाउने, गुँरास, काफल, थाकल, सिमल, वर, पिपल, समी, चिलाउने, आँप, रुखकटहर, कटुस, जमुना, क्यामुना, भिंजानो, पहेली, भलायो, तिमारो, डुम्री, कुटमिरो, मौवा, उतिस, सिसौं, बाँस, खयर, चाँप आदिको विविधता कायमै राख्ने । |
| ▪ जडीबुटीहरू सस्नु, तितेपाती, असुरो, सिमाली, रतिजर्रा, रिठ्ठा, भ्याकुर, गिठ्ठा, कुरिलो, निम, हर्रो, वर्रो, पानी अमला, अमला, हाडे उनिउ, उणालु, मुसेखरी, सिरु काँस, दुवो, खर, निगुरो, थाकल, भलाय, जामुनो, क्यामुनो, नारेखर, छतिवन, टुनी, खमारी, तुलसी, तितेपाती, ऐसेलु, चुत्रो, सिरु, फुर्के, घुँगे, अर्थुङ्गे, वनवासा, मुसेखरी, पाण्डे उनिउ, काली निगुरा लगायतको संरक्षण र प्रशोधन गरी उद्यमशीलताको विकास गर्ने । |
| (ख) फोहर मैला व्यवस्थापन |
| ▪ गाउँपालिकाका बाटाहरूमा उपयुक्त तवरले ढल तथा नालाको प्रवन्ध गर्ने |

| वातावरण तथा विपद् व्यवस्थापन योजनाका कार्यक्रमहरू |
|---|
| ▪ निजि क्षेत्रलाई पनि लगानी मैत्री वातावरण बनाई फोहरमैला व्यवस्थापन गर्ने |
| (ग) जल उत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन |
| ▪ बुढिगण्डकी नदीद्वारा हुने बाढी, पहिरो र कटान नियन्त्रण गर्न भइरहेका तटवन्ध निर्माण, वृक्षारोपरण आदि कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउने |
| ▪ विपद्का बेला जम्मा हुने खुला स्थानको रूपमा उपयुक्त ठाउँहरूमा आश्रयस्थल बनाउने |

## अनुसूची ४ : माइन्यूटिङ्ग तथा वडा भेलाका केही तस्वीरहरु



आज मिति २०८० चैत्र १६ गते बिहिवारका दिन यस भीमसेनथापा गाउँपालिकाको आवधिक योजना तयारीका लागि वडा नं. १ को कार्यालय खागीथोकमा वडाध्यक्ष श्री बद्रीनारायण श्रेष्ठको अध्यक्षतामा वडाका जनप्रतिनिधीहरु, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, शिक्षाविद्, महिला, अल्पसंख्यक, दलित तथा आम जनसमुदायको सहभागितामा वडा भेलागरी आवश्यक तथ्याङ्क, सल्लाह र सुझावहरु संकलन गरियो ।

उपस्थिति — हस्ताक्षर

१. बद्री नारायण श्रेष्ठ, वडाध्यक्ष
२. सुनिता अधिकारी गा.का. पदाधि.
३. गणेश ब० रावल पदाधि
४. बुद्धि ब० बराम ,,
५. राममाया वाग्लेकोटी ,,
६. रुद्र प्रसाद धिताल वडा सचिव
७. [illegible] कम्प्युटर अपरेटर
८. फणिन्द्र कुमार श्रेष्ठ का.स.
९. गुप्त ब० बानिया
१०. तिर्थ प्रसाद अर्याल
११. बालकृष्ण कुमाल
१२. पुर्ण प्रसाद श्रे [illegible]
१३. [illegible] प्रसाद श्रे [illegible]
१४ प्रविण बस्नेत
१५ मिलन प्रसाद ढकाल
१६ पितम्बर [illegible]
१७ [illegible] ब० श्रेष्ठ
१८ तिर्थराज [illegible]
१९ पुष्पराज देवकोटा
२० शैलेश वाग्लेकोटी
२१ महेन्द्र लाल गुभाजु
२२ नवराज पाण्डे

आज मिति २०७७ चैत्र गते भीमसेनथापा गाउँपालिका, वडा नं. ४ का वडाध्यक्ष श्री ...मदन...कुमार.....शाक्य...................... को अध्यक्षतामा वडा कार्यालय ..बेल्ला गोरखा मा इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि., काठमाडौंका परामर्शदाताको अगुवाईमा वडाका जनप्रतिनिधिहरू, राजनैतिक पार्टीका प्रतिनिधिहरू, नागरिक अगुवाहरू, टोल विकास समितिका प्रतिनिधिहरू, महिला, दलित, अल्पसंख्यकका प्रतिनिधिहरू, समाजसेवी, शिक्षाविद् लगायत आम सर्वसाधारण जनताको उपस्थितिमा गाउँपालिकाको आवधिक योजना निर्माणका लागि प्रारम्भिक वडा भेला गरी आवश्यक तथ्याङ्क, सल्लाह, सुझाव संकलन गरियो ।

| क्र.सं. | नाम | सम्बन्धित पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्रीमदन कुमार शाक्य | वडाध्यक्ष | [illegible] |
| २ | श्री हेमनाथ लामिछाने | वडा सदस्य | हेमनाथ |
| ३ | श्री सन्दिप सिंखडा | " | [illegible] |
| ४ | श्री गोलकुमारी लामिछाने | " वडा सदस्य | गोल कु |
| ५ | श्री मायादेवी सुनिती | " वडा सदस्य | माया |
| ६ | कृष्ण प्रसाद लामिछाने | | [illegible] |
| ७ | हिम बहादुर लामिछाने | | हिमबहादुर |
| ८ | उद्धव प्र. लामिछाने | | [illegible] |
| ९ | ओम ब० अधिकारी | | [illegible] |
| १० | डिल ब० सिंखडा | | [illegible] |
| ११ | टिकाराम पौडेल | | [illegible] |
| १२ | डिल बहादुर लामिछाने | | [illegible] |
| १३ | सुरेन्द्र प्र. अधिकारी | | [illegible] |
| १४ | हेमनाथ सिंखडा | | हेमनाथ |
| १५ | चन्द्र प्रसाद भट्ट | प्र.अ. श्री भगवती मा.वि. | [illegible] |
| १६ | वासुदेव सापकोटा | प्र.अ. श्री प्रभात मा.वि. | [illegible] |
| १७ | माया ~~सुनुवार~~ | वडा सदस्य | |
| १८ | वेद प्र कार्की | पौरखी लघु फर्म | [illegible] |
| १९ | निरञ्जन लामिछाने | ऐ०पी० बाख्रा फर्म | [illegible] |

आज मिति २०७७ चैत्र २४ गते भीमसेनथापा गाउँपालिका, वडा नं. ६ का वडाध्यक्ष श्री भिमबहादुर थापा को अध्यक्षतामा वडा कार्यालय असाङ्ग झौंटी मा इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि., काठमाडौंका परामर्शदाताको अगुवाईमा वडाका जनप्रतिनिधिहरू, राजनैतिक पार्टीका प्रतिनिधिहरू, नागरिक अगुवाहरू, टोल विकास समितिका प्रतिनिधिहरू, महिला, दलित, अल्पसंख्यकका प्रतिनिधिहरू, समाजसेवी, शिक्षाविद् लगायत आम सर्वसाधारण जनताको उपस्थितिमा गाउँपालिकाको आवधिक योजना निर्माणका लागि प्रारम्भिक वडा भेला गरी आवश्यक तथ्याङ्क, सल्लाह, सुझाव संकलन गरियो ।

| क्र.सं. | नाम | सम्बन्धित पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिमबहादुर थापा | वडाध्यक्ष | [illegible] |
| २ | श्री अमृता भट्ट | सदस्य | [illegible] |
| ३ | श्री तोरणबहादुर थापामगर | सदस्य | [illegible] |
| ४ | श्री सलावत दिन मियाँ | सदस्य | |
| ५ | श्री बिमला रिमाल | सदस्य | बिमला |
| ६ | श्री आरती कुँवर | चक्रदेवी स्वास्थ्य आमा समूह अध्यक्ष | आरती |
| ७ | श्री जोहिमा खातुन | प्र.अ. श्री ध्रुवज्योति प्रा.वि. | [illegible] |
| ८ | श्री कल्पना भत्तना | कम्प्युटर अपरेटर | Kalpana |
| ९ | श्री कालिका प्र. पाण्डे | वि.व्य.स. अध्यक्ष | [illegible] |
| १० | मनोहर पौड्याल | जनशक्ति नि.मा.वि. | [illegible] |
| ११ | ठाकुर प्रसाद पाण्डे | तवलगहाते चण्डी मा.वि. | [illegible] |
| १२ | टेकराज पाण्डे | अध्यक्ष असाङ्ग | [illegible] |
| १३ | सलावत दिन मियाँ | सदस्य | [illegible] |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |

आज मिति २०७७ चैत्र २६ गते भीमसेनथापा गाउँपालिका, वडा नं. ८ का वडाध्यक्ष श्री ......बासु......थापा...................... को अध्यक्षतामा वडा कार्यालय ...[illegible]... मा इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि., काठमाडौंका परामर्शदाताको अगुवाईमा वडाका जनप्रतिनिधिहरू, राजनैतिक पार्टीका प्रतिनिधिहरू, नागरिक अगुवाहरू, टोल विकास समितिका प्रतिनिधिहरू, महिला, दलित, अल्पसंख्यकका प्रतिनिधिहरू, समाजसेवी, शिक्षाविद् लगायत आम सर्वसाधारण जनताको उपस्थितिमा गाउँपालिकाको आवधिक योजना निर्माणका लागि प्रारम्भिक वडा भेला गरी आवश्यक तथ्याङ्क, सल्लाह, सुझाव संकलन गरियो ।

| क्र.सं. | नाम | सम्बन्धित पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बासु थापा | वडाध्यक्ष | [illegible] |
| २ | श्री सरिता भट्ट केसी | सदस्य | [illegible] |
| ३ | श्री अमृता श्रेष्ठ | सदस्य | [illegible] |
| ४ | श्री राजाराम दराई | सदस्य | [illegible] |
| ५ | श्री शान्ता परियार | सदस्य | सान्ता |
| ६ | श्री पद्म कुमारी सापकोटा | महिला समूह अध्यक्ष | [illegible] |
| ७ | बलराम ढकाल | [illegible] | [illegible] |
| ८ | श्री राम प्रसाद ढकाल | अभिभावक | रामप्रसाद |
| ९ | [illegible] ढकाल | — | [illegible] |
| १० | [illegible]राम भट्ट | कोषपुरा टोल विकास अध्यक्ष | [illegible] |
| ११ | [illegible] बहादुर खत्री | [illegible] | [illegible] |
| १२ | [illegible] | श्री [illegible] | [illegible] |
| १३ | राम [illegible] श्रेष्ठ | टोल विकास संस्था अध्यक्ष | [illegible] |
| १४ | सूर्य बहादुर [illegible] | टोल विकास संस्था अध्यक्ष | [illegible] |
| १५ | राम कुमार [illegible] | टोल विकास संस्था अध्यक्ष | [illegible] |
| १६ | कृष्ण भट्ट | टोल विकास संस्था अध्यक्ष | [illegible] |
| १७ | विपिन श्रेष्ठ | श्री कोटकाने टोल विकास [illegible] | [illegible] |
| १८ | राजन सापकोटा | — | [illegible] |
| १९ | मुकुन्द श्रेष्ठ | कर्मचारी वडा-८ | [illegible] |



आवधिक योजना तर्जुमाका लागि सरोकारवालासँग प्रारम्भिक प्रस्तुतीकरण



वडाभेला वडा नं. १



वडाभेला वडा नं. २




वडाभेला वडा नं. ३



वडाभेला वडा नं. ४



वडाभेला वडा नं. ५



वडाभेला वडा नं. ६



वडाभेला वडा नं. ७



वडाभेला वडा नं. ८